# परिच्छेद-एक

## शोध परिचय

### १.१. शोध पत्रको शीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक "हाँस्यव्यङ्गयकार विष्णु नवीनको हाँस्यव्यङ्गयात्मक निबन्धहरुको अध्ययन विश्लेषण र मूल्याङ्कन" रहेको छ ।

### १.२. शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम, नेपाली विभाग दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको छु ।

### १.३ विषय परिचय

साहित्यकार विष्णु नवीनको जन्म वि.सं.१९९५ साल माघ ९ गते इलाममा भएको थियो । उनी कटक वहादुर वुढाथोकीको कान्छी श्रीमती भुजेल्नी पटिको पहिलो सन्तानको रुपमा जन्मिएका विष्णु नवीनको पुरा नाम विष्णु वहादुर वुढाथोकी हो । इलामको संस्कृत तथा अन्य व्यवहारिक शिक्षा पढाइने भाषा पाठशालामा २००२ सालमा विष्णु नवीनको अक्षराम्भ भयो । बजारको बसोबासले शैक्षिक चहलपहलको वातावरण र विधालय पनि नजिकै भएकोले आर्थिक विपन्नता भए पनि पढाइमा अगाडी बढदै गए । तत्कालिन भाषा पाठशाला २००४ सालमा आदर्श पदम हाइस्कुलमा परिणत भएपछि नवीनको पढाई कक्षागत रुपमा शुरु भयो र २०१२ सालमा आदर्श कक्षा ८ सम्मको पढाइ पुरा भयो । सानै उमेर देखि सांस्कृतिक गतिविधि, नाचगानमा रुचि राख्ने नवीन अभिनय,नृत्य तथा गीत गायन क्षेत्रमा निकै सिपालु भई कविता लेख्ने र सुनाउने पनि गर्थे । नवीनको पढाइको क्रम आर्थिक, व्यवहारिक र राजनैतिक कारणले २०१३ सालमा कक्षा ९ मा पढ्दापढदै रोकियो । यसरी विष्णु नवीनको औपचारिक शिक्षा माध्यमिक स्तरसम्म नै सिमित रहयो भने स्वअध्ययनबाट उनले भाषिक साहित्यिक तथा समाजिक क्षेत्रमा दक्ष ज्ञान प्राप्त गरेका छन् ।

साहित्यिक क्षेत्रमा परिचित विष्णु नवीन २०१४ सालमा पाल्पाको कोपिला पत्रिकामा "एक पैसा" शीर्षक कथा लिएर अगाडी बढेका थिए । हाँस्यब्यङ्गय विष्णु नवीन निबन्ध क्षेत्रमा दुईवटा पुस्तकाका कृतिहरु "श्रमितीसित एक दिन" हाँस्यब्यङ्गय संगालो २०२२ "छातीमा नअटेका कुरा" २०२९ हाँस्यब्यङ्गय संग्रह प्रकाशित छन् भने "श्रीमतीले पान खादा" अप्रकाशित हाँस्यब्यङ्गय संगालोका निबन्धहरु "केही सोधी केही खोजी" अप्रकाशित निबन्धात्मक लेखहरु, "इलाम एक परिचय" अप्रकाशित ऐतिहासिक लेख रहेका छन् । त्यस्तै कथा क्षेत्रमा "लोग्ने स्वास्नी" (२०३८) कथा संग्रह प्रकाशित छन्

भने “साली होटलमा चिया” अप्रकाशित संग्रह हो र कविता क्षेत्रमा “जम्मै गीत जागरण” कविता संग्रह र “उनको स्मृतिमा” (२०२४)

खण्डकाव्य रहेका छन् । विभिन्न पत्रप्रत्रिकामा निबन्ध, कथा र कविता प्रकाशन गर्दै पुस्तक प्रकाशनको अन्तिम तयारीमा रहेको हस्तलिखित पाण्डुलिपि र प्रकाशित कृतिहरुको विस्तृत अध्ययन नभएकाले सो पूर्ण अध्ययन विश्लेषण र मूल्याङ्कन यस शोधपत्रको उद्देश्य रहेको छ ।

## १.४. शोध समस्याकथन

इलाममा जन्मेर इलामलाई नै कर्म थलो बनाउने विष्णु नवीन माध्यमिक तह सम्मको अध्ययन पूरागरी शिक्षक, जागिरे पत्रकार भई अन्त्यमा साहित्य लेखनमा संलग्न भए । विष्णु नवीन अभावै अभावमा साहित्य लेखनमा तल्लिन हुनु उनको बाध्यता थियो । साहित्यलेखन क्षेत्र कथा, कविता र निबन्ध भएता पनि केही कृतिहरु मात्र प्रकाशन भएको देखिन्छ भने केही प्रकाशोन्मुख रुपमा रहेको देखिन्छ । साहितय स्रष्टा विष्णु नवीनको सम्पूर्ण कृतिहरुको अध्ययन गरी मुख्यतय निबन्धकारिता क्षेत्रमा हाँस्यव्यङ्गयको अध्ययन नभएकोले यसलाई मुख्य समस्याको रुपमा लिई सहायक समस्याहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ ।

१. विष्णु नवीनको जीवनी व्यक्तित्व र कृतित्वको बारेमा चर्चा भएको भए तापनि उनको साहित्यिक क्षेत्रको समग्र अध्ययन नहुनु ।

२. विष्णु नवीनको सम्पूर्ण कृतिहरुको प्रकाशन नहुनु, जनसमक्ष नआउनु र महत्वपूर्ण पक्षमा चर्चा परिचर्चा र अध्ययन विश्लेषण हुन नसक्नु ।

३. हाँस्यव्यङ्गयकार विष्णु नवीनका हाँस्यव्यङ्गयात्मक कृतिहरुले नेपाली समाजमा छोडेको प्रभाव वा उनको कृतिको उपयोगिताको नेपाली साहित्यमा चर्चा वा अध्ययन विश्लेषण नहुनु ।

४. उनको निबन्धहरुको अध्ययन विश्लेषण नहुनु ।

## १.५. शोध कार्यका उद्देश्यहरु

शोध समस्यामा उठाइएका प्रसंगहरुको समाधानार्थ निम्न उल्लेखित उद्देश्यहरु रहेका छन् ।

**५.१ विष्णु नवीनका प्रकाशित र अप्रकाशित कृतिहरुको अध्ययन विश्लेषण गर्ने ।**

**५.२. विष्णु नवीनका साहित्यिक समग्र क्षेत्रको अध्ययन गर्ने ।**

**५.३. हाँस्यव्यङ्गयकार विष्णु नवीनको हाँस्यव्यङ्गयात्मक कृतिहरुको अध्ययन विश्लेषण गर्ने ।**

## १.६. पूर्वकार्यको समीक्षा

नेपाली साहित्य लेखनमा २०१४ सालतिर देखापरी अनवरत रुपमा २०४० सालसम्म साहित्य साधना गर्नु भएका विष्णु नवीनको बारेमा चर्चा परिचर्चा त भएकै छ ता पनि तत्कालिन अवस्थामा गरिएको साहित्य साधनाको चर्चा परिचर्चा पर्याप्तता नहुन सक्छ । नवीनको जीवनका हरेक पक्षसंग उनले गरेका संघर्ष र साधनासंग सवैको परिचय हुनु आवश्यक छ । यसै क्रममा विष्णु नवीनको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन त्रिभुवन विश्वविद्यालयका शोधकर्ता जीवनाथ सुवेदीले (२०४४/२०४६) को स्नातकोत्तरतह आठौं पत्रको प्रयोजनका लागि शोधपत्रमा नवीनको जीवनका हरेक उतार चढावहरु व्यक्तित्वका पाटाहरु साथै विभिन्न कृतिहरुको संक्षिप्त विश्लेषण गरेका छन् । उनले नवीनको जीवनी व्यक्तित्व र कृतिको अध्ययनका क्रममा नवीनका बाल्यअवस्था देखि साहित्य लेखन जीवन भोगाईका आरोह अवरोह हुँदै अन्तिम क्षण सम्मको यथार्थ चित्रण गरेका छन् । साहित्यिक क्षेत्रमा उनलाई साहित्य लेखनको प्रेरणा र प्रभाव देखि कृति प्रकाशन अवस्था सम्मको चर्चा साथै नवीनका कृतिहरुको छोटो अध्ययन गरेका छन् । नवीनको कृतिहरुको समग्र अध्ययन भए तापनि विधागत रुपमा अध्ययन भएको पाईंदैन । सामान्यरुपमा उनका कृतिहरुको चर्चा परिचर्चा विभिन्न पत्रपत्रिका, लेख, भूमिका एवं समीक्षात्मक रचनाहरुमा गरिएको पाइए तापनि उनलाई हाँस्यव्यङ्ग्य निबन्धकार व्यक्तित्वका रुपमा चिनाउने आजसम्मको अध्ययन पूर्ण भएको पाईंदैन । साहित्यकार विष्णु नवीनका बारेमा यसभन्दा अघि जे जति अध्ययन भएका छन् ती प्राप्त समिक्षालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### क) भवानी घिमिरे

साहित्यकार विष्णु नवीनको छात्तीमा नअाँटेका कुरा हाँस्यव्यङ्ग्य संगालोको भूमिकामा घिमिरे लख्छन् :- नेपाली साहित्यमा हाँस्यव्यङ्ग्यको फाँट अझै फराकिलो हुन सकेको छैन तर यस क्षेत्रमा प्रयोग र प्रगतिका नयाँ-नयाँ संभावनाहरु दृष्टिगोचर भैरहेका छन् । भाई विष्णु नवीनले यस क्षेत्रमा ठूलो सेवा पुऱ्याउनु भएको छ । हामी उहाँलाई मेची अञ्चलका एकजना सिपालु हाँस्यव्यङ्ग्यकार र निष्ठावान एवं लगनशील साहित्यकारका रुपमा चिन्छौं र माया गर्छौं । जुन जस्तो स्थिति-परिस्थितिमा नवीन भाईले साहित्यको सेवा गर्दै हुनुहुन्छ त्यो हामीबाट संभव छैन ।

### ख) गणेश बहादुर प्रसाईं

साहित्यकार विष्णु नवीनको 'नवीन स्मृति अङ्क २०४१ सालमा अमृतलाल श्रेष्ठले सम्पादन गरेको साहित्यलोकमा स्व.विष्णु नवीन ज्यूदो लेखक शीर्षकमा जीवनी व्यक्तित्वका केही पक्षहरुको चर्चा गरिएका छन् । मेला र हाटबजारको विविध पूर्वी नेपालको सवैभन्दा विकसित मानिएको र प्रसिद्धि पाएको इलाम जिल्लाको प्रत्येक हाटबजारमा प्रत्येक हाटमा र प्रत्येक मेलामा पढाइको क्षेत्रबाट अवकाश पाएका विष्णु नवीनलाई नदेख्ने कोही भएनन् र त्यहाँ तिनले अन्य युवकहरुले जस्तो उपद्रव गरेके,

भाड्भैलो गरेको वा उश्रृखल क्रियाकलापको आरोप पनि कहिल्यै शिरमा बोकेर फर्केनन् । प्रत्येक बजारमा, हाटमा अथवा मेलामा मच्चिने गरेका प्रत्येक काण्डका गतिविधिको उनले सूक्ष्म अवलोकन गरे अध्ययन गरे अनि त्यही वैभव लिएर फर्केका विष्णु धनका दृष्टिमा गरीब कहलिए पनि हृदयमा सञ्चित अनुभव र ज्ञानका दृष्टिमा क्रमश सम्पन्न बन्दै गए ।

## ग) राजेन्द्र परदेशी

नवीन स्मृति अङ्क २०४१ 'साहित्यलोकमा' श्रीमतीसंग एकदिन आत्मव्यङ्गय कि आत्मोद्घाटन ? शीर्षकमा श्रीमतीसंग एकदिन हाँस्यव्यङ्गय संगालोका निबन्धहरुका समीक्षा गरेका छन । यहाँ स्व.विष्णु नवीनले जिन्दगीका धेरै अमूल्य र लामो समय लेखनमा नै उपयोग गरे तर साधन सम्पन्न लेखकले जस्तो उनको सर्वाधिक प्रिय विधा हाँस्यव्यङ्गयलाई उनले पूर्ण वैयक्तिक श्वेच्छासंग लेख्न पाएनन् । एकतिर लेखनको व्यवसायिक रुपरेखा नै नभएको मुलुकमा उनले लेखनलाई पेशाको रुपमा अंगाले त्यसकारण झल्याक झुलुक देखिने स्थानीय पत्रकारिताको आवश्यकता पूर्तिको निम्ति उनले हाँस्यव्यङ्गयलाई त्यही पत्र कारिताको आवश्यकता पूर्ति उनले हाँस्यव्यङ्गयलाई त्यही पत्रकारिताको आहारा मात्र बनाए । ................................

श्रीमतीसंग एकदिनमा विष्णु नवीनलाई भाषाशैलीको दृष्टिले र घट्ना समयोजनको प्रक्रियामा त्यति परिस्कृत वा उत्कृष्ट पाउन सकिदैन । उनका शव्दहरु सामाजिक यथार्थका विविध पहलहरुलाई गम्भिरताका साथ पकडिएर जादैंनन् । यस अर्थमा उनको प्रमुख स्वर सामाजिक अव्यवस्था भए पनि सामाजिक सुधार प्रतिको सफल होइन प्रायः उपहास निम्ति केन्द्रित भएकोले धेरै जस्तो ठाउँमा उनको व्यङ्गय अपांग सावित भएको पाइन्छ ।

## घ) राजेन्द्र सुवेदी

नवीन स्मृति अङ्क २०४१ 'साहित्यलोक'मा नै अमृतलाल श्रेष्ठले माग गरेको राजेन्द्र सुवेदीको मैले चिनेको नवीन/ मैले चिनेको प्राचिन शीर्षकमा उसको नवीनतामा सान्तवाना नै मात्र पाए पनि म उसलाई एक आदर्श व्यक्ति मान्दछु । इलामको एक पुरक ठान्छु । उसको अभावमा इलाम अधुरो देख्दछु । यो मेरो नवीनबारेको आत्मस्वीकृति हो तर इलामले नवीनलाई आफ्नो धारणा र स्वीकृत क्षमतामा आफ्नै प्रकारले ग्रहण गरेर राखेथ्यो र अव विस्तारै आफ्नै प्रकारले पन्छाउँदैछ ।

## ङ) गणेश बहादुर प्रसाईं

चियाबारी स्व.नवीन स्मृति ग्रन्थको स्व.विष्णु नवीन-ज्यूँदो लेखक शीर्षक जीवनको व्यवहारिक पक्षको उत्तर दायित्व एकलौटी आफ्ना काँधमा बोकिदिने पत्नी पाएपछि अनि आफ्ना आयस्रोतले पुस्तकालय निमार्ण गर्ने सु-अवसर पाएपछि विष्णु

नवीन वास्तवमा नवीन व्यक्तित्वमा उभिए र उनले कविता लेखे, कथा लेखे निबन्ध लेखे । उनी इलाम जिल्लामा बसेर लेख्ने यस अञ्चल कै सवैभन्दा बेसी कलम चलाउने व्यक्तित्वमा दरिए । उनका कविता, कथा र निबन्धलाई उभ्याएर हेर्दा व्यक्ति -लेखक) कृतिका चरित्रमा ठूलो अन्तर फेला पर्दछ । विष्णु नवीनले जे जति लेखे त्यो सम्पूर्णमा उनले देखेका वा भोगेका पाटाका प्रतिविम्ब नै उतारिएको देख्न पाइन्छ । तर उनको देखाई वा भोगाईका यथार्थगत तीता पक्ष र तिनबाट व्यक्ति विशेषलाई पर्ने मार्कालाई लेखिदिए आफ्नै चित्र उतारिएको कुराजान्दा जान्दै पनि विष्णु नवीनका कृतिबाट मनोरञ्जन प्राप्त गर्न सक्ने वातावरण सृजना हुन गएको पाइन्छ । आफ्नो जीवनको अभाव, पीडा र कष्टलाई नून चूक थप्न पछि नपर्ने समाजका कुतत्वलाई त्यसरी जोगाएर विष्णु नवीनले इलाम र इलामबासी जनताको गीत नै जीवनभर गाए, तिनलाई आनन्द प्रदान गरे अनि मरे ...........

"विष्णु नवीन वास्तवमा एउटा ज्यूँदा मानिस हुन र इलामको समसामयिक जीवनको ज्यूँदा लेखक पनि हुन् ।"

## च) डा. तारानाथ शर्मा

चियाबारी स्व. नवीन स्मृति ग्रन्थको इलामको बत्ती झ्याप्प भयो शीर्षकमा डा. तारानाथ शर्माले 'इलाम भन्नु नै मेरो मुटु हो भने, इलाम भन्नु नै मेरो सपना जपना हो भनेर इलाम भन्नु नै मेरो भित्री आँखाको ज्योति हो भने म भन्छु मेरो इलामको बत्ती नै निभ्यो ।' चारैतिरबाट अँध्याराका विकराल दैत्यहरु द्वारा घेरिएपछि चारै खोलाबाट सहानुभूति, सद्भाव र स्नेहका अवशेषहरु बगेर निथ्रिएपछि र चौभुमबाट मनुष्यता मरेर गएपछि इलामको आत्मालाई प्रकाशित पार्ने पिलपिले दीयो पनि टिकिरहन सकेन बलिरहन सकेन । "साहित्यकारको आत्मा नै त त्यस्तो बत्ती हो जसले समाजलाई उज्यालो दिन्छ, बाटो देखाउँछ र जीवनप्रदान गर्छ । नवीनको साहित्यिकताले पनि हामीलार्य उज्यालो दिएको छ, बाटो देखाएको छ र जीवन प्रदान गरेको छ ।"

## छ) महेश वस्नेत

चियाबारी स्व. नवीन स्मृति ग्रन्थको 'श्रद्धान्जली नवीनलाई' शीर्षक कवितामा महेश वस्नेतले ............

विषम परिस्थितिमा पनि सधैं
सिर्जनाको दियो बलिरहेको 'नवीन'
शोषितलाई शोषकको विरुद्धमा
सधैं संघर्षतर्फ उन्मूख गराइरहेछ 'नवीन'

सधैं मान्छेलाई मान्छे बनी
व्यवहार गर्ने गीत गाउँदै तिमी गयौ 'नवीन'
तर स्मृति सधैंलाई साँचेर गयौ नवीन ।

## ज) रनबहादुर कार्की

चियाबारी स्व. नवीन स्मृयित ग्रन्थमा इलामको चोक बजारमा विष्णु नवीन शीर्षकमा "इलामको लोक सांस्कृतिक मञ्चको उत्थानमा कैयौं चोटि सहयोग पुऱ्याउने हास्य कलाकार, जिल्ला पञ्चायत इलामबाट प्रकाशित हुने "सौगात" पत्रिकाको स्थायी स्तम्भ अचम्म तर सत्यका अटूट लेखक विभिन्न साहित्य जगतका पत्रपत्रिकामा लेख दिई हास्यव्यङ्गयको रस स्वादन गराउने विष्णु नवीन ।

## झ) बृद्धि घिमिरे

समालोचना कुसुम २०६५, इलाम,को पृष्ठ ९४ मा कथाकार विष्णु नवीन र लोग्ने स्वास्नी कथासंग्रहको छोटो विवेचनामा बुद्धि घिमिरे लेख्छन् :- "हास्यव्यङ्गय क्षेत्रलाई कथा, लघुकथा, कविता, निबन्ध, अनुसन्धानात्मक लेख आदिका क्षेत्रलाई अभिव्यक्तिको माध्यम बनाउने नवीन साँच्चै नै नवीन पुस्ताका यथार्थबादी नवीन साहित्यकारका रुपमा देखिएका छन् । इलामका विभिन्न क्षेत्रमा हुनेगरेका साँस्कृतिक कार्यक्रमहरुमा सक्रिय सञ्चालक, अभिनयकर्ता नृत्य र गायनमा समेत भागलिने नवीन कुशल शिक्षक, दक्ष कर्मचारी र नागरिक समाजका विद्रोही तथा पथप्रदर्शक, साहित्य लेखन प्रकाशनका प्रेरक व्यक्तित्वका रुपमा त्यस समयका अगुवा मानिन्छन् ।

## ञ) तेज बहादुर मुखिया

मेरो सेरोफेरो संस्मरण संग्रह २०६४ काठमाडौं पृष्ठ ६८ मा विष्णु नवीन दाइको अन्तिम पत्र मा तेजबहादुर मुखिया लेख्छन् । 'यहाँ अञ्चल पञ्चायतमा सुब्बा सम्म हुनुभयो र मेजर सन्तोष कुमार राई सरुवा भएर काठमाडौं गाउँ फर्क अभियानमा आएपछि उहाँ अञ्चल पञ्चायतका निमित्त सचिव पनि हुनुभयो । उहाँ जस्ता विशिष्ट साहित्यकार, कवि पनि खोया बिर्केले मात्तिएर अनि चुरा पोते, साडी चोलो लगाएर लामा-लामा दारी पालेर हिडेको सुने उहाँजस्ता व्यक्ति पनि पागल हुन्छ र ? भन्ने लाग्यो । उहाँलाई इलाम र मेची अञ्चलकै कुशल व्यक्तित्व भएको मानिस भनिन्छ ।

## ट) सन्तोष कुमार राई

साहित्यकार विष्णु नवीनको उनको स्मृतिमा खण्डकाव्यको दूई शब्द लेख्ने क्रममा सन्तोष कुमार राई लेख्छन् "स्वर्गीय ज्ञानीराम भट्टराई ज्यूको स्मृतिमा श्री विष्णु नवीन ज्यूले लेख्नु भएको खण्डकाव्य 'उनको स्मृतिमा' हेर्न पाउँदा मनमा एक प्रकारको

शान्ति र संतुष्टिको अनुभव भएको छ ।" ज्ञानी ज्यू आज हाम्रो बीचमा हुनुहुन्न तर यस अञ्चलका जन जनको हृदयमा उहाँप्रतिको ममता, स्नेह ओइलाउन पाउने छैन । यसका निमित्त नवीनज्यूले जस्तै अन्य स्तरबाट पनि विभिन्न प्रकारले ज्ञानीज्यूलाई अमर तुल्याउने कार्य हुनुपर्छ ।

### ठ) माधव भँडारी

साहित्यकार विष्णु नवीनको उनको स्मृतिमा खण्ड काव्यमा मन्तव्य लेख्ने क्रममा "खण्डकाव्यको अध्ययनमा भट्टराईज्यूको निधनले सारा प्रकृति नै शोकसंतप्त देखिन्छ । लेखकको अर्को भावपूर्ण पक्ष यसमा देखिन्छ तर यहाँ कल्याणको ज्यादा उदान छैन उपमा आदिको बढता चमत्कार देखाइएको छैन । अर्थात 'नवीन' ज्यूको शोक यहाँ वास्तविक छ । कृत्रिमताको आवरणले त्यसलाई बढ्ता ढाक्न खोजिएको छैन काव्य सरल छ धेरै हृदय हुन्छ ।

चियाबारी नवीन स्मृति ग्रन्थको पृ. ७७ अब हाम्रको पालो ! शीर्षक लेखक भण्डारी लेख्छन् । "नेपाली साहित्यको इतिहासमा उसको नाउँ अङ्कित भइसकेको थियो । देशका प्रायः सवै सचेत व्यक्तिले उसको नाउँ सुनेका थिए । उसको दीनहीन स्थितिको ज्ञान नहुने पनि नपाइएलान । उसको निम्ति कोही त गर्नुपर्छ ऊ राष्ट्रको प्रतिभा हो ।" सयौं चोटी स्थान चर्चा मैले निकै माथि पुगेका हौं भन्नेले समेत गरेको सुनेको हुँ । ऊ पनि बेला बेला ठूला बडाहरु संग भन्थ्यो मलाई भातसम्म दान पाउने केही काम देओ । उसलाई आफ्नो प्रतिभाप्रति विश्वास थियो ।

## १.७. शोधकार्यको औचित्य, महत्व र उपयोगिता

नेपाली साहित्यको क्षेत्र व्यपक छ त्यस भित्रको एउटा विधा निबन्ध हो । निबन्ध भित्रको हास्यव्यङ्गयको आफ्नै महत्व रहेको पाइन्छ । साहित्यमा हास्यव्यङ्गयले विकृति विसंगति प्रति ठाडो स्वर मुखरीत गर्दै यथार्थ घटना र परिवेशको प्रस्तुतीमा सहजता अपनाउने हुनाले नवीनको साहित्यिक यात्रामा तात्कालिक परिवेशको यथार्थ चित्रण गरी नेपाली समाजमा हास्यव्यङ्गयको प्रभावको अध्ययन विश्लेषण गर्नुपर्ने नै यसको औचित्य र महत्व हो, यस मध्ये पनि हास्यव्यङ्गय क्षेत्रको विश्लेषण गरी निबन्धकार नवीनको स्थान निर्धारण गर्ने समेत उद्देश्य भएकोले यो शोधपत्र नवीन बारे जानकारी राख्न चाहने सवैका निम्ति उपयोगी हुने भएकोले महत्वहूर्ण मान्न सकिन्छ ।

## १.८. अध्ययनको सीमा

साहित्यकार विष्णु नवीनको साहित्यिक कृतिहरुको समग्र अध्ययन गरी निबन्ध क्षेत्रमा हास्यव्यङ्गयात्मक अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी निबन्ध क्षेत्रको विशेष अध्ययन गरि नवीनको स्थान निर्धारण गर्नु सीमा हो ।

## १.९. सामग्री सङ्कलन विधि

प्रतावित शोधपत्र तयार गर्न सामग्री संकलनमा पुस्तकालयीय विधि अवलम्बन गरिनेछ । स्व. विष्णु नवीनको  जीवनी तथा व्यक्तित्वका सम्बन्धमा सम्बन्धित जानकार महानुभावहरुसँगको अर्न्तवार्ताद्वारा सामग्री तयार गरिएको छ । साथै कृतित्वका सम्बन्धमा पुस्ताकालय तथा स्रोत व्यक्तिबाट सामग्री जुटाई शोधपत्र तयार गरिएको छ ।

## १.१०. शोधविधि

प्रस्तुत शोधपत्र नेपाली साहित्यका स्रष्टा विष्णु नवीन एवं उनको साहित्यिक कृतिहरुसंग सम्बद्ध रहेको छ । त्यसैले यसमा कृति अध्ययन पद्धतिलाई मुख्य रुपमा प्रयोग गरिनेछ । सङ्कलित सामग्रीलाई वर्णानुक्रमका आधारमा लिपीबद्ध गरी पुस्तकालयीय पद्धतिको अवलम्बन गर्दै अध्ययन विश्लेषण गरिएको छ । यसका साथै सम्बन्धित विभिन्न पुस्तकका टिप्पणी र पत्रपत्रिकाहरुको टिप्पणी आदि सामाग्रीहरुको पनि आवश्यकतानुसार अवलम्बन गरि सामान्यीकरण गर्दै शोधपत्रमा समाबेश गरिएको छ ।

## १.११. शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको रुपरेखा यस प्रकार छ :

**परिच्छेद एक : शोध परिचय**

**परिच्छेद दुई : साहित्यकार विष्णु नवीनको संक्षिप्त जीवनी र व्यक्तित्व**

**परिच्छेद तीन : विष्णु नवीनका विभिन्न विधाका पुस्तकाकार कृतिहरुको संक्षिप्त अध्ययन**

**परिच्छेद चार : नेपाली निबन्धको ऐतिहासिक दिग्दर्शन**

**परिच्छेद पाँच : हास्यव्यङ्ग्य क्षेत्रमा रहेका विशिष्ट कृतिहरुको अध्ययन विश्लेषण र मूल्याङ्कन**

**परिच्छेद छ : उपसंहार, सारांश तथा निष्कर्ष**

## १.१२. परिशिष्ट :-

क) उपलब्ध फोटो

# परिच्छेद दुई

# साहित्यकार विष्णु नवीनको संक्षिप्त जीवनी र व्यक्तित्व

## २.१ साहित्यकार विष्णु नवीनको संक्षिप्त जीवनी

### २.१.१. जन्म र बाल्यकाल

विष्णु नवीनको जन्म वि.सं. १९९५ साल माघ ९ गते आइतबारको दिन इलामको कोप्चेलाइनमा (हालको जनपथ) मा भएको हो । उनको बुवा कटकबहादुर बुढाथोकी सेनामा जागीर खाने क्रममा एउटी भुजेलनी युवतीसँग दास्रो विवाह गरी वि.सं.१९९३ तिर इलाम आएका थिए । यिनै कटकबहादुर बुढाथोकीको भुजेल्नी पट्टिको पहिलो सन्तानका रुपमा जन्मिएका विष्णु नवीनको पुरा नाम विष्णु बहादुर बुढाथोकी हो । विष्णु नवीन दाजुभाइमा उनी एकमाात्र हुन भने दिदीबहिनीहरु ७ जना छन् ।

कटकबहादुर बुढाथोकी इलाम आएपछि ....श्री नाथ पल्टनमा जागिरे भए । केही समय बितेपछि उनकी श्रीमती पनि इलाम आइन् । त्यसपछि नवीनकी आमालाई त्यागेर हेलागरी एउटा धर्मशाला वा पार्टी जस्तो सरकारी  घरमा उनका सन्तान सहित छुट्याएर राखे । त्यसपछि छोरा लगायत कुनै सन्तानको पनि हेरचाह गरेनन् र पहिलाकी श्रीमती सँग नै कटकबहादुर घर व्यवहारमा लागे । त्यसपछि कटकबहादुर सेनाको जागिर पछि प्रहरीमा जागिर खाएर हवलदार सम्म भए । इलामबजारको नारायण स्थान छेउमा जग्गा फडानी गरी बसेका कटकबहादुरले जागिर छाडेर पसल थापेका थिए । उनको पेशा व्यवसायमा हेर्दा सामान्यतया गुजाराको व्यवसाय राम्रै थियो तर यता नवीन र उनकी आमाको कुनै जिम्मेवारी नै बहन नगरेको  देखिन्छ । यसरी नै कुनै समय जागिरे कुनै समयमा पसल सञ्चालन गर्ने कटकबहादुरको छोरा पाटीको बास भए अर्की आमाबाटनै नवीनको लालनपालन भयो । नवीनकी आमा अर्काको घर भित्रको कामहरु लुगा धुने, जुठाभाडा गर्ने जस्ता काम गरेर आफ्ना सन्तान हुर्काएकी थिएन् । यो कुरा नवीनकै साहित्य लेखनमा उल्लेख भएको पाइन्छ । आमाले नवीनलाई दुःख सुख जे जसो गरेर आफु भोक भोकै भएर पनि पालनपोषण गरे । आमाको यस्तो ममतामय संरक्षकत्वमा दुई बहिनी र नवीनको बाल्यकाल बजारे बातावरणमा नै हुर्किएको छ ।

### २.१.२. शिक्षा-दीक्षा

इलामको तत्कालिन भाषा पाठशालामा संस्कृत तथा अन्य व्यवहारिक शिक्षा दिइन्थ्यो । त्यही भाषा पाठशालामा २००२ सालमा विष्णु नवीनको अक्षराम्भ भयो । आर्थिक अवस्था दयानिय भएको आमाको छोरा पठनमा परिश्रमी साथै लगनशील भएकाले नवीनले सबै इष्टमित्रबाट माया ममता पाएका थिए ।[१] पढाइमा पनि सामान्यतया अगाडि नै थियो । बजारको बसोबासले शैक्षिक चहलपहलको वातावरण र

*१. तेज बहादुर मुखिया, 'दाइ विष्णु नवीनसँग बस्दा', चियाबारी, पृ.  १२९*

विद्यालय पनि नजिकै भएकाले आर्थिक विपन्नता भए पनि नवीन पढाइमा अगाडि बढ्दै गए । २००४ सालमा भाषा पाठशाला तत्कालिन आदर्श पद्म  हाईस्कुलमा परिणत भएपछि नवीनको पढाइमा कक्षागत क्रम सुरु भयो र २०१२ सालमा कक्षा आठ सम्मको् शिक्षा उनले पूरा गरे । बाल्य अवस्था देखिनै नाचगान जस्ता सांस्कृतिक गतिविधिमा रुचि रामख्ने नवीन यस बेला सम्ममा अभिनय, नृत्य तथा गीत गायन क्षेत्रमा निकै सिपालु भइसकेको थिए भने कहीँ कविता लेख्ने र सुनाउने पनि गर्थे । त्यसैले उनको सक्षमतामा इलामका विद्यालय तथा चाडपर्वमा सांस्कृतिक क्रियाकलापहरुमा प्रमुख स्थान थियो ।[२]

वि.सं. २०१३ सालमा शिक्षाको कारणबाट विद्यालय प्रशासन विरुद्ध विद्यार्थी आन्दोलन भयो । त्यसमा विष्णु नवीनले सक्रिय भाग लिएका थिए र त्यसै कारणले उनी जेल परे ।[३] केही दिन पछि जेलबाट छुटे पनि अधिक समस्या दिनप्रतिदिन चर्कदै थियो । त्यसैले गर्दा व्यवहारिकतामा आफ्नो सहभागीताको आवश्यकता पर्दै जाँदै थियो । यिनै विविध आर्थिक, व्यवहारिक र राजनितिक कारणले २०१३ सालमा कक्षा ९ मा पढ्दा पढ्दै नवीनको पढाइको क्रम रोकियो । यसै साल नवीन विवाह गरी व्यवहारमा लागेका थिए । शिक्षा तथा पाठशालाको विकासको क्रममा २०१४ सालमा इलाममा नर्मल स्कुल खुल्यो । यसैमा प्रवेश गरी १० महिने तालिम लिएर २०१४ सालमा अध्यापनतर्फ लागे ।[४] नवीनले २०१७ सालमा इलामबाट द्वितीय श्रेणीमा एस्.एल्.सी. पास गरे त्यसपछि २०१९ सालमा इलामको महेन्द्ररत्न क्याम्पसमा प्रवेश लिएर उच्च अध्ययन शुरु गरे तर विविध कारणहरुले गर्दा यसलाई अगाडि बढाउन सकेनन् । यसरी विष्णु नवीनको औपचारिक शिक्षा माध्यमिक स्तर सम्म नै सिमित रह्यो भने स्वअध्ययनबाट उनले भाषिक साहित्यिक तथा सामाजिक क्षेत्रमा निकै राम्रो दक्ष ज्ञान प्राप्त गरेका थिए ।

## २.१.३ वयस्क र कार्यक्षेत्र

विष्णु नवीनले २०१२ सालमा कक्षा आठमा अध्ययन गर्दा देखि नै मसिना केटाकेटीहरु भेलापारी पढाउने(ट्युसन) गरेका थिए । २०१३ सालमा शिक्षाको कारणवाट चर्केको विद्यार्थी आन्दोलनमा सक्रिय भाग लिए वापत केही समय जेल परेको प्रसंग चर्चा भइसकेको छ । वि.स. २०१४ सालमा इलाममा खुलेको नर्मल स्कुलको पहिलो समुहमा नै दश महिने तालिम लिएको बेला हस्तलिखित **शिक्षा पथ** पत्रिकाको सम्पादन गरेका थिए भने हिरालाल कर्मचार्यसँग मिलेर हस्तलिखित **आसु** र **कोपिला** पत्रिकाको सम्पादन गरे ।[५] वि.सं. २०१४ साल चैत्र १६ गते शिक्षकमा नियुक्ति भई सरस्वती मा.वि. चैनपुर गएर २०१६ साल बैशाख सम्म अध्यापन गरे । त्यसपछि २०१६ साल चैत्रदेखि मंगलबारेको तत्कालिन मिडिल स्कुल (हाल भानु माध्यमिक विद्यालय मङ्गलबारे) इलाममा अध्यापन गर्दा-गर्दै घरपायकमा सरुवाका सम्बन्धमा तत्कालिन शिक्षा सहायक

*२. ऐजन*
*३. युद्ध वैद्यसँग विष्णु नवीनलाई सम्झदा*
*४. ऐजन*
*५. तेज बहादुर मुखियासँगको अन्तरङ्ग कुराकानी*

निरीक्षसँग मतभेद भएर अध्यापन पेशा छोडेका थिए ।[६] केही समय पश्चात २०१९ साल देखि नै अञ्चल पञ्चायत इलाममा बहिदारको पदमा जागिरे खान शुरु गरी क्रमश. खरदार त्यसपछि सुब्बा सम्म भए । सुब्बा भएको अवस्थामा अञ्चल पञ्चायत सचिबको अनुपस्थितिमा कायम मुकायम सचिव भई कार्यालय चलाएका थिए । त्यहाँ जागिरे हुँदा मेची पत्रिकाको केही अङ्कको सम्पादन पनि गरेका थिए ।[७] वि.सं. २०२४ सालमा पञ्चायत विघटन भएपछि कुनै जागिरे पेशामा समाबेश नभई विभिन्न पत्रपत्रिकाका स्तम्भकार, प्रतिनिधि, र सम्वाददाता भई काम गरे भने अन्त्यमा बढी मद्यपान गरी एक प्रकारको बेवारीसे सरह घुमिहिडेका थिए ।

## २.१.४. सम्मान पुस्कार

विष्णु नवीन विद्यार्थी अवस्थामा नै सांस्कृतिक क्रियाकबलापमा भाग लिए बापत विद्यालयबाट पुरस्कार पाउने गरेका थिए । इलाममा मात्र नभएर नवीनले जहाँ जहाँ अध्यापन गरे त्यहाँ-त्यहाँ पनि सांस्कृतिक कार्यक्रम गतिविधि चाडपर्व र जात्राहरुमा उनको प्रमुख स्थान हुन्थ्यो । दार्जिलिङ्गको प्रभावमा एकताका इलाममा निकै भव्यताका साथ भानु जयन्ति मनाइन्थ्यो । त्यस क्रममा संस्कृतिक क्षेत्रमा नवीन पुरस्कृत भएका थिए ।[८] वि.सं. २०३७ सालमा **विश्वदीप** मासिक पत्रिकाले बिर्तामोड, झापामा मेची अञ्चल स्तरीय साहित्य सम्मेलन गरेको थियो र त्यहाँ विष्णु नविनलाई अभिनन्दन गरिएको थियो ।[९] यसपछि मरणो परान्त विष्णु नवीनलाई नेपाली साहित्यको गद्य विद्यामा हास्यव्यङ्ग्य निबन्ध र कथा क्षेत्रमा योगदान पुऱ्याएबापत २०४३ सालको महानन्द पुरस्कार प्रदान गरी सम्मान गरिएको थियो ।

विष्णु नवीनका समयमा इलाममा साहित्यिक गोष्ठीहरु भइरहन्थ्यो । यस्ता गोष्ठीहरु भइरहन्थ्यो । यस्ता गोष्ठीहरु कोठे गोष्ठीका रुपमा पनि हुने गर्थे । यस्ता कोठे गोष्ठीहरुमा प्रयाशः नवीनको सहभागिता हुनेगर्थ्यो । यसका साथै रामपुर तथा विराटनगरमा भएका साहित्य-सेमिनारहरुमा पनि नवीनले भाग लिएका थिए । झापाका धेरै जसो साहित्यिक गोष्ठीहरुमा नवीनको उपस्थिति हुने गर्दथ्यो । यस्ता गोष्ठीहरुमा नवीन आफ्ना रचनाहरु सुनाउने गर्थे र साहित्यकारका रुपमा उनको सम्मानित स्थान रहन्थ्यो । नवीनको मृत्युकादिन भेला भएका साहित्यअनुरागीले नवीनको घर भएको टोल जनपथ(इलाम) चोकलाई उनको सम्मानमा **नवीनचोक** नामाकरणमा घोषणा गरेका थिए

*६. कृष्ण न्यौपानेसँगको अन्तरङ्ग कुराकानी*
*७. बुद्धि घिमिरेकासँग छलफल*
*८. बुद्धि घिमिरेसँगका छलफलबाट*
*९. चुडामणि रेग्मी (सम्पा)युगज्ञान १२/१७ भद्रपुर: २०७ पृ ४*

## २.१.५. गार्हस्थ्य जीवन र आर्थिक अवस्था

### क) पारिवारिक आर्थिक अवस्था

विष्णु नवीनका बाबुका आर्थिक अवस्था सामान्य निम्न मध्य वर्गीय थियो । त्यो नवीनले उपभोग गर्न पाएनन् सरकारी पाटीमा जन्मिएका नवीनलाई दुखिया आमाले अर्काको जुठो भाडो गरेर आफु भोकभोकै बसेर भए पनि राम्रै गरी हुर्काइन् पढाइन् । परिवारमा आमा दुईवटी बहिनी र नवीन गरी चारजना पालनपोषणको भार बुढो शरीर हुँदै गएकी एक्ली आमाले धान्न नसक्नु स्वभाविक थियो । वि.सं. २०१४ सालदेखि शिक्षक भई त्यसको आयले आमा लगायत परिवारको पालना गरे । २०१९ सालदेखि जागिरे भएका नवीनको आर्थिक अवस्थामा केही सुधार भएपनि त्यो पनि क्षणिक मात्र भयो । २०२४ सालमा नै उनको जागिरे जीवन अन्त्य भयो । उनकी श्रीमती पनि कहिले चिया बगानमा काम गर्थिन् कहिले घरछिमेकमा सघाउपघाउ गर्थिइन् । यसरी नै घर व्यवहारको गुजारामा आर्थिक टेवा पुऱ्याउथिन् ।[११] यता नवीन पनि कुनै पत्रिकाको स्तम्भकार कुनैमा प्रतिनिधि र कुनैमा सम्वाददाता भई केही जुटाउने गर्थे । तर यस्तो स्रोतले घरव्यवहार चलाउन नसकिने हुनाले साथीहरुले केही सहयोग गर्न थाले । यसरी साथीभाईको सहयोगको क्रम बढेर जाँदा नवीन त्यसमा निर्भर हुन पुगे । बाबुबाट अंश लिन एकदुई पल्ट प्रयास गर्दा पनि प्रयास असफल भयो ।[१२] यता नवीनलाई झापामा सुकुम्बासीले पाउने हतबढी जग्गाबाट चार विघा जग्गा उपलब्ध गराइयो । यो पनि नवीनले थोरैथोरै पैसा लिदै खर्च गरेकाले सकियो ।[१३] नवीनका व्यक्तिगत साथीभाइ लगायत इलाम र झापाका केही सामाजिक साहित्यिक संस्थाहरुले उनलाई आर्थिक सहयोग जुटाएका थिए । विश्वदीपको आयोजनामा झापाको बिर्तामोडमा भएको अञ्चलस्तरीय साहित्यिक सम्मेलनमा नवीनको अभिनन्दन गरिएको चर्चा भइसकेको छ । त्यस कार्यक्रममा नवीनलाई आवश्यक जिन्सी नगद सहयोग भएको थियो ।[१४] यसै गरी भद्रपुर सचेत युवा समुदायद्धारा सम्मान गोष्ठीको आयोजना गरी नगद र जिन्सी सहयोग गरिएको थियो ।[१५]

### (ख) दाम्पत्य जीवन र परिवार

इलाममा पद्मे हवलदारकोमा भाँडा माझ्न बसेकी[१६] इलाम नगरपालिका वडा नं. ३ साजबोटेका दिलबहादुर राउतकी छोरी [१७]

*१०..महेश बस्नेतका अनुसार*
*११. गणेश बहादुर प्रसाई,स्व.विष्णु नीन ज्यूदो लेखक "साहित्यलोक पृ.४*
*१२. युद्ध वैद्यसँग कुराकानी*
*१३.कृष्ण न्यौपानेसँगको छलफल*
*१४.गोपि कृष्ण खनाल, इलामका निधि एक सम्झना, "साहित्यलोक" पृ.१३*
*१५ बुद्धि घिमिरेका अनुसार*
*१६. छत्र बहादुर राई*
*१७. इलाम नगरपालिका कार्यालयको तथ्याङ्क अनुसार*

मीना राउतसँग २०१३ सालको माघे सक्रान्तिका दिन माइबेनी मेलामा विष्णु नवीनले प्रेम विवाह गरे ।[१८] आर्थिक अभावले व्यवहारिकतामा आइपरेका कठिनाइ र दुवै जना मादक पदार्थ सेवन गर्ने कारणले गर्दा कहिले काहीँ सामान्य भनाभन तथा मनमुटाव हुने गरेको[१९] भएपनि नवीनका दाम्पत्तिमा सुमधुर सम्बन्ध रहेको थियो ।[२०] नवीनका चार छोरी ज्ञानी, प्रमिला, श्रमिला र नितु तथा एक छोरा स्काइ(अमृत) नवीन गरी जम्मा पाँचजना छोराछोरी हुन् । [२१]

## २.१.६. लेखनका निम्ति प्रेरणा र प्रभाव

विष्णु नवीनको बाल्य तथा किशोर अवस्थामा इलाममा प्रयश. दार्जिलिङ्गबाट शिक्षकहरु आएर विद्यालयहरुमा पढाउने गर्थे । यातायात र व्यवसायिक कारणबाट पनि तत्कालिन इलामको दार्जिलिङ्गसँग निकटता थियो । त्यसैले दार्जिलिङ्गको प्रंभावमा इलाममा साहित्यिक कोठे गोष्ठीहरु ह्ने गर्थे ।[२२] सार्वजनिक रुपमा भव्यताका साथ भानुजयन्ति मनाइन्थ्यो । इलामको चोक बजारमा छात्रसंघले गरेको साहित्यिक गोष्ठी जस्ता कार्यक्रमहरु गर्ने गर्थे । इलाममा साहित्यिक चहलपहल निकै हुने गर्थ्यो । विद्यार्थी अवस्थामा नवीनको गणेश प्रसाइ, मदनकृष्ण, केशव प्रसाई जस्ता साहित्यिक क्षेत्रमा अगाडि रहेका विद्यार्थी साथीहरुसँग संगत थियो ।[२३] नवीन आफु पनि सानै उमेरदेखि सांस्कृतिक गतिविधिमा चाख लिन्थे । यिनै गतिविधिले नवीनमा साहित्यिक रुचि पलायो । वि.सं. २००८ सालमा महानन्द सापकोटाले एउटा भाषा प्रचारक संघ खोलेर पाठ्यक्रम नै तयार पारेका थिए । त्यसैलाई अन्तिम रुप दिन २००९ सालमा इलामको करफोकमा बृहत साहित्यिक गोष्ठीको आयोजना गरिएको थियो । त्यहाँ महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम र लेखनाथ पौडेल पनि सहभागि भएका थिए ।[२४] भने दार्जिलिलङ्ग र काठमाडौँका अन्य वरिष्ठ साहित्यकारहरुको पनि उपस्थिति थियो । त्यस गोष्ठीमा नवीनको पनि उपस्थिति थियो । त्यस गोष्ठी र त्यहाँ उपस्थित वरिष्ठ साहित्यकारहरुको प्रभावले नवीन साहित्य साधनामा प्रेरित भए ।[२५] यसका साथै नवीन नेपाली साहित्यकारका रचनाहरु र विदेशिक साहित्यिक रचनाहरु पढ्ने गर्थे । उनी विशेष गरी रुसी **दस्तोए भस्की** र हिन्दीका **प्रेमचन्द्रका** रचनाबाट प्रभावित भए । यता **भूपि शेरचन** जस्ता नेपाली कविका कविताहरुले पनि नवीनलाई प्रभाव पार्‍यो ।[२६]

*१८. मेघ बहादुर चौहानका अनुसार*
*१९. तेज बहादुर मुखियाको अनुसार*
*२०. युद्ध वैद्य अनुसार*
*२१. जिनु नवीनका अनुसार*
*२२. डम्बर पहाडीका अनुसार*
*२३. सूर्य सुब्बाका अनुसार*
*२४. चुडामणि बन्धु, देवकोटा, (दोस्रो संस्करण साझा प्रकाशन, काठमाडौं:२०४६)पृ.३२२*
*२५.भावानी घिमिरे, विष्णु नवीन आत्मिय दाई, "साहित्यलोक"पृ.४०*
*२६. चियाबारी पूर्ववत पृ.१*

यसै गरी हरिभक्त कटुवाल, अगमसिंह गिरी जस्ता प्रवासी साहित्यकार सँगपनि पत्रचार रचनाका माध्यमले तथा प्रत्यक्ष पनि सम्पर्क हुने गर्थ्यो । नवीन पछि गएर पााकिस्तानी उर्दू साहित्यकार **सहादत हुसन भन्टो**का यौनपरक साहित्य प्रति प्रभावित भएर आफ्नो साहित्य सिर्जना गरेका थिए ।[२७] भने हास्यव्यङ्ग्यको क्षेत्रमा उनका कतिपय रचनाहरुलाई हेर्दा नेपाली साहित्यको हास्यव्यङ्ग्यकार **केशवराज पिडाली** र **भैरव अर्याल**को प्रभाव पारेको देखिन्छ । यता लक्ष्मीप्रसाद जोशी (इलाममा) र प्रज्ञारत्न विरही (शाक्य, वाफङ्गमा)[२९] जस्ता ले क गायक र रुचनाकारहरुबाट पनि प्रभाव र प्रेरणा प्राप्त गरेका थिए । यिनै प्रभावहरुले प्रेरित भएर नवीन दिनप्रतिदिन साहित्यिक साधनाहरुमा अघि बढे भने आफ्नै परिवेशका आर्थिक राजनितिक र सामाजिक गतिविधिहरु पनि नवीनका साहित्यिक प्रेरणाका स्रोत थिए । [३०]

## २.१.७. लेखन प्रारम्भ र साहित्यिक जीवन

विष्णु नवीनले वि.सं. २०१०/११ तिर कक्षा ६/७ तिर पढ्दा देखि कविता[३१] र कथाहरु लेख्न थालेका थिए भने २०१४ सालमा पाल्पाको **कोपिला** पत्रिकामा **एक पैसा** कथा सर्वप्रथम प्रकाशित भएको थियो ।[३२] यसरी विष्णु नवीनको लेखन कार्यको प्रारम्भ २०१०/११ सालतिर भएको थियो । भने २०१४ देखि उनका रचनाहरुको प्रकाशन प्रारम्भ भएको थियो । कविता र कथाबाट साहित्यिक यात्रा सुरु गर्ने नवीनले २०१७ पछि हास्यव्यङ्गयमा बढी कलम चलाएका छन् । यसै अनुसार उनको पहिला पुस्तककार कृतिका रुपमा **श्रीमती सित एक दिन** हास्यव्यङ्गय सँगालो २०२२ सालमा प्रकाशित भयो । यसपछि क्रमश. **जम्मै गीत जागरका** कविता सँग्रह **उनको स्मृतिमा**(२०२४) खण्डकाव्य **छातीमा नआटेको कुरा** (२०२९) हास्यव्यङ्गय संग्रह र लोग्ने स्वास्नी (२०३८) कथासंग्रह प्रकाशित छन् । यी पुस्तकाकार कृतिहरुबाहेक पत्रपत्रिकामा प्रशस्त फुटकर रचनाहरु प्रकाशित भएका छन् । यसरी १५/१६ वर्ष को उमेरदेखि साहित्य साधनामा लागेका नवीनले आजन्म साहित्य सृजना गरिरहे । उनका प्राप्त भएका पुस्तकाकार कृतिका विवेचना र प्राप्त भएसम्म फुटकर रचनाहरुको संक्षिप्त अध्ययन एवम् सूचिकरण समेत कृतित्व परिछेदमा प्रस्तुत गरिनेछ ।

*२७. बुद्धि घिमिरेका अनुसार*
*२८. युद्ध वैद्यका अनुसार*
*२९. कृष्ण न्यौपानेका अनुसार*
*३०. बुद्धि घिमिरेको अनुसार*
*३१. चियाबारी*
*३२. तेज बहादुर मुखिया, दाई विष्णु नवीनसँग बस्दा, "चियाबारी"पृ.१२९*

### २.१.८. देहावसान

विष्णु नवीनको देहावसान ४५ वर्षको उमेरमा वि.सं. २०४० साल चैत्र १८ गते शनिबार राति भयो ।[३३] सानै उमेरदेखि विष्णु नवीनको रक्सी खाने बानी थियो । त्यो बानी विकसित हुँदै चरम चुलिमा पुगेको थियो । अरु आहारको सट्टामा पनि उनि रक्सी नै खान बल गर्थे । त्यसैले उनको शरीर दुर्बल हुँदै गएको थियो । के ही दिन पहिलादेखि निन्द्रा नलाग्ने रोग पनि लागेको थियो । यस्तो स्थितिमा रक्सी बढी खाएकै अवस्थामा केही रगत छादेर नवीनको मृत्यु भयो ।[३४]

## २.२. साहित्यकार विष्णु नवीनको व्यक्तित्व

### २.२.१. व्यक्तित्वको प्रमुख आधार

निम्न वर्गीय परिवारमा जन्मिएर हुर्केका विष्णु नवीन शिक्षाको लागि पनि इलाम छाडि कतै वाहिर गएनन् र माध्यमिक स्तर सम्मको शिक्षा नै उनको औपचारिक शिक्षाको रुपमा सिमित रहयो । बाबुबाट अपहेलित आमाको साथमा दयानिय पारिवारीक तथा शैक्षिक पृष्ठभूमी भए पनि दार्जिलिङ्गको प्रभाव परेको इलाम बजारमा जन्मि हुर्कि शिक्षा पाएकोले नविनको व्यक्तित्व सामाजिक, साँस्कृतिक तथा साहित्यक क्षेत्रमा कुशल र प्रतिष्ठित थियो । बाल्य अवस्थादेखी नै नवीनका व्यक्तित्वका केही बिशेष लक्ष्यण देखिएका थिए । नवस्न जीवनमा धेरै ठूला-ठूला अफठ्यारा परिस्थिती आई पर्दा पनि कसैसँग झुकेनन् र निरन्तर आफ्नो साहित्य साधनामा लागि रहे । नविनले विभिन्न समय र सर्न्दभमा समाजको असमान वा बिकृति तथा विसंगिर भेद्‌भावको विरोध गरि समानताको पक्षमा आफ्ना अभिव्यक्तिहरु दिए । यसरी बाल्य अवस्थादेखी नै नजिनको व्यक्तित्वका चेष्ठाहरु फरक देखिएका थिइ इलामको साहित्यक, साँस्कृतिक तथा सामाजिक चहलपहल र नवीनको व्यक्तिगत रुचिसँगको तालमेलले नै उनको साहित्यक, साँस्कृतिक र सामाजिक व्यक्तित्वको निर्माण भएको थियो । साहित्यक र सामाजिक प्रतिष्ठाले नवीनलाई उच्चता बोध भयो भने आर्थिक विपन्नताले हिन्तावोध भयो । यीनै दुई ग्रन्थिको बेमेल माथि स्थानीय परिवेशबाट मादक पदार्थको सेवनले नविनको व्यक्तित्वको निर्माण भयो ।

*३३. इलाम नगरपालिकाको कार्यालय, इलामको अभिलेख*

*३४. मानबहादुर मुखिया र अन्य परामर्श छलफलमा आधारित*

## २.२.२. शारीरिक व्यक्तित्व र स्वभाव

कालोकालो वर्ण फराकिलो अनुहार भकुण्डो जस्तो टाउको दरादारी जुंघा र लगभग पाँच फुट दुई इन्च जति उचाई भएका [1] विष्णु नविन सधै प्रशन्न मुद्रामा हुन्थ्ये । उनी आफु हाँस्ने र अरुलाई हसाउने गर्थे ।[2] बाल्य अवस्थादेखि नै साथी भाईसँग घुलमेल गर्ने र भुकेकाले चिनिने नविन ज्यादै मिलनसार व्यक्ति थिए । गफ गरि रहने र कसैलाई देख्नसाथ हात उठाउने उनको बानी थियो । नवीनको युवा अवस्थामा लुगा र जुत्ता सामान्य भए पनि घाटीमा टाई हुन्थ्यो । खैनी र पान खाने तथा नयाँ पत्रिका, पुस्तक संकलन गर्ने, पढ्ने उनको स्वभाव थियो ।[3] अर्धवैषे अवस्थामा नवीन वर्षदेखि लगाई रहेको जिमको पैन्ट कलरमा महिलाको हल्का लिउन लगाए जस्तो सटमाथि ठाउँ-ठाउँमा दुला परेको पुरा बाहुलाको खैरो स्वीटर डोरीले फिता जोडेको र कतैकतै सेतोपना टल्कने प्राय आधा वा एक इन्च लामा दारी जुंगासँग [4] मुखबाट रक्सीको गन्ध निकाल्दै हिन्थे [5] उनको काधमा खैने खाने सुर्तीको पाघ र कथा कविता टुक्रा-टुक्रि कोरेको नोटबुक भएको कपडाको एउटा झोला सधै झुन्डिरहेको हुन्थ्यो ।[6]

## २.२.३ अध्यपक व्यक्तित्व

विष्णु नवीनले २०१४ साल देखि २०१९ सम्म विभिन्न ठाउँमा अध्यपन गरेका थिए भन्ने प्रसंग जीवनी उप शीर्षकमा भई सकेको छ नवीनको कक्षा ७, ८ पढ्दा देखि नै ट्युशन पढाएर अध्यपन कार्यमा अनुभव प्राप्त गरेका थिए भने दश माहिने नर्मल तालिम पनि लिएका थिए । यसका साथै उनी एक रसिक व्यक्ति थिए । यिनै कारण नवीन तालिम प्राप्त प्रभावकारी एक कुशल शिक्षक थिए विद्यार्थीहरु पनि नवीनसँग झ्यामिन्थे भने नवीन पनि विद्यार्थीहरुसँग साथी भाई सरह व्यवहार गर्थे । उनले पढाएको सारै राम्ररी बुझिन्थ्यो र उनी विद्यार्थीहरुसँग ज्यादै घुलमिल भएर पढाउने भनेर तत्कानीन उनका विद्यार्थीहरु अझैपनि प्रशंसा गर्छन नवीनले जहाँजहाँ अध्यापन गरे त्यहाँत्यहाँ आफ्नो प्रभावकारी छाप छाडेका थिए ।

## २.२.४. जागिरे व्यक्तित्व

विष्णु नवीनले २०१९ सालदेखि २४ साल सम्म मेची अञ्चल पञ्चायत इलाममा जागिर खाएको थिए । भन्ने कुरा उल्लेख भई सकेकोछ । नवीन शैक्षिक स्तरमा माध्यमिकसम्म मात्र भए पनि बाहिरी ज्ञान मेलमिलाप र कार्यकुशलतामा निकै अगाडी थिए ।

*१. गणेश रसिक, "अब फेरी भेट नहुने साथी विष्णु नविन" चियाबारी पृष्ठ १३६*
*२. माघव मण्डारी "अब हाम्रो पालो" चियाबारी पृष्ठ ८८*
*३. गणेश रसिक, ऐजन*
*४. माघव भण्डारी ऐजन*
*५. गणेश निरौला "मैले चिनेको नविन" चियाबारी पृष्ठ ३४*
*६. माघव भण्डारी*

नवीनमा भएको यहि कर्मचारीमा हुनुपर्ने व्यक्तित्व नै उनी वहिदारबाट सुरुगरेको जागिरमा बढुवा हुदै क्रमशः सुब्बासम्म भए त्यसैबेला उनलाई अञ्चल पञ्चायतको सचिवको अनुपस्थितीमा कायम मुकायम सचिवको पदमा राखि कार्यालयीय सम्पूर्ण कार्यभार सुम्पियो र उनले त्यसलाई कार्यकुशलता पूर्वक समालेका थिए । यसबाट नवीनमा प्रशासकीय व्यक्तित्व पनि थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

## २.२.५ पत्रकार व्यक्तित्व

विष्णु नवीनले २०१४ सालमा हस्त लिखित पत्रिका "शिक्षापय"[२] को सम्पादन गरेका थिए भने "आँशु" र "कोपिला"को पनि सहसम्पादन गरेका थिए ।[८] अञ्चल पञ्चायतमा जागिरे हुदाँ त्यहाँबाट निस्किने मेची[७] पत्रिकामा केही अंकको सम्पादन गर्नका साथै प्रेस सम्बन्धी सम्पूर्ण अभिभारा नवीनले नै व्यहोरेका थिए ।[९] यसका मध्यमबाट नवीनको दार्जिलिङ्ग आउने जाने क्रम चलेको थियो र त्यहाँका पत्रकारसँग सर्म्पक बढेको थियो । त्यसैगरि पटनाको नेपाल सन्देशमा स्तम्भकार[१०] थिए भने भद्रपुरका युगज्ञान[११] लगायत विभिन्न पत्रिकाहरु काठमण्डौको संरचना[१२] र घरान लगाउत विविध ठाउँका केही पत्रिकाहरुमा कतै प्रतिनिधि कुनैमा सम्वाददाता र कुनैमा स्तम्भकार भएर काम गरे ।

इलाम जिल्ला पञ्चयतबाट प्रकाशित सौगात पत्रिकामा विभिन्न अनुदित रचनाद्धारा एक अचम्म तर सत्य भन्ने स्तम्भ लेख्थे । यसरी विभिन्न पत्रपत्रिकामा संलग्न भएर नवीनले समाजिक । साहित्यिक लेख रचनाहरु प्रकाशित गर्नुमात्र होइन विश्व घटनाका कुराहरु पनि लेखेका थिए । र स्थानिय सम्मदाताका रुपमा काम गरेको थिए । वीच-वीचमा केही खण्डित भए पनि किशोर अवस्थादेखि अन्तिम अवस्थासम्म पत्रकारितामा लागि रहने नवीनको पत्रकार व्यक्तित्व पनि प्रमुख रुपमा रहेको थियो ।

## २.२.६ सांस्कृतिक व्यक्तित्व

तत्कालिन इलाममा साँस्कृतिक चहलपहल निकै थियो । विष्णु नवीनको सानै देखि यस क्षेत्रमा रुचि र सहभागिता थियो । नवीन प्राथमिक शिक्षाको अवस्थादेखि नै साँस्कृतिक कार्यक्रममा भाग लिन्थे ।कक्षा ६, ७ मा पढ्दा देखि नै उनी अभिनय र नृत्यमा सक्रिय भाग लिन्थे । इलामका चाडपर्वहरुमा नवीनको उपस्थिती अनिवार्य अपेक्षित थियो ।[१३] विद्यालय र छात्र संघद्धारा छुट्टा-छुट्टै रुपमा वार्षिक उत्सव मनाउने र त्यसमा नाटक तथा साँस्कृतिक कार्यक्रमको आयोजना गरिन्थ्यो । त्यसमा नवीनको सक्रिय र अग्रणी भूमिका रहन्थ्यो ।

७. *युद्ध वैद्यका अनुसार*
८. *वृद्धि घिमिरेका अनुसार*
९. *ऐजन*
१०. *महेश बस्नेतका अनुसार*
११. *युद्ध वैद्यका अनुसार*
१२. *पुष्पराज प्रधान, "नविन स्मृति ग्रन्थकै स्मृतिभित्र", चियाबारी, पृष्ठ १५८*
१३. *तेजबहादुर मुखिया , दाई विष्णु नवीनसँग बस्दा, चियाबारी पृ १२९*

जात्रा, चाडपर्व र जाग्राम भने पछि हुरुक्क हुने नवीन आफ्ना दौतरीहरु लिएर त्यस्ता कार्यक्रममा गई नाचेर, गाएर रात बिताउथे । एस.एल.सी. परीक्षामा माघ २ गते देखि हुने थियो । नवीन माघे संक्रान्तिको रातभरि र भोलिपल्ट पनि माईबेनी मेलामा नाँचि रहेका थिए । त्यसै अवस्थामा साथीहरुले सम्झाए पछि केन्द्रमा गएर नवीनले परीक्षा दिएका थिए । नवीन तामाङ्सेलो बढी मन पराउथे । र केटीको भूमिकामा नाच्थे निम्न लिखित लोकगित उनलाई विशेष मन पर्थ्यो ।

*डम्फु बाँध्ने छालाले*

*मान्छे बाँध्ने मायाले*

................................. १४

इलाम जिल्लाको मध्यभागमा पर्ने वाफ्रुङ्ग र मंगलबारेमा उनी शिक्षक हुदाँ नाटकहरुको आयोजना गरिएको थियो र त्यहाँ पनि उनको अग्रणी भूमिका रहेको थियो । मंगलबारेमा नवीन कै सक्रियतामा रोपाइँ जात्रा सुरु गरिएको थियो । र त्यसमा पनि उनी साडीचोलो लगाएर नाँचेका थिए । यो जात्रा हाल स्थानीय संस्कृतिका रुपमा प्रचलित तीज पछिको विहीबार प्रदर्शीत गरिन्छ । नविन अञ्चल पञ्चयतमा जागिरे हुँदा त्यस कार्यलयमा सचिव सन्तोष राईले साँस्कृतिक टोलीको गठन गरि विविध कार्यक्रमहरु गराएका थिए । त्यहाँ पनि नवीनको अग्रणी सहभागिता थियो । यिनै आधारहरुमा विष्णु नवीनको सांस्कृतिक व्यक्तित्व प्रमुख रुपमा रहेको थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

## २.२.७ वैचारिक व्यक्तित्व

विष्णु नवीन खुल्ला व्यवहार भएका स्पष्ठ वक्ता थिचो-मिचोप्रति बढि संवेदनशील र विद्रोही स्वभावका थिए । [१५] नवीन २०५१ सालको चुनावमा नेपाली काँग्रेसका कार्यकर्तासँग गाउँ घुमेका थिए भने त्यस पछि स्वातन्त्र नै रहेका थिए ।[१६] २०२४/२५ साल तीर इलाम चोकबजारमा जन-ज्योति पुस्तकालय खुल्यो । त्यहाँको अध्ययनले नवीन कम्यूनिष्ट गतिविधिमा सक्रिय भए भने त्यस भन्दा पहिला नै कम्यूनिष्ट कार्यकर्ता ज्ञानीराम भट्टराईको मित्रताले उनलाई यस विचार तर्फ मोडि सकेको थियो । नवीन अर्का वामपन्थि भक्ति देवानका सर्म्पकमा पनि थिए । यसै गरि बढी माओवादी पुस्तकहरु मात्र भएकाले नवीनको पुस्तकालय पदनपुरस्कार आफू पनि “म माओवादी हुँ” [१७] भनेर विभिन्न वामपन्थि अभिव्यक्ति दिदै हिड्थे । यिनै आधारहरुमा नवीनको वैचारिकतालाई हेर्दा के भन्न सकिन्छ भने नवीनमा चिन्तन मननद्धारा कुनै दार्शनिक अडानमा पुगेको महत्वपूर्ण वैचारिक व्यक्तित्व थिएन तर सामान्यतया उनी कम्यूनिष्ट पंतिमा उभिएका थिए ।

*१४. युद्ध वैद्यका अनुसार*
*१५. बुद्धि घिमिरेका अनुसार*
*१६. ऐजन*
*१७ गणेश निरौला, “मैले चिनेको नविन”, चियाबारी, पृ ३४*

## २.२.८ बहुरुपी व्यक्तित्व

विष्णु नवीनले अञ्चल पञ्चालयतको कायम मुकायम  कार्यालय प्रमुख पदमा जागिर खाएँ भन्ने कुरा पहिला नै चर्चा भई सकेको छ । त्यस्तै साहित्यिक गतिविधिमा नवीनको प्रतिष्ठित पेशामा संलग्न रहने नवीनको ईच्छा थियो तर तर अञ्चल पञ्चायतको विघटन पछि आफ्नो शैक्षिक योग्यता अनुसारको जागिर खाएनन् । यसरी बेरोजगार भएका नवीनको अन्य आर्थिक व्यवसाय तथा स्रोत पनि नभएकाले दिनप्रतिदिन अभाव र गरिबीले नवीनलाई सताउदै लग्यो । आर्थिक अभाव जन्य  पीडाले एकातिर उनलाई सताउदै थियो भने अर्का तिर उनको उच्च महत्वकांक्षा अझ चुलिदै मानासिक द्वन्द्धमा रुमलिएका नवीन मद्यपानको मात्र बढाउन थाले भने अर्का तिर यस्तो विसंगतीले  उनीभित्र एक प्रकारको विद्रोही चेतना जगायो फलतः उनी विभिन्न विसंगत क्रियाकलापहरु गर्नथाले । साडि-चोलो, चुरा-पोते लगाएर हिड्ने खुल्ला मैदानमा सुतेर कविता भन्ने [१८] मनपरेकालाई कवितामा गालि गर्ने जस्ता अनौठा क्रियाकलापहरु गर्न थाले । यसै गरि कहिले रक्सीले मातेर रुदै गरेको भेटिन्थ्यो । कहिले रक्सीखान छोडेको एक महिना भएको कुरा सुनाउथे । कहिले मर्नलाई एउटा अग्लो ठाउँबाट फाल हान्दा पनि मर्न सकिएन भन्दै चोट देखाउने [१९] भने कहिले मैले चुस्ता सर्प नै मर्‍यो भन्दै मर्न लागेको सर्प बोकेर हिड्थे । रक्सी बढी खाएर लडेकाले चोटपटक लागेर साथीहरुले अस्पताल लगि पटक-पटक उपचार गराएको कुरा प्रसस्तै सुनिन्थ्यो । एकातिर नवीनको यस्ता गतिविधि देखिन्थे भने अर्का तिर साथीहरुसँग हात पसारेर तथा कुनै होटल (प्रायः इलामको (पण्डित मोदीको मिठाई पसल) मा यसो सघाउपगाउ गरि थापेर खाने गरेको पाइन्थ्यो । पैसा पाउदा रक्सी खाने हुनाले साथीहरुले पैसा नदिएर समान नै किने दिनेगर्थे । [२०]  नवीनका यस्ता क्रियाकलापहरु बढ्दै गए पछि केही मान्छेहरु उनका बारेमा यसो पनि भन्ने गर्थे योपालग भई सक्यो, यसरी नै पैसा माग्छ र दुःख दिन्छ । यसलाई पल्काउनु हुदैन, दुःख पाइन्छ । हो नि हामी यसै गरेर त दुःख पाइरहेका छौं । कति गर्ने र पैसा पायो कि रक्सी खान्छ र मनपरि भाषण गर्दै हिड्छ यसलाई छोराछोरीको माया छैन इज्वातको सवाल छैन पागल ।[२१]

यसरी नवीनको बहुलाउने चरित्र २०२४ पछि २०३० सम्म खण्डित रुपमा देखिन्थ्यो । भने २०३० पछि क्रमशः बढ्दै गएर चरण अवस्थामा पुगेको थियो यस अनुसार नवीनको जीवनको निकै लामो समयसम्म विकृति अवस्था रहेकोले प्राय धेरैले नवीनलाई विकृति र बहुरुपि व्यक्तित्वको रुपमा चिन्ने गर्थे ।

*१८ सूर्य सुब्बाका अनुसार*

*१९ गापीकृष्ण  खनानल "इलामका निधिः एक सम्झना", चियाबारी पृ १२ २०. मान बहादुर मुखियाको कुराकानीबाट*

*२१. पुष्पलाल शर्मा "ऊ यही छ " चियाबारी पृ. १३*

## २.२.९. साहित्यिक व्यक्तित्व

नवीनलाई विष्णु नवीनका रुपमा चिनाउने उनको साहित्यक व्यक्तित्व नै हो । विशेषतः स्थानीय परिवेशको समाजिक धरातलमा नै विष्णु नवीनको साहित्यिक व्यक्तित्वको निर्माण भएको छ । समाजिक पृष्ठभूमीमा विद्रोहात्मक र यौनपरकता नै नवीनको प्रमुख साहित्यिक प्रवृतिहरु हुन् । तर उनी खास कुनै युगान्तकारी विद्रोही र मनोबैज्ञानीक यौनवादी भने होइनन् । नवीनले समाजिक विकृति, आर्थिक असमनता र राजनैतिक विसंगती प्रति विद्रोह गरेका छन् भने  मानविय वसनात्मक आवेगजन्य यौनपरक जीवनको चित्रण गरेका छन् । यसै सेरोफेरोमा नविनले विविध साहित्यिक विधामा साहित्य सिर्जना गरेका छन् । उनले कविता, कथा र निबन्धमा कलम चलाएका छन् । नविनले निबन्ध विधामा हाँस्यब्यङ्गयात्मक निबन्ध र निबन्धात्मक लेखहरु गरि दुई अन्य दुई विधामा कलम चलाएका छन् भने त्यहाँ हाँस्यब्यङ्गयात्मक निबन्धको क्षेत्र बढी फराकिलो रहेको छ । यसै गरि नवीनले कविता विधामा पनि लघुतम, लघु र माध्यम गरि तीन अन्तरविधामा कलम चलाएका छन् । यी मध्ये लघुतम रुप फुटकर कविताको क्षेत्र विस्तृत रहेको छ भने मझौला रुप खण्ड काव्यमा नवीनले एउटै कृतिको रचना गरेका छन् । नवीनका यी विविध विधाहरु मध्ये संख्यात्मक रुपमा हाँस्यब्यङ्गयात्मक निबन्धको फाँट बढी उर्वर रहेको छ भने तुलानात्मक रुपमा कथाको फाँट केही कम उर्वर रहेको छ । तर स्तरीयताको दृष्टिले नवीन उक्त तीनै विधामा उतिकै सफल छन् ।

यसरी समाजिक परिवेश नै नवीनको साहित्यिक विषय बस्तु हो भने विद्रोहात्मक र यौनपरकता उनको साहित्यिक प्रवृति हो । यसै भित्र सामान्य भाषा र सरल शैलीमा कविता, कथा र निबन्धको रचना गरेर नवीन कथाकार, कवि र हाँस्यब्यङ्गयकारका रुपमा चिनिएका छन् । यसैले गर्दा उनको साहित्यिक व्यक्तित्व अन्य व्यक्तित्व भन्दा महत्वपूर्ण र प्रतिष्ठित रहेको छ । जतिले नवीनलाई चिन्छन् ती सबैले साहित्यिक व्यक्तित्वको रुपमा नै चिन्छन् । नवीनको साहित्यकारीता र कृतिका बारेमा चर्चा गरिनेछ ।

# परिच्छेद तीन

## विष्णु नवीनका विभिन्न विधाका पुस्तकाकार कृतिहरुको संक्षिप्त अध्ययन

### ३.१ साहित्यकार विष्णु नवीन

सामाजिक परिवेशलाई नै आधार बनाएर विष्णु नवीन साहित्यिक व्यक्तित्वको रुपमा परिचित हुनपुगेको देखिन्छन् । विष्णु नवीनले नेपाली साहित्यको कथा, कविता र निबन्ध तीनवटै क्षेत्रमा कलम चलाएको पाइन्छ । विष्णु नवीनको केही रचनाहरु पुस्तकाकार रुपमा प्रकाशन भएको छ भने केही पत्र-पत्रिकाहरुमा प्रकाशन भई पुस्तकाकार रुपमा प्रकाशनको अन्तिम तयारीमा रहेको देखिन्छ । विष्णु नवीन साहित्य लेखनका साथसाथै तत्कालीन समयमा हुने गरेका साहित्यिक सम्मेलन, सांस्कृतिक कार्यक्रमहर, नृत्य, नाटकीय अभिनय साथै गायन क्षेत्रमा सक्रिय सहभागि हुने गर्थे ।[१] विद्यार्थी अवस्थादेखि नै साहित्य लेखन शुरु गरेका नवीनले वि.सं. १४-१५ साल सम्ममा निकै परिमार्जित गरेर वि.सं. २०१४ देखि कथा यात्रा शुरु भएको देखिन्छ । नवीनले २०१७ सालदेखि २०४० सम्म निबन्ध क्षेत्रमा कलम चलाएका छन् । नवीनले २०११-१२ साल देखि कविता लेखन शुरु गरे तापनि २०१७ साल देखि मात्र छापिन थालेका थिए । यसरी विष्णु नवीनले नेपाली साहित्यको कविता, कथा र निबन्ध विधामा कलम चलाएका छन् ।

साहित्यकार विष्णु नवीन नेपाली कथाको यथार्थवादी धारालाई अगाडी बढाउने क्रममा मनोवैज्ञानिक पक्षको खासगरी यौन मनोवैज्ञानिक पक्षलाई साहरा लिएको पाइन्छ । समाजभित्रका विकृति र विसंगतिलाई स्वाभाविक र सरल रुपमा प्रस्तुत गरी शोषण दमन र उत्पीडनप्रति तिखो व्यङ्ग्य गर्नु र कतै कतै विद्रोहको स्वर समेत मुखरित हुनु उनको रचनाको विशेषता नै बनेको छ । नवीनको कवितामा छोटोमीठीपन छ भने निबन्धमा पनि सूक्ष्मता तीव्रता असन्तुष्टि विद्रोह र सामाजिक असमान वितरण एवं भेदभावप्रति तीखो व्यङ्ग्य गरेको पाइन्छ ।[२] साहित्यकार विष्णु नवीनको विधागत आधारमा पुस्तकाकार कृतिको छोटो चर्चा गरिएको छ ।

*१. बुद्धि घिमिरे : "कथाकार विष्णु नवीन र लोग्ने स्वास्नी कथा संग्रहको छोटो विवेचना" समालोचना कुशुम*

*२. ऐजन*

## ३.२. नेपाली कथापरम्परामा विष्णु नवीन

विष्णु नवीनको कथा लेखन वि.सं. २०१४ सालदेखि जीवन पर्यन्त २०४० सालसम्मको अवधि रहेको छ । आधुनिक नेपाली कथा परम्परामा २००७ साल पछिका प्रशस्त कथा लेख्ने सफल तथा आसालु कथाकारहरुमध्ये विष्णु नवीन पनि एक हुन् ।[३] नवीनका कथाकारिता आधुनिक नेपाली कथा परम्पराको यथार्थवादी धारामा नै समेटिएको छ । नवीनका सबै कथाहरु सामाजिक विषयवस्तुमा आधारित भएकाले उनी सामाजिक यथार्थवादी कथाकार हुन् । आधुनिक नेपाली कथाको यथार्थवादी धारालाई अगाडि बढाउने क्रममा कथाकार नवीनले मनोवैज्ञानिक पक्ष खासगरी यौन मनोवैज्ञानिक पक्षलाई सहारा लिएको पाइन्छ । समाज भित्रको विकृतिविसंगतिलाई स्वभाविक र सरल रुपमा प्रस्तुत गरी दमन र उत्पीडित प्रति तीखो व्यङ्ग गर्नु कतैकतै विद्रोहको स्वर समेत मुखरित हुनु अर्को रचनाको विशेषता बनेको छ ।

## *३.३. विष्णु नवीनका कथात्मक रचनाहरु*

विष्णु नवीनका पुस्तकाकार कथा-कृतिहरु एउटा प्रकाशित र एउटा अप्रकाशित गरी जम्मा दुईवटा छन् । नवीनका 'पान र पानको दाग' कथा संकलनको उल्लेख भए तापनि अनुपलब्ध छ । नवीनका कथात्मक कृतिहरु निम्न लिखित छन् :

| | | |
|---|---|---|
| क) लोग्ने स्वास्नी | २०३८ | प्रकाशित |
| ख) साली होटलमा चिया | - | अप्रकाशित |
| ग) पान र पानको दाग | - | अनुपलब्ध |

## *३.४. विष्णु नवीनको कथाकारिता*

२०१४ सालदेखि २०४० सालसम्म विष्णु नवीनको कथायात्राको अवधि हो । नवीनको कथायात्रामा समयका आधारमा कुनै मोड उपमोड छुट्याउन सकिने देखिदैन तापनि शोषण र अन्यायको विरोध तथा सामाजिक मूल्य र मान्यताप्रति व्यङ्य नवीनको समग्र कथायात्राको प्रवृति नै बनेको छ भने २०१७ सालपछिका उनका कथामा सामाजिक आवरणविहिन नाङ्गो यथार्थ वा प्रतिकुल अश्लिल चित्रण थप प्रवृतिका रुपमा देखापर्छ । सामाजिक विषयवस्तु भएका नवीनका कथाहरुमा घटना र चरित्रका आधारमा भने घटनाप्रधानता र चरित्रप्रधानता गरी दुई अन्तर्भेद पाइन्छ । नवीनका कथाका आधारमा घटना प्रधान कथाहरु साथै चरित्रप्रधान कथाहरु छन् र केही कथाहरु घटना र चरित्र दुवै बराबर मिश्रित रुपमा पनि रहेका छन् ।

*३. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, (सङ्कल्प प्रकाशन, काठमाडौं: २०३९) पृ.१८४ र १९२*

यसरी स्पष्ट रुपमा घटना र चरित्र प्रधानताका आधारमा छुट्याएर हेर्न सकिने स्थिति छैन । 'लोग्ने स्वास्नी' कथा संकलनमा संकलित 'बाघ जस्तै गौरी कान्छी' जस्ता कथाहरु चरित्रप्रधान हुन् र 'दोकाने ठूली' जस्ता कथाहरु घटनाप्रधान हुन् । यहाँ कथा-संगहको छोटो चर्चा गरिन्छ ।

### ३.४.१ लोग्ने स्वास्नी कथा सग्रह

प्रस्तुत कथा संग्रह २०३८ सालमा प्रकाशित २३ कथाहरुको सँगालोको रुममा रहेको छ । यस संग्रहमा रहेका कथाहरु भध्ये धेरै जसो कथाहरु लघुआकारका र छोटो विषयवस्तु समेटेका छन् । यस संग्रहको सबैभन्दा छोटो तर मार्मिक कथा लोग्ने स्वास्नी शीर्षक कथा हो । नवीनको सबैजसो कथाहरु छोटो समयमै पढ्न सकिने खालका छन् । विभिन्न पत्र-पत्रिकाहरुमा केही प्रकाशित भै सकेका र केही कुनै उल्लेख नभएका कथाहरु यस सङ्कलनभित्र रहेका छन् । विष्णु नवीनका यस संग्रहभित्र :

(क) गुन्द्री माथिको सिँगान
(ख) टिनको चिउरा
(ग) पर्दा पछाडीको सपना
(घ) अरु चुप छन्
(ङ) जमुनाको आगो
(च) कान्छीको मोटो खसी
(छ) झगडा सन्धि-प्रेम र विवाह
(ज) कैलीले नानी पाउँदा
(झ) पातली
(ञ) फूपूको मिसिरी
(ट) लोग्ने स्वास्नी
(ठ) एउटा सम्झना
(ड) भोको आत्मा
(ढ) रत्तेउली
(ण) जुरेली कान्छीको माया
(त) एउटा बिहिबारे हाट
(थ) बेला
(द) दोकाने ठूली
(ध) ठूलीको माया
(न) बाँच्नै पर्छ यसरी पनि
(प) बाथ जस्तै गौरी कान्छी
(फ) जेठीले नानी पाउँदा
(ब) चोखी केटी

शीर्षक कथाहरु संकलित छन् ।

यस संग्रहका कथाहरु प्राकृतिक आर्कषण वा मानवीय यौनेच्छालाई जैविक प्रक्रियामाने झै नवीनले प्रत्येक कथामा भिन्न लिङ्गीको आर्कषण फ्रायडीय विश्लेषण कै आधारभूमि बनाएको देखिन्छ । नवीनको कथाहरु यौनमूलक परिस्थिति र पृष्ठभूमिमा नै आधारित रहेका छन् । कथाको सहायक वस्तु मादक पदार्थ सेवन बिक्री वितरण युवायुवतीहरुको वार्तालाप, जुहारी, हाटबजार, मेलापात, नाचगान आदि परिवेशको चर्चा पाइन्छ । धेरैजसो नवीनका कथाहरुमा गाउँले सामाजिक परिवेशमा हुर्किएको कथाहरु पाइन्छ । आर्थिक विपन्नताले उब्जाएका सामाजिक समस्या र विकृति दर्शाउनु नवीनको मुख्य विषयनै बनेको देखिन्छ । विष्णु नवीनले जीवन भोगाईको सामाजिक परिवेशलाई

कथामा यथार्थ रुपमा प्रस्तुत गरेको पाइन्छ । उनका कथाका पात्रहरुमा आफूपनि समाविष्ट छन् । नवीनका कथाहरुमा स्थानीय सरल भाषा-शैलीको प्रयोग पाइन्छ । तत्कालीन सामाजिक परिवेशको चित्रण उनका कथामा प्रस्तुत गरिएका छन् । यहाँका सम्पूर्ण कथाहरु अभाव, गरिबी, अशिक्षा, अव्यवस्था, वासनात्मक आवेग, कृष्ठा र तज्जन्य विकृतिलाई प्रतिपादन गर्दै घर खेत कान्ला, खोल्सा, गल्ली, टोल आदि परिवेशमा उनका कथा निर्मित छन् । सामाजिक थिचोमिचो, शोषण, दमनमाथिको विद्रोहको स्वर प्रतिपादन गर्नाले नवीनलाई सामाजिक यथार्थवादी कथाकार भन्न सकिन्छ । मानिसको आवेग वा अन्त चेतनाको विश्लेषण गर्ने क्रममा विद्रोहको मूलकारण उनको जैविक इच्छा यौनमूलक प्रवृति बढी भएको पाइन्छ ।

### *३.४.२ साली होटलमा चिया*

साली होटलमा चिया विष्णु नवीनको अप्रकाशित कथा संकलन हो । यस संकलनमा विभिन्न पत्र-पत्रिकाहरुमा प्रकाशित १८ वटा र अप्रकाशित ४ वटा जम्मा २२ वटा कथाहरुको संग्रह गरी प्रकाशनको लागि अन्तिम तयार पारिएको पाण्डुलिपि हो । यसमा वि.सं. २०१३/१४ देखि २०३८ को अवधिमा केही पत्रपत्रिकामा छापिएका र केही लेखिएका मात्र कथाहरु छन् । विष्णु नवीनका यस संग्रहभित्र :

(क) एक पैसा
(ख) जस्तालाई तस्तै
(ग) पागल
(घ) पुनः विधवा भइन्
(ङ) आशा
(च) स्वास्नीसँग होडबाजी
(छ) एकदिन सिनेमा हेर्दा
(ज) जोगी
(झ) फूलपातीको हाटमा
(ञ) बेड नं. ४
(ट) नीरुको चुरा
(ठ) एकछिन हाटमा
(ड) आफैं साक्षी बाँचिरहेछ
(ढ) एक इच्छा एक ममता
(ण) नूतन किनारा
(त) दाउराको भारी छातीभित्र
(थ) मुग्लानको धुन र रेडियोको धुन
(द) दशैं त्यसै गयो
(ध) साली होटलमा चिया
(न) मङ्गी
(प) पण्डित र च्याँसे
(फ) फूल र भँवरा

शीर्षक कथाहरु संकलित छन् ।

साली होटलमा चिया कथा संग्रहमा कथाकारले निम्न वर्गीय ग्रामीण मानव जीवनको यथार्थ प्रस्तुत गरेका छन् । कथाकारले म तथा त्यो पात्रको माध्यमबाट पूर्वी नेपालको पहाडी जिल्ला इलामको चाडपर्व मेलाबजार हाटबजार साथै गाउँले जनजीवनको आन्तरिक तथा बाह्रय चरित्रबाट प्रष्ट्याइएका छन् । कथामा घटना क्रमिक तथा श्रृंखलित छन् भने भाषा शैली सरल स्थानीयता झल्किने खालका छन् । नवीनको

कथामा छोटो वाक्य र सरल अभिव्यक्ति रहेका छन् । कथाकारले सामाजिक परिवेशको चित्र गर्दै पाशविक वा जैविक वासनात्मक प्रवृतिको अभिव्यक्ति दिएका छन् । यस संग्रहमा रहेका कथाहरुको शुरु देखि अन्त्यसम्म अध्ययन गर्दा व्यक्ति तथा समाजमा भएको विकृतिको अभिव्यक्ति भएको पाइन्छ ।

## *३.५ कविता क्षेत्रमा नवीन*

नवीनले २०११-१२ सालतिर विद्यार्थी अवस्थामा नै कविता लेख्न थालेका थिए । उनी आधुनिक नेपाली कविता परम्पराको परिष्कारवादी धारा भित्र गद्य फाँटमा कलम चलाउने कवि हुन् । नवीनको कविताहरु प्रकाशनका दृष्टिले २०१७ देखि छापिन थालेका भएपनि २०२० साल पछि नै बढी मात्रामा प्रकाशित भएका पाइन्छन् । नवीनको कविता लेखन २०११-१२ देखि शुरु भएपनि आफ्नो जीवनको अन्त्यसम्म नै कविता लेखेकोले कविता सिर्जना अवधि २०११/१२ देखि २०४० सम्मको समय हो । नवीनले गद्य तथा परिष्कारवादी धारा भित्रै रहेर कविता लेखेका छन् । नवीनको कविता लघुतम, लघु र मध्यम रुपका अन्तर्विधामा रहेका छन् ।

## *३.६ विष्णु नवीनको काव्यकारिता*

विष्णु नवीनले भावनाका कोमल अभिव्यक्तिद्वारा कविता लेखेका छन् । नवीन जीवनजगतका विविध क्षणहरुबाट प्राप्त अनुभुतिलाई सरल कवितात्मक गद्य भाषा र परिष्कृत शैलीमा अभिव्यक्ति दिने कवि हुन् । नवीनका मूल साहित्यिक प्रकृतिका रुपमा विद्रोहात्मकता र यौनपरक अभिव्यक्ति रहेका छन् । नवीनको साहित्यिक अभिव्यक्तिको घेराभित्र नै कविता रहेको भएतापनि शोकभावको अभिव्यक्ति र प्रकृतिको मानवीकरण जस्ता प्रवृतिहरु कविता क्षेत्रमा समेटिएका छन् । नवीनले आफ्ना कविताहरुमा सामाजिक विकृति, आर्थिक असमानता र राजनीतिक विसङ्गतिबाट उब्जिएको विद्रोहात्मक अनुभूतिको अभिव्यक्ति दिएका छन् । हामी नेपालीहरु पछौटेपना, समाजमा हुने गरेका घटनाहरुले कविको मनमा विद्रोहात्मक भावनाहरु जाग्दछन् र नवीनका कवितामा यिनै विद्रोहात्मक भावनाको अभिव्यक्ति भएको छ तर कुनै वाद वा दर्शनप्रतिको अडान वा आग्रह भएको खास वैचारिक अभिव्यक्ति भने छैन । कवितामा नवीनलाई कुन क्षणमा कुन कुराले प्रभाव पाऱ्यो त्यसैको भावनात्मक अभिव्यक्ति भएको छ । त्यसैले कवि कवितामा कतै-कतै वर्गीय असमानताप्रति विद्रोह बोल्दछन् भने कतै कतै राजा र अन्य शासकहरुको प्रशंसा पनि गर्दछन् ।

विष्णु नवीनको कवितामा शोकभावको अभिव्यक्ति दिएका छन् भने प्रकृतिको मानवीकरण पनि गरेका छन् । नवीनका कवितामा आलङ्कारिकता कमै पाइएतापनि बौद्धिकता भने देखिदैन । नवीनको कविता कतै ठाडो वा सोभ्को अभिव्यक्तिका रुपमा रहेका छन् भने कतै कतै ध्वन्यात्मक रुपमा बगेको देखिन्छ ।

विष्णु नवीनका कवितामा मानवीय यौन जन्य वासनात्मक आवेगका गतिविधिबाट प्राप्त अनुभूतिको अभिव्यक्ति भएको छ । नवीनले आफ्ना कवितामा युवा

युवतीका एक अर्काप्रतिको आकर्षण, आवेग तथा चारित्रिक गतिविधिबाट प्राप्त अनुभुतिको अभिव्यक्ति दिएका छन् । नवीन प्रकृतिलाई मान्छेसँग तुलना गर्दछन् । कहिले दिन र रातसंग मान्छेको सुख दुःखलाई दाँज्छन् भने कहिले फूल र वैशको तुलना गर्दछन् । यसरी नवीनका कविताहरुलाई हेर्दा यौनपरक वा श्रृंङ्गारपरक अभिव्यक्ति नवीनको एउटा प्रमुख कवितात्मक प्रवृति वा विशेषताकै रुपमा रहेको छ । नवीनको कविता यात्रा २०११-१२ देखि २०४० सालसम्म विविध प्रवृतिहरु मिश्रित रुपमा विकास भए ।

## *३.७ विष्णु नवीनका कविताहरु*

विष्णु नवीनका कविताहरुमा एउटा खण्डकाव्य(उपलब्ध) र एउटा कविता संग्रह (अनुपलब्ध) गरी दुईवटा पुस्तकाकार कृतिहरु छन् । अन्य पुस्तक वा लेखहरुमा पत्र-पत्रिकाहरुमा फुटकर कविता र मुक्तकहरु छरिएर रहेका उल्लेख भएको पाइन्छ । नवीनको कवितात्मक कृतिहरु निम्न छन् ।

(क) उनको स्मृतिमा (खण्डकाव्य २०२४)

(ख) जम्मै गीत जागरण (कविता संग्रह अनुपलब्ध)

### *३.७.१ उनको स्मृतिमा 'खण्डकाव्य'*

नवीनको सहृदयी भित्रको असामयिक निधनले शोकभावको पोखाइमा 'उनको स्मृतिमा' खण्डकाव्य सिर्जिएको छ । यस खण्ड काव्यमा नवीनले प्रकृतिका सामान्य चित्रण गर्नका साथै जीवनजगतका अनियमितताको चर्चा गरेका छन् । यस खण्ड काव्यमा सम्पूर्ण अभिव्यक्तिहरु मूल शोक भावमा केन्द्रित भएका छन् । नवीनको खण्डकाव्यमा आख्यान र अनुभूतिको राम्रो मिश्रण गरेको पाइन्छ । कविले झिनो आख्यानले कविका भावनाहरुलाई कवितामा समेट्ने काम गरेको छ । खण्डकाव्यमा निर्दयी मृत्युलाई गाली गर्दै सांसारिक अनियमितता, अन्याय र अत्याचारको जगजगी भएको अभिव्यक्ति दिएर अन्यायबिरुद्ध लड्ने कविका साथी ज्ञानीराम भट्टराईको असामयिक निधनले अपूरणीय क्षति भए पनि आफू लगायत सम्पूर्ण न्याय प्रेमीहरुले भट्टराईको उद्देश्यमा लाग्नुपर्ने विचार प्रस्तुत गरेका छन् । यस काव्यको मूल उद्देश्य शोकभाव व्यक्त गर्नु हो भने संसारको अनियमितता, सामाजिक आदर्श र यथार्थ वा वास्तविकतामा भिन्नता जस्ता कुरालाई व्यक्त सहायक रुपमा रहेका छन् । यस काव्यमा कुनैपनि गुणी वा मानव कल्याणकारी व्यक्तिको असामयिक निधनमा दुःख लाग्छ नै तर त्यस घटनाले निराश हुनु भन्दा उक्त व्यक्तिको उद्देश्यमा लाग्नु नै श्रेयस्कर हो भन्ने कुरा नै यस खण्डकाव्यमा व्यक्त भएको छ ।

उनको स्मृतिमा खण्डकाव्य संरचनाको दृष्टिमा पच्चीस भुल्काहरु उठेका छन् । यी प्रत्येक भुल्कामा कविका विभिन्न भावनाहरु पोखिएका छन् तर यी एक अर्कामा सम्बन्धित नभए पनि गद्य कविताका खण्ड खण्ड छन् र बाह्य रुपमा एउटै सिङ्गो

कवितात्मक कृतिका रुपमा यो संरचित छ । विभिन्न भावना व्यक्त गर्दै यसको मूल कथावस्तु एघारौं भुल्काबाट सुरु हुन्छ । कविताको पहिलो भुल्का वा काव्यको सुरुबाट दशौं भुल्कासम्म पृष्ठ भूमिका रुपमा भावनाहरु व्यक्त भएका छन् । भने एघारौं भुल्कादेखि पच्चिसौं वा अन्तिम भुल्कामा मूल विषय प्रस्तुत छ । यसरी मध्य भागबाट सुरु भएको कविको स्मरणात्मक मूल विषय अन्त्यसम्म लगातार रुपमा प्रस्तुत भएको छ । अभिव्यक्ति आलङ्कारिक तथा बौद्धिक नभएर सामान्य तथा सरल छ । शैलीका दृष्टिले यो खण्डकाव्य नेपाली साहित्यको खण्डकाव्य यात्रामा परिष्कारवादी धारामा रहेको छ ।

## *३.८ नेपाली निवन्ध परम्परामा विष्णु नवीन*

विष्णु नवीनको निवन्धहरु वि.सं.२०१७ देखि प्रकाशित भएका छन् । आधुनिक नेपाली निबन्ध साहित्यको दोस्रो चरणको युगमा देखापरेका विभिन्न निवन्धकारहरु मध्ये नवीन २०२० सालपछि निबन्धकारका रुपमा परिचित भएका छन् ।[४] नेपाली हास्यव्यङ्गयात्मक निबन्धका क्षेत्रमा केशवराज पिंडाली र भैरव अर्यालको पुरै नेतृत्व रहेको छ भने यस क्षेत्रमा दोस्रो स्थितिमा रामकुमार पाँडे, श्याम गोतामे, घटोत्कच शर्मा आदिको नाम आउँछ र तेस्रो स्थितिमा फट्याक फुटुक लेख्नेहरुमा विष्णु नवीनको नाम उल्लेख भएको पाइन्छ ।[५] तापनि हास्यव्यङ्गयका स्रष्टा नवीन इलामका प्रतिनिधि व्यक्तित्व मानिन्छन् ।[६]

## *३.९ विष्णु नवीनका निबन्ध रचनाहरु*

नवीनका प्रकाशित पुस्तकाकार निबन्धात्मक रचना दुईवटा छन् भने तीनवटा अप्रकाशित सङ्कलनहरु छन् 'आफ्नो कथा' (२०४०) निबन्ध संग्रहको उल्लेख भएको पाइन्छ ।[७] तर हाल उपलब्ध छैन ।

नवीनका निबन्धात्मक रचनाहरु  निम्न लिखित छन् :

पुस्तकाकार निबन्ध संग्रहहरु :

| | |
|---|---|
| (क) श्रीमती सित एकदिन | २०२२ प्रकाशित |
| (ख) छातीमा नअाँटेका कुरा | २०२९ प्रकाशित |
| (ग) आफ्नो कथा | २०४० अनुपलब्ध |
| (घ) श्रीमतीले पान खाँदा | अप्रकाशित |
| (ङ) केही सोधी केही खोजी | अप्रकाशित |
| (च) इलाम एक परिचय | अप्रकाशित |

*४. राजेन्द्र सुवदी 'स्रष्टा सृष्टि : द्रष्टा दृष्टि (साभा प्रकाशन काठकाडौं :२०४३) पृ.१६५*
*५. डा. तारानाथ शर्मा(सम्पा) 'नेपाली निबन्धका पच्चीस वर्ष'*
*(नेपाल राजकीय प्रज्ञा पतिष्ठान काठमाडौं : २०३९) पृ. १४-१५*
*६. राजेन्द्र सुवेदी, ऐजन पृ १६६*
*७. राजेन्द्र सुवदी ऐजन पृ.१६५*

### *३.१० विष्णु नवीनको निबन्धकारिता*

विष्णु नवीनको निबन्ध यात्राको अवधि २०१७ सालदेखि २०४० सालसम्म हो । विष्णु नवीनका निबन्धहरु केहि वस्तुपरक अर्न्तगत विवरणात्मक र वर्णनात्मक छन् भने अधिकांश निजात्मक अर्न्तगत वैयक्तिक र कतै-कतै भावात्मक पनि छन् । तर विचारात्मक निवन्धमा भने नवीनको कलम चलेका छैनन् । नवीनको निबन्ध यात्रामा समयका आधारमा कुनै निबन्धात्मक भिन्नता वा मोड-उपमोड छुट्याउने ठाउँ देखिदैन तापनि अन्तविर्धात्मक आधारमा दुई अन्तर्भेद रहेको पाइन्छ । हास्यव्यङ्गयात्मक निबन्ध र निबन्धात्मक लेखहरु गरी नवीनका निवन्धहरु दुई हाँगामा बाँडिएका छन् । यी दुई फाँटमा नवीनले हास्यव्यङ्गयात्मक निबन्धहरु बढी लेखेका छन् भने निबन्धात्मक लेखतर्फ केही कम कलम चलाएका छन् ।

# परिच्छेद चार

# नेपाली निबन्धको ऐतिहासिक दिग्दर्शन

## ४.१ परिचय

साहित्यको श्रव्य भेदमध्ये गद्यहाँगामा निबन्ध पर्दछन् । साहित्यको विभिन्न विधा मध्ये निबन्ध एक लोकप्रिय विधा हो । साहित्यमा प्रयोग हुने निवन्ध 'नि+बन्ध्+घञ्' शब्दबाट व्युत्पत्ति भएको हो । यसको अर्थ राम्ररी बाध्नु, सङ्कलन गर्नु वा जुटाउनु हुन्छ । यसमा 'बन्ध' धातु हो भने 'नि' उपसर्ग र 'घञ्' प्रत्यय[1] यसको शाब्दीक अर्थ यही भए पनि साहित्यमा भने यसको विशेष अर्थ रहेको छ निबन्ध शब्द साहित्यमा आइपुग्दा एक विधा विशेषलाई जनाउँछ यस्तो विधा जसमा व्यक्तिका ज्ञान र जानकारीहरु एवं अनुभव र अनुभूतिहरुलाई एक विशेष भाषिक शिल्पमा शृंखलाबद्ध रुपमा प्रस्तुतगरिन्छ । निबन्ध शब्दले साहित्यमा प्रबन्ध, लेख, शोधलेख, धर्काचित्र, खोजप्रबन्ध लगायतका रचनाहरुलाई पनि बुझाउँछ । आधुनिक अर्थमा निबन्ध पश्चिमेली साहित्य कै देन हो । बिद्वानहरु फ्रान्सेली लेखक मोन्तेगले सन् १५८० मा निबन्ध लेखनको सुरुवात गरेको स्वीकार गर्छन् । नेपाली साहित्यमा पृथ्वीनारायण शाहको 'दिव्योपदेश'(१८३१) नै पहिलो गद्य निबन्धात्मक लेख हो ।[2]

निबन्धको परिभाषा दिनेक्रममा मोन्तेनका अनुसार निबन्ध द्वारा कुनै नवीन सत्यको रहस्योद्घाटन गरे भन्ने दावी गर्छिन । मेरो काम केवल पाठकलाई आफ्नो हृदय खोलेर देखाउनु हो । म नै मेरा निबन्धको विषयवस्तु हुँ किनभने मलाई सबैले भन्दा राम्ररी चिन्ने व्यक्ति म स्वयं हुँ । फ्रान्सिस बेकन 'मेरा यी छोटा रचनाहरुलाई Essai नाम दिएको छु जहाँ विकीर्ण चिन्तनहरु छन् । डा. जोनसन "निबन्ध भनेको मानसिक जगतको त्यो थाकेको बुद्धिविलास हो, जसमा न कुनै क्रम छ न कुनै नियम । यो विचारहरुको अपरिपक्व र अव्यवस्थित रचना हो ।" हड्सनका अनुसार "निबन्धको विषयवस्तु जे जस्तो सुकै भएपनि यसको क्षेत्र असीमित छ, साँचो निबन्ध व्यक्तिपरक नै हुनुपर्छ । यो गीति काव्य झै नै साहित्यमा आत्मभिव्यक्ति कै एउटा साधन र विधा हो । प्रबन्ध वस्तुपरक हुन सक्ला तर निबन्ध चाहिं व्यक्तिपरक नै हुनुपर्छ ।" आचार्य रामचन्द्रका शुक्लाका अनुसार "निबन्धमा व्यक्तिगत विशेषताका निम्ति र त्यसको प्रदर्शनका निम्ति व्यक्त विचारहरुको श्रृंखला जानी जानी वा अज्ञानतावश पनि टुटाउन हुदैन ।..... निबन्धहरुको लक्ष्य रमिता देखाउनु बाहेक अरु केही हुनुहुदैंन ।"डा. ईस्वर बरालका अनुसार डा. ईस्व बरालका अनुसार "निबन्ध एक किसिमको कुरा गराइ हो ।"

*१. प्रमोद प्रधान 'नेपाली निबन्धको इतिहास' पृ. १*
*२. कृष्ण विलाश पौड्याल 'नेपाली साहित्यको ऐतिहासिक परिचय पृ.७१*

डा. ईश्वर बरालका अनुसार "निबन्ध एक किसिमको कुरा गराई हो.।" लक्ष्मी प्रसाद देवकोटाका अनुसार "निबन्ध रौचिरा दर्शन होइन, न हो पाण्डित्य प्रदशर्नको ठ्याँसफु । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बद्मास ठिटो हो । जो सडकमा हिड्दा कहिले ढुङ्गा हान्छ कतै-कतै आनन्दले फुलेर हेर्दछन तर घोरिदैन पाठघोकुवा हल्लन्तेका मिजासले । यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो । टेबुल गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन न त बमन वेदान्त ।" मूलत संस्कृतका अनुसार पुरै बन्धन वा कस्सिएको रुप भन्ने अर्थ भए पनि निबन्ध शव्द अंग्रेजीको 'एस्से' को पर्यायावाचीका रुपमा[३] आधुनिक साहित्यिक विधामा आएर प्रयोग भएको छ । निबन्ध कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा स्वतन्त्र रुपले लेखिएको छोटो साहित्यिक रचना हो ।[४] पूर्वमा निबन्धको शाब्दिक अर्थ विभिन्न ठाउँहरुमा प्रयोग हुँदै आएपनि आजभोलि पश्चिमको Essay पर्यायवाची अर्थमा साहित्यिक विधाका रुपमा प्रयोग भएको छ । निबन्ध लेखकले कुनै विषय वा कल्पनालाई आफ्ना अनुभव विचार वा भावसँग घोलेर पाठकसामु विना पात्र सोभै अभिव्यक्ति दिने छोटो छरितो र सरल गद्यात्मक साहित्यिक विधा हो ।

साहित्यको स्वतन्त्र विधाका रुपमा उम्रिएको निबन्ध थुप्रै हाँगाविगाले भ्याम्मिएको छ । निबन्ध आत्मपरक र वस्तुपरक अथवा निजात्मक र परात्मक गरी दुई हाँगामा बाँडिएको छ भने परात्मकका वर्णात्मक र विवरणात्मक गरी दुई भेद छन् र निजात्मकता पनि वैयक्तिक भावात्मक र विचारात्मक गरी तीन भेद छन् ।[५] साहित्यका अन्य विधाका तुलनामा निबन्ध सवैभन्दा बढी स्वतन्त्र भएकाले यसमा कतै कवितात्मकता जस्ता कुराहरु पनि अन्तर्भूत भएका पाइन्छन् । यसै गरी यसमा कतै हास्यात्मकता, कतै व्यङ्ग्यात्मकता र कतै हास्यव्यङ्गात्मकता पाइन्छ भने लेख, यात्रा निबन्ध जस्ता थुप्रै शाखा प्रशाखाहरु उत्तिकै प्रभावकारी रुपमा फैलिएका छन् । यसरी निबन्ध विधाभित्र धेरै अन्तर्विधाहरु छन् ।

## *४.२ निबन्धका तत्वहरु*

साहित्यको विधाहरु मध्ये निबन्ध आफैंमा पूर्ण र स्वतन्त्र पहिचान भएको विधा हो । निबन्ध विधाले पूर्णता प्राप्त गर्नका लागि संरचनाका क्रममा निम्न तत्वरु रहेका छन् । निबन्ध साहित्यको गतिशील विधा भएकोले समयक्रममा स्वरुपगत भिन्नता देखाएकाले यसको तत्वका बारेमा एकिन भन्न निकै गाह्रो देखिए तापनि प्रमुख तत्वहरु यहाँ उल्लेख गरिएको छ ।

*३. गोपीकृष्ण शर्मा, 'नेपाली निबन्ध परिचय' (चतुर्थ सं. रत्नपुस्तक भण्डार काठमाडौं: २०४६) पृ. ५*
*४. कृष्ण प्रसाद पराजुली, 'नेपाली बृहत शब्दकोश' (ने.रा.प्र.प्र.काठमाडौं: २०४०) पृ.३१*
*५. ईश्वर बराल, (सम्पा) 'सयपत्री' (तेस्रो सं. साझा प्रकाशन काठमाडौं : २०३०) पृ.१९*

## ४.२.१ वैयक्तिकता

लेखकको अभिव्यक्ति निबन्धको प्राण हो । निबन्धकारले आफ्ना निबन्धमा आफूले भोगेका अनुभव जिएको जीन्दगी, आफ्नो आर्जित र निर्मित व्यक्तित्वको आभिव्यक्ति दिएको हुन्छ । [६] व्यक्तिका आर्जित र प्राकृत दुईखाले व्यक्तित्व हन्छन् । निबन्धकारले आफ्ना जीवनका अनुभूतिहरु नढाँटीकन पाठक सामु राखेको हुन्छ । यसले पाठक र लेखक बिचको दुरी कम गर्दछ । निबन्ध रचनाका क्रममा विषयवस्तु गौण र निबन्धकारको व्यक्तित्व प्रधान बनेर निबन्धको रचना भएको हुन्छ । यस अवस्थामा आत्मपरकताको अभिव्यक्ति ज्यादा भएको हुन्छ । त्यसैले वैयक्तिकता वा आत्मपरकता निबन्धको प्रमुख तत्व हो ।

## ४.२.२ हार्दिकता

निबन्धमा हृदय पक्षको ठूलो महत्व रहेको हुन्छ । निबन्धकार आफ्ना निबन्धमा वस्तुतथ्यको प्रस्तुतिमा तरल बनेर प्रस्तुत हुनुपर्छ । निबन्ध भनेकै लेखक र पाठकका वीचको तादात्मयता कायम हुनु हो । [७] निबन्धमा बुद्धि तत्व पनि आउन सक्छ तर यो हार्दिक भएर प्रस्तुत हुनुपर्दछ । बौद्धिकता निबन्धमा ज्यादा भयो भने हार्दिकतावबाट धेरै टाढा जान्छ । बौद्धिकताले आक्रान्त निबन्ध सर्वकालिक हुनसक्दैन । निबन्ध सर्वकालिक, कालजयी र लोकप्रिय हुनका लागि हार्दिक तत्वको प्रवलता हुनुपर्छ ।

## ४.२.३ विषयवस्तु

निबन्धको क्षेत्र अति विशाल र व्यापक छ । निबन्धकारले निबन्ध लेख्नुपूर्व कुनै न कुनै विषयलाई छनौट गर्दछ र त्यसका बारेमा जनकारी लिन्छ । प्राप्त जानकारीलाई कस्तो तरिकाबाट प्रस्तुत गर्ने भन्ने कुराको छनौट निबन्धकारले गर्दछ र आत्मपरक निबन्धकारले वस्तुको वर्णनसंग निबन्ध टुङ्ग्याउँछ । जेहोस विषय कै आधारमा निबन्धको नामाकरण गरिने र विषयविना निबन्धको रचना गर्न नसकिने हुनाले विषयवस्तु अर्को महत्वपूर्ण तत्व हो ।

## ४.२.३ संक्षिप्तता

संक्षिप्तता निबन्धको आयाम र आकार-प्रकारसँग सम्बन्धित बाह्य पक्ष हो । निबन्धमा विषयवस्तु व्यापक हुन्छ ता पनि त्यसलाई आकर्षक तरिकाले प्रस्तुत गर्न संक्षिप्त शैली अवलम्बन गर्नु पर्दछ । गृहीत विषयवस्तुलाई निबन्धकारले निश्चित

*६. रामनाथ ओझा र मधु सुदन गिरी 'नेपाली स्नातकोत्तर शृंखला-४' (वाङ्मय प्रकाशन गृह काठमाडौं) पृ. ३१६*

*७. रामनाथ ओझा र मधु सुदन गिरी 'नेपाली स्नातकोत्तर शृंखला' (वाङ्मय प्रकाशन गृह काठमाडौं) पृ. ३१६*

सीमाभित्र आवद्ध भएर अभिव्यक्ति गर्नूपर्दछ । निबन्धको संक्षिप्ततालाई कसैले पृष्ठमा, कसैले पेजमा त कसैले समयमा सीमाङ्कन गर्ने प्रयास गरेका छन् । ता पनि व्यापक विषयलाई छोटो समयमा पढी सकिने गरी संक्षिप्त रुपमा प्रस्तुत गरिनुपर्छ भन्नु नै यसको आशय हो ।

### *४.२.५ भाषाशैली*

निबन्धले अपेक्षा गर्ने अर्को तत्व भाषाशैली हो । निबन्धमा प्रयोग गरिने भाषा सरल र सरस हुनुपर्दछ । निबन्धकारले भाषालाई राम्ररी प्रयोग गर्न सक्नुपर्दछ । निबन्धको भाषा अलङ्कारबाट मुक्त र सकेसम्म सरल हुनु राम्रो मान्निछ । कही कतै उखान टुक्का, कतै गहन तथ्य तथा भावप्रधान भाषाको प्रयोग गर्न सकिन्छ ।

निबन्धको शैली पनि रोचक हुनुपर्दछ। निबन्धमा प्रयोग गरिने शब्द विषय अनुकुल रोचक अर्थबोधक हुनुपर्दछ । विषयअनुकुलको वाक्यसंगठन श्रृंखलाबद्धता र क्रमबद्धता हुनुपर्दछ । निबन्धको भाषामा व्याकरणात्मक शुद्धता अपेक्षित मानिन्छ । समग्रमा भन्दा भाषा र शैलीको उचित संयोजनले निबन्ध प्रभावकारी बन्दछ ।

### *४.२.६ उद्देश्य*

निबन्ध रचनाको कुनै न कुनै उद्देश्य हुन्छ । निबन्धकारले आफ्नो निबन्धका माध्यमबाट आफ्ना मान्यता, विचार, धारणा एवं जीवनदर्शन पाठकका सामु प्रस्तुत गर्दछ । ती विचारहरु कोरा आर्दशका रुपमा नआएर सहज एवं स्वाभाविक रुपमा आउनु पर्दछ । निबन्धकार जुनसुकै विचार वा दर्शनमा केन्द्रित भएर निबन्धको रचना प्रक्रियामा लागेको भएपनि त्यसलाई ठाडो रुपमा व्यक्त गरेको हुनु हुदैंन तर पनि के कुरा व्यक्त गर्न खोजेको हो त्यसको जानकारी भने निबन्धको अध्ययन पश्चात भइहाल्छ । उद्देश्यमानै केन्द्रित रहेर निबन्धको रचना गरिने भएकोले यो निबन्धको महत्वपूर्ण तत्व हो ।

## *४.३ साहित्यको अन्य विधाको सापेक्षतामा निबन्धको स्वरुप*

निबन्ध साहित्यको गतिशिल विधा हो । साहित्यको विधाहरु मध्ये निवन्ध गद्यमा लेखिने विधा हो । यसको विधागत विशेषताहरु साहित्यको अन्य विधागत विशेषतासंग केही मिल्ने तथा केही नमिल्ने गर्छ, अथवा केही विधासंग समानता हुन्छ भने केही विधासंग असमानता हुन्छ । निबन्धको विधागत विशेषता निबन्धसंग नजिकको सम्बन्ध राख्नेसंग बढी मिल्ने र टाढाको सम्बन्ध राख्ने विधासंग थोरै मिल्ने गर्दछ । यसरी केही विधासंग निबन्धको विशेषता समान र केहीमा फरक हुने भए तापनि केही न केहि मात्रामा समन्वय भने रहेको नै पाइन्छ ।

## ४.३.१ निबन्ध र कविता बीचको सम्बन्ध :

कविता निबन्ध दुवै साहित्यिक विधा हुन जसमा मानवीय जीवन जगतको चित्रण गरिएको हुन्छ । कुनै पनि साहित्यिक कृतिहरुको संरचनागत विषय सामाजिक परिवेशको मानवीय व्यवहारसंग बढी सम्बन्धित हुन्छ । निवन्धमा समाज तथा व्यक्ति दुवैमा रहेको संगति तथा विसङ्गतिको विषयलाई समेटेको हुन्छ भने कवितामा पनि यी नै विषयवस्तुको प्रस्तुति रहेको हुन्छ । निबन्धमा कल्पनाको उन्मुक्त उडान हुन्छ । कवितामा आख्यानको प्रयोग भएको हुन्छ । यी दुवै विधामा विषयवस्तु संगसंगै वातावरणको पनि त्यत्तिकै मात्रामा प्रस्तुति रहन्छ । निवन्ध साहित्यको गद्यात्मक विधा हो भने कविता पद्यात्मक विधा हो ।

## ४.३.२ निबन्ध र नाटक बीचको सम्बन्ध

निबन्ध र नाटक साहित्का गद्य विधा हुन् । निबन्ध घटना प्रधान, संवादात्मक हुन्छ भने नाटक क्रियाप्रधान हुन्छ । निबन्ध गद्यको प्रतीत रुप हो नाटक इतिवृत्तको सारवान कलाकृति हो[८] । निबन्ध भावनात्मक संवेगको आत्मप्रतिपादन गर्ने विधा हो भने नाटक अभिनयात्मक विधा भएकाले अभिनयको आध्यमद्वारा एकै चोटी धेरै दर्शकहरुलाई प्रभाव मार्न सक्छ । नाटक मञ्चभिनयात्मक प्रस्तुति हो र निबन्धका तुलनामा नाटक बढी यान्त्रिक विधा हो[९] । त्यस्तै निबन्ध भावात्मक संवेगको आत्मप्रतिपादन गर्ने विधा हो भने देश काल र पात्रको अवस्थाहरुको अनुकरण अभिनयबाट प्रतिच्छाया रुपमा प्रत्यक्ष भएर नेत्रद्वारा अन्तकरणका वासनमय चेतनातन्तुलाई प्रबुद्ध र झङ्कारित गराई वर्तमान साक्षत्कर्मको भावनाद्वारा भावुक दर्शकहरुलाई आत्मविस्मृतसम्म हुने गरी समय आनन्दमा नाटकले भग्न गराउने हुन्छ ।[१०] यसप्रकार निबन्ध र नाटक वीचमा केही साम्यता भए तापनि यी दुवै छुट्टाछुट्टै अस्तित्वमा रहेको विधा हुन् भन्न अप्ठ्यारो मान्नु हुदैंन ।

## ४.३.३ निबन्ध र कथा बीचको सम्बन्ध

निबन्ध र कथा दुवै गद्यमा लेखिने विधा हुन् । निबन्ध र कथा दुवै विधाको संरचना छोटो हुन्छ । दुवैमा समस्या घटना समान रहन्छन् । कथा जीवनको खण्डविशेषको उपस्थापन हो भने बुद्धि र तर्कका रमरम प्रयोग हुने अति अनौपचारिक एवं उन्मुक्त र स्वतन्त्र विधा निबन्ध हो ।[११]

*८. केशवराज उपाध्याय 'साहित्य प्रकाश' (साझा प्रकाशन ललितपुर : २०५९) पृ.१८५*
*९. राजेन्द्र सुवेदी 'स्नातकोत्तर नेपाली कथा' (साझा प्रकाशन ललितपुर : २०५७) पृ.१८*
*१०. सम्पादक 'नेपाली साहित्य कोश'*
*११. प्रकाशक नेपाली साहित्य कोश प्र.सं. काठमाडौं (ने.रा.प्र.प्र. २०५५) पृ.३८४*

जुनसुकै कथालाई उपर्युक्त कथन अनुसार निर्वाध रुपले प्रकट गर्नु भावनात्मक प्रवाहमा अनियन्त्रित तवरबाट पोखिनु निबन्धको मौलिक गुण हो भने घटना र प्रसङ्ग कथाको विषयवस्तुको स्रोत हो[१२] निबन्धमा कल्पनाको उन्मुक्त उडान हुन्छ अतः एव त्यो कवितात्मक हुन्छ भने कथामा यथार्थको आग्रह हुन्छ । निबन्ध गद्यको प्रतीय रुप हो, कथा इतिवृत्तको सारवान कलाकृति हो ।[१३] त्यस्तै निबन्ध भावनात्मक संवेगको आत्मप्रतिपादन गर्ने विधा हो भने कथा चरित्र, वस्तु घटना र चरम अवस्थाका क्षणहरु प्रस्तुत गर्ने बाह्‌य तत्व प्रतिपादन भएको विधा हो ।[१४] निबन्ध वैयक्तिक विधा हो भने कथा निर्वैयक्तिक विधा हो । निबन्ध वर्णनात्मक, व्याख्यात्मक पक्ष फिका र व्यञ्जना, विवेचना र तार्किक पक्ष गाढा हुन्छ[१५] भने कथा विवरणात्मक र व्याख्यात्मक हुन्छ । त्यस्तै निबन्धमा क्रमबद्धता हुदैन तर कथामा क्रम बद्धता हुन्छ । निबन्ध प्रथम पुरुष दुष्टिविन्दुमा लेखिन्छ भने कथा प्रथम तथा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिन्छ । यसरी माथि उल्लेखित विविध पक्षका आधारमा कथा र निबन्धको सम्बन्धलाई छुट्टयाउन सकिन्छ ।

### *४.३.४ निबन्ध र उपन्यास बीचको सम्बन्ध*

निबन्ध र उपन्यास गद्य विधा हो । भने उपन्यासमा कथा गद्यभित्र पनि आख्यानात्मक विधाभित्र पर्दछन् । निबन्धमा भावनात्मक संवेगको आत्मप्रतिपादन भएको पाइन्छ भने उपन्यासमा कथानक चरित्र संवाद देशकाल वातावरण, विचार वा जीवनदर्शन, कौतुहल जस्ता तत्वहरुको बाहुल्यता रहेको हुन्छ । निबन्धमा कुनै घटनाक्रमको आंशिक पक्षलाई प्रस्तुत गरिएको हुन्छ भने उपन्यासमा जीवन र जगतलाई पूर्णतामा प्रस्तुत गर्ने प्रयास गरिएको हुन्छ । उपन्यास को विषयवस्तु बगैंचा हो भने निबन्ध एक क्षण मात्र हो । उपन्यास संसारको विराट् प्रर्दशनी हो[१६] निबन्धमा घटना वा वस्तु सीमित हुन्छ भने उपन्यासमा वस्तुको बृहत सीमा प्रयोग हुन्छ । उपन्यास एउटा व्यापक आयतनमा छरिएको प्राकृतिक जङ्गल र गहन जलाशय रहेको तलाउ हो भने निबन्ध तलाउको वरिपरि रहेको चौतारोको विश्रामको एक क्षण हो ।[१७]त्यस्तै घटनाको व्यप्तिबाट नवहकिई मूल अनुभूतिमात्र प्रभावलाई केन्द्रित गर्ने काम निबन्धको हुन्छ भने उपन्यास मा अनुभूति र अनुकोद्देश्यताका गन्थन गर्दै कथानक बढाउने काम हुन्छ ।[१८]

*१२. पूर्ववत् ।*
*१३. राम प्रसाद उपाध्याय पूर्ववत् पृ.१८५*
*१४. राजेन्द्र सुवेदी पूर्ववत् पृ.१८*
*१५. केशव प्रसाद उपाध्याय पूर्ववत् पृ. ३८४*
*१६. केशव प्रसाद उपाध्याय पूर्ववत् पृ. ३८४*
*१७. राजेन्द्र सुवेदी 'नेपाली उपन्यास परम्परा र प्रवृति' (प्र.सं. वाराणसी : भूमिका प्रकाशन २०५३) पृ.२१*
*१८. राजेन्द्र सुवेदी 'स्नातकोत्तर नेपाली कथा' पूर्ववत् पृ. १७*

निबन्धको संरचना छोटो हुन्छ भने यसमा पात्र चयन सीमित गरिएको हुन्छ भने उपन्यास संरचना व्यापक साथै पात्रको प्रयोगमा पनि व्यापकता देखिन्छ । निबन्धमा संवाद संक्षिप्त, सङ्केतात्मक र व्याञ्जनात्मक हुन्छ भने उपन्यासमा विस्तृत व्याख्यात्मक र विवरणात्मक रुपमा प्रस्तुत भएको हुन्छ ।[१९] यसरी निबन्ध र उपन्यास वीच केही समानता तथा केही असमानता भए पनि उपन्यास आख्यानात्मक विधा हो ।

## *४.४ आधुनिक नेपाली निबन्ध परम्परा*

निबन्ध गद्यमा लेखिने साहित्य विधा हो । गद्यको पर्याप्त विकास नभएसम्म निबन्धको रचना सम्भव हुदैंन । नेपाली भाषाको इतिहासलाई हेर्दा ज्यादै छोटो इतिहास बोकेको देखिन्छ, त्यसैले १८३१ को 'दिव्योपदेश' पूर्वको गद्य अभिव्यक्ति नेपाली निबन्धको विकाससंग जोड्न सकिने खालको देखिदैन ।[२०] 'दिव्योपदेश' ले भने गद्य आख्यानको केही स्वरुप र निबन्ध कै सूक्ष्म झल्का दिने काम गरेको छ ।[२१] प्राथमिक कलामा गद्य आख्यानले निबन्धको स्वरुप प्राप्त गर्न भने सकेका छैनन् ।

नेपाली साहित्यको जब माध्यमिक कालको खुड्किलामा पाइला सार्छ तव माध्यमिक कालका तुलनामा गद्य आख्यान लेखनमा विस्तार हुन जान्छ । चन्द्रिका

(१९६८) र मध्यचन्द्रिका (१९७६)को प्रकाशनको भाषालाई व्याकरणिक गोरेटोमा हिड्न निर्देश गर्दछ भने अर्कोतिर 'गोरखा पत्र' (१९५८)को प्रकाशनले नेपाली साहित्य र भाषाको विकासमा नयाँ मोड नै सिर्जना गरिदिन्छ ।[२२] 'गोरखापत्र'को प्रकाशनले नेपाली साहित्यका निबन्ध लगायतका विभिन्न विधालाई विधागत स्वरुपको खोजीमा राम्रो अभ्यास गराएको छ । 'गोरखापत्र'को प्रकाशनदेखि नै विभिन्न स्तम्भका माध्यमबाट लेख-निबन्धहरु प्रकाशन हुँदै आएको देखिन्छ । विशेष एडिटरको राय, देश समाचार, देशान्तर समाचार जस्ता स्तम्भका माध्यमबाट थुप्रै गद्य लेखनहरु अनुवाद गरेर पनि प्रकाशन गरिएको पाइन्छ । माध्यमिक कालमा लेख निबन्धहरु वर्णन र विवरणमा केन्द्रित रहेकाले खासै निबन्धको स्वरुप प्राप्त गर्न सकेको पाईदैन ।

आधुनिक नेपाली निबन्धको विकासका लागि माध्यमिक कालीन पृष्ठभूमि भन्दा अन्तर्राष्ट्रिय प्रभावको भूमिका बढी महत्वपूर्ण देखिन्छ । अन्तर्राष्ट्रिय प्रभावमा पनि भारतीय प्रभावको विशेष भूमिका रहेको छ । भारतका विभिन्न शहरहरुबाट प्रकाशित विभिन्न पत्रिकाहरुले लेख निबन्ध प्रकाशन गरी नेपाली निबन्धको आधुनिक युगको प्रार्दुभावका लागि ठूलो सहयोग पुऱ्याएका छन् ।

*१९. केशव प्रसाद उपाध्याय पूर्ववत् पृ. १८४*
*२०. कृष्ण विलास पौड्याल 'नेपाली साहित्यको ऐतिहासिक परिचय' पृ. ७०*
*२१. पूर्ववत्*
*२२. पूर्ववत्*

भारतमा गोर्खे खबर कागज वि.सं. १९५८ दार्जिलिङ्ग, सुन्दरी वि.सं. १९६३ काशी, माधवी वि.सं. १९६५ काशी गोर्खाली, वि.सं. १९७१ काशी, चन्द्रिका वि.सं. १९७४ दार्जिलिङ्ग 'जन्मभूमि' वि.सं. १९७९ बनारस गोरखा संसार वि.सं. १९८३ देहरादून, नेपाली साहित्य सम्मेलन पत्रिका वि.सं. १९८९ दार्जिलिङ्ग जस्ता पत्रिकाहरुमा विभिन्न प्रकारका गद्य लेख रचना तथा निबन्धहरुको प्रकाशन गरिएको थियो । नेपाली भाषाले पनि भाषिक सार्मथ्यको विकास क्रमश गर्दै गएको थुप्रै पत्रिकाहरुको प्रकाशन हुन थालेको र स्वतन्त्र राजनैतिक वातावरणको सिर्जना भएका कारण नेपाली भाषाले भारत भूमिमा राम्रोसँग खेल्ने मौका पाएको देखिन्छ । यी विभिन्न पत्र-पत्रिकाहरुमध्ये 'चन्द्रिका' पत्रिकामा शम्भुप्रसाद ढुंगेलका ' पत्रिकामा शम्भुप्रसाद ढुंगेलका 'महेन्द्रमल्ली' 'जुनकिरी' आदि निबन्धहरु प्रकाशित हुन्छ ।[२३] यी निबन्धहरु मौलिकताका नजिक रहेका छन् भने नेपाली साहित्य सम्मेलन 'पत्रिका'का माध्यमबाट सूर्यविक्रम ज्ञावाली, रुप नारायण सिंह, पारसमणि प्रधान, धरणीधर कोईराला आदि निबन्धकारले निबन्धलाई निकै परिष्कार र परिमार्जन गर्दै निजात्मकताको नजिक पुऱ्याएर प्रस्तुत गरेका छन् । यस समयसम्म प्रकाशित निबन्धहरुलाई नेपाली निबन्धलाई आधुनिक युगमा प्रवेश गर्नका लागि बलियो पृष्ठभूमि तयार गरेको मान्न सकिन्छ ।

तत्कालीन भारतीय समाजमा रहेर अध्ययन गर्ने केही नेपाली विद्यार्थी एवं प्रवाशी नेपालीहरुमा प्रजातान्त्रिक एवं उपनिवेशवादका विद्यार्थीहरुमा आएको सांस्कृतिक एवं जातीय जागरणको प्रभाव परेको थियो । यसैको फलस्वरुप भारतीय नेपाली लेखकहरुले नेपाली जातीको चेतनालाई व्यूँझाउने उद्देश्य राखि विविध पत्र-पत्रिकाका माध्यमबाट जातीय र सांस्कृतिक जागरणका लेख निबन्धहरु प्रकाशित गर्न थाले । त्यस समयका निबन्धको मूल उद्देश्य नै जातीय उत्थान रहेको पाइन्छ । निबन्धकारहरुले निबन्धको सर्वाङ्गपूर्णतालाई ख्याल राखेर निबन्ध लेखिएन निबन्धहरुमा जातीय जागरणका स्वरहरु प्रस्तुत गरे । 'जन्मभूमि' 'गोर्खा संसार' का लेखकले जातीय जागरणका साथै सामाजिक, नैतिक र राष्ट्रिय उत्थानलाई निबन्धको मूल स्वर बनाएर निबन्ध रचना पस्केको थियो । यसरी नै भारतीय पत्र-पत्रिकाको पृष्ठभूमिले आधुनिक नेपाली निबन्धको इतिहासमा ठूलो सहयोग पुऱ्याएको देखिन्छ ।

माध्यमिक कालमा प्रकाशित निबन्धहरुले निबन्धात्मक कलापूर्णरुपमा प्राप्त गर्न सकेको पाइदैंन ।[२४] त्यस समयमा समसामयिक विषयवस्तुको वर्णनमात्र गरिएको थियो । शम्भु प्रसादले त्यसलाई आत्मपरकतामा ढाल्ने प्रयास गरेका थिए । पूर्णत आत्मपरक निबन्धको रचना हुन नसक्नुमा एउटा कारणका रुपमा निबन्ध पाश्चात्य विधा हुनु पनि थियो । हिन्दी साहित्यमा पाश्चात्य आधुनिक निबन्धको प्रभाव भर्खर मात्र प्रवेश गरिरहेको थियो ।

*२३. पूर्ववत*

*२४. रामनाथ ओझा, मधुसुधन गिरी 'नेपाली स्नातकोत्तर शृंखला' पृ.३२८*

लक्ष्मी प्रसाद देवकोटाले अंग्रेजी साहित्यको अध्ययन गर्ने सन्दर्भमा पाश्चात्य रोमान्टिक धारा, रोमान्टिक कविका कविता साथै आत्मपरक निबन्धकारका निबन्धहरु अध्ययन गरिरहेका कारण  र माध्यमिक कालका विभिन्न निबन्धकारहरुले आत्मपरकताको नजिक-नजिक गएर निबन्ध लेखिरहेकाले 'पहाडी जीवन' जस्तो पूर्ण आत्मपरक निबन्धको रचनाले निबन्धलाई पूर्ण आधुनिकतामा प्रवेश गराए ।

## *४.५. आधुनिक नेपाली निबन्धको विकास प्रक्रिया*

'शारदा'(१९९१) पत्रिकाको प्रकाशन  नेपाली निबन्धका इतिहासमा एउटा कोशे ढुंगा हो । यसै पत्रिकाको प्रकाशसंगै नेपाली निबन्धले आधुनिकताको स्वरुप प्राप्त गरेको हो । शारदा पत्रिकाका माध्यमबाट धेरै निबन्धकारहरुले  माध्यमिक कालिन निबन्धात्मक प्रकृतिलाई त्यागी आधुनिक निबन्धहरुको प्रकाशन हुन थालेको पाइन्छ । यस समयवधिमा देखापर्ने निबन्धकार, तिनका निबन्धात्मक स्वर एवं शैली तथा अन्य प्रवृतिलाई हेर्दा नेपाली निबन्धको आधुनिक काल गतिशिल देखिन्छ । नेपाली निबन्धको आधुनिक कालको निबन्धहरुको प्रवृतिगत आधारमा निम्न ४ चरणमा हेर्न सकिन्छ ।[२५]

| | |
|---|---|
| १. प्रथम चरण | (१९९१-२००२) |
| २. द्वितीय चरण | (२००३-२०१६) |
| ३. तृतीय चरण | (२०१७-२०२९) |
| ४. चतुर्थ चरण | (२०३०- हालसम्म |

### *४.५.१ प्रथम चरण (१९९१-२००२)*

आधुनिक नेपाली निबन्धको पथम चरण वि.सं. १९९१-२००२ सालसम्मलाई मानिन्छ । समीक्षकहरु 'शारदा'को वर्ष १ अङ्क १ १९९१ मा प्रकाशित बालकृष्ण समको "बर्दाहमा सिकार" रचनालाई प्रथम आधुनिक निबन्ध भन्दछन् भने कोही १९९२ को लक्ष्मीप्रसाद देवकोटाको "आषाढको पन्ध्र"को प्रकाशनपछि आधुनिकता भित्रिएको भन्दछन् । जे होस् समको निबन्धमा पाइने परिष्कार परिमार्जन, विषयवस्तुगत नवीनता शैली एवम् भाषागत नवीनता आदिले यसलाई आधुनिकताको तहसम्म पुऱ्याइसकेको थियो भने देवकोटाको निबन्धले यस परम्परालाई सुदृढ र परिपक्व तुल्याउने काम गरेको छ । त्यसैले १९९१ लाई नै नेपाली निबन्धको आधुनिकताको जगका रुपमा लिन सकिन्छ । यस चरणमा बोधविक्रम अधिकारीका 'कविता मातासँग मेरो गन्थन' र 'फलामे औंठी' नरेन्द्रमणीको 'संसार नाट्यशाला हो' प्रेम राज शर्माको 'पण्डितजीको चिठी' र शिलवाल पण्डितको 'वेदान्तविवादको मिसिल' आदि निबन्धहरु देखा पर्दछन् ।

*२५. पूर्ववत्*

प्रथम चरणका मूर्धनय प्रतिभा लक्ष्मी प्रसाद देवकोटा हुन् । आषाढको पन्ध्रदेखि आफ्नो निबन्ध यात्राको थालनी गरेको देवकोटाले प्रसिद्ध प्रबन्ध संग्रह (१९९८) लक्ष्मी निवन्ध संग्रह (२००२) दाडिमको रुखनेर (२०३९) गरी तीन निबन्ध संग्रहहरु प्रकाशित गरेका छन् । उनले नेपाली निबन्धको आधुनिक कालको प्रथम चरणलाई मौलिकता दिदैं गुणात्मक दृष्टिले पनि उच्चतामा पुऱ्याउने काम गरेका छन् । आत्मपरकता, काल्पनिकता, शैलीगत प्राकृतिकपना आदि प्रकृति सहित देखा परेका देवकोटा नेपाली निबन्ध परम्पराकै उत्कृष्ट निबन्धकारको रुपमा देखा पर्दछन् । समग्रमा देवकोटाको केन्द्रिय नेतृत्वमा सूरु भएको आधुनिक नेपाली निबन्धको प्रथम चरणमा देवकोटाको 'लक्ष्मी निबन्ध संग्रह(२००२)'को प्रकाशनसम्म कायम रहन्छ ।

### *४.५.२ द्वितीय चरण (वि.सं.२००३-२०१६)*

आधुनिक नेपाली निबन्धको दोस्रो चरणलाई विकसित तुल्याउन विभिन्न पत्र-पत्रिकाहरुको महत्वपूर्ण भूमिका रहेको छ । साहित्य स्रोत (२००४) युगवाणी(२००४) भारती (२००६) पुरुषार्थ (२००६) प्रभात (२००७) प्रगति (२०१०) नौलो पाईलो (२०१३) आदि पत्र-पत्रिकाहरुमा रहेको साहित्यिक लेख निबन्धहरुले महत्वपूर्ण भूमिका खेलेका छन् । नेपाली राजनितीमा आएको २००७ सालको परिवर्तन पछि निबन्धकारहरुले स्वच्छन्द रुपमा निबन्ध लेख्न थालेको पाइन्छ । यस चरणमा देवकोटासँगसँगै हृदयचन्द्र सिंह प्रधान आत्मपरक निबन्धकारको रुपमा परिचित छन् । प्रधानले भूस्वर्ग, तीस रुपैंयाको नोट, जूँगा, कुरा साँचो हो र अपसोच जस्ता निबन्ध संग्रहहरु प्रकाशित गरेका छन् ।

यस चरणमा देखा परेका निबन्धकारहरुमा बद्रीनाथ भट्टराई, भीमनिधि तिवारी, रामकृष्ण शर्मा, यदुनाथ खनाल, भेषराज शर्मा, अच्छा राई रसिक, गोविन्द प्रसाद लोहनी, कृष्ण मल्ल, चुडानाथ भट्टराई, खड्गमान मल्ल, केशवराज पिंडाली, श्याम प्रसाद शर्मा, कमल दीक्षित आदि हुन् ।[२६] दोस्रो चरणमा विभिन्न विषय र शैलीलाई लिएर निबन्ध रचना गर्ने निबन्धकारहरु देखा पर्दछन् । यस अवधिमा निजात्मक एवम् बौद्धिक चिन्तन धारा एउटा पवृति हो भने अर्को वैचारिक प्रबल-क्रान्तिकारी धाराको आलोचनात्मक यथार्थवादी धारा हो ।

### *४.५.३ तेस्रो चरण (२०१७-२०३०)*

आधुनिक नेपाली निबन्धको तेस्रो चरणको थालनी शंकर लामिछानेबाट भएको छ । 'रुपरेखा'(२०१७)को प्रकाशनसँगै शुरु भएको यस चरणमा 'मधुपर्क', 'रचना','नेपाली', 'भानु' आदि पत्रिकाले नेपालबाट र फूलपात पत्कर 'मालिङ्गो', 'हिमलोक', 'तेस्राआयाम' 'नेबुला' भारतबाट प्रकाशित भएर विकसित तुल्याउन सहयोग पुगेका छन् । शंकर लामिछाने मूलतः लक्ष्मी प्रसाद देवकोटाले थालनी गरेको आत्मपरक निबन्ध धाराकै अनुयायी हुन् ।

*२६. पूर्ववत*

उनले आत्माको स्वच्छन्द अभिव्यक्तिमा मात्र सीमित नभएर उनी आत्मपरकताका अतिरिक्त बौद्धिकता चिन्तन र भावनाको सन्तुलन चेतना प्रबाहको अभिव्यक्ति अमूर्त जीवनको चित्रण आदि प्रयोग शील प्रवृतिहरु सहित प्रस्तुत हुन्छन् । उनले आफुले भोगेका सुखदुःखका अनुभवलाई नै निबन्धको विषयवस्तु बनाएका छन् । देवकोटाले प्रारम्भ गरेको र चरमोत्कर्षमा पुर्‍याएको निजात्मक निबन्धमा पर्याप्त नवीनताकासाथ नयाँ मोडमा पुर्‍याउने काम शंकर लामिछानेले गरेका छन् ।

### *४.५.४ चौथो चरण/समसामयिक युग (वि.सं.२०३१- हालसम्म)*

आधुनिक नेपाली निबन्धको यस युगले नवीन विचारलाई ग्रहण गर्दै समाजमा बढ्दै गएका राजनैतिक विकृति र विसंगति, सामाजिक समस्या, आर्थिक समस्या आदिलाई प्रस्तुत गरेको छ । यस पछिका निबन्धकारहरुले प्रयोगवादी प्रवृतिबाट मुक्ति खोज्दै अगाडी बढेको देखिन्छ । यस चरणमा कृष्णचन्द्र सिंह प्रधान, बासुदेव त्रिपाठी, कृष्णप्रसाद पराजुली, मोहनराज शर्मा, राजकुमार पाण्डे आदि आफ्ना निबन्धका माध्यम बाट रुपवादी र अर्न्तमुखी प्रवृतिलाई प्रस्तुत गरेका छन् भने रमेश विकल, धनुषचन्द्र गोतामे, तारानाथ शर्मा, बालकृष्ण पोखल आदिले आलोचनात्मक यथार्थवादलाई गति दिने काम गरेका छन् ।

२०३६ सालपछिको राजनितिक वातावरणमा देखापरेको केही सहज स्थितिलाई उपयोग गर्दै विभिन्न निबन्धकारहरुले सत्ता विकृतिको आलोचना, नारी अस्मिताको खोजी, श्रमको सम्मान, वैदेशिक अतिक्रमणको विरोध आदि स्वरहरु व्यक्त गरेका छन् । तत्कालिन समसामयिक युगजीवनमा देखापरेका राष्ट्रिय, अन्तर्राष्ट्रिय विकृति र विसंगतिलाई विषयवस्तु बनाउदै सुधारको चेतना सहित निबन्धको रचना गर्नेहरुमा गंगा उप्रेती, विमल, खगेन्द्र संग्रौला, निर्मोही व्यास, रुद्र खरेल, रबी किरण निर्जीव, राजेन्द्र सुवेदी, मञ्जुल राजव, मुन पौड्याल आदि रहेका छन् ।[२७] सँगसगै वैचारिकता र निजात्मकता सहित निबन्धको रचना गर्ने निबन्धकारहरुमा माधव पोखल, होम सुवेदी, सुधा त्रिपाठी, भिष्म उप्रेती आदि निकै अगाडी देखा पर्दछन् ।

समसामयिक नेपाली निबन्धको उत्तरार्ध २०४६ को राजनैतिक परिवर्तन पछि नेपाली निबन्धको फाँट निकै मौलाएको छ । निबन्धमा नयाँ-नयाँ स्वरहरु लिएर थुप्रै निबन्धकारहरु यस चरणमा देखापरेका छन् । समग्रमा भन्दा समसामयिक नेपाली निबन्धका मूल प्रवृतिका रुपमा आलोचनात्मक यथार्थवादको अभिव्यक्ति सुधारको चाहना विकृति र विसंगतिप्रति व्यङ्ग्य यात्रा संस्मरणात्मक निबन्धको रचना, वैचारिकताको अभिव्यक्ति आदि प्रवृतिहरु देखापर्दछन् ।

*२७. पूर्ववत्*

## ४.६ नेपाली निबन्धमा हाँस्यव्यङ्गय

निबन्ध नेपाली साहित्यको कान्छो विधा हो । पृथ्वीनारायण शाहको 'दिव्योपदेश' ले नेपाली निबन्धको सूक्ष्म लक्षणहरु लिएर शुरु गर्दै माध्यमिक कालमा 'गोरखापत्र' लगायत विभिन्न साहित्यिक पत्रिकाहरुले साहित्यिक रचनाहरुको प्रकाशनमा सहयो पुऱ्याएको देखिन्छ । निबन्ध विधाको विकासका क्रममा निबन्धसँगै अन्तर्धाराका रुपमा हाँस्यव्यङ्गयको विकास भएको देखिन्छ । केही समीक्षकहरु हाँस्यव्ङ्गयलाई छुट्टै विधाका रुपमा पनि राख्न चाहन्छन् तापनि हास्यव्यङ्गय निबन्धकै एक उपविधा भएकाले निबन्धकै विकास शृंखलामा हास्यव्यङ्गयलाई हेर्न सकिन्छ ।[२८] कुनै पनि विषयका बारेमा गरिने अभिव्यक्ति हाँस्य शैलीमा आउने हुनाले यसले पाठकलाई पढ्नासाथ छोइहाल्छ । आनन्दका लागि पढ्नेहरुका लागि यसले झनै प्रभाव पार्छ हाँस्यका साथमा आउने व्यङ्गयले समाजको साँचो रुपलाई प्रस्तुत गर्दै समाजमा नमिलेको, असामञ्जस्य, असङ्गति छ त्यस क्षेत्रमा तीखो रुपमा घोच्ने गर्दछ । हास्यव्यङ्गयले समाजमा देखापरेका विकृति र विसंगतिलाई घोचपेच गर्दै सुधारको सङ्केत दिन्छ । समाजमा दिनप्रतिदिन देखापरिरहेका जीवनमूल्यको ह्रासको स्थिति, व्यक्ति चरित्रमा देखापरेका विकृति र विसङ्गति, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि क्षेत्रका विसङगति एवम् समाजमा देखापरेका दुराचार एवम् मानवीय मनोवृत्तिलाई चोटिलो रुपमा प्रहार गर्दै सुधारको चाहना समेत राख्ने हुनाले यो लोकप्रिय विधाकारुपमा विकसित भैरहेको छ ।

## ४.७ नेपाली निबन्धमा हाँस्यव्यङ्गयको विकास प्रक्रिया

नेपाली निबन्धको परम्परामा वि.सं. १९८६ सालको 'गोरखा संसार' पत्रिकामा प्रकाशित वेदनिधि शर्माको 'जातीय रोगको अचूक औषधी'बाट हास्यव्यङ्गयको प्रारम्भ भएको पाइन्छ ।[२९] हास्यव्यङ्गयको विकास आधुनिक कालमा आएर मात्र भएको पाइन्छ । नेपाली गद्य विधामा हास्यव्यङ्गय हास्यकदम्बको अनुवादसँगै आरम्भ भएको समालोचकहरुले बताउदै आएको छन् ।[३०] वि.सं. १८५५ मा शक्ति बल्लभ अर्यालद्वारा संस्कृतमा लिखित एवम् उनैद्वारा नेपालीमा अनूदित हास्यकदम्ब नाटकसंगै भित्रिएको यो सिर्जनात्मक धारा क्रमिक रुपमा अघि बढेको पाइन्छ । हुन त यस अघि नै सुवानन्द दासका कवितामा र पृथ्वीनारायण शाहका दिव्योपदेशका गद्यमा ध्वन्यात्मक रुपले व्यङ्गय अविर्भाव भएको समालोचक राजेन्द्र सुवेदीको भनाइ रहेको छ । उनका अनुसार त्यसवेला व्यङ्गयको आविर्भाव भएपनि कलात्मक रुपले सचेततापूर्वक गरिने गरेको व्यङ्गय सो अवधिको शिल्पमा पाइदैन ।[३१]

*२८. प्रमोद प्रधान 'नेपाली निबन्धको इतिहास' पृष्ठ : ३६६*
*२९. मोहनराज शर्मा 'आधुनिक नेपाली हास्यव्ङ्गय' पृ. ७९*
*३०. प्रमोद प्रधान 'नेपाली निबन्धको इतिहास' पृ. ३७०*
*३१. राजेन्द्र सुवेदी (सम्पादक) नेपाली हास्यव्यङ्गय निबन्ध पृ. ६*

समालोचक कृष्ण चन्द्र सिंह प्रधानले कवि सुवानन्द दासको पृथ्वीनारायण शीर्षक कवितामा रहेको 'नाम रहया गजानी धरम् त रे तरा भरले ते' जस्ता पङ्तिबाट नेपाली साहित्यमा हास्यव्यङ्ग्य गर्ने प्रचलन शुरु भएको मान्दछन् । नेपाली साहित्यको इतिहास संगसंगै सुरु भएको नेपाली हास्यव्यङ्ग्य निबन्धले अहिलेसम्म आइपुग्दा विभिन्न चरणहरु पुरागरी आएको पाइन्छ ती चरणहरुलाई यसप्रकार हेर्न सकिन्छ ।

| | |
|---|---|
| १. प्रथम चरण | (वि.सं. १९९१-२०१६) |
| २. द्वितीय चरण | (वि.सं. २०१७-२०३०) |
| ३. तृतीय चरण | (वि.सं. २०३१- हालसम्म) |

## *४.७.१ प्रथम चरण (वि.सं. १९९१-२०१६)*

हास्यव्यङ्ग्य नेपाली निबन्धको प्रथम चरणको थालनी वि.सं. १९९२ सालमा 'शारदा'को वर्ष १ अङ्क ३ मा प्रकाशित प्रेमराज शर्माको 'पण्डितजीको चिठी'बाट भएको मानिन्छ ।[३२] प्रेमराज शर्माको पण्डितजीको चिठी पछि 'गहना'(१९९५), 'वेदान्त विवादको मिसिल'(१९९२) प्रकाशन गरेका छन् । त्यसपछि बोधविक्रम अधिकारीका 'कविता मातासँगको मेरो गन्थन' र 'फलामे औंठी' निबन्धहरु देखापर्छन । कृष्ण प्रसाद चापागाईंको 'हजाम दाई'(१९९८) 'खँदाल बाजे'(२००२) निबन्धहरु प्रकाशित हुन्छन् । यस चरणमा देखापर्ने अर्को सशक्त हाँस्यव्यङ्ग्य निबन्धकार लक्ष्मीप्रसाद देवकोटा हुन् । शारदा पत्रिकाका माध्यमबाट आत्मपरक शैलीमा हाइ हाइ अंग्रेजी, गधा बुद्धिमान की गुरु, कविराजको च्याङ्ग्रे खच्चड, साँढे आदि उत्कृष्ट व्यङ्ग्य निबन्धहरु लिएर देखा पर्छन । यस चरणमा हृदय चन्द्रसिंह प्रधान भूस्वर्ग(२००३), तीस रुपैंयाको नोट(२००४), जुँगा(२००९), कुरो साँचो हो(२०११) र अपसोच(२०१६) निबन्ध संग्रहभित्रका निबन्धहरुमा आफैंलाई विषयवस्तु बनाएर जीवनको यथार्थ चित्रण गर्दै समाजमा विद्यमान शोषण, दमन, अन्याय र अत्याचार एवम् सामाजिक विकृति र विसङ्गतिको व्यङ्ग्य गरेका छन् । प्रधानपछि अच्छा राई 'रसिक' सप्तकोशी(२०११ र रसिक रचनावलीमा संकलित निबन्धसहित देखापर्दछन् ।[३३] निबन्धकार केशवराज पिंडाली खै खै(२०१७) संग्रहमा देखापर्दछन् । उनको प्रवेशसँगै नेपाली हास्यव्यङ्ग्य निबन्धको धारा निकै मौलाएको छ । पिंडालीको रचनामा मानवीय कमजोरी एवम् सामाजिक व्यथिति, विकृति र विसंगतिप्रति तीब्र व्यङ्ग्य गरेका छन् । उनीसंगै बासुदेब शर्मा लुईंटेल भूतको भिनाजु(२००६) संग्रह लिएर देखापर्दछन् भने श्यामप्रसाद शर्माको तँ, तिमी, तपाईं हजुर (२०१४) निबन्ध संग्रह देखापर्दछ । यस चरणमा राजेश्वर देवकोटा, रमेश विकल, कृष्ण चन्द्रसिंह प्रधान, आनन्ददेव भट्ट, ताना शर्मा, लीलाध्वज थापा, श्रीधर खनाल आदि निबन्धकारहरुले निबन्धभित्र सामाजिक विकृति र विसंगति प्रति व्यङ्ग्य गरेका छन् ।

*३२. रामनाथ ओझा र मधुसुधन गिरी 'नेपाली स्नातकोत्तर शृंखला-४' पृ. ३३७*
*३३. प्रमोद प्रधान 'नेपाली निबन्धको इतिहास' पृ. ३७५*

नेपाली हास्यव्यङ्ग्य निबन्धको यस चरणमा निबन्धकारहरुमध्ये पूर्वाद्ध चरणमा देवकोटाले हाँस्यभन्दा व्यङ्ग्यको अभिव्यक्ति बढी गरेका छन् भने उत्तरार्द्ध चरणमा केशवराज पिंडाली र अच्छा राई 'रसिक'का निबन्धमा हास्यको मात्रा केही बढी रहेको देखिन्छ । समग्रमा यस चरणमा निबन्धकारहरुले आफ्ना निबन्धका माध्यमबाट सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृति एवम् वैयक्तिक क्षेत्रमा देखापरेका विकृति एवम् विसंगतिलाई हास्य रुपमा प्रस्तुत गर्दै व्यङ्ग्य गरेका छन् ।

## *४.७.२ द्वितीय चरण (वि.सं. २०१७-२०३०)*

आधुनिक हाँस्यव्यङ्ग्य निबन्धको दोस्रो चरण प्रथम चरणमै देखापरेका कतिपय हास्यव्यङ्ग्यकारहरुको निरन्तर क्रियाशिलता रहेको छ । यस चरणमा केशवराज पिंडालीको खै खै(२०१७) संग्रहको प्रकाशन तथा अन्य फुटकर रचनाहरुका माध्यमबाट राजनैतिक, सामाजिक एवम् व्यक्ति चरित्रमा देखापर्ने विकृति र विसंगतिप्रति व्यङ्ग्य गरेका छन् । यसै चरणमा कृष्ण चन्द्रसिंह प्रधानले विभिन्न फुटकर हास्यव्यङ्ग्य रचनाहरुका माध्यमबाट सामाजिक विकृति र विसंगतिप्रति तिखो प्रहार गर्दै प्रगतिवादी-सुधारवादी भावनाहरु व्यक्त गरेका छन ।

यस चरणमा रामलाल अधिकारीको 'भोकाएका कुकुरले के भन्छ'(२०२९) र 'रवि सप्तमी'(२०३०) निबन्ध संग्रहहरु प्रकाशित हुन्छ । उनका निबन्धमा व्यक्तिका संस्कार र चरित्र एवम् सामाजिक क्षेत्रमा देखापर्ने विकृति र विसंगतिप्रति व्यङ्ग्य गरेका छन् । यस चरणमा श्याम गोतामेका 'भर्पाई'(२०२६), 'जदौ'(२०२७) र 'कायन बाचा'(३०३५) हास्यव्यङ्ग्य निबन्ध संग्रह प्रकाशित भएका छन् । रामकुमार पाण्डेका 'ख्याल ख्याल' (२०२३), 'बाह्र मज्जा'(२०२०), 'सिङ न पुच्छार'(२०३६) र 'रसरङ्ग'(२०३६) आदि हाँस्यव्यङ्ग्य निबन्धहरु देखा पर्छन । यस चरणका सशक्त हास्यव्यङ्ग्यकार भैरव अर्याल हुन् अर्यालका 'काउकुती'(२०१९), 'जयभूँडी'(२०२२), 'गलबन्धी'(२०२६), 'इतिश्री'(२०२८) र 'दशअवतार'(२०३३) हास्यव्यङ्ग्य संग्रहहरु प्रकाशित छन् ।[३३]

समग्रमा आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धको दोस्रो चरणमा देखापरेका केशवराज पिंडाली, राजकुमार पाण्डे तथा भैरव अर्यालको निरन्तर क्रियाशीलता रहेको यस चरणले निकै उर्वरता प्राप्त गरेको छ । व्यक्तिका अर्न्तबाह्य राष्ट्रिय एवम् अन्तर्राष्ष्ट्रिय क्षेत्रमा देखापर्ने यावत विकृति र विसंगतिलाई अति कलात्मक पाराले व्यङ्ग्य गरिएकोछ ।

## *४.७.३ तेस्रो चरण (वि.सं. २०३१ देखि हालसम्म)*

नेपाली हास्यव्यङ्ग्य निबन्धको क्षेत्रमा आधुनिकताको प्रवेश गराउने र त्यसलाई मलजल दिएर आजको स्थितिसम्म पुऱ्याउनेमा केशवराज पिंडालीको महत्वपूर्ण योगदान देखिन्छ ।

*३३. प्रमोद प्रधान 'नेपाली निबन्धको इतिहास' पृ. ३७५*

पत्र-पत्रिकामा फुटकररुपमा प्रकाशित हुँदै आएका आफ्ना पूर्ववर्ती निबन्धकारहरुले हास्यव्यङ्ग्यको[३४] प्रयोग गरे भन्दा भिन्दै शैलीमा उनले हास्यव्यङ्ग्य निबन्धको रचना गरेका छन् । नेपाली राजनीतिको २००७ सालपछिको परिवर्तनले तत्कालीन समयको उपयोग गर्दै विकृति विसंगतिलाई परिष्कार गर्दै लेखकहरु सक्रिय र समर्पित भई कलम चलाउन थाले । केशवराज पिंडालीका वि.सं. २०१७ सालमा खै खै हास्यव्यङ्ग्य निबन्ध कृति प्रकाशित भएपछि यस क्षेत्रले एक विशिष्ठ स्वरुप लिएको देखिन्छ ।[३५]

२०१७ सालको राजनैतिक परिवर्तनले लेखकीय स्वतन्त्रलाई बाधा पुऱ्याए पनि लेखकहरुले आफ्ना अभिव्यक्ति र विचारहरुलाई शब्दका माध्यमले पोख्ने काम भने छोडेनन् । यसैक्रममा नेपाली हास्यव्यङ्ग्य निबन्ध पनि यस समयमा अत्यन्त उर्वर र प्रभावपूर्ण रुपमा विकसित हुँदै गएको देखिन्छ । यस चरणमा नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा धेरै उत्कृष्ठ एवम् महत्वपूर्ण कृतिहरु प्रकाशित भएका छन् । यस चरणमा मुकुन्द अर्यालको 'नेताको रुपलाई चुरोटको धूप'(२०४२) राजेन्द्र सुवेदीको 'खाली सीसी पुराना कागज'(२०४९) रुद्र खरेलको 'तपाईंको नाम के ?'(२०४९) नरेन्द्र राज पौडेलका 'घरभित्रको गाई जात्रा'(२०४५) उत्तम कुवँरको 'अनुभव र अनुभूति' (२०३९) हास्यव्यङ्ग्य संग्रहहरु देखापर्दछन् । त्यसै गरी मनराज शर्माका 'इन्टरभ्यू स्पेशलिष्ट मिष्टर झप्पु सिं डबल एम ए'(२०३८) र 'पुच्छारको पातो'(२०४०) चोलेश्वर शर्माको 'म त अप्रिलफूल भएछु'(२०४२) हरि बन्दीको 'उल्टो पट्टी'(२०४६), मनुजबाबु मिश्रका 'मेरो चित्र मेरो छाया' तरङ्ग तरेली र दुरान्तर(२०५३) रविकिरण निर्जीवको 'सोझा निर्जीका बाङ्गा निबन्धहरु'(२०४७) विष्णु प्रभातको 'खोर्सानीको पुराण'(२०५१) विश्व शाक्यको 'कस्तो गधा रहेछ' नरनाथ लुईंटेलको 'छेपन'(२०५१) र 'सिङ न पुच्छर' माधव पोखेलको 'मेरो मान्छे'(२०५४) आदि देखापर्दछन ।

हास्यव्यङ्ग्य निबन्धको तेस्रो चरणमा निबन्धकारहरुले आफ्ना हास्यव्यङ्ग्य निबन्धका माध्यमबाट सामाजिक विकृति समाजमा आइरहेको जीवन मूल्यको ह्रास र त्यसले ल्याएको विकृति प्रशासनिक विकृति, सामाजिक रुढी, संस्कार राजनैतिक क्षेत्रका विकृति, आर्थिक विकृति समाजमा हुदैगएको दुराचार दुष्प्रवृति मानवीय मनोवृति एवम् कुव्यवहारप्रति तीखो व्यङ्ग्य गरेका छन । समाजका यथार्थ घटनाहरुलाई प्रस्तुत गर्दै खुल्ला राजनैतिक वातावरणले जन्माएका यावत विकृतिहरुप्रति व्यङ्ग गर्ने काम समसामयिक निबन्धकारहरुले गरेका छन् ।

## *४.८ निष्कर्ष*

नेपाली साहित्यको एक विधा निबन्ध हो । निबन्धको रचना गद्यमा हुन्छ । निबन्ध संस्कृत व्याकरणको शब्द निर्माण प्रक्रियामा नि उपसर्ग लागेर बन्छ, धातुमा 'घञ' प्रत्यय लागेर निर्मित व्यूत्पन्न शब्द हो । यसको अर्थ निशेष वा बाँध्ने काम गर्नु हो ।

*३४. पूर्ववत्*
*३५. पूर्ववत्*

आधुनिक युगमा प्रचलित निबन्ध भने पश्चिमको देन हो । पश्चिमेली निबन्धको इतिहासमा फ्रान्सेली साहित्यकार भोन्तेनले १६औं शताब्दीमा निबन्धको सुरुवात गरेको पाइन्छ । निबन्ध ग्रीसेली ***Essai*** बाट ***Essay*** शब्दको प्रयोग हुन थालेको हो । नेपालीमा प्रचलित निबन्धले ***Essay*** को अभिप्रायलाई संवहन गर्दछ । निबन्धको परिभाषा गर्ने क्रममा विभिन्न साहित्यकारहरुले आ-आफ्नै विचारमा परिभाषित गरेका छन् ।

निबन्ध साहित्यको आफैंमा पूर्ण र स्वतन्त्र पहिचान भएको गद्य विधा हो । निबन्धको विषयवस्तु असीमित छन् । यस विधाले विधागत पूर्णता प्राप्त गर्नका लागि संरचनाका क्रममा निश्चित तत्वहरुले पूर्ण रहेका हुन्छन् ।

निबन्धको विकास क्रमलाई हेर्दा नेपाली साहित्यको इतिहासमा कान्छो विधाको रुपमा रहेको छ । पृथ्वी नारायण शाहको दिव्योपदेशले नै नेपाली निबन्धको सुक्ष्म तत्वहरु लिएको भए तापनि शारदा पत्रिकाको प्रकाश १९९१ लाई नै नेपाली निबन्धको इतिहासमा एउटा कोसेढुंगा मान्दछन् । पत्र-पत्रिकाको माध्यमबाट नै साहित्यकारहरुले आधुनिक नेपाली निबन्धको प्रकाश गर्न थालेको पाइन्छ ।

आधुनिक नेपाली निबन्धको प्रथम चरण(१९९१-२००२)मा बालकृष्ण समको ‘वर्दाहमा शिकार’ लक्ष्मी प्रसाद देवकोटाको ‘आषाढको पन्ध्र’ निबन्धको रचना भएको छ भने अन्य निबन्धकारहरुले पनि निबन्ध क्षेत्रमा कलम चलाएका छन् । नेपाली निबन्धको द्वितीय चरण(२००३-२०१६)लाई विकसित तुल्याउन विभिन्न पत्र-पत्रिकाहरुको महत्वपूर्ण भूमिका रहेको छ । २००७ सालपछि निबन्धकारहरुले स्वच्छरुपमा निबन्ध लेख्न थालेको पाइन्छ । यस चरणमा लक्ष्मी प्रसाद देवकोटासँगसँगै हृदय चन्द्रसिंह प्रधान विभिन्न निबन्ध संग्रहहरु लिएर देखा पर्छन ।

नेपाली निबन्धको तेस्रो चरण(२०१७-२०३०) नेपाली राजनीति परिवर्तनले लेखकहरुमा केही अवरोध पुगेको पाइन्छ । यस चरणमा निबन्धकारहरुले आफुले जीवनमा भोगेका सुखदुखका अनुभवलाई नै निबन्धको विषयवस्तु बनाएका छन् । चौथौ चरण (२०३१ देखि हालसम्म) निबन्धकारहरु कृष्ण चन्द्रसिंह प्रधान, बासुदेव त्रिपाठी, कृष्ण प्रसाद पराजुली, मनराज शर्मा, रामकुमार पाण्डे आदिले राजनैतिक विकृति र विसंगति सामाजिक आर्थिक समस्यालाई नै विषयवस्तु बनाएर निबन्धहरु रचना गरेका छन् । नेपाली निबन्धको हास्यव्यङ्गय क्षेत्रमा निबन्धसँगसँगै लेखकहरुले कलम चलाएको छ । लेखकहरुले समाजमा देखा परेका विकृति विसंगतिलाई घोचपेच गर्दै सुधारको संकेत देखाएका छन् । नेपाली साहित्यको निबन्ध विधामा ‘गोरखा संसार’(१९८६) देवनिधि शर्माको ‘जातीय रोगको अचूक औषधी’बाट हाँस्यव्यङ्गयको प्रारम्भ भई नेपाली साहित्यको आधुनिक कालमा तीन चरण पूरा गरी सकेको छ ।

प्रथम चरण(वि.सं. १९९१-२०१६) शारदा पत्रिकामा प्रेमराज शर्माको ‘पण्डितजीको चिठी’बाट सुरुभएको पाइन्छ । त्यसपछि अन्य लेखकहरुको रचनाले यसचरणलाई विकसित तुल्याएको छ । प्रथम चरणमा लक्ष्मी प्रसाद देवकोटा, हृदय

चन्द्रसिंह प्रधान, अच्छा राई 'रसिक', केशवराज पिंडाली जस्ता साहित्यिक हस्तिहरुले हास्यव्यङ्ग्य क्षेत्रमा कलम चलाएका छन् । द्वितीय चरण(वि.सं.२०१७-२०३०)मा प्रथमचरणकै साहित्यकारहरुले निरन्तर कलम चलाएको पाइन्छ । यस चरणमा रामलाल अधिकारी, श्याम गोतामे, रामकुमार पाँडे, भैरव अर्याल जस्ता लेखकहरुले हास्यव्यङ्ग्य क्षेत्रमा कलम चलाएका छन् । यस चरणमा हाँस्यव्यङ्ग्यकारहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरेका विकृति र विसंगतिहरुलाई कलात्मक व्यङ्ग्य गरेको छ । तृतीय चरण

(वि.सं.२०३१देखि हालसम्म तृतीय चरण कै लेखक्रमलाई निरन्तरता दिदैं हास्यव्यङ्ग्य निबन्धलाई आजको स्थितिसम्म पुऱ्याउनमा केशवराज पिंडाली, मुकुन्द अर्याल, राजेन्द्र सुवेदी, रुद्र खरेल, नरेन्द्रराज पौड्याल, मोहन राज शर्मा, माधव पोखेल आदिको महत्वपूर्ण योगदान रहेको छ । यस चरणमा निबन्धकारहरुले निबन्धका माध्यमबाट सामाजिक विकृति र विसंगति, सामाजिक रुढी, राजनैतिक प्रशासनिक विकृति, आर्थिक विकृतिप्रति व्यङ्ग्य गरेका छन् ।

# परिच्छेद पाँच

# हास्यव्यङ्ग्य क्षेत्रमा रहेको विशिष्ट कृतिहरुको अध्ययन

## ५.१. पृष्ठभूमि

नेपाली साहित्यको विविध विधाहरु मध्ये निबन्ध एक महत्वपूर्ण विधा हो । निबन्ध विधाकै अन्तरधाराका रुपमा विकसित हास्यव्यङ्ग्य क्षेत्र नेपाली निवन्ध सँगसँगै अगाडी बढेको छ । नेपाली साहित्यको कविता, नाटक, उपन्यास विधामा आख्यानात्मकता हुन्छ भने निबन्ध वस्तुपरक हुन्छ । साहित्यकारले समसामयिक परिवेश, घटना र उसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भोगेका जीवनका उकाली ओरालीका सम्झनाका तरेलीहरुले मानसपटलमा ल्याएको हलचलले नै साहित्य सृजना गर्दछ । साहित्य सिर्जना भनेको साधना हो जुन साधनामा नियमितता र आत्मविश्वासको अनिवार्य रहनु पर्दछ । साधनाबाट प्रतिफल लिनको लागि त्यागको पनि जरुरत पर्दछ जुन सफल नभएमा साधना पनि विफलता तिर उन्मुख हुन्छ । जीवन भोगाईको उकाली ओरालीमा यथार्थ परिवेशको चित्रण गर्दै साहित्य लेखन गर्ने स्रष्टा विष्णु नवीन परिचित छन् । नेपाली साहित्यको कथा विधामा कलम चलाए पनि स्रष्टा विष्णु नवीनले समाजको घटना र तत्कालीन परिवेशलाई मुख्य विषय बनाएर २०१४ सालमा पाल्पाको कोपिला पत्रिकामा एक पैसा कथा प्रकाशन गराउन सफल देखिन्छ । साहित्य लेखन कथाबाट शुरु भएको भए तापनि पहिलो पुस्तकाकार कृतिका रुपमा श्रीमतीसित एकदिन (२०२२) हास्यव्यङ्ग्य संगालो प्रकाशित छन् ।

## ५.२. निबन्ध लेखनको प्रेरणा र प्रभाव

विष्णु नवीनले कक्षा ६-७ तिर पढ्दा नै साहित्य यात्रा शुरु गरेका थिए । शुरुमा कथाबाट साहित्यिक यात्रा शुरु गरेको भएपनि निबन्ध क्षेत्रमा नै नवीनका विशिष्टता प्राप्ति भएको देखिन्छ । विष्णु नवीनका निबन्धहरु २०१७ सालदेखि नै पत्रपत्रिकाहरुमा प्रकाशित भएका छन् । आधुनिक नेपाली निबन्ध साहित्यको दोस्रो चरणको युगमा देखापरेका विभिन्न निबन्धकारहरुमध्ये नवीन २०२० सालपछि निबन्धकारका रुपमा परिचित भएका छन् । नेपाली हास्यव्यङ्ग्य साहित्यको क्षेत्रमा भैरव अर्यालको उदयले ठूलो प्रभाव परेको देखिन्छ । यस चरणको नेतृत्व केशवराज पिंडाली र भैरव अर्यालले गरेका छन् भने दोस्रो स्थानमा रामकुमार पाँडे, श्याम गोतामे, घटोत्कच शर्मा आदिको नाम आउँछ । त्यसैगरि तेस्रो स्थानमा फट्याक-फुटुक लेख्नहरुमा विष्णु नवीनको नाम उल्लेख भएको पाइन्छ ।[1]

*१. डा. तारनाथ शर्मा, (सम्पा) नेपाली निबन्धका पच्चीस वर्ष, नेपाल राजकीय प्रज्ञा पतिष्ठान कामाडौं २०३९ पृ.१४,१५*

तापनि हाँस्यव्यङ्ग्यका स्रष्टा नवीन इलामका प्रतिनिधि व्यक्तित्व मानिन्छ । विष्णु नवीनको निबन्धहरु हेर्दा निबन्धकार समाजमा विद्यमान विकृति र विसङ्गतिबाट आक्रोशित देखिन्थे भने अर्कातिर आफुले वैयक्तिक रुपमा भोग्नुपरेका अपमानजनक स्थिति-परिस्थिति एवम् पारिवारिक रुपमा भोग्नुपरेको आर्थिक समस्याबाट पनि आक्रान्त देखिन्छ । नवीनका निबन्धहरुले सामाजिक सन्दर्भहरुलाई विशेष विषय बनाएको भएपनि सहायक विषयहरु पनि रहेको पाउन सकिन्छ । निबन्धमा तत्कालिन सामाजिक संरचनाभित्रको चरित्रहीन र स्वार्थी मानिस नै निबन्धको विषयवस्तुको रुपमा रहेको पाइन्छ । मानवीय दुष्प्रवृतिहरुलाई आफ्ना निबन्ध मार्फत कडा व्यङ्ग्य गर्ने क्षमता उनमा देखिन्छ । नवीनका निबन्धहरुलाई हाँस्यव्ङ्ग्य निबन्धको कोटिमा राखेपनि तिनमा हास्यभन्दा व्यङ्ग्यचेत प्रखर पाइन्छ । तर नवीनको लेखनकाल उत्तरार्द्धतिर रचनाहरुमा भने यौनविकृतिको खुल्ला चित्रण पाइन्छ । उनका निबन्धहरुको विषय वस्तु आफुस्वयं नै रहेको पनि पाइन्छ ।

## ५.३. विष्णु नवीनको निबन्ध

विष्णु नवीनका निबन्धहरु केही वस्तुपरक अन्तर्गत विवरणात्मक र वर्णनात्मक छन् भने अधिकांश निजात्मक अन्तर्गत वैयक्तिक र कतै कतै भावात्मक पनि हुन्छ । तर विचारात्मक निबन्धमा भने नवीनले कलम चलाएका छैनन् । नवीनको निवन्ध यात्राको अवधि २०१७ देखि २०४० सम्म हो । उनको यस निबन्ध-यात्रामा समयका आधारमा कुनै निबन्धात्मक भिन्नता वा मोड उपमोड छुट्याउने ठाउँ देखिदैन तर अन्तर्विधात्मक आधारमा दुई अर्न्तभेद रहेको छ । हास्यव्यङ्ग्यात्मक निबन्ध र निबन्धात्मक लेखहरु गरी नवीनका निबन्धहरु दुई हाँगामा बाँडिएका छन् । यी दुई फाँटमा नवीनले हाँस्यव्यङ्ग्यात्मक निबन्धहरु बढी लेखेका छन् भने निबन्धात्मक लेखतर्फ केही कम कलम चलाएका छन् । यहाँ नवीनका निबन्धहरुको वस्तु , शैली र उद्देश्यका आधारमा उनको निबन्धकारिताको चर्चा गरिन्छ ।

### १) वस्तु

नवीनको निबन्धकारिता कुनै दर्शन वा विचारसँग सबन्धित छैन । स्थानीय जनजीवनको सुक्ष्मावलोकनबाट प्राप्त अनुभूति नै नवीनका निबन्धको वस्तु हो । इलामका टोलहरु, लोग्नेस्वास्नीका व्यवहारहरु तरुनी तन्देरीका आन्तरिक सम्बन्धहरु जाँड रक्सी र जँड्याहा गतिविधि, राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक जोड घटाऊ, साहित्यिक तथा सामाजिक व्यक्तित्वहरु अनि सिनेमा जस्ता विषय नै नवीनका निबन्धहरुका उद्गम स्रोत हुन । यिनै विषयवस्तुमा नवीनका निबन्धहरु विकसित छन् । नवीनको निबन्धात्मक वस्तु उनकै निबन्धहरुका आधारमा प्रस्तुत गरिने छन् ।

### २) शैली

भाव र भाषाको संयोजन तथा संरचनात्मक आकार प्रकार वा ढाँचालाई नै शैली भनिन्छ । साहित्यकार नवीनको निबन्धहरुमा वस्तु अनुसारको शैलीको प्रयोग भएको छ ।

आकारगत दृष्टिले नवीनका निबन्धहरु छोटो र छरिता छन् । नवीनको निबन्धात्मक शैलीमा सरलता, हाँस्यात्मकता, व्यङ्गयात्मकता तथा विनोदात्मकता पाइन्छ । उनको निबन्धहरुमा सामान्य भाषाको प्रयोग भएको छ । विषयवस्तु अनुरुपको भाषिक प्रयोगले कतै कतै स्थानीयता झल्काएको छ । कतै कतै स्थानीय शव्दहरुको नै प्रयोग भएको छ । कतै कतै जनजिब्रोले ग्रहण गरेका प्रचलित केही अंग्रेजी शव्दहरुको पनि प्रयोग भएको पाइन्छ । आलङ्कारिक र क्लिष्ट भाषाको प्रयोग नगरी सामान्य भाषाको प्रयोग गर्नु नवीनको निबन्धात्मक भाषिक विशेषता हो भने कहीं कहीं व्यकरणात्मक त्रुटि देखिने उनको भाषिक कमजोरी रहेको छ । नवीनको निबन्धात्मक शैली उनकै निबन्धहरु देखाउने कोसिश गरिएको छ ।

### ३) उद्देश्य

निबन्ध साहित्यको एक विधा हो । निबन्धमा कुनै न कुनै उद्देश्य रहेको हुन्छ । विष्णु नवीनले आफ्ना निबन्धबाट समाजमा रहेको यथार्थ देखाउने मानवीय चरित्रको उद्‌घाटन गर्ने र समाजका राम्रा र नराम्रा कुराहरुलाई पाठकसामु जस्ताको तस्तै राख्ने काम गरेका छन् । यसरी नवीनको निबन्धात्मक उद्देश्य समाजको सूक्ष्म चित्रण गरी त्यसको परिणाम पाठक समक्ष छर्लङ्ग पारेर वास्तविकताको बोध गराउने रहेको छ । यसै अनुसार नवीनले आफ्ना विवशता र समाजका समस्याको चित्रण उतारेका छन् । नवीनको निबन्धात्मक उद्देश्य उनका निबन्धात्मक कृतिका आधारमा यस प्रकार रहेको छ ।

## ५.४ विष्णु नवीनको हाँस्यव्यङ्ग्य निबन्धहरुको अध्ययन

### ५.४.१ "छातीमा नआँटेको कुरा"

"छातीमा नआँटेको कुरा" हाँस्यव्यङ्ग्य संगालोका निबन्धहरु नवीनको "छात्तीमा नआँटेको कुरा" हास्यव्यङ्गात्मक निबन्ध संगालो २०२९ सालमा प्रकाशित कृति हो । पहिलो पल्ट एक हजार प्रति प्रकाशन भएको "छात्तीमा नआँटेको कुरा" हास्यव्यङ्ग संगालोको प्रकाशक श्री पूर्ण भण्डार इलाम र मुद्रक चन्द्र प्रिन्टिङ प्रेस इलाम रहेका छ । उक्त कृतिको मूल्य २/५० पैसा रहेको छ । "छात्तीमा नआँटेको कुरा" हास्यव्यङ्ग्य संगालोका शुभेच्छा लेखनको क्रममा भवानी घिमिरे(सम्पादक भानु) ले नेपाली साहित्यमा हाँस्यव्ङ्गयको फाँट अझै फराकिलो हुन सकेको छैन तर त्यस क्षेत्रमा प्रयोग र प्रगतिका नयाँ नयाँ संभावनाहरु दृष्टिगोचर भैरहेका छन् यस क्षेत्रमा विष्णु नवीनले ठूलो सेवा पुऱ्याएको उल्लेख भएको छ । प्रस्तुत शुभेच्छामा हामी उहाँलाई मेची अञ्चलका एकजना सिपालु हाँस्यव्यङ्ग्यकार र निष्ठावान एवं लगनशील साहित्यकारका रुपमा चिन्छौं । र माया गर्छौं ।

"जुन जस्तो स्थिति-परिस्थितिमा नवीन भाईले साहित्यको सेवा गर्दै हुनुहुन्छ त्यो हामीबाट संभव छैन"[1] भनी उल्लेख भएको छ । यस कृतिमा जम्मा एघारवटा निबन्धात्मक रचनाहरु संकलित छन् । यहाँ यी रचनाहरुको विषयवस्तु शैली र उद्देश्यका आधारमा सामान्य विवेचना गरिन्छ ।

*१. भवानी घिमिरे*

## क) शुभकामना

शुभकामना छातीमा नआँछेका कुरा हाँस्यव्यङ्गय संगालोको पहिलो शीर्षक हो । यस निबन्धमा शुभकामना आदनप्रदानको बद्दो प्रचलनप्रति व्यङ्गय गरिएको छ । लेखकले शुरुमानै शुभकामना पठाउने काम पनि पुङमाङे नै लाग्यो भन्ने हाँस्यव्यङ्गात्मक अभिव्यक्तिबाट अगाडी बढाएको देखिन्छ । शुभकामना आदनप्रदानको विषयलाई नै मुख्य विषय बनाएर शुभकामनाको यति ओइरो चल्न थाल्यो भनेर साध्यै छैन । ठूला ठूला व्यक्तिदेखि लिएर पिउन सम्मकोले सालभरी सुति सुति खाने सेठजी देखि तातो न छारो हुनेहरुले पनि शुभकामना पठाउन थालेका छन् । यसैले म यसो विचार गर्छु यो के बाढी चलेको होला मफतको पैसा खर्च गराई । मजाले दशैं र तिहारमा रोटी र मासु नखाई के स्वाँङ पारेको । अफिसले त अफिसको बजेटले गर्छ र पो ढुक्क छ अरुलाई किन सकसक लागेको हो । जस्ता वाक्यहरु उल्लेख गरिएको छ । नेपाली समाजमा हाम्रो सामाजिक अवस्था अनुसार फजुल खर्च गर्न नसकिने अनावश्यक रुपमा खर्च भैरहेको प्रसंग मुलुकमा विभिन्न विकास र सुधारका हल्लाहरु गरिए पनि तल्लो स्तरको समुदायलाई लक्षित गरि कुनै कामहरु गर्न नसकिएको यथार्थको चित्रण गरिएको छ । तत्कालीन समयमा सरकारले भूमिसुधार लागू गरि जग्गा नाप गराउने थाहा पाएर कलकारखाना, उद्योग व्यवसाय संचालन गर्न किसानहरुको जमिन पूजीपतीहरुले हड्पेका विषयलाई प्रस्तुत गरिएको छ । नेपाली समाजको यथार्थ अवस्थाको चित्रण गर्दै आर्थिक अवस्थाको बृद्धिसंगसंगै बजार मूल्यको परिवर्तन र तयारी समानहरुको यथार्थ अवस्थाको उल्लेख गरिएको छ । बजार सूची रहेतापनि व्यापारीहरुको लेनदेनको मूल्य आफ्नै रहेको त्यसमा कुनै पक्षको रेखदेख नभएको विषयलाई व्यङ्गयात्मक रुपमा प्रस्तुत गरिएको छ । किन अचाक्ली यस्तो मँहगो भनी सोध्यो भने पैसा खिइएको हेर्नु नि भनि मुखाले स्वास्नीले पोइलाई जवाफ दिए झैं ओठे जवाफ दिन्छन् । सावुन किम जे किन्नुहोस पहिले र अहिले वरावर दाम छ । अझ महँगो पर्छ अहिले । भित्तामा घोप्टो पारेर लाटाको धोती झैं रेट छ नि तर के गर्नु काम अर्कै हुन्छ । अनि भन्नोस कसरी बढेन त हाम्रो आर्थिक अवस्था पौने दुई रुपैंया दाम भन्दा १ रुपियाँ १२ आना मात्र दाम रहेछ भनी नजानेर पौने-सौने जान्दिन दुई रुपया मात्र दिन्छु भन्ने हाम्रो गाहकी छन् अनि दोकाने किन नउकालिउन ? हाम्रो पैसा र अर्काको पैसामा यति मात्र फरक छ भनी सम्झाउने कोही छैनन् । मान्छे बुझ्दैनन् । पैसा त साँच्चै खिएको छ । ५० वर्षको लागेपछि एक पैसे र २ पैसे त देखिदैनन् पनि । शुभकामनाको आदन प्रदान बढे तापनि बनार मूल्यको सूचीमा बेच्न नसकेको वस्तुहरु गाउँ गाउँमा बिक्री भएको बजार मूल्य बोटमा नभएको फेदमा मात्र होइन भन्ने धारणा लेखकको रहेको छ । साधारण मानिसहरु आवश्यक उपभोग्य चिज वस्तुहरुको बजार मूल्य तल माथि भए तापनि किन्न बाध्य छ । भाउ बृद्धि भयो भनी ढुक्क छ भने यसले भैरहेको विषयलाई उल्लेख गर्दै अन्तिममा शुभकामनाले त राम्रै दशैं भरी जम्मा गरेको भात र मासु छ्याङ होत्ते डढुवा खाँदै सम्झेको कुरा पो निक्ल्यो ।

*१. भवानी घिमिरेः "छातीमा नआँटेका कुरा"शुभेच्छुक*

हन्छ शुभकामना पठाउनेले पठाओस नपठाउनेले नपठाओस मेरो चाहिं जुनीभरी सबैलाई बेला न कुबेलाको शुभकामना । भनी हास्यव्ङ्गयात्मक प्रसंगमा टुङ्गीएको छ ।

शुभकामना निबन्धको लेखनशैली सिलसिलेवार रहेको छ । विषय वस्तुको प्रसंग अन्त्य गरेर नै अर्को प्रसंगको शुरु भएको पाइन्छ । विषयवस्तुको दृष्टिले छोटो भएतापनि संरचनागत दृष्टिले हेर्दा बाह्र परिच्छेदमा रहेको छ । निबन्धको शुरुदेखि चौथो परिच्छेदसम्म शुभकामनाको विषय उल्लेख गरिएको छ । भने पाँचौं परिच्छेदमा भूमिसुधारको प्रसंग उल्लेख गरिएको छ । छैठौं र सातौं परिच्छेदमा शुभकामनाको व्यङ्गय गरिएको छ भने आठौं देखि एघारौं परिच्छेदसम्म आर्थिक स्थितिको यथार्थ चित्रण रहेको पाइन्छ भने अन्तिम परिच्छेदमा शुभकामनाको हास्यव्यङ्गयात्मक प्रस्तुती रहेको छ ।

हाँस्यव्यङ्गय निबन्धकार विष्णु नवीनले यस निबन्धमा तत्कालिन समाजको विषयवस्तुलाई नै मुख्य विषय बनाएर समाजको यथार्थ चित्रण गर्दै आफ्नो मनमा उकुस मुकुस रहेको भावनात्मक अभिव्यक्तिको प्रस्तुती गरेको छ । आर्थिक अवस्ता नाजुक रहेको मानवीय चरित्रको वर्णन गर्दै नेपाली समाजमा रहेको तल्लो स्तरको दैनिक समस्या साथै उपभोग्य वस्तुको बजार मूल्यमा हुने परिवर्तनलाई व्यङ्गयात्मक प्रस्तुती गर्दै यथार्थको चित्रण गर्नु नै मुख्य उद्देश्य रहेको देखिन्छ । समाजमा रहेको समुदायलाई वजारको व्यापारी वर्गलाई पूँजीपतिको संज्ञा दिंदै उपभोत्ताको दयनीय यथार्थको चित्रण भएको छ । शुभकामनाको प्रसंगमा हुनेखाने सरकारी कर्मचारीहरुले जथाभावी खर्च गरेको समुदायको तल्लो स्तरको यथार्थको चित्रण गर्दै माथिल्लो स्तरको मानिसले जे जसो गरेर भएपनि फाइदा लिनसकेको प्रसंगबाट पिछाडीएको वर्गको नेतृत्व गर्ने उद्देश्य प्रस्तुत भएको पाइन्छ ।

## ख) दशैं पछि बसाइँ

दशैं पछि बसाइँ शीर्षक छातीमा नआँटेको कुरा हास्यव्यङ्गय संगालोको दोस्रो निबन्ध हो । नेपाली समाजमा परम्परादेखि मनाउँदै आएको दशैं पर्वलाई मुख्य विषय बनाएर दशैं पर्वको शुरुवातसंगसंगै पर्व मनाउने क्रममा समय अनुसार आएको परिवर्तनको बारेमा चर्चा गरिएको छ । लेखकले हामी चार पाँचवटा दशैं मानेपछि बसाइँ हिड्नु पर्छ । हुन त हामी पनि कम छैनौं । कसैको क्रिया खाएको जस्तो खान थाले पछि तीन धार्नी मासु, सेलरोटी, अचार विचार खाएर विमारी परिन्छ । उता धामीले कालो पाठो र कालै कुखुरा भूत पन्छाउने निहुँमा लिन्छ । भाग्यले बाँच्यो भने बाँच्यो नभए नर्क लोक पुग्छ । यसै उसै भएर चैतमा मान्ने दशैं असोजमा सारेको । असोजमा सारेको दशैं कहिले कात्तिकमा पुग्छ । काठाहरुको पात्रोमा मल बाँसले हानेर अरे । कहिले कहिले भालुबाँदरले हानेर माघमा पुऱ्याउनु नी ! मैले चाहिं पात्रो बनाउन पाएँ भने साउनदेखि माघसम्म दशैं नै दशैं पार्छु श्री ५ को सरकारसँग पात्रो बनाउने 'परमिसन' मागेर कहिले भालुबाँसले, कहिले गोपीबाँसले, कहिले चोयाबाँसले हानेर जुनसुकै महिनामा पुऱ्याउँछु भन्ने विषयवस्तुको हास्यव्यङ्गयात्मक प्रस्तुती गरेका छन् । लेखकले नेपाली समाजको चाड पर्व मानिसहरुको यथार्थ अवस्थाको विषयवस्तुलाई नै मुख्य विषय

बनाएर प्रसंग अगाडी वढाए तापनि विषयवस्तुसँग हास्यव्यङ्ग्याको प्रहार गरेका छन् । हाम्रो नेपाली समाजमा दशैंमा मनाउने क्रममा आएको विकृतिले दिनदिनै खर्च बढेको आफ्नो आम्दानीले धान्न नसके तापनि साहूमा ऋण लिएर भए तापनि आफ्नो तडक भडक देखाउने प्रवृतिको यथार्थ चित्रण भएको पाइन्छ ।

लेखकको लेखन शैली सरल नै रहेको पाइन्छ । विषयवस्तुको प्रस्तुति संगसंगै सिलसिलेवर मिलाएर लेखिएको यस निबन्धमा पन्ध्रवटा अनुच्छेद रहेको छ । शुरुको अनुच्छेदमा हाँस्याका साथ साथै व्यङ्ग्यात्मक प्रस्तुति गर्दै शुरु भए तापनि दोस्रो परिच्छेदमा विषयवस्तुको शुरु भएर अन्त्यसम्म दशैं पर्वको बारेमा उल्लेख गरेका छन् । लेखन क्रममा विषयवस्तुको प्रसंग संगसंगै परम्परागत इतिहास र हाम्रो प्रचलनको व्याख्या गरिएको छ । नवीनले नेपाली समाजको प्रचलनमा रहेकै भाषाहरुलाई सरल रुपमा आफ्नो निबन्धमा प्रस्तुत गरेका छन् । हाँस्यव्यङ्ग्य संगसंगै प्रसंगवस कुनै कुनै ठाउँमा विनोदात्मक भाषा शैलीको प्रयोग गर्न पनि सिपालु रहेको देखिन्छ ।

निबन्धकारले दशैं पछि बसाइँमा हास्यव्यङ्ग्यात्मक तरिकाबाट वसाइँ हुनुपर्नैमा बसाइँ भएको प्रसँग उल्लेख गर्दै दशैं पर्वले लिएको विकृतिलाई पाठकसामु जस्ताको तस्तै पुऱ्याउनु नै मुख्य उद्देश्य रहेको छ । दशैंको प्रसंगमा नेपाली समाजमा हुने गरेको घटनाको सूक्ष्म प्रस्तुतीले यथार्थको चित्रण गरेका छन् । नवीनले समाजको यथार्थको चित्रण गर्दै दशैंको नाममा हुने गरेको विकृतिलाई कम गर्दै आफ्नो अवस्था अनुसार रहन सकेको खण्डमा दशैं पछि बसाइँ हुनु नपर्ने प्रसंग उल्लेख गरेका छन् ।

## ग) छात्तीमा नअाँटेको कुरा

यसै शीर्षकका आधारमा यस संग्रहको नामाकरण भएको छ । यसमा महिला समुदायलाई मुख्य विषय बनाएको पाइन्छ । समाजमा रहेको महिलाहरुको स्वभावको चित्रण गर्दै नारीहरुको स्वभाव, व्यवहार र शारीरिक बनौटको परिवर्तनलाई लेखकले आफ्नो धारणा प्रस्तुत गरेका छन् । लेखकले हुन त मलाई कतिले भन्छन् तँ आइमाइको बखान बढी गर्छस तर म विवश छु किनभने म आइमाइको हुलमा हुर्किएको आइमाइलै पाएको आइमाइकै बढी स्याहार भेटेको अनि आइमाइको बखान नगरे कसको गर्नु र मेरो जवाफ हुन्छ । काना देशमा कानैसँग र लंगडो देशमा लंगडैसंग मिल्नु पर्छ भने मेरो बखान सय पैसा नै सत्य छ । भन्ने प्रसंग उल्लेख गभएको हुदा समाजको नारीलाई मुख्य विषय बनाएको पाइन्छ । हरेक क्रियाकलापमा नारीहरु पछाडी भएको प्रसंगलाई उल्लेख गर्दै महिलाहरुको संगठन भएर पनि रचनात्मक कार्य गर्न नसकेको बढी ढिपी गर्ने स्वभावको चित्रण गरिएको छ । ग्रामीण स्तरमा रहेको समुदायको स्थिति र माथिल्लो तहको निति निर्माण र कार्यन्वयन पक्षको फ्यातलो पनको विषयलाई अगाडी बढाउँदै महिला संगठनको औचित्यको प्रसंगलाई अगाडी बढाएको छ । विषयवस्तुमा हास्या संगसंगै व्यङ्ग्याको प्रस्तुति रहेको छ ।

लेखकको लेखन शैली सरल र सरस रहेको पाइन्छ, प्रसंगबस विषयवस्तुको प्रस्तुती ........मान्छे हेर्दा भलाद्मी दखिन्छन् तर व्यहोरा कात्तिके कुकुरले खाँवामा मुतेभन्दा गएको छ । काम लगाएर किन गरिस् भन्ने पनि छन् । विग्रदा गल्ति हुन्छ नै भन्ने पनि छन् । जस्ता रहेको पाइन्छ । विषयवस्तु छोटो भए ता पनि संरचनागत रुपमा तेह्रपरिच्छेद रहेको छ । छोटो छोटो प्रसंगको परिच्छेद रहेको पाइन्छ । यस निबन्धको पहिलो परिच्छेदको शुरुमा नै आइमाईको जात हुँदैन भन्ने प्रसंगबाट शुरु गरिएको छ । निबन्धमा भाषाशैली सरल र सरस नै पाइन्छ ।

निबन्कारले छातीमा नअाँटेका कुरा निबन्धमा जुन कार्यको लागि अगाडी बढिन्छ त्यो उपलब्धी मूलक नहुन पनि सक्छ भन्ने उद्देश्य रहेको देखिन्छ । कुनै कार्य गर्दै जाँदा अन्त्यमा त्यो कार्य असफल तापनि हुन सक्ने उपलब्धी मूलक भए तापनि पूर्ण उपयोगमा ल्याउन नसकिने हुन सक्छ । लेखकले नेपाली समाजको नारीहरुको मनभित्रको अन्तर द्वन्द्वलाई निबन्धको माध्यमबाट प्रस्फूटन गर्नु नै छातीमा नअाँटेको कुरा निबन्धको मुख्य उद्देश्य हो ।

## घ) कचेरी नन्दा

यस निबन्धमा निबन्धकारले अन्तराष्ट्रिय स्तरको विस्तारवादी नीतिको चर्चा गरेका छन् । अन्तराष्ट्रिय साम्राज्यबादी राष्ट्रहरुको तुलनामा नेपाल र हामी नेपाली कम नभएको विकसीत राष्ट्रहरु चन्द्रमामा पुग्दा हामीहरुको चन्द्रमाको पूजागर्ने नेपाली पनको विषयलाई हाँस्यव्यङ्ग्यात्मक रुपमा उल्लेख गरेका छन् । एउटी भारतीय अभिनेत्रीले आफ्नो घरको गोर्खाली नोकर्नी हटाएर कुकुरलाई नोकर बनाएर आनन्द लिएको प्रसंग उल्लेख गर्दै त्यसप्रति रोष प्रकट गरिएको छ । यस निबन्धमा विकसित मुलुकहरुले विश्व मानवतावादको कुरा गरेपनि आफन्त र पराय भनी छुट्टिनेर छुट्याउने प्रसंगको उल्लेख गरिएको छ । लेखकले निबन्धमा यो कल्चौंडीले कुकुर राख्छु भन्दा मलाई लाग्छ कता कता जूठो फ्यालेको छ भनी पत्ता लगाउन पालेको हुनुपर्छ । हे परमेश्वर मान्छे चन्द्रमामा पुग्छन् कोही कुकुर राख्छन् । साँच्चै नै यो कलियुग व्याप्त भएछ । उहिले एउटी आईमाई मरे जस्तो विजोग भएर मरी भने देख्छे त्यसको बाबुको विहे । अनुहारै कालो पेटै कालो हुनेहरुको विश्वास हुदैन । खबर कागज हेर्दै गर्नौस कुन दिन छापिन्छ "बाइसकोपकी 'चन्दा' उठाएर बनाइएकी नन्दा र बूढो एलसेसियन कुकुर एकैसाथ एउटै ओच्यानमा मरेको भेटियो । पोष्टमार्टम आज हुँदैछ ।" भन्ने हास्यव्यङ्ग्यात्मक विषय वस्तुको प्रस्तुती गरेका छन् । भारतीय नागरीकहरु विकासकार्यहरुमा अगाडी बढीरहेको हामी नेपालीहरुको पछौटेपनाले हामी पछी परिरहेको यथार्थ विषयवस्तुको चित्रण यस निबन्धमा भएको पाइन्छ । हामी नेपालीहरु पछी परेकै भए तापनि कुनै मुलुकको अगाडी शिर झुकाउन पर्ने अवस्था नरहेको हुँदा नेपालीहरुको गर्व गर्दै विषयवस्तुको समाप्त भएको छ ।

यस निबन्धमा लेखकले विषयवस्तुको प्रस्तुतीलाई सरल र सरस भाषामा उल्लेख गरेको पाइन्छ । ठाउँ ठाउँमा उखान टुक्काहरुको प्रयोग गर्दै हास्यात्मक र

व्यङ्ग्यात्मकतालाई पनि विनोदात्मक प्रस्तुति गरेका छन् । निबन्धको लेख शैली संरचनागत रुपमा विषयवस्तु छोटै भएपनि बाह्र परिच्छेदमा रहेको छ । निबन्धको शुरुको परिच्छेदहरुमा विस्तारवादी विकसित मुलुकसंगसंगै नेपालको पछौटेपनको प्रस्तुति रहेको छ भने पाँचौं परिच्छेदमा एउटी भारतीय अभिनेत्रीले नोकर राखेको गोर्खालीलाई निकालेर कुकुर राखेको प्रसंग उल्लेख गरिएको छ । निबन्धको विषय प्रस्तुति केही कठिन जस्तो देखिए तापनि भाषा शैली सरल नै रहेको छ ।

कचेरी नन्दा निबन्धमा निबन्धकारले विकसित राष्ट्रहरुले विश्वमानवता वादको कुरा गरे तापनि आफन्त र पराय छुट्टिने र छुट्याउने गरेको कुरालाई व्यक्त गर्दै नेपाली समाजमा किंवदन्ती र अन्धविश्वासका आधारमा मान्छेका लक्ष्यण पहिल्याएर बसेको छ भने अर्कातिर विकसित मुलुकहरु दिन प्रतिदिन रचनात्मक उन्नतिमा लम्किरहेको तथ्यलाई औंल्याएर नेपालीहरुको पछौटेपनप्रति व्यङ्ग्य प्रहार गर्नु नै मुख्य उद्देश्य रहेको देखिन्छ ।

## ङ) रहरका दाह्री-जुँघा

यस निबन्धमा मानव समुदायको इच्छा र त्यसप्रतिको अन्य जनमानसको धारणालाई विनोदात्मक रुपमा लेखक म पात्र बनी उल्लेख गर्न सफल रहेको छ । लेखकले निबन्धको शुरुमा नै **रहर अनेक हुन्छ मान्छेको । कसैलाई राम्रा राम्रा केश बनाउने रहर भए कसैलाई नक्कले लुगाको कसैलाई जूत्ताको यस्तै मलाई रहर लाग्यो मेरो कालो, चारकोसे झाडी जस्तै दाह्री-जूँघा राख्ने, राखे पनि जसरी एकपल्ट केश पाल्ने इच्छा पूरा गरेका थिएँ । यसको काट्ने तिथि कहिले निस्कन्छ बाहुनले पात्रो हेर्न बाँकी नै छ । रहर गर्नुभन्दा पहिलानै पूरा गर्नुपर्छ । आफुलाई नै म पात्र बनाएर प्रसंग अगाडी बडाएको छ ।** हाम्रो समाजमा कुनै व्यक्ति वा चीजवस्तु अनौठो देखिएको खण्डमा हाँसोको उपहास बन्ने गर्दछ । निबन्धमा कतिले भन्छन् ‘चिम्टा लिएर साधु हुनु नि’ कतिले भन्दछन् ‘श्रीमतीले पान खाँदा’ लेखियो अब ‘श्रीमतीले दाह्री कन्याउँदा’ लेख्नु नि ! भन्ने प्रसंगको वाक्याशंहरु हेर्दा आफुलाई नै मुख्य म पात्र बनाएर आफैंले पालेको रहरको दाह्री-जूँघाको बारेमा उल्लेख गरेको छ । निबन्धको अन्त्यमा लेखकले नारीहरुको स्वभाव र पुरुषहरु प्रतिको धारणा साथै पुरुषको नारीप्रतिको धारणालाई समेत विनोदात्मक अभिव्यक्ति दिनै नेपाली समाजको यथार्थ प्रस्तुती गरेका छन् ।

निबन्धमा लेखकको लेखनशैली सरल छन् । संरचनागत रुपमा हेर्दा पहिलो परिच्छेदमानै लेखकले म पात्रलाई अगाडी बढाएको देखिन्छ । विषयवस्तु छोटो भए तापनि संरचनागत रुपमा तेह्र परिच्छेदमा रहेको छ । छोटो-छोटो परिच्छेदमा विषयवस्तुको सरल र सरस पाइन्छ ठाउँ ठाउँमा हाँस्यव्यङ्ग्यात्मकताको उपयुक्त प्रयोग भएकोले निबन्ध निकै छोटो मिठो जस्तो देखिन्छ ।

निबन्धमा लेखकले आफूलाई सामुने विभिन्न चरित्रका मान्छेहरु वीच कहीले आदर्श व्यक्तित्वको सम्मान कहिले हाँसोको उपहास बन्दै विभिन्न टिकाटिप्पणीहरुको

सराहना गर्नु परेको प्रसंग उल्लेख भएको छ । मान्छेभित्र विभिन्न इच्छाहरु हुन्छन् र समय अनुसार इच्छा आकाङ्क्षाहरु उब्जनु स्वभाविकै हो । उब्जीएको इच्छा आकाङ्क्षाहरु सम्पूर्ण पूरा हुन त सक्दैनन् केही संभव भएसम्म पूरा हुन सक्छ । समय हनुसार कुनै व्यक्तिलाई दाह्री-जुँघा पाल्ने रहर हुन्छ । तर दाह्री-जूँघा पाल्नेलाई हेरेर निभिन्न मान्छेले विभिन्न अर्थ लगाउने गर्दछन् । यस निबन्धलाई हेर्दा निबन्धको मुख्य उद्देश्य कुनै व्यक्ति वा कार्यको इच्छा अनुसारको उपलब्धी पूरा नहुन सक्छ भन्ने नै रहेको देखिन्छ ।

## च) मूर्ख देवताहरु

छातीमा नअाँटेका कुरा हास्यव्यङ्ग्य संगालोका छैठौं शीर्षकमा 'मूर्ख देवताहरु' रहेका छन् । यस निबन्धमा विकसीत समयको वैज्ञानिक गतिविधिले मानिसहरु भौतिकवादी हुदै आध्यात्मिक भावनामा अवस्य फैलिएको प्रस्तुती गर्दै चन्द्रमा, ग्रह,नक्षेत्र र देवताहरुको वर्णन गरिएको छ । परिष्कृत समयमा पृथ्वीबाट चन्द्रमामा एपोलो यान पुग्दा **देवता कुकुरले पुच्छर लुकाए झैं टुप्पी लुकाएर शनिग्रहतिर दौडे, रागे-पाटे, हाँसुले-पाँडुले, झिल्के-मिल्के छत्तिस वर्ण कै देउताहरु, कोही नांगै खुट्टा, कोही एउटा मात्र खराउ लगाएर भागे । भ्याकुरा खेदाई नै भो विचरा ! देवताहरुको एपोलो बाट ।** जस्ता हास्यव्यङ्ग्यात्मक विषयवस्तुको सहज प्रस्तुती रहेको पाइन्छ । निबन्धकारले वैज्ञानिक आविष्कारले भौतिकवादी समयमा अध्यात्मिक भावनामा वेवास्ता बढेको एपोलो यान ट्रान्समिटर, एटमबमको प्रसंग संगसंगै पृथ्वी, चन्द्रमा र देवताहरुको प्रसंगलाई विषयवस्तु बनाएर प्रस्तुत गरेको पाइन्छ ।

मूर्ख देवताहरु शीर्षकमा बढ्दो वैज्ञानिक गतिविधिले आध्यात्मिक भावनामा अनास्था फैलिएको र मान्छेहरु भौतिकवादी हुदैं गएको प्रसंगलई रमाइलो शैलीमा प्रस्तुत गरेका छन् । नवीनको विषयवस्तुको प्रस्तुती संरचनागत रुपमा हेर्दा अन्य निबन्धहरु भन्दा केही लामो देखिए पनि उनन्तीस परिच्छेद रहेको छ । केही परिच्छेदहरु लामो भए पनि कुनै परिच्छेद ज्यादै छोटो छोटो रहेको छ  प्रश्नोत्तरको ढाँचामा कुनै परिच्छेद एक लाइनमा नै रहेको छ जस्तै **ट्रान्समिटर भनेको र विष्णुले वीचमा व्याच्चै बोले । निबन्धको भाषा सरल नै छ ।** आकारगत दृष्टिमा हेर्दा छोटा र छरिता नै छन् । यस निबन्धको निबन्धात्मक शैली सरल, हास्यात्मकता, व्यङ्ग्यात्मकता दुवै रहेको पाइन्छ ।

मूर्ख देवताहरु निबन्धमा आध्यात्मिक भावनामा अनास्था पैदा हुदै बढ्दो वैज्ञानिक गतिविधि संलग्न गर्न गराउन मुख्य उद्देश्य रहेको देखिन्छ । यस निबन्धमा पौराणीक भनाई अनुसार विभिन्न देवता र सृष्टिका बारेमा प्रचलित मान्यतालाई व्यङ्ग्य गर्नका साथै नेपालीहरुको पछौटेपन प्रति तीखो व्यङ्ग्य गरिएको छ । निबन्धकार निम्नवर्गीय पात्रको प्रतिनिधित्व गर्दै कुरीति, कुसंस्कार साथै राष्ट्रिय-अन्तर्राष्ट्रिय हैकमवादी प्रवृतिको अन्त्य गर्ने विचारहरु व्यक्त भएको देखिन्छ ।

## छ) धामीको प्रमाण-पत्र

नेपालमा माथिल्लो स्तरका मानिसहरुबाट तल्ला वर्गमा शोषण हुने प्रसंगमा रहेको यस निबन्धको मुख्य विषयवस्तु नेपाली समाज कै रहेको छ । नेपालको परिवेश अनुकुल सम्पूर्ण सेवा सुविधा सर्वसुलभ तरिकाबाट प्राप्त हुन नसकेकोले सम्पुर्ण समुदायहरु उपभोगमा बन्चित रहेको यथार्थ चित्रणको प्रस्तुति यस निबन्धमा पाइन्छ । नेपाली नागरिकले पाउने सेवा सुविधा उपयोग गर्न उचित परिस्थिति नरहेको प्रसंगलाई हाँस्यव्यङ्गयात्मक प्रस्तुतिबाट लेखकले अगाडी बढाएको छ । निबन्धमा **हाम्रो ऐन, नियम,कानुन चलन पनि गजबको छ । व्यवहार र परिस्थितिलाई हेरेर कहिले कानुन र विधानलाई पनि आँखा चिम्लनुपर्छ भन्ने एक छटाङ गिदी भएका जन्तुहरुको मनमा छैन । भन्ने प्रसंगको उल्लेख गरिएको छ । त्यसैगरी वाँस काटी मान्द्रो कुरा गर्दा चाम्रो पन्ध्र-बीस दिन विमारी परेर दरखास्त पेश गर्दा स्वीकृत चिकित्सकको प्रमाण-पत्र हाजिर गराउनु पर्छ । गाँउमा न त  अस्पताल छ न त डाक्टर नै । बजारका डाक्टरहरु त लठारिएर घरतिर मात्र कुद्दछन् भने गाँउको कल्पना नै नगरौं । बजारतिर आएर प्रमाण-पत्र बनाई माग्यो भने बाहुन डाक्टर भए घिऊ,दुध नेवार भए मसिनो चामल र भटमास, बंगाली भए माछा नभए नगद नारायण नै चढाउनुपर्छ । अनि ठहरै मरेनन् सानातिना कर्मचारी र गाउँघरका धामी झाँक्री, विजूवा नै हुन्छन् । यिनीहरुलाई न त पञ्चायतले दवाई गर्ने प्रमाण-पत्र दिएको हुन्छ न त श्री ५ को सरकारले नै ।** मुख्य विषयवस्तुको प्रस्तुत गरिएको छ । निबन्धमा सेवा सुविधा सर्वसुलभ नभए परिस्थिति अनुसार मान्यता दिनुपर्छ । भन्ने प्रसंगलाई **कोइला बालेर तीतेपातीको मुण्टा जलाउने अक्षता फ्याक्ने काम धामी-झाँक्री माथि प्रतिवन्ध लगाउनु पर्छ होइन भने तिनीहरुको प्रमाण-पत्र पनि सदर मानिनुपर्छ । हाम्रोमा डाक्टरहरु पनि प्रशस्त छैनन् । नभए जिल्लामा रहेका जती पनि दवाई बेच्ने वालाहरु छन्, चाहे ग्वाला हुन चाहे गोठाला तिनीहरुको प्रमाण-पत्रलाई पनि स्वीकृति प्रदान गर्नु संस्कारको नितान्त कर्तव्य हुन आएकोछ यो सत्य पनि हो । भन्ने उल्लेख गरेका छन् ।**

लेखकले निबन्धमा भावनात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । भाषाको संयोजन सरल र सरस रहेको छ । ठाउँ-ठाउँमा उखान टुक्काको प्रयोग गर्दै हास्यव्यङ्गयात्मक प्रस्तुती रहेको पाइन्छ । जस्तै त्यो उल्लु नम्बर एकले के भनेको हो  मैले बुझिन । राम्रोसंग त्यसलाई हेरेर राँची पठाउनु पर्छ कि भनी काम हुन्छ प्रमाण-पत्र हुदैन भन्छ । तेरो बाबुको त हुन्छ भनेर किलकिलेमा आएको कुरा पनि पेटतिर नै घुर्ता भयो । निबन्धमा तल्लो वर्गको पतिनिधित्व गर्दै **सरकारले प्रत्येक गाँउ पंचायतमा डाक्टर राखोस नभए धामीको प्रमाण-पत्र पनि स्वीकृति दिनुपर्छ होइन भने सरकारले जति नै गोली चलाओस, धामी झाँक्री र विजुवाको संगठन खोली जुलुस निकाली झाँक्रीको प्रमाण-पत्रलाई स्वीकृति प्रदान गर्न कर लगाउनु पर्छ । भन्ने व्यङ्गयात्मक प्रस्तुती सरल भाषा शैलीमा रहेको छ ।** निबन्धको विषयवस्तु छोटो भए ता पनि आठ परिच्छेदमा रहेको छ ।

यस निबन्धमा नेपालका प्रशासकीय कार्यलयहरुमा नोकरशाही प्रवृतिले गर्दा तल्ला वर्गका कर्मचारीहरु शोषित हुने र त्यसको प्रतिकुल असर सर्वसाधारण जनतामा पर्ने कुरा विनोदात्मक ढाँचामा प्रस्तुत गरिएको छ । निबन्धमा सर्वसाधारण जनताले सेवा सुविधा सर्वसुलभ तरिकाबाट उपयोग गर्न नपाउने तथ्य टड्कारो रुपमा देखिन्छ । यस्तै लामो विरामी विदा स्वीकृत गराउन डाक्टरको प्रमाण-पत्र पेश गर्नुपर्ने तर ठाउँ-ठाउँमा डाक्टरी उपचारको व्यवस्था नै नभएर सर्वसाधारण धामी झाँक्री विजुवा कै भरमा रहनुपर्ने भएकोले कि उपचारको व्यवस्था सरकारले गर्नु पर्‍यो की धामीको प्रमाण-पत्रलाई मान्यता दिन पर्‍यो भन्ने माग प्रस्तुत गर्दै स्वास्थ्योपचारको अव्यवस्था र अनियमिततताप्रति व्यङ्ग्य गरिएको छ ।

## ज) उहिले र आज-मेरो प्रार्थना

उहिले र आज-मेरो प्रार्थना शीर्षकमा मानव इतिहासको कुनै समयमा एक पति बहुपत्नि कुनै समयमा एक पत्नि बहुपति प्रचलनमा चलिआएको पाइन्छ । सामाजिक धरातलको यथार्थ प्रस्तुतीमा अनौपचारिक र औपचारिक दुवै किसिमबाट बहुपत्नि प्रचलनमा रहेको छँदैछ भन्ने अभिव्यक्ति पाइन्छ । विषयवस्तुको शुरुमा नै **पहिलेको जमानामा स्वास्नी कम आपद विसाउनु पर्ने होइन । आपद पन्साउन नसके स्वास्नी नै नभेटाइने । हिजो आज भने थुप्रो आइमाई भएर जति भन्यो उति लान सकिन्छ ...... माफ गर्नुहोला पाइन्छ भनेर हात हाल्नु भयो भने जेल परिन्छ है ।** भन्ने हास्यात्मक प्रसंगबाट अघि बढेको पाइन्छ । नेपाली समाज पुरुष प्रधान भएकोले बहुपत्नीको प्रचलन बढी देखिन्छ । बहुपत्नीको प्रचलनमा नारीहरु बढी शोषित छन् । निबन्धमा **जे होस हिजो आजको जमानामा कुनै तपस्या विना नै दुई चार खिली पान एक दुईवटा मीठाईमा नै स्वास्नी फकाउँछन् । 'पेरेम' गरेपछि पाइन्छ अथवा साटाक सुटुक गरेमा । नभए त हैरान खेलाउँछन् । झण्डा देखाएर आइमाई संगठनले** भन्ने प्रसंगले महिलाहरु संगठीत भैसकेको विषयलाई अगाडी बढाएको देखिन्छ । जनसंख्या वृद्धिमा महिलाहरुको जनसंख्या बढी भएको प्रसंगलाई लेखकले **अव दश वर्षसम्म आइमाई कम गराउन 'परिवार नियोजनले छोरी नियोजन गराएर छोरा योजना' प्रत्येक बाबु आमामा गराए मात्र बरावरी होला । कि आइमाईहरुलाई छोरी पाउन बन्द गराएर छोरा जन्माउने आन्दोलन शुरु गराउन पर्‍यो । बाबुहरुले साइत हेरेर जग राख्नु पर्‍यो ।** भनी हास्यव्यङ्गयात्मक विषय वस्तुको प्रस्तुती गरेका छन् । नेपाली समाजमा छोरा छोरी विच भेदभाव नभएको भन्दै मारबाणी समुदायको छोरामा नाफा छोरीमा नोक्सान भन्ने यथार्थको प्रसंग उल्लेख गरिएको छ । अहिलेको समयमा जनसंख्या वृद्धि भएकोले महिला पुरुष बराबरी भैसहेको हुदा विवाह गर्नु कुनै समस्या नरहेको समाजमा चेतनाको स्तर बृद्धि भएकोले संगठित भई जुनै गतिविधिहरुमा पनि संलग्न हुन सक्ने विषयवस्तुको प्रस्तुती पाइन्छ ।

निबन्धको भाषा सरल रहेको पाइन्छ  विषयबस्तुको प्रस्तुति छोटो छरीतो छ । संरचनागत रुपमा ७ परिच्छेदमा रहेको छ । ठाउँ-ठाउँ हाँस्यव्यङ्ग्यात्मक अभिव्यक्ति र

सरल र सरस रुपमा प्रयोग भएको छ । लेखनको शुरुमा मानव इतिहासबाट शुरु गरी सिलसिलेवार रुपमा पहिला पुरुषको अवस्था चेतनाको स्तर साथै अवसरहरुको पहिचान गर्दै हाँस्यात्मकता व्यङ्गयात्मकता तथा विनोदात्मकताको प्रस्तुति पाइन्छ ।

यस निबन्धमा सामाजिक यथार्थको चित्रण गर्दै नेपाली पुरुषप्रधान सामाजिक संरचनामा नारीहर शोषित र पिडीत भैरहेको छर्लङ्ग देखिन्छ । नारीहरुको चेतना स्तर बृद्धि संगसंगै संगठनहरु स्थापना भएतापनि संगठन नाम मात्रको रहेको जनसंख्यामा असन्तुलन रहेको साथै यौनेच्छा परिपूर्तिमा असन्तुलन रहेको यथार्थको प्रस्तुती पाइन्छ । चेतनाको स्तर बृद्धि कम नाम मात्रको संगठन गरेर हुँदैन सम्पूर्ण नेपाली जनताको चेतनास्तर उठाउनु आवश्यक छ भन्ने कुराको संकेत गरिएको छ ।

## झ) म पनि घाँसलेट 'नेता' हुँ

यस निबन्धमा वैयक्तिक चरित्रद्वारा तथाकथित नेतृत्व वर्गलाई व्यङ्गय गरिएको छ । लेखकले म पात्रको माध्यमबाट नेता बनेको प्रसंगलाई उल्लेख गरेका छन् । लेखक **साँच्चै म नेता हुँ मलाई घर छोडे पछि भात किन्न पर्दैन टुप्लुक्क भात खाने बेलामा सानो कुरा लिएर कसैको घर पुगेपछि । म त्यस्तैको घर धाउँछु जसले मलाई खान दिन्छ, सेकेन्ड ग्रेड वारमा बनेको लुगा दिन्छन ।** भन्ने व्यङ्गयात्मक अभिव्यक्तिबाट विषयवस्तुको प्रस्तुति गरेका छन । लेखकले आफु जाँड रक्सी द्वारा मातेर सुँगुरको खोरमा थुनिएको प्रसंग उल्लेख गर्दै जड्याहा चरित्र प्रस्तुत गरेका छन् । लेखक **विहान उठ्दा मलाई थाह भो म लादीमा मस्त साथ सुतेको न्यानो डस्ना नै सम्झेर** (सत्य **डसना नै सम्झेको) सुँगुरको खोरमा सुत्दा मेरा चारै हात खुट्टा एक ठाउँमा बाँधिएका, सुँगुर मस्तसाथ घुवाँक घुवाँक गरिरहेको । कसो मलाई टोकेन ।** जस्ता हास्यात्मक र मात मदिरा सेवन गर्नेप्रति व्याङ्गयात्मक प्रस्तुती गरेको पाइन्छ । लेखक नेताको प्रतीक बनेर नेतालाई निशुल्क भोजन विहान बेलुका मिलेको उल्लेख गरेका छन् । निवन्धमा आफुलाई नेताको प्रतीक दिदैं नेताहरु वास्तविकतामा अयोग्य पनि हुन सक्छन् । नेतृत्वदायी भूमिका निर्वाह गरेर सेवा सुविधा दिने नेता नभई मातमदिरा सेवन गरी दिनदैनिकी निशुल्क खानपिन गरेर गुजारा गरेको प्रस्तुती बाट नेपाली समाजमा रहेको टाठो बाठो नेताहरुलाई मुख्य विषयवस्तु बनाएर व्यङ्गय गरिएको पाइन्छ ।

संरचनागत रुपबाट हेर्दा निबन्ध थोरै भए पनि सोह्र परिच्छेदमा रहेको छ । निबन्धको पहिलो परिच्छेद देखिनै नेताको प्रसंग उठाएर हास्यव्यङ्गयात्मक तरिकाबाट अन्तिम सम्म नै नेताको बारेमा उल्लेख गरेको पाइन्छ । लेखकले सरल भाषा शैलीमा नेताको प्रसंगलाई उतार्न सफल छन् । लेखकले ठाउँठाउँमा मात मदिरा सेवन गरेको प्रसंग उल्लेख गरि हास्यव्यङ्गयात्मक अभिव्यक्तिको राम्रो प्रस्तुती भएको पाइन्छ । निवन्धमा नेताहरुलाई खान पुगेको प्रसंग उल्लेख भई नेतृत्वदायी भुमिका निवार्ह गर्नेहरुलाइ तिखो व्यङ्गय गरिएको प्रसंगलाई सरल भाषा शैलीमा प्रस्तुत गरिएको छ ।

म पनि घाँसलेट 'नेता' हुँ शीर्षक निबन्धमा वैयक्तिक चरित्रद्वारा तथाकथित नेतृत्ववर्गलाई व्यङ्गय गरिएको छ । लेखकले आफु जाँठ रक्सीद्वारा मातेर सुँगुरको खोरमा थुनिएको प्रसंग उल्लेख गरेर जँड्याहा चरित्र प्रस्तुत गरेका छन् । यस निबन्धमा जाँड रक्सीको सुरमा नेता, लेखक,साहित्यकार हुने तर वास्तविकतामा अयोग्य मान्छेको चित्रण गरेर आवश्यक गफ लगाउने अरुकोमा पाहुना लागेर आफ्नो मानो जोगाउने अल्पशिक्षित नेताहरुलाई व्यङ्गय गरिएको छ ।

## ञ) स्वर्ग जाने टिकट खोज्दा

यस निबन्धमा समाजमा हुने गरेका घटनाहरुलाई मुख्य विषयवस्तु बनाएर रामचन्द्र मृत्यु पछि स्वर्ग जाने टिकट खोज्दा स्वर्गको ट्रेड अफिस पुगेको र स्वर्गको कर्मचारीहरुले विभिन्न कारण देखाई अल्मल्याएको प्रसंग उल्लेख गरेका छन् । निबन्धमा **'धत् नन्सेन्स्' तैंले मलाई क्लर्क सम्झेको र म क्लर्क होइन । म चौकीदार रावण हुँ । तेरो जस्तै नाम गरेको ले मलाई यहाँ चौकीदारी गर्ने स्थितिमा पुऱ्यायो । अँ....... तेरो नेपालमा त अँग्रेजीमा पिउन भन्छ हाईन ? हामी जस्तोलाई र जस्ता विषयवस्तुको प्रस्तुती रहेको छ । निबन्धमा स्वर्गको टिकटको निम्ती भैरव देवता भन्छन् पृथ्वीमा बस्दा के भन्थिस याद छ ? र काठा .....कुकुर..... । तँ आफुलाई स्वदेश भक्त भाषा भक्त भन्थिस बडो लागिस हिन्दीको जी भन्न व्याकरण तैंले पढ्नु पऱ्यो ...... ।**

भैरवको कुरा सुनेर रामचन्द्र तिन छक्क पऱ्यो । अघि तल पृथ्वीमा हेर्दासम्म उसलाई कस्तो मानमनितो थियो । स्वर्गका बासिन्दा झन 'इडियट' रहेछन् भनी सम्झियो । तर के गरोस ।

भैरवले भन्दै गए ...... टिकट त पाइन्छ तर तेरो नाम हेरौं कहाँ पर्छ भनी कैंयाको जस्तो रातो खाता पल्टाएर चारसय बीस पृष्ठबाट भने पख् मेरो फाँटमा होइन पल्लो फाँटमा रहेछ उतै जा । भन्ने विषयवस्तुको प्रस्तुतीले नेपालका कार्यलय हरुको अवस्था र कर्मचारीहरुको ढिलासुस्ती जस्ता क्रियाकलापलाई उदाङ्गयाएको छ । रामचन्द्रको स्वर्गमा नारदले लगेको रेकर्ड हेर्दा आन्तरिक र वाह्य चरित्रमा भिन्नता देखाएको छ ।

निबन्धको विषयबस्तु छोटो रहेको छ । भाषाशैली सरल र सरस रहेको छ । लेखकको दोहोरो वादविवादको शैलीमा कुराकानी गरिएको शैलीमा लेखिएको छ । निबन्धात्मक शैली हास्यव्यङ्गयात्मक साथसाथै विनोदात्मकता पाइन्छ । निबन्धको विषयवस्तु अनुसारको भाषिक प्रयोग साथै ठाउँ-ठाउँमा स्थानीयता झल्किएको छ । ठाउँ-ठाउँमा स्थानीय शव्दहरुको प्रयोग संग-संगै कुनै ठाउँमा प्रचलित अंग्रेजी शव्दहरुको पनि प्रयोग गरीएको पाइन्छ ।

लेखकले निबन्धमा नेपालबाट मरेर स्वर्ग हिडेका यात्रीलाई स्वर्गको टिकट वाँड्ने देवताका अफिसहरुमा विभिन्न कारण देखाई अल्मल्याएको प्रसंग उल्लेख गरेर

नेपालका कार्यालयको अवस्था र कर्मचारीहरुको ढिलासुस्ती जस्ता क्रियाकलापलाई व्यङ्गयात्मक प्रस्तुती गरिएको छ । त्यसैगरि नारदले गोप्य रिर्पोडद्धारा स्वर्गमा राखिएको रेकर्डमा यात्री रामचन्द्रको आन्तरिक र बाह्य चरित्रमा भिन्नता देखाएको छ । रामचन्द्र बाहिर देश भक्त, उदार र आदर्श चरित्र भएको तर भित्र भने शोषण व्यभिचार, कालाबजारी जस्ता मनपरि गर्ने मान्छेको चित्रण देखाएको छ । यसरी रामचन्द्र जस्ता आदर्श पुरुषले पनि सोझा जनतामाथि शोषण गर्छन भन्ने कुराको व्यङ्गयात्मक अभिव्यक्ति भएको पाइन्छ । रामचन्द्र जस्तो आर्दश व्यक्ति पनि शोषण, छलकँपट, कालाबजारीमा लागेको हुन्छ भनि हास्यव्यङ्गयात्मक प्रस्तुती गर्नुनै मुख्य उद्देश्य रहेको देखिन्छ ।

## ट) हरेराम ! हरेकृष्ण !

हरेराम हरेकृष्ण हास्यव्यङ्गय संगालो छातीमा नआँटेको कुरा संग्रहको अन्तिम शीर्षक हो । यसमा सामाजिक परिवेशको यथार्थ प्रस्तुती रहेको छ । नेपाली समाजमा हिन्दूहरु परम्परा अनुसार आफ्नो जीवनमा जे जस्तो कार्यहरु शुभकार्य वा कुकार्य नै गरेको भएतापनि जीवनको अन्तिम समयमा हरेराम हरेकृष्ण जप गर्ने प्रचलन रहेको प्रसंग उल्लेख गरिएको छ । निबन्धमा **न्वारानदेखिको बल झिकेर मर्नेको कानमा राम ! राम ! कृष्ण ! कृष्ण ! भन्छन् । मर्नेले सुन्छ की सुन्दैन को नी । बोलौं भने वाक्य नै बसिसकेको हुन्छ । भन्ने प्रसंगको उल्लेख रहेको छ । पश्चिमेली मुलुकहरुको परिष्कृत समयमा हामी नेपाली हिन्दू धर्मको परम्परामा अलमलिएको यथार्थको चित्रण गरिएको छ । उत्पत्ति र विकासको अवस्थालाई लेखकले उल्लेख गरेका छन् । आफैं उब्जिएका भनिन्छ यिनीहरुलाई कुनै जीवजन्तुको सृष्टि भाले र पोथी विना हुदैंन भने यिनीहरु आफैं कसरी उत्पत्ति भएर हिजो आज जस्तै भाले पोथीको 'करामत' लाई शिशिमा राखेर उत्पत्ति गर्नै चलन त थिएन । मलाई त लाग्छ पक्कै पनि कुनै बाईफाले आइमाईले टुकुचामा नानी फ्याले झैं यी 'देउताहरु' पनि कसैबाट 'फ्यालिएका त होइनन्** ? नेपालीहरुको धार्मिक परम्परामा चलिआएको मान्यतालाई कुख्य विषय बनाएर लेखकले **हरेराम ! हरेकृष्ण ! अथवा कुनै पनि देउताको नाम भन्दा गरेको सम्पूर्ण पाप काटिने भए जुनीभरी पापै-पाप गरी सास खुस्किनु भन्दा अघि राम र कृष्ण भने स्वर्ग पाइहालियो । एउटा विचार गरैं स्र्वग र नर्क छ भने कत्रो ठाउँ होला त ? दिनका दिन लाखौं मान्छे मर्छन ती सबै स्वर्गमा बसेका होलान् त** ? भनी प्रश्नावली तयार गरेका छन् । वास्तवमानै भन्ने हो भने लेखकको मनभित्र उब्जिएका प्रश्नावलीहरुको उत्तर पाउन सकिएला जस्तो छैन । लेखकले हरे राम हरेकृष्ण ! को प्रसंगमानै विभिन्न प्रश्नहरु गरी त्यसको यथार्थको चाहना गरेको पाइन्छ । राम कृष्ण जपे झैं दुनिया आवश्यकता भन्दा पूरा हुने भए कस्तो होला । हरेराम-हरेकृष्ण चलचित्रको पनि प्रसंग उल्लेख गरेका छन् । अमेरिकाका हिप्पीहरुले धार्मिक आडमा विभिन्न लागुपर्दाथको सेवन व्यापार र चोरी गर्न नेपाल घुम्ने गरेको प्रसंगलाई पनि लेखकले उल्लेख गरेका छन् ।

हामी नेपालीहरुले परम्परालाई तोड्दै आधुनिकतामा लाग्नु पर्छ । नेपालीहरुले डलर कमाउने खेती गर्नुपर्ने साथै डलर कमाएर बाटो घाटो, कलकारखाना खोल्ने होइन रक्सी भट्टी खोल्न पर्ने भन्दै सरकारले लाइसेन्स भट्टाभट दिइरहेकोमा व्यङ्ग्य प्रहार गर्छन । लेखकले **रक्सी खाने पहिले स्याल थियो भने 'टाइम' दिन शुरु गरेपछि बाघ नै हुन्छ । हामीले गाँजाबाट पैसा कमाएर भट्टीपट्टि लाग्नु धेरै राम्रो हो । अनि हामी मालामाल । खुकुरी, क्याट मात्र होइन खुर्पा, हँसिया, ल्याङ-फ्याङ मार्का भएको पनि बनाउनु पर्छ । प्रशस्त मार्काको रक्सी निस्केपछि गाँजा बेच्ने र खेती गर्न बन्द गरी हिप्पीहरुलाई पनि रक्सी खा सिकाई डलर कमाउने, गल्ली-गल्लीमा हिप्पीहरुको नांगो नाँच हेर्ने, सिनेमा बन्द गर्ने अनि हामीलाई चाहियो के ?स्वर्ग यहीं भइगयो नि । भनि व्यङ्ग्यात्मक प्रस्तुती गरेको पाइन्छ ।** शक्तिशाली राष्ट्र अमेरिकाको हिप्पीहरुले प्रशासनको नांगो नाँच देखाएको प्रसंगलाई उल्लेख गरेका छन् । हिप्पी भियतनाम र कम्बोडियाको युद्धमा जान डराएर हिप्पी बनेको प्रसंगको उल्लेख गरेका छन् । नेपालीहरुको सिको गर्ने बानीले नेपालमा पनि हिप्पी निक्कै भैसकेको कुरा उल्लेख भएको पाइन्छ । किको गर्ने प्रवृतिले नेपालीहरु मूर्ति व्यापार, गाँजा चरेस सेवन साथै व्यापारमा लागिसकेको यथार्थ प्रस्तुती गरेको पाइन्छ । नेपालीहरु हिप्पी हुनु पनि निबन्धकारले प्रगति नै मानेका छन् । अमेरिकाको हिप्पी समुदायको प्रसंग संग-संगै हरेराम हरेकृष्ण ! मा नै विषयवस्तुको समापन भएको छ ।

निबन्धको विषयबस्तु थोरै भएपनि अरु निबन्धहरुको तुलनामा अलिक लामो जस्तो देखिन्छ । संरचनागत दृष्टिमा निबन्ध बाह्र परिच्छेदमा रहेको छ । निबन्धको भाषा सरल र सरस रहेको छ ठाउँ-ठाउँमा हास्यव्यङ्ग्य साथै अंग्रजी शब्दहरुको उपर्युक्त प्रयोग भएको पाइन्छ । निबन्धमा विषयवस्तु अनुरुपको भाषिक प्रयोग साथै स्थानीयता झल्काएको छ । नेपाली समाजको परम्पराको प्रस्तुती संगसंगै पश्चिमी विकसीत मुलुकको हिप्पीहरुको प्रशंग पनि सरल तरिकाबाट प्रस्तुत भएको पाइन्छ ।

'हरेराम हरेकृष्ण' मा नेपाली हिन्दू परम्परामा मर्ने बेलामा भगवानको नाम जप्दा पाप काटि सजिलै स्वर्ग पुगिने धार्मिक विचार अनुसार मान्छेले बाँचुन्जेल नराम्रा काम गर्ने र अन्त्यमा केही दान धर्म गरी पाप काट्ने प्रचलनप्रति व्यङ्ग्य गरिएको छ । निबन्धमा अमेरिकाका हिप्पीहरुले धार्मिक आडमा विभिन्न लागुपदार्थको सेवन व्यापार र चोरी निकासि गर्न नेपाल घुम्ने गर्छन । अमेरिकाको हिप्पीहरुबाट नेपालीहरु पनि प्रभावित भएका छन् । भियतनाम र कम्बोडिया जस्ता मुलुकलाई आतङ्कित र त्रसित पार्न अमेरिका जस्तो शक्तिशाली मुलुकले गरेको प्रयास र नेपालमा आर्थिक सहयोगको नाममा आफ्नो प्रभाव जमाएको कुरा समेत यस रचनामा प्रस्तुत छ । यसरी धार्मिक र राजनैतिक कारणले अविकसित मुलुकको अशिक्षित पछौटेपन प्रति व्यङ्ग्यात्मक अभिव्यक्ति प्रस्तुत भएको छ ।

## ५.४.२. "श्रीमतीले पान खाँदा"

हास्यव्यङ्ग्य सँगालो निबन्धहरु 'श्रीमतीले पान खाँदा' विष्णु नवीनको अप्रकाशित हास्यव्यङ्ग्य संगालो हो । यो संग्रह प्रकाशनको अन्तिम तयारीमा रहेको पाण्डुलिपीको रुपमा प्राप्त भएको छ । यस पाण्डुलिपीको शुरुको पानामा श्रीमतीले पान खाँदा र लेखक विष्णु नवीनको नाम मात्र रहेको छ भने भित्रीभागमा प्रकाशक ........पहिलो पल्ट ......... प्रति, मुद्रक.... मूल्य......(खाली) रहेको छ । त्यसैगरी सर्मपण र धन्यवादको पानापनि खाली नै रहेको छ भने विषयसूचीको पानामा २६ शिर्षकको उल्लेख भएको छ । यस संग्रहमा नै सङ्कलित 'श्रीमतीले पान खाँदा' रचनाको शीर्षकमा संकलनको नामाकरण गरिएको छ । यस संकलनमा २०२१ देखि २०३७ सालसम्मका विभिन्न पत्र पत्रिकामा प्रकाशित हास्यव्यङ्ग्यात्मक निबन्धहरु संकलित छन् । यहाँ यी रचनाहरुको विषयवस्तु शैली र उद्देश्यको सामान्य विवेचना अध्ययन र विश्लेषण गर्दै यस निबनध संग्रहलाई प्रति शीर्षक समेत बनाउने कोसिस गरिएको छ ।

### १) मान्छे भए यस्ता

श्रीमतीले पान खाँदा संगालोको पहिलो शीर्षक मान्छे भए यस्ता हुन् । मान्छे भए यस्ता 'विश्वदीप' वर्ष १ अङ्क ६ २०३७ - विर्तामोड झापामा प्रकाशन भएको उल्लेख छ । यस लेखमा नेपालको सामाजिक र राजनीतिक परिवेशलाई मूख्य विषय बनाएको पाइन्छ । मानिसहरुको जीवन स्तरमा परिवर्तन आएकोले पहिलाको जस्तो अवस्था नरहेको प्रसंगलाई **मान्छेमा विद्रोह पसिसकेको छ आफ्नो असन्तुष्टि पनले आइमाईको पेटमा नानी पसे झैं निसासिइ सकेका छन् । आफ्ना कामहरु नभइ केवल आश्वासन मात्र पाएर । त्यसैले एक दुई जना मान्छे । बोल्छन् ट्याउँ-ट्याउँ अनि लाटाहरु भन्छन् मान्छे बाठा भए बास्तवमा छन् लाटा नै जस्तो पहिले थिए छन् उस्तै नै** भनी उल्लेख गरेका छन । लेखकले यस निबन्धमा यथार्थ परिवेशको विद्रोहात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । निबन्धमा **मूलुकी ऐन भूमिसुधार गाउँफर्क आदि यस्तै कार्यक्रम आउँदा सवै माइक नै फोरौंला झैं गरी कुर्लन्छन् यहाँ हुन्छ त्यहाँ हुन्छ भनी तर दुई चार महिना भाषण गरि सकेपछि शून्यमा शून्य...... हात लाग्यो छाला न गेडा भने झैं सवै ढ्याक्क बस्छन् ।** नेपाली समाजमा रहेको ढिलासुस्ती र भ्रष्टाचार त्यसको परिणाममा अल्झीएको हाम्रो समुदायको यथार्थ चित्रण गरेका छन् । नेताहरुको भाषण, प्रशासकीय काम काजको परम्परा संगसंगै इमान्दारी मानिसको कार्यप्रगति लाई यथार्थ प्रस्तुती गरेका छन् । नेपालमा विकास र सेवा सुविधा उपयोग गर्न गराउन भैरहेको यथार्थलाई व्यङ्ग्यात्मक प्रस्तुतीबाट प्रस्तुत गरेका छन् । जस्तै ..... **पूल बनाउने रकमले गाडी कुदाइन्छ । गरीव विद्यार्थीलाई बाँड्ने रकम स्कूल नपढ्ने विद्यार्थीकोमा ल्याप्चे गराएर हेडमास्टरले खान्छन् । क्याम्पसका गरीब छात्र-छात्रालाई बाड्ने रकमले सरस्वती पूजाको मूर्ति सेलाउने निहुँमा बनभात खाइन्छ । अर्काले गरेको काममा मैले गरेको भनी घोडाको जस्तै नाक पारेर फुलाउँछन् ।**

निबन्धको भाषा सरल र सरस साथै भावानात्मक अभिव्यक्ति प्रस्तुत गर्न सफल रहेको छ । निबन्धको संरचनात्मक आकार छोटो नै भएपनि बाह्र परिच्छेदमा रहेको छ । लेखन शैली सरल हास्यव्ङ्गयको राम्रो प्रस्तुती रहेको साथै कतै कतै स्थानीयता झल्काउने देखिन्छ ।

मान्छे भए यस्ता निबन्धमा विद्रोहात्मक अभिव्यक्ति प्रस्तुत भएको छ । यहाँ नेताका भाषण र आश्वासनले मात्र जनताको आवश्यकता पूर्ति हुँदैन, जनताको सामाजिक स्तरमा परिवर्तन आइसकेको साथै जनताहरु आफैं अगाडी बढ्न लागिरहेको अवस्थाको चित्रण गरिएको छ । विकास कार्यको नाममा बजेट जथाभावी गर्ने र भ्रष्टाचार गर्ने प्रवृतिप्रति तिखो व्यङ्गय गरिएको छ । राष्ट्रको नेता हुँ भनी नेतृत्व तहमा रहेको र राष्ट्रको ढुकुटी दुरुपयोग गर्नेहरुमा हास्यात्मक व्यङ्गय प्रहार गरिएको छ ।

## २) भानु भक्तको जुँघा

भानुभक्तको जुँघा निबन्ध 'भानु' भानुभक्त विशेषांक वर्ष ८, किरण १६,२०२८ असोजमा प्रकाशन भएको उल्लेख छ । निबन्धको शुरुमा नै व्यङ्गयात्मक प्रस्तुती अभिव्यक्ति गरिएको पाइन्छ । जस्तै **भानुभक्तको जुँघा हेर्दा हिजो आजको 'सटायल' र पहिलेको 'स्टायल' मा केही पनि फरक थिएन कि जस्तो लाग्छ । जुँघा मात्र होइन उनको अनुहार पनि खाइलाग्दो छ तर भानुको जस्तो घोप्टे जुँघा भएको मान्छे कपटी हुन्छ भन्ने धारणा गलत भएको छ । किनभने भानुका रचना पढ्दा मान्छे जोकर नै थिए । शंका गर्ने ठाउँ एउटै छ । भानु त्यस्तै थिए कि अर्कै अनुहारका थिए** ? निबन्धमा भानुभक्तको जीवनीका बारेमा गरेको काल्पनिक अभिव्यक्तिप्रति आलोचना गरिएको छ । भानुभक्तको जीवनी काल्पनिक भए पनि आदि कवि भानुभक्त राष्ट्रिय विभूतिमा समेत सूचीकृत भैसकेको हुँदा वास्तविकतामा आधारित खोजपूर्ण जीवनी तयार पार्न नसक्नुमा हाम्रो कम्जोरी रहेको प्रसंगलाई मुख्य विषयवस्तु बनाएको पाइन्छ । निबन्धमा **भानुको जुँघाको 'कटिङ' हेरेर हो कि क्या हो कतिले भानुलाई जातीय कवि भनेका छन् । नेपालीको हैसियतले जातीय कवि त छँदैछन् फेरी किन नामाकरण ? मेरो सानो मगजले सोचेन । हाम्राले त भने भने सातुवंशीहरुले पनि जातीय कवि नै भन्नु पर्थ्यो भनी विराटनगरमा भाषण दिए । सूर्य विक्रम ज्ञावालीको सम्पादनमा निस्किएको भानुभक्त स्मारक ग्रन्थ हो सम्पादक लगायतको विभिन्न सम्मति असम्मति लेखको धेरै ठाउँमा जातीय कवि भनेको पाइन्छ** भन्ने उल्लेख गरी भानुभक्तको वास्तविकता माथि प्रश्न चिन्ह खडा गर्छन । निबन्धको अन्त्यमा भानुभक्तको वास्तविकता पहिचान गर्न गहिरो अध्ययन अनुसन्धान गर्नु पर्ने आवश्यकता औंल्या एका छन् ।

निबन्ध कुनै भानुभक्तको व्यक्तित्व र जीवनीको बारेमा भए पनि शीर्षक भानुभक्तको जुँघा रहेको छ । यस निबन्धमा भाषा शैली सरल र सरस नै रहेको पाइन्छ । निबन्धमा विषयवस्तु अनुसारको शैली प्रयोग भएका छन् । निबन्धको निवन्धात्मक

शैलीमा हास्याका साथ-साथै व्यङ्गयात्मकताको राम्रो प्रयोग भएको पाइन्छ । जुँघाको प्रसंगलाई कतै हास्यात्मक रुपमा प्रयोग गरिएको छ भने कतै व्यङ्गयात्मक प्रस्तुती गरिएको पाइन्छ । संरचनागत दृष्टिमा हेर्दा निबन्ध छोटो भएपनि बाह्र अनुच्छेदमा रहेको पाइन्छ ।

भानुभक्तको जुँघा निबन्ध भानुभक्तको जीवनीका बारेमा गरेको काल्पनिक अभिव्यक्तिप्रति आलोचना गरिएको छ । भानुभक्तको जुँघालाई मुख्य विषयवस्तु बनाएर हास्यात्मक साथसाथै व्यङ्गयात्मक अभिव्यक्त प्रस्तुत गरेका छन् । आर्दश पुरुषको रुपमा परिचित भए पनि भानुभक्तको जुँघा हेर्दा घोप्टेजुँघा भएको व्यक्तिमा कप्टीपना हुने भन्दै हास्य व्यङ्गयको प्रसँग उल्लेख गरिएको पाइन्छ । यसै गरी भानुभक्तको जीवनीमा देखापरेको किंवदन्तिलाई आधार मान्ने प्रवृतिको आलोचना गरी वास्तविकतामा आधारित खोजपूर्ण जीवनी लेख्नुपर्ने कुरामा जोड दिइएको छ ।

## ३) चिनी र नेता

चिनी र नेता विष्णु नवीनको श्रीमतीले पान खाँदा हास्यव्ङ्गय संगालोको तेस्रो निबन्ध हो । चिनी र नेता शीर्षक निबन्ध 'विवेचना' वर्ष १, अङ्क ८ असार २०३० चन्द्रगढी झापामा प्रकाशन भएको उल्लेख गरिएको छ । यस चिनी र नेता शीर्षक निबन्धमा नेपाली समाजको सामाजिक परिवेशलाई नै विषयवस्तु बनाएको पाइन्छ । चिनी बजारमा नभएको प्रसंगलाई निबन्धको शुरुमा उल्लेख गरिएको छ । निबन्धमा **निकै दिनदेखि चिनी बजारमा छैन । हिजो घरमा मात्र होइन कान्छी होटलमा पनि फिका चिया मानै भर पर्नु पऱ्यो । कतै ब्ल्याक गरेको चिनी छ कि भनेको रहेन रहेछ । चिनी खाने मान्छेको यस्तो आदत छ पेटमा शयवटा जुका होस् तर चिनी खानै पर्छ ।** भन्ने प्रस्तुती उल्लेख गरी नेपाली परिवेशलाई प्रस्तुत गरेको पाइन्छ । बजारमा चिनीको अभाव रहेको प्रसंगले हाम्रो बजारमा उपभोग्य वस्तु पूर्ती हुन नसकेको त्यसमा पनि व्ल्याक गर्ने प्रचलनको उल्लेख भएको छ । कुनै चिज वस्तुको आदत बसीसकेपछि उपयोग गर्ने अनिवार्य जस्तै रहनेको हाम्रो बानीको हास्यव्यङ्गयात्मक प्रस्तुती रहेको छ । हामी नेपालीहरु आफ्नो जीवनचर्या जे जस्तो भएपनि बाहिर हाउभाउ रवाफ गर्ने प्रचलनप्रति व्यङ्गय प्रस्तुत गरेको पाइन्छ । अर्को तर्फ साधारण तहकै नेता भएपनि नेतृत्व तहमा पुगीसकेपछि खोक्रो आदर्शता प्रस्तुत गरेको प्रसंगलाई **हाम्रा नेताहरु सकभर घरमा भात खान नपरोस भन्छन् खाँदैनन् पनि । एक त घर जान अल्छी लाग्यो, गएर को फेरी आउने भनी बार हाल्छन्, अर्कोतिर कहाँ 'चियापान' र 'बफे' छ भनी क्यालेण्डर बनाएर घरमा झुण्ड्याउँछन् ।** भनी व्यङ्गय प्रस्तुत गर्दछन् । हाम्रो गाउँ समाजमा भएको नेताको चरित्रलाई लेखकले हास्यव्यङ्गयात्मक प्रस्तुतीद्वारा नेतामा हुने गुण अवगुणलाई प्रष्ट देखाउने कोशिस गरिएको छ । नेता र चिनीको प्रसंगलाई "चिनी र नेताको सम्बन्ध मीठो भाषण र गुलियो मात्र होइन जम्मै सम्बन्ध छ । केही चिस्यानी ठाउँमा उखु हुन्छ त्यस्तै नेता भएपछि हिउँ जस्तै चिसो हुन्छन्" । भन्ने वाक्याशं उल्लेख

गरी हास्यव्यङ्ग्यको प्रस्तुती गरेका छन् । त्यस्तै चामलको बोरामा चिनी बाहीर गएको खवर पढेको प्रसंग उल्लेख गर्दै हाम्रो नेताको गुलियो भाषण बाहिर पठाउन सके देशलाई निकै आम्दानी हुन्थ्यो भन्ने व्यङ्ग्यको प्रस्तुती गरेका छन् । हाम्रो बजारमा चिनी सहिएतापनि नेताहरु नसकिएको नेताको भाषणको स्टक सकिएको छैन भन्ने प्रसंग उल्लेख गर्दै 'नेता सकिए भाषण सकियो, भाषण सकिए नेता सकियो' भनेर जान्नु भाषण सुन्ने आदत वसाउनुपर्छ । नशाको अम्मल झैं भाषण सुन्ने लत बसाउनुपर्छ भन्ने अभिव्यक्ति प्रस्तुत गर्दछन् ।

निबन्धको विषय प्रस्तुति अन्य निबन्धभन्दा केही लामो रहेको छ । भाषा शैली सरल र सरस छ संरचनागत रुपमा चिनी र नेता पन्ध्र अनुच्छेदमा रहेको छ । निबन्धको निबन्धात्मक शैली हास्यात्मक साथसाथै व्यङ्ग्यात्मक रहेको पाइन्छ । कुनै कुनै वाक्य प्रयोग शब्द संयोजनमा केही फरक रहे तापनि व्यङ्ग्यात्मक रहेको पाइन्छ । भने कुनै वाक्यमा **'भाले नेता भए पनि, पोथी नेता भए पनि भाषणमा चिनी हालेकै हुन्छ । चिनी हालेको भाषण सुनेपछि किन चिया खानु पर्‍यो र भाषणले नै अघाइन्छ मैले त एक वर्ष भो भाषण खाएरै सन्तोष गरेको छु । कुनै पनि वेदमा भातै खानुपर्छ भनी लेखेको छैन** भन्ने हास्यव्यङ्ग्यको संयोजन भएको पाइन्छ । यस निबन्धमा चिनी र नेतालाई संगसंगै विषयवस्तु बनाएर प्रस्तुत गरेको पाइन्छ ।

चिनी र नेतामा कुनै एउटा नेताको व्यक्तित्वलाई व्यङ्ग्य गर्दै नेताको भाषण र व्यवहारमा पाइने भिन्नता साथै चिनीमा हुने गुलियो पना र बजारमा भएको अभावलाई एकैसाथ देखाएर चिनीको स्वादले जस्तै भाषण र आश्वासनले जनता अल्मल्याउने प्रवृतिप्रति व्यङ्ग्यात्मक आलोचना गरिएको छ ।

निबन्धको अन्त्यमा **'चिनी र नेताको यस्तै सम्बन्ध छ चिनी नपाए भाषण खानोस भाषण नपाए चिनी खानोस् आखिर गुलियो खाने व्यक्ति त मरेन गुलियोबाट यसैमा सबैको भलाई छ । कता हो कोनी कोबाट चिनी आउँदैछ रे त्यो ल्याइरहन परेन । चिनी नभए भाषण भाषण नभए चिनी एक थोक त पाइन्छ । जसरी भए पनि मुख त गुलियै हुन्छ अमिलो हुँदैन । आजसम्म चिनी किन्न पर्छ भाषण किन्न पर्दैन तसर्थ नेताज्यूको भाषण नै खान वेश पर्छ निशुल्क पाइने । मेरो त यस्तै विचार छ र यस्तैमा बाँचेको छु । तपाईंहरुको के विचार छ समय सालमा जान्न पाइरहे धेरै गण हुनेथ्यो । म प्रतीक्ष गर्दछु । चिनी जस्तै भाषण सुन्न हतार छ म जान पनि पर्‍यो ।** भनि हाँस्यव्ङ्ग्य अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

## ४) एक-एक घ्याम्पा धन्यवाद !

एक-एक घ्याम्पा धन्यवाद ! श्रीमतीले पान खाँदा हास्यव्यङ्ग्य संगालोको चौथो शिर्षक हो । 'सौगात' इलाम वर्ष ४, अङ्क ११ -२०२६ भदौमा एक-एक घ्याम्पा धन्यवाद ! प्रकाशन भएको उल्लेख भएको छ । यस निबन्धमा सासूआमा र छोरी ज्वाईंलाई सामाजिक परिवेशमा मुख्य विषय वस्तुको रुपमा प्रस्तुत गरिएको छ । समय र

परिस्थिति अनुसार हरेक क्रियाकलापमा परिवर्तन आउन सक्छ जस्तै निबन्धमा भनिएको छ **शोषकको छोरा मन्त्री हुनसक्छ, शोषकपन एकछिन फ्यालेर । भटमास बेच्नेको छोरा प्रोफेसर हुन सक्छ बाबुबाजेको पेशालाई नाक खुम्च्याएर तर बुहारी सासू भएर सासूको बेहोरा छोड्दैन नै । सासू भएपनि उसको 'प्रमोशन' पनि भयो अर्को जन्म पनि पाई तर बेहोर छुटेको विरतै पाइएको् छ ।** माथि उल्लेखित वाक्याशं हेर्दा जे जति परिवर्तन भएपनि कतिपय वास्तविकतामा आधुनिकता देखिए पनि नाम मात्रको कृतिमता पाइन्छ । भन्ने विषयवस्तुको प्रस्तुती रहेको देखिन्छ । निबन्धमा समय सापेक्षतामा परिवर्तन र परिष्कार भएतापनि कुरीति र कुसंस्कारमा अलमलिन बाध्य भएको प्रसंगलाई अगाडी बढाएको पाइन्छ । जस्तै 'चराको बोली नबुझेपनि स्वर मिठो हुन्छ' । पहिलेको समयमा वास्तविकतामा जोड दिइन्थ्यो भने अहिलेको समयमा कृत्रिमतामा जोड गरिन्छ जस्तै **'उहिले खानमा बल गरिन्थ्यो भने अव लाउनमा अर्थात् अन्नमा भन्दा सन्नमा बल गर्नुपर्छ' । लाएर भन्दा खाएर शरीर बलियो बन्छ तर घरमा 'लोमुते' झोल खाएपनि पेटभित्रको देख्ने कोही छैनन् त्यसैले बाहिर रवाफ गर्नै पर्छ । मैले घरमा यस्तो खाए भनी धाक लगाए मान्छे हास्छन् स्थान मिल्दैन कता वरु भए भरका सिल्भरको थाल, कोपरा बेचेर भए पनि सूट र टाई कसे इज्जत गर्छन ।** भनी हास्यव्यङ्ग्यको प्रस्तुती गरेका छन । हामी पनि कुनै काम विषयबस्तु र प्रसंग नबुझि शुरु गर्छौं र अन्त्यमा उपलब्धिपूर्ण नहुन सक्छ ।

निबन्ध शीर्षक र विषयबस्तु केही फरक रहे तापनि निबन्धात्मक शैली हास्यव्यङ्ग्यात्मक रहेको पाइन्छ । निबन्धको भाषाशैली सरल र सरस पाइन्छ । निबन्ध सरसरती हेर्खा स्थानीय भाषा वा बोलचालकै भाषा प्रयोग गरेको पाइन्छ । निबन्धकारले समय र परिवर्तनका प्रगतिलाई सीलसीलावद्धरुपमा अगाडी बढाएको पाइन्छ । जस्तै ....... जति समय बित्दै जान्छ उति नयाँ कुरो आउँछ । नयाँनयाँ नै हो । हुन त आजका पींढीका लुगाफाटो, खानेकुरा देखेरपछि आउने पींढीले खिसी गर्लान हामी गर्दछौं बुढाबुढीहरुलाई देखेर । उहिले त पानी धेरै पर्थ्यो, जंगल बेसी भएकाले चिसो हुन्थ्यो, सर्दी लाग्थ्यो र फेटा पटुका बाँध्नु पर्थ्यो अब त घामै घाम त किन बाँधेका होला भन्छौं र जंगल मासेर नाश परिसक्यौं ।

एक-एक घ्याम्पा धन्यवाद ! शीर्षक निबन्धमा सामाजिक परिवेशको यथार्थ चित्रण प्रस्तुत गर्दै परिवर्तित समाजप्रति तिखो हास्यव्यङ्ग्य प्रस्तुत गरेका छन् । निबन्धमा मान्छेको लवाई-खुवाईमा वास्तविकता वा स्वाभाविकता भन्दा भिन्न आधुनिकताका नाममा कृत्रिमता साथै देखावटीपन आएकोमा व्यङ्ग्य गरिएको छ। कुनै पनि विषय वा कार्य प्रगतिको नाममा कुसंस्कार साथै विकृति बढिरहेको वास्तविकतालई भुलिरहेका प्रति तीखो व्यङ्ग्य गरिएको छ ।

## ५) स्यालमा राल काढ्दा

'अर्पण' गाईजात्रा २०२६ वर्ष ५, अङ्क ४ काठमाडौंमा प्रकाशन भएको स्यालमा राल काढ्दा शीर्षक निबन्ध श्रीमतीले पान खाँदा हास्यव्यङ्ग्य संगालोको पाँचौं शीर्षक हो

। निबधमा गाउँघरको सामाजिक परिवेशलाई नै मुख्य विषयवस्तु बनाएको पाइन्छ । इलाममा स्याल मासिएको प्रसंगलाई अगाडी बढाउँदै लेखकले निबन्धमा स्यालको चलाखपनको वर्णन गरेका छन् । निबन्धमा **तपाईंले स्यालको मासु खानु भएको छैन होला मासु ज्यादै मीठो हुन्छ । टी.वी लाग्नेले यो खाए चट्ट निको हुन्छ भन्छन् । सानोमा मैंले एउटा फिला एक महिना लगाएर खाएको छ । मासु खाएपछि जुनसुकै जन्तुको पनि खान हुन्छ नै । काठमाण्डौंको गल्लीको गुहु र मूत गन्हाएर तपाईंको छात्ती खोक्रो भएको होला यो साल त स्याल पाइएन अर्को वर्ष गाइजात्राको शुभ अवसरमा हवाईमार्ग द्वारा सिंगै स्याल सिकुटी बनाएर पठाइदिने छु** । यसरी नै स्यालको प्रसंगलाई हास्यव्यङ्गयात्मक रुपमा प्रस्तुत गरेका छन् । लेखकले पशुहरु मध्ये स्याल महत्वपूर्ण भएको बताउँदै गाउँ फर्केका कर्मचारीहरुप्रति व्यङ्गय प्रहार गरेका छन् , गाउँ फर्केका नेता तथा कर्मचारी प्रति व्यङ्गय गर्दै घर घर गएर पञ्चायतको सिफारीस गराउने प्रति व्यङ्गय गरिएको छ । स्याल जस्तो बाठो र छट्टु जनवारको संरक्षण गर्नुपर्छ । नेपाल कृषिप्रधान देश हो जनवारहरुको संरक्षण गरेर पशुप्रधान देश बनाउनुपर्छ भनी नेता र कर्मचारी वर्गप्रति व्यङ्गय गरेका छन् । स्याँल संगसंगै भारतीयहरु पनि छिटो रहेको प्रसंगलाई उल्लेख गरिएको छ । भारतीयहरुको चलाख्याईंपनले गर्दा अंग्रेजहरुले भारतमा शासन गरेको प्रसंगलाई व्यङ्गयात्मक रुपमा प्रस्तुत गरेका छन् । यस निबन्धमा नेपालको सामाजिक एवं राजनीतिक परिवेशलाई नै मुख्य विषयवस्तु बनाएको पाइन्छ । यहाँ नेपालको राजनीतिक जोड घटाऊलाई पनि थोरै उल्लेख गर्ने कोशीस भएको देखिन्छ ।

स्यालमा राल काढ्दा निबन्धमा विषयवस्तुको छोटो प्रस्तुति संगसंगै सरल भाषा शैलीको प्रयोग भएको पाइन्छ । संरचनागत दृष्टिमा मायालु शाक्यज्यूलाई सम्बोदन गरी नवौं अनुच्छेदमा समापन गरिएको छ । यस विबन्धमा हास्यव्यङ्गयको बढी प्रसंग रहेको पाइन्छ । विषयवस्तु अनुरुपको भाषिक प्रयोग साथै स्थानीय भाषाको प्रयोग भएको पाइन्छ ।

'स्यालमा राल काढ्दा' निबन्धमा शाक्या उपनाम भएको सम्पादक र पञ्चायतका गाउँ फर्केका नेता तथा कर्मचारी माथि व्यङ्गय गरिएको छ । निबन्धमा स्याललाई चर्तुयाईं जनावरको रुपमा प्रस्तुत गरिएतापनि अन्त्यमा भारत जस्तो विकसित राष्ट्र पनि अंग्रेजको शासनमा रहनु परेको प्रसंग उल्लेख गरी व्यङ्गय प्रहार गरेको पाइन्छ ।

## ६) भूँडी कम्पनी

'सिद्धार्थ' भद्रपुर, वर्ष अङ्क १६ भदौ १/२०३० मा भूँडी कम्पनी शिर्षक निबन्ध प्रकाशन भएको पाइन्छ । भूँडी कम्पनी विष्णु नवीनको श्रीमतीले पान खाँदा हाँस्यव्यङ्गय संगालोको छैठौं शीर्षक हो । यस निबन्धमा नेपाली समाजको आर्थिक असमानतालाई मुख्य विषयवस्तु बनाएको पाइन्छ । निबन्धमा मधेशतिर हेर्नुपर्छ अनिकालमा ढिकी लडे झैं दुई ईंचीको धरो बाँधी माटोले खाएका मुढा झैं घाममा पल्टन्छन् मजदुर किसानहरु उता सिमेन्ट वङ्गलाकाहरु कोशीमा मखमलको कात्रो भिरेर एकछिन भएपनि पल्टन्छन् अर्काथरी । मूढामाथि लड्नेको जीउ सानो र पेट आङमा गएर टासिएका छन् ।भने

कौशीमा लड्नेको जीउ सानो र पेट, पेट बोकेकी आइमाइको जत्रै छ । भन्ने प्रसंगमा भूँडीको उल्लेख गरेका छन् । लेखकले ठूलो भूँडी हुनेहरुलाई हाँस्यव्यङ्गयात्मक प्रस्तुतिमा अगाडी बढाएको पाइन्छ । मजदुरको पेट कामले खाएर भाटा जस्तो देखिएको र पैसावालको ठूलो पेट त्यो मजदूरको रगत र पसीना खाएर बढेको भनी व्यङ्गय गरिएको छ । लेखकले हाम्रो पेट बेलुन जस्तै छ कसैको पेटमा आठदशवटा नानी अँटेका छन्, कसैको पेटमा दुईपाथी चामलको भात, कसैको पेटमा एक घ्याम्पा जाँड अँट्छ भने कसैको पेटमा एक पोङ रक्सी । भन्ने अभिव्यक्तिबाट हाम्रो समाजको आर्थिक असमानतालाई हास्यव्यङ्गयात्मक रुपमा प्रस्तुत गरेका छन् । समाजमा सन्तुलन नभए विकसित समाज बन्न सक्दैन भन्ने प्रसंगलाई निबन्धमा पेटभित्र सन्तुलन नभए गडबड हुन्छ भित्र लहरा निकै गाँसिएको छ । डाईविटीज जस्तो प्रचलित रोगदेखि क्यान्सर पनि हुन्छ । खाएकै चीजबाट रोग हुन्छ । खाएको पेटमा नै रहन्छ अनि पचेपछि सबैतिर बाँडिन्छ । मरि मरि काम गर्नु पनि पेटकै लागि, चुपचाप लागेर सुत्नुपनि पेटकै लागि । पेट नभए मान्छे बेवारिसे लास जस्तै चुपचाप बस्थ्यो । कसैको झ्याईं-झ्याईं पर्नुपीर पर्‍यो ज्यानलाई गर्नु गर्‍यो पेटले । भनी हाँस्यव्यङ्गयात्मक प्रस्तुति व्यक्त गरेका छन् ।

निबन्धको विषयवस्तुको प्रस्तुती छोटै भएपनि निबन्धात्मक ढाँचा छोटो रहेको छ । विषयवस्तु अनुसार छोटो हाँस्यव्यङ्गयात्मक शैली रहेका छन् । संरचनागत रुपमा निबन्धमा एघार अनुच्छेद रहेका छन् । भूँडी कम्पनी निबन्धमा सरलता हाँस्यात्मकता साथै व्यङ्गयात्मकता पाइन्छ । निबन्धमा स्थानीय भाषा र शब्दरुको संयोजन भएको पाइन्छ ।

'भूँडी कम्पनी'निबन्धमा पेटले गर्दा नै मानवीय जीवनजगत सक्रिय रहेको छ । भन्ने कुराको अभिव्यक्त हास्यव्यङ्गयात्मक रुपमा प्रस्तुत भएको छ । निबन्ध सरसरती अध्ययन गर्दा हाम्रो शरीरको एक वित्ताको पेटकै लागि सारा समय लगाएर कमाएर पेट भर्ने गर्छौं भने केहीले सजिलै आर्जन गरेर पेट भर्ने गर्छन् भन्ने प्रसंगलाई हाँस्यव्यङ्गयात्मक रुपमा प्रस्तुत गरेका छन् । आर्थिक कारण नै पेटको बृद्धि वा उन्नति र अवन्नति हुन्छ । लेखकले पसिना बगाएर खानेको पेट सानो हुन्छ भने पसिना र रगत खानेको पेट ठूलो हुन्छ भन्ने प्रसंगबाट समाजको आर्थिक असमानतालाई हाँस्यव्यङ्गयात्मक रुपमा प्रस्तुत गरेका छन् ।

## ७) मान्छे बन्ने डोजहरु

मान्छे बन्ने डोजहरु 'युगज्ञान' भद्रपुर पर्ष ३, अङ्क ५१ भदौ २०४९ मा प्रकाशन भएको उल्लेख भएको छ । श्रीमतीले पान खाँदा हास्यव्यङ्गय संगालोको सातौं शीर्षकमा मान्छे बन्ने डोजहरु रहेका छन । निबन्धको शुरुमा नै "मान्छेलाई बेलामौकामा सुझाव दिएन भने बिग्रन्छ" भन्ने वाक्यबाट शुरुभएको छ । लेखकले मन्त्री, मन्त्रालय साहावहरुको उल्लेख गरेर नेपालको प्रशासन र प्रशासकीय मन्त्री र कर्मचारीहरुलाई मुख्य विषयवस्तु बनाएको देखिन्छ । कर्मचारीहरु प्रशासकीय कामकाजमा तल्लो तहका

कर्मचारीहरुलाई काम लगाएर अर्तीदिएर हाई काड्खै पैसाको थुप्रो देखेको प्रसंगलाई प्रस्तुत गरिएको छ । निबन्धमा जनताहरु जे गरेपनि आर्थिक अभावमा परेर पछाडी परिरहेका छन् । खान लाउनको अवस्था नाजुक छ तर नेता र नेताको अरौटे भरौटेहरुलाई जे गरेपनि पुगीरहेको यथार्थ प्रस्तुत गरेका छन् । लेखकले निबन्धमा म नेता, मन्त्री साहाव, भलाद्मी, हाकिम आदि केही नभएपनि तपाईंहर जस्तै एउटा मान्छे हुँ । मैले भाषण गर्न नजाने पनि कपुरु 'क' देखि ज्ञावली 'ज्ञ' सम्म लेख्न जानेकोले लिखित रुपमा घरायसी बाटो हिड्दा मर्दापर्दा चाहिने उपदेशदिने विचार गरेको छु । यी उपदेशहरु हेरेर पढेर मनको भित्र राखेर यसै अनुसार चल्नुभयो भने भोली सबै तपाईहरु आदर्श नागरिक बन्नु हुनेछ । हाम्रो देश र प्रगति देखेर अरु देशले कुकुरले जस्तै ङिच्च दाँत देखाउने छन् । यसमा कुनै शंका छैन र मान्छे बन्ने डोजहरु यी हुन् :-बुँदागत रुपमा 'क' देखि 'ठ' सम्म हाम्रो नेपाली समाज र नेपालको प्रशासकीय निकायहरुमा हुने गरेका छन् । जस्तै (ख) तपाईं हाकिम भएपनि मंत्री साहाव जे भए पनि १२ बजे कार्यालय पुग्नोस २ बजे घर जानोस । अरु ढिलो आए स्पष्टीकरण माग्नोस । अरु कुनै कार्यालय तपाईंको मातहतमा भए साटो फेर्नु परेको भए तुरुन्त फेर्नोस् । राजनीतिमा खुलेआम भाग लिनोहास । मुनिका कर्मचारीले लिए कारबाई गर्नोस जनताको काममा झुक्याउने प्रवृति नछोड्नुस । निबन्धकारले यसरी विभिन्न १२ वटा डोजहरु उल्लेख गरी हाम्रो समाजमा हुनेगरेका सम्पूर्ण गतिविधिहरुले गर्दा हामी पछी परेको प्रशंगलाई हास्य साथ साथै व्यङ्ग्यात्मक रुपमा प्रस्तुत गरेका छन ।

मान्छे बन्ने डोजहरु शीर्षक निबन्ध संरचनागत रुपमा केही फरक रहेको छ । निबन्ध लेखनेक्रममा चौथौ अनुच्छेद पछि क ख गर्दै ठ बुदा सम्म बुदागत रुपमा रहेको पाइन्छ । लेखकले मान्छे बन्ने डोजहरु क देखि ठ सम्म हास्यव्यङ्ग्यात्मक रुपमा उल्लेख गरेका छन् । निबन्धको भाषा सरल र सरस रहेको पाइन्छ भने ठाउँ-ठाउँमा स्थानीय बोली चालीको भाषालाई सरल रुपमा प्रस्तुत गरेका छन् । निबन्धमा हामीमा अपूर्ण भएको विषय वस्तु वा कमजोरी पक्षलाई शीलसीलाबद्ध रुपमा प्रस्तुत गरेका छन् । मान्छे बन्ने डोजहरुनिबन्धले पाठकहरुलाई मनोरञ्जन दिलाउनका साथै मानवीय क्रियाकलाप हरुको सूक्ष्म चित्रण गरेका छन् ।

लेखकले नेपाली नेता र कर्मचारीहरुले प्रशासनिक कार्यहरुमा गर्ने ढिलासुस्ति र मनपरी प्रति विद्रोहात्मक व्यङ्ग्य गरिएको छ । मान्छे बन्ने ठडोजहरु शीर्षक निबन्धले पाठकहरु लाई मनोरञ्जन प्रदान गर्नु संग संगै नेपाली नेता र प्रशासकीय काम कारबाही मा देखिएको कुसंस्कार र कुरीतिको विद्रोहात्मक व्यङ्ग्य गरिएको छ ।

## ८) कोनि कस्तो गन्थन !

कोनि कस्तो गन्थन 'नवज्योति' भद्रपूर वर्ष १ अङ्क १ २०३७ मा प्रकाशन भएको उल्लेख गरिएको छ । निबन्धमा लेखकले सामाजिक परिवेशको यथार्थ लाई नै विषयवस्तु बनाएको छ । हाम्रो परम्परागत अन्धविश्वासलाई व्यङ्ग्य प्रहार गर्दै निबन्धमा बोक्सी र धामी झाँक्रीको प्रसंगलाई अगाडी बढाएको पाइन्छ । कोनि कस्तो गन्थनमा लेखकले

बोक्सी त्यसपछि धामी झाँक्रीको प्रसंगमा यी धामी झाँक्री पनि कम छैनन् । ठ्वाकको भरमा झारफूक देखि ढ्याङ्ग्रो सम्म ठोक्छन् । थाल फूट्ने गरेर बजाउँछन् झर्के थाल फुटेमा त्यसको फादरको के जान्छ । कुखुराको पुष्पलाई बीसचोटी हल्लाएर फूटाइ प्लेट बटुकोमा फूलको गुदी राखी रानीमा लागेको एउटा सानो विन्दु देखाएर यहाँ यस्तो रोग रहेछ बोक्सीले यस्तरी चुस्तरी चुस्दैछ भनेर देखाई विरामीलाई छक्क बनाउँछन् । दुम्सीको काँडाले आँखा फोर्छु बोक्सीको भनी काँडा फ्याल्न तयार भए जस्तो गर्छन काँडा फ्याल्ने भने होइनन् । काँडा फ्याल्दा नउडोस् न केही होस । एकछिन पछि बोक्सीले माफी मागी भनेर फुरुङ्ग पारी काँडा फेरी थालमै राख्दछन् माफी दिएको उपलक्ष्यमा एक ट्वाक बजाउँछन् । विरामीलाई मर्ने बेलामा अस्पताल लैजाउ भन्छन् । विरामी अस्पताल पुऱ्याइन्छ ।अन्तिम अवस्थामा पुगेको विरामीलाई औषधीले काम गर्दैन विरामी अकालमा नै मर्छ । तिमेरको अस्पतालले खोइ के नाप्यो? भनी भन्छन् । परम्परागत अन्धविश्वासप्रति व्यङ्ग गर्दछन् । नेपाली समाज अगाडी बढ्नु पर्ने तर हाम्रो समाज पछाडी नै रहेको छ । परम्परागत अन्धविश्वास भन्ने गरेतापनि त्यसमानै विश्वस्त नभई अगाडी बढ्न नसकेको आजको पनि यथार्थ हो । हाम्रो नेता मन्त्रीहरु भाषण गर्नमा अभ्यास्त रहेको छ । विदेशी सहायता करोडौं रुपियाको आएतापनि धेरै उनीहरुमा नै खर्च भएको र थोरै रुपयाले हाम्रो मन्त्रालयमा प्लान र प्रोग्राम बनाउँदा सकिएको यथार्थ प्रस्तुति गरिएको छ । लेखकले तरुनीको प्रसंग उल्लेख गरी उनलाई मनभित्र उत्मन्न भएको तृष्णालाई दवाउन कठिन भएको देखिन्छ । तरुनीलाई नानीको आम रहेको देखाउँदै आफ्नो मनोभावनालाई अर्को तर्फ मोडेको छ । विद्यालयमा तरुनी भै सकेको विद्यार्थीहरु प्रति शिक्षकहरुको दृष्टि नकरात्मक देखिएको प्रसंगलाई उल्लेख गर्दै अयोग्य र घमण्डी मास्टरहरु पनि माथिल्लो ओहदामा पुगेर आफ्नो रवाफ देखाउन सक्छ भन्दै त्यसप्रति व्यङ्गय प्रस्तुत गरिएको छ ।

निबन्धको विषयवस्तु छोटो रहेको छ । संरचतागत दृष्टिमा नौ अनुच्छेद रहेको छ । भाषा शैली सरल निबन्धात्मक शैली हास्यात्मक साथै व्यङ्गयात्मक रहेको पाइन्छ । निबन्धमा स्थानीय भाषा प्रयोग संगसंगै सन्दर्भ अनुसार अंग्रेजी शब्दहरुको प्रयोग भएको पाइन्छ । कोनि कस्तो गन्थन निबन्धमा मनोरञ्जनात्मक प्रस्तुतीमा हाम्रो ग्रामीण समाजको चित्रण गरिएको छ ।

कोनि कस्तो गन्थनमा लेखकको अन्तर हृदयबाट आफ्नो दृष्टिहरु लाई चित्रण गर्ने कार्य भएको देखिन्छ । लेखकले ग्रामिण परिवेशको यथार्थ चित्रण गर्दे कुरीति र कुसंस्कारप्रति तीखो व्यङ्गय गरेका छन् ।

## ९) श्रीमतीले पान खाँदा

'नेपाल सन्देश' पटना २०२३ वर्ष १३, अङ्क २३ मा श्रीमतीले पान खाँदा प्रकाशन भएको उल्लेख छ । यसै शीर्षकको नामबाट यस संग्रहको नाम श्रीमतीले पान खाँदा रहेको छ । यस निबन्धमा नेपाली परम्परागत संस्कृतिलाई मुख्य विषय बनाएको पाइन्छ । श्रीमतिले पान खाँदा शीर्षक निबन्धमा नारीहरु रजस्वता भएका अवस्थालई पान

खाएको संज्ञादिएको छ । निबन्धमा यो कलियुगमा अरुको त पान खाए पनि गर्ने भन्ने घरभरि छन् आफ्नो त कोही छैन । भनी नारीको अनुपस्थितिमा सम्पूर्ण कामकाज आफैंले गर्नु परेको प्रसंगलाई उल्लेख गरिएको छ । लेखकले हाम्रो समाजमा नारीहरु रजस्वला भएको समयमा छुवा छुत निषेध गरिएको प्रसंगलाई हाँस्यव्यङ्गयात्मक तरिकाबाट यथार्थ प्रस्तुत गरिएको छ । हाम्रो सामाजिक चालचलन अनुसार महिलाहरु रजस्वता हुँदा घरभित्रको सम्पूर्ण काम पुरुषहरुले गर्नुपर्ने नारीहरु घरबाहिरको काम मात्र गर्ने र नारीहरुले गर्ने घरको काम पुरुषले गर्दा ज्यादै कठिनाई भएको उल्लेख गरिएको छ । हाम्रो नेपाली हिन्दू समाजमा नारीलाई दास बनाएर रात दिन काम लगाएको त्यसमा पुरुषहरुले गोडा मोल्न सम्म लगाएको र रजस्वता हुदा केहीदिन कामधन्दा गर्दा ज्यादै गाऱ्हो मानिएको प्रसंग उल्लेख छ । लेखक श्रीमती रजस्वला भएको समयमा अर्को विहे गर्ने परिकल्पना गर्छ । लेखकको मनमा दोस्रा विहे पछिको विविध द्वन्द्व अन्तर द्वन्द्व उत्पन्न हुन्छ । निबन्धमा श्रीमतीले पान खाएको प्रसंगलाई ईश्वरको श्रृष्टि पनि कस्तो कस्तो रहेको भनी अन्तर संवाद गरिएको छ । परम्परागत संस्कृतिमा पहिलेभन्दा केही फरक भएको प्रसंगलाई लेखकले पान खाएको नारीहरु आफन्तसंग हातेमालो गरी मिटिङ, वैठक, सिनेमा तिर धाइरहेको उल्लेख गरिएको छ । निबन्धमा नारी घरको एउटा जिम्मेवार सदस्य हो । नारीहरुले नै घरको सम्पूर्ण व्यवस्था मिलाउने कार्य गर्दछ । घरभित्रको खाना पकाउने देखि सम्पूर्ण राखन धरन नारीहरुले नै गर्छ । पुरुषहरुले नारीले गर्ने कामहरु केही समय गरेपनि दिगोरुपमा गर्न नसकेको यथार्थ प्रस्तुत गरेका छन् ।

निबन्धको विषयवस्तु छोटो तथा सानो भए पनि एघार अनुच्छेद रहेको छ । भाषा शैली सरल हास्य व्यङ्गयात्मक रहेको छ । सामाजिक परम्परालाई मुख्य विषय बनाएकोले स्थानीय भाषा शैलीको प्रयोग भएको पाइन्छ ।

श्रीमतीले पान खाँदा शीर्षक निबन्धमा लेखकले आफ्नो पारिवारिक अवस्थाको यथार्थ चित्रण गरेका छन् । निबन्धमा नेपाली समाजमा नारीहरु रजस्वला भएको अवस्थामा छुवाछुत निषेधको प्रचलनप्रति व्यङ्गयप्रहार गरेका छन् । नारीहरुको अनुपस्थितिमा सम्पूर्ण कार्यहरु लथालिङ्ग अवस्थामा रहेको देखाउँदै नारीहरुको भूमिका प्रस्तुत गरेका छन् । नेपाली पुरुष प्रदान समाजमा घरको सम्पूर्ण कामहरु नारीले नै गर्नुपर्छ भन्ने धारणाप्रति व्यङ्गय गरिएको छ । निबन्धमा नारीहरु रजस्वला हुँदा छवाछुत निषेध हुनुपर्ने नेपाली परम्परा र कुरीति प्रति व्यङ्गय प्रहार गरिएको छ । लेखकले नारीहरु रजस्वला भएको प्रसंगलाई हास्यात्मक प्रस्तुती गर्दै हाम्रो परम्परागत कुरीतिप्रति व्यङ्गय गरिएको छ ।

## १०) रोगलाई सम्भदा

रोगलाई सम्भँदा निबन्ध श्रीमतीले पान खाँदा हास्यव्यङ्गय संगालोको दशौं शीर्षक हो । यो निबन्ध 'सौगात' विराटनगर वर्ष २ अङ्क १/२ सन् १९८० मा प्रकाशन भएको उल्लेख भएको छ । यस निबन्धमा हाम्रो समुदायको विरामी अवस्था साथै औषधी उपचार लाई मुख्य विषय बनाएको छ । रोग नयाँ–नयाँ देखा परिरहेको यथार्थ चित्रण

गर्दै सरकारले उपलब्ध गराएको औषधीहरुको दुरुपयोग भैरहेको निबन्धमा उल्लेख भएको छ । औषधी उपचार संगसंगै नयाँनयाँ रागहरु दखिएको औषधी उपचारको व्यवस्था भएको ठाउँ नयाँ नयाँ रोग र मृत्यु बढी रहेको प्रसंगलाई लेखकले निबन्धमा उल्लेख गरेका छन् । जस्तो उपचार गर्ने रोग भएपनि गाउँघरमा धामी झाँक्री लगाउने प्रचलन रहेको छ ।सुविधा भएको ठाउँमा औषधीहरु प्रसस्त भएपनि सामान्य औषधी मात्र निशुल्क बाड्ने गरेको र औषधीहरु विग्रिएर सडेर नै गएको र केही औषधी दुरुपयोग भैरहेको उल्लेख गरिएको छ । सरकारी औषधीको दुरुपयोग भयो भनेर भनौ भने पनि कुरा सुनुवाईनहुने र कुनै दिन विरामी परि अस्पताल जानुपर्ने भनी डर मानेको देखिन्छ । लेखकले अस्पतालको विरामीहरुको प्रसंग उल्लेख गर्दै विभिन्न प्रकारको विरामी र रोगको वर्णन गर्दै अस्पतालमा बस्न नपरोस भन्ने अभिव्यक्ति दिएका छन् । लेखकले च्याब्जुहरु र परम्पराको उल्लेख गर्दै भयानक रोग टि.वी. भएको अहिले क्यान्सर, रगतको क्यान्सर, बोसोको क्यान्सर भनी विभिन्न रोगहरुको प्रसंग उल्लेख गरेका छन् । जनसंख्या बृद्धि संगसंगै रोगहरु पनि बढी रहेको छ । परिवार नियोजनको कुराहरु भैरहँदा पनि जनसंख्या नघेटेको यथार्थ प्रस्तुति रहेको छ । रोगलाई सम्झदा निबन्ध छोटो रहेको छ । संरचनागत दृष्टिमा नौ अनुच्छेद रहेको छ । निबन्धको निबन्धात्मकशैली हाँस्यात्मक साथै व्यङ्गयात्मक रहेको पाइन्छ । निबन्धमा मनोरञ्जनात्मक प्रस्तुति संगसंगै अस्पतालको प्रस्ंग पनि उल्लेख गरिएको छ ।

निबन्धमा नेपाली नागरिकहरुको यथार्थ चित्रण गरिएको छ । जनसंख्याको बृद्धि संगसंगै रोगहरु बढी रहेको औषधी उपचारको राम्रो व्यवस्था नभएको । औषधी जस्तो कुरामा पनि भ्रष्टचार र दुरुपयोग भैरहेको विरामीहरुलाई सरकारले सामान्य औषधी मात्र उपलब्ध गराएको यथार्थको प्रस्तुति गरेका छन् । लेखकले रोग औषधी, विरामी जनसंख्या जस्तो विभिन्न प्रसंगलाई मनोरञ्जनात्मक प्रस्तुति संगसंगै हामी नेपाली नागरीकहरुको यथार्थ चित्रणलाई हाँस्यव्यङ्गयात्मक रुपमा प्रस्तुत गरेका छन् । निबन्धमा परिवार नियोजनको क्रियाकलाप भैरहे तापनि जनसंख्या नघटेको दिनदिने रोग बृद्धि भैरहेको र अस्पतालमा सुलभ तरिकाबाट औषधी उपचार नपाएर विरामीहरुको अकालमा मृत्यु भएको प्रसंगलाई हास्यव्यङ्गयात्मक रुपमा प्रस्तुत गरेका छन् ।

## ११) मनको वह

श्रीमतीले पान खाँदा हाँस्यव्यङ्गय संगालोको मनको वह शीषर्क निबन्ध 'साहित्यालोक' धुलाबारी झापा वर्ष १ अङ्क २ २०३७ पूष मा प्रकाशन भएको उल्लेख गरिएको छ । यस निबन्धमा लेखकले नेपाली जनताको यथार्थ चित्रण गरेका छन् । निबन्धको शुरुमानै यहाँको खिचडी समाजलाई हेर्दा वागमतीको किनारमा लम्पसार परेर साथी भैरव अर्याल मरे झैं मलाई इलामको चोक बजारमा लेर्सिएर वा भनौ उत्तानो टाँग लगाएर मर्न मन लाग्छ तर एउटै बिरुवालाई हेरेर स्याहार सम्भार गर्न परेको हुँदा बाँच्न कर लागि रहेछ । भनी हास्यव्यङ्गयात्मक प्रस्तुतीबाट प्रसंग अगाडी बडाएको छ ।

निबन्धमा मान्छे किन संसारमा बाँच्छ ? भनी खान लाउनको प्रसंगलाई आर्थिक असमानताको संज्ञा दिदै पञ्चायती नेताहरुलाई व्यङ्ग्य गर्दै लल्लो स्तरको जनताहरुलाई जथाभावी प्रयोग गरेर नेतृत्व तहमा पुगी ठूलाबडा कहलाएकाहरु प्रति व्यङ्ग्य गरिएको छ । लेखकले छेपारोको प्रसंगलाई अगाडी बडाउँदै रातीको जाडो विहानको घाममा बिर्सेको भन्दै नेताहरुको चरित्र चित्रण गरेका छन् । मनको वह निवन्धमा लेखकले आइन्स्टाइनले अमेरीकामा एटम बम् बनाई जनपानको हिरोसिमा र नागासाकी शहरमा पड्काउन लगाएर लाखौं मानिस मारेको प्रसंग उल्लेख गर्दै बम बनाउने काम मात्र आइन्स्टाइनले गरेको पड्काउने कार्य अमेरिकी सरकारले गरेको भन्दै नेपालको ठूलाबडा भनाउँदा नेताहरु अमेरिकाको सरकार जस्तै भएको उल्लेख गरिएको छ । लेखक तल्लो वर्गको प्रतिनिधित्व गर्ने व्यक्तित्व भएको जनाउँदै ठूलाबडाप्रति व्यङ्ग्य गरिएका छन् । तल्लो तहको संघ संगठनमा पनि अन्य क्षेत्रका ठूलाबडा भनाउँदाले प्रतिनिधित्व गरेकोमा विरोध गर्दै वास्तविकताको पहिचानमा जोड दिएका छन् । आइन्स्टाइनको प्रसंग उल्लेख गर्दै हास्यव्यङ्ग्यात्मक तरिकाबाट नेताहरुको झुठा आश्वासनमा ढुक्क परेर बस्न नहुने अभिव्यक्ति दिएका छन् । नेतृत्व वर्गलाई सभा समारोहमा वास्तविकतामा आन्द्राभूडी खोदल्दा पनि केहि नभई मुखको स्वाद मात्र फेरिएको उल्लेख गरेका छन् । लेखकले साधारण व्यङ्ग्यकार भएर तीर मात्र हानेको चोट लागैमा दुःख नमान्नु भन्दै लेखकले हाम्रो समाजमा देखिएको असमनताप्रति व्यङ्ग्य प्रस्तुत गरेको छ ।

मनको वह निबन्धको विषयवस्तु छोटो छ भाषा शैली सरल र सरस साथै हाँस्यात्मक एवं व्यङ्ग्यात्मक रहेको पाइन्छ । संरचनागत खृष्टिमा बाह्र अनुच्छेद रहेको छ । निबन्धमा आइन्स्टाइनको प्रसंगलाई मनोरञ्जनात्मक प्रस्तुति द्वारा नेपाली नेताहरुको चित्रण गर्दै तल्लो वर्गको उत्थान नभएको यथार्थ प्रस्तुतिलाई सीलसीला बद्ध रुपमा उल्लेख गरेका छन् ।

निबन्धकार किसान र मजदुरको साथी बनी तल्लो वर्गको प्रतिनिधित्व गर्दै ठूला बडा नेताहरुप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । तल्लो वर्गको जनताहरु दिन दैनिक काम गरेर आफ्नो रगत र पसिना बगाएर एक छाक दाना र एक त्यान्द्रो लुगा लगाउन तल्लिन छन भने ठूला बडा र नेताहरु गरिबको रगत र पसिनामा झुठा आश्वासन र गुलियो भाषण दिनमा व्यस्त छन् । नेपाली समाज र नेतृत्व वर्गको यथार्थ चित्रण हास्यव्यङ्ग्य प्रस्तुतिका साथ मनमा उब्जेका मनोभावहरु लेखकले मनको वह शीर्षकमा प्रस्तुत गरेका छन् । सोझा जनतालाई भाषण र आश्वासनको भर पारेर भित्रभित्र स्वार्थ सिद्ध गर्ने नेताहरुप्रति विद्रोही भावाना व्यक्त गर्दै गरिब किसान र मजदुरहरुको रगत र पसिनाको मूल्य पाउन अझ धेरै समय पर्खनु पर्ने यथार्थको चित्रण गरिएको छ ।

## १२) दशैंको पखालो

श्रीमतीले पान खाँदा हास्यव्यङ्ग्य संगालोको दशैंको पखालो शीर्षक निबन्ध 'मेची' इलाम वर्ष ५ अङ्क ९ (२०२५) मा प्रकाशित भएको उल्लेख गरिएको छ । दशैंको

पखालो शीर्षकमा नेपाली समाजको प्रचलन अनुसार दशैं पर्वको महत्व रहेको र यसलाई धुम धाम संग मान्ने गरिएको विषयलाई मुख्य विषय बनाएको छ । हाम्रो परम्परा अनुसार ठूलाबडादेखि सामान्य मानिसहरु पनि दशैं मनाउने गरेको प्रसंगलाई लेखकले निबन्धको शुरुमा नै दशैं यस्तो एउटा चाड हो जसलाई नमानी सकिन्न भनी दशैंको परम्परागत महत्वलाई उल्लेख गरेका छन् । दशैमा नेपालीहरु सामान्य नागरिक देखि लिएर कर्मचारी, विद्यार्थी, केटाकेटी आदिले उत्साहका साथ मनाउने गरेको लेखकले उल्लेख गरेका छन् । सम्पूर्ण अभिभावकहरुले दशैंको तयारी खसी बाखा र मासु, लुगाफाटाको राम्रो बन्दोवस्त गरेका हुन्छन् । सवै अभिभावकहरुले केटाकेटी लाई भरपेट खुवाइ राम्रा राम्रा लुगा लगाई मनाइने प्रचलन रहेको पाइन्छ । दशैंको तडक भडकले भएको फजुल खर्चको बारेमा निबन्धमा निबन्धकारले हाँस्यव्यङ्गयात्मक रुपमा प्रस्तुत गरेका छन् । दशैंमा गरेको खर्चमा पश्चाताप गर्दै निबन्धमा निबन्धकारले उल्लेख गरेका छन् दशैं हाम्रो संस्कृति हो तर यो काल पनि हो । दशा पनि हो । आयो दशैं ढोल बजाईं गयो दशैं ऋृण बोकाई । यो उखान चानचुने होइन छ दशैं मानी मानी खग्गु भएकाहरुले बनाएका हुन् । यो जाड खाएर बनाएको होइन । निबन्धमा दशैं पर्वलाई खर्च र मनोरञ्जनमा भन्दा परम्परा र सांस्कृतिक मान्यतामा बढी जोडदिएका पाइन्छ । दशैंमा टिका जमरा संगसंगै आर्षिवाद दिइने प्रचलनलाई हाँस्यव्यङ्गयात्मक प्रस्तुतिका साथ आधुनिक समयमा नेपाली संस्कृत शब्दका साथै अंग्रेजी, जापानी जर्मेनी भाषाको प्रयोग गरिने उल्लेख गरेका छन् । दशैंमा घरको झिटि बेचेर भएपनि खर्च गर्नुपर्ने बाध्यता हुन्छ । निबन्धमा दशैं खास पखाला चलाउने भएको हास्यव्यङ्गयात्मक प्रस्तुति लेखकले दशैं खास त पखाला चलाउने नै हो पहिले चैत्रमा मानिन्थ्यो रे । गर्मीले धेरैलाई खाएको चीज नपची छेरौटी लाग्दा असोजमा सारिएको भन्छन् । सानो दशैं चैते दशैंको नामले चैतमा पनि मान्छौं । भनी उल्लेख गरेका छन् । दशैंले पखाला चलेको प्रसंगलाई हास्यव्यङ्गयात्मक प्रस्तुती गरेका छन् । निबन्ध विषयवस्तु अनुरुपको हाँस्यव्यङ्गयात्मक शैलीको प्रयोग भएको पाइन्छ । निबन्धको भाषा सरल र सरस छ । संरचनागत दृष्टिले हेर्दा निबन्ध अठार अनुच्छेदमा रहेको छ ।

निबन्धमा दशैं हामी नेपालीहरुको परम्परागत मान्यता अनुसार मानि आएको प्रसंगलाई हास्यव्यङ्गयात्मक प्रस्तुती गरेका छन् । नेपालीहरुको प्रचलन अनुसार दशैंको आफ्नै महत्व भएपनि दशैं पर्व मनाउने क्रममा केही विकृति विसंगती बढी रहेको यथार्थलाई हाँस्यव्यङ्गयात्मक प्रस्तुतिबाट उल्लेख गरेका छन् । हामी नेपालीहरुको रवाफले हाम्रो प्रचलन कुरीति र कुसंस्कारको विकसीत रुपप्रति तिखो व्यङ्गय प्रहार गर्दै लेखकले निम्न वर्गीय मानवीय चरित्रको चित्रण गरेको देखिन्छ ।

## १३) कोप्चे लाइन

कोप्चे लाइन शीर्षक निबन्ध 'आमा' बनारस २०२१ वर्ष ३ अङ्क १० मा प्रकाशन भएको उल्लेख गरिएको छ भने श्रीमतीले पान खाँदा हाँस्यव्यङ्गय संगालोको तेह्रौं शीर्षकमा लेखकले तयार गरेका छन् । यस कोप्चे लाइन शीर्षकमा लेखकले इलाम

बजार कै एउटा स्याललाई मुख्य विषयवस्तु बनाएको छ । पहिला पहिलाका बाल बच्चाहरुलाई च्याँसे, पातले, काली, नेप्टी नाम राखिएको प्रसंग उल्लेख गर्दै लेखकले ठाउँ स्थान टोलहरुको नाम पनि त्यही अनुसार रहेको दर्शाएको छ । इलामको कोप्चे लाइन दोवाटे लाइनको नाम जनभवनपथ निकुञ्जपथ मालापथमा परिष्कृत भएको बताएका छन् । नुवारान पछि अनुहार हेरेर त्यसै अनुसारको नाम राख्ने प्रचलन हुँदा हुदै फराकिलो लाइनलाई कोप्चेलाइन भनी नामाकरण गरिएको हुदा नामाकरण गर्नेलाई लेखकले प्रश्न चिन्ह खडा गर्दै अरु स्थानभन्दा फरक नभएको स्थान इलाम बजारको पिपलबोट देखि जोड धारा सम्मको उल्लेख गरेका छन् । लेखकले नगरको थोरै घरधुरी रहेको स्थानलाई कोप्चे लाइन भनी नामाकरण गरिदिएकोमा खेद प्रकट गर्दै नामाकरण गर्ने आधार नभएको भन्दै हाँस्यव्यङ्ग्यात्मक प्रसंगबाट आफ्नो मनोभाव व्यक्त गरेका छन् ।कोप्चेलाईन सानो टोल भएपनि यसको आफ्नै पहिचान रहेको भन्दै लेखकले जनभवन रहेको यहाँ सभा समारोह हुने गरेको साथै नर्मलस्कू कलेजको छात्र छात्राहरुको हाटबजारको मानिसहरु साथै स-सानो होटल परल रहेको देखाएको छ । कोप्चेलाइनमा मासु दोकान रहेकोले मासुको बासना साथै रक्सीको गन्ध आउँदा साहित्यकारहरुलाई कविता पागलता-पागलता को रौनक आउँछ । कोप्चेलाइन सर्वगुण सम्पन्न छ भन्दै लेखकले रक्सी पसलको राम्रो व्यवसाय चलेको उल्लेख गरेका छन् । समय अनुसार ठाउँहरुपनि परिष्कृत भैरहेकोले आउने नगरको चुनावमा उपेरद्वार बनी टोल विस्तारमा लाग्ने अभिव्यक्ति दिएका छन् । लेखकले इलाम नगरको कोप्चे लाइनको विशेषता दर्शाउँदै आउनेहरुलाई स्वागत गर्ने र परिस्कृत समयमा विकास र विस्तारमा लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन् । निबन्ध स्नान वर्ण भएकोले स्थानीय कोप्चे लाइनको यथार्थ प्रस्तुति गरेका छन । लेखकले स्थानीय गतिविधिमा प्रयोग हुने बोलचालको भाषालाई हाँस्यात्मक व्यङ्ग्यात्मक रुपमा प्रस्तुत गरेका छन् । संरचनागत रुपमा तेह्र अनुच्छेदमा रहेको छ । कोप्चे लाइनको पहिचान झल्काउन शीलशीला बद्ध रुपमा लेखकले प्रस्तुत गरेको पाइन्छ ।

कोप्चे लाइन निबन्धमा लेखकले इलाम नगरको आफ्नै टोलको पहिचान गराएका छन् । कोप्चे लाइनको यथार्थ पहिचान नभई कोप्चेलाइन नामाकरण भएकोमा केही असन्तुष्ट व्यक्त गर्दै यस टोलको विशेषता झल्काउँदै हाँस्यव्यङ्ग्य प्रस्तुतिका साथ आउने समयमा अझ विकास र विस्तार हुने कुरा व्यक्त गरिएको छ । लेखकले कोप्चेलाइनको जनजीवनको यथार्थ चित्रण हास्यव्यङ्ग्यात्मक रुपमा प्रस्तुत गरेका छन् । निबन्धमा कोप्चेलाइन टोलको जनताको व्यवहार र वातावरणको सूक्ष्मचित्रण गरेर लेखकले विनोदात्मक अभिव्यक्ति दिएका छन् ।

## १४) रक्सी बेच्ने तरिका

रक्सी बेच्ने तरिका शीर्षक निबन्ध ‘युगज्ञान’ भद्रपूर २०३२ वर्ष ६ अङ्क २७ मा प्रकाशन भएको उल्लेख गरिएको छ । रक्सी बेच्ने तरिका शीर्षक निबन्धको शुरुमा संसारमा मान्छेले खान हुने चीज पनि बेच्छ खान नहुने चीज पनि बेच्छ । एकातिर

मान्छेले अमृत बेचिरहेको छ भने अर्कोतिर विष बेचिरहेको । के चीज चाहिने के चीज नचाहिने किन्दा याद गर्नु पऱ्यो । भनी हाँस्यव्यङ्गयात्मक रुपमा शुरु गरेको पाइन्छ । निबन्धमा निबन्धकारले रक्सीलाई मुख्य विषय बनाएको छ । रक्सी खान नहुने चीज हो तर सरकारले रक्सी यही संचालन गर्ने अनुपति दिएर लाखौं लाख रुपैंया कर असुल गरिरहेको छ । रक्सी अखाद्य मानिए पनि रक्सीको कम्पनीहरु संचालन भैरहेको छ । सरकारले फलफूलको रक्सी बनाउन अनुमती दिएपनि गर्मी महिनामा कोदोका अन्न खान नसकिने भएकोले कोदोको रक्सी बनाउन फी गर्नुपर्ने प्रसंग उल्लेख गरेका छन् ।रक्सी खाएको सन्र्दभमा लेखकले नेपाली समुदायमा केही विपन अवस्थाको मान्छेहरुको व्यवसाय संचालन नै रक्सी बाट भएको उल्लेख गरेका छन् । लेखकले वेपारमा जान्ने नेवार र कैंया भनि आफूले रक्सी पसल फिजाएको तर नविकेर आफैंले धोकेको रक्सी बेच्ने कला हुनुपर्ने भन्दै रक्सी बेच्न नारी नै हुनुपर्ने उल्लेख गरेका छन् । लेखकले हाँस्यव्यङ्गयात्मक रुपमा जँड्याहहरु संग दाह्रा देखाएर गफ गर्ने भए जति पनि रक्सीको व्यापार चल्छ भन्दै रक्सी खाने हारुको प्रवृतिप्रति व्यङ्गय गरिएको छ । रक्सीको स्वाद जस्तो भए पनि मान्छेको तृष्णामा रक्सी बेच्नु पर्ने साथै भाग्यले साथ नदिएमा व्यवसाय नभएकाहरुले रक्सी व्यपार संचालन गर्नुपर्ने भन्दै लेखकले रक्सीलाई नै मुख्य विषयवस्तु बनाएको छ । निबन्धमा रक्सी मुख्य विषयबस्तु भएपनि रक्सी व्यापार गर्ने व्यवसायी र सेवन गर्ने ग्राहकहरुको चरित्रलाई प्रस्तुत गरेका छन् ।

निबन्धमा रक्सीको विषयवस्तुलाई मुख्य विषय बनाएर हास्यव्यङ्गयात्मक प्रस्तुति गरेको पाइन्छ । निबन्धको भाषाशैली सरल छ संरचनागत दृष्टिमा बाह्र अनुच्छेद रहेको यस निबन्धमा छोटो-छोटो अनुच्छेद हास्यव्यङ्गयात्मक रुपमा उल्लेख गरेका छन् । लेखकले रक्सीको व्यवसायमा नारी वा महिला अनिवार्य हुनु पर्ने यथार्थलाई सिलसिलेवार रुपमा प्रस्तुत गरेका छन् ।

निबन्धकारले रक्सीको व्यवसायलाई यथार्थ चित्रण गरेका छन् । सरकार रर प्रशासनबाट पनि निशेधित मध्यपान बिक्री वितरणमा सहयोग मिलेको र न्यून स्तरको समुदायको जिविकोपार्जन रक्सीको व्यवसायबाटै भैरहेको यथार्थ चित्रण गरेका छन् भने रक्सी पसलमा ग्राहकहरुको चाहना वा आवश्यकतालाई हास्यव्यङ्गयात्मक रुपमा व्यक्त गरिएको छ । लेखकले नारी भएको पसलमा रक्सीको ग्राहक बढि आउने र राम्रो व्यवसाय संचालन हुने भन्दै रक्सी दोकानमा ठिटी जस्तो भएपनि खोजेर राख्ने प्रसंग उल्लेख गर्दै नारी जातिलाई उपहासको पात्र बनाएको छ । ग्राहकहरुलाई आकर्षित गर्न पसलमा युवतीहरु राख्ने प्रचलनको चित्रण गर्दै यथार्थ प्रस्तुत गरेका छन् ।

## १५) भाषामा पीङ खेल्दा

'काफल' विराटनगर २०३२ साल फाल्गुन चैत्र र वैशाख त्रैमासिकमा विष्णु नवीनको भाषामा पीङ खेल्दा निबन्ध प्रकाशन भएको उल्लेख गरिएको छ भने । श्रीमतीले पान खाँदा हास्यव्यङ्गय संगालोको पन्ध्रौं शीर्षक भाषामा पीङ खेल्दा रहेको छ ।

लेखकले निबन्धमा भाषिक अभिव्यक्ति वा भाषा प्रयोगमा आएको भिन्नतालाई मुख्य विषयवस्तु बनाएको छ । निबन्धमा भाषाको उत्पती र त्यसको परिमार्जित रुप र अर्थलाई हाँस्यव्यङ्गयात्मक रुममा प्रस्तुत गरेको छ ।

निबन्धमा भाषाको खोजी गर्दै जाँदा 'भट्टराई' भन्ने क्षेत्री र बाहुनमा थर छ । भोटे र राईको मिश्रणबाट निस्किएकाले भट्टराई भएको भन्दछन् । भनी शब्दको उत्पत्ती संगसंगै विकास र त्यसको अर्थको बारेमा उल्लेख गरेका छन् । त्यस्तै पूर्वमा बुढाथोकी क्षेत्री भए पनि पशिचममा मगर छन् बुढाथोकीहरु । भन्दै मान्छेको थर र उत्पतीको इतिहासलाई हाँस्यव्यङ्गय रुपमा प्रस्तुत गरेका छन् । लेखकले बोलीचालीको भाषा र शब्द लेखनको क्रममा भाषामा फरक पर्छ त्यस्तै ठाउँ अनुसार भाषामा फरक हुन्छ । भारतको दार्जिलिङ्गमा बोलिने भाषा र नेपालमा बोलीने भाषामा फरक देखिन्छ । समयसंगसंगै भाषा परिस्कृत भैरहेको उल्लेख गरेका छन् । नेपाली भाषामा अंग्रजी, पुर्तगाली, नेवारी भाषा आदिका शब्दहरु आएको छ नेपाली भाषामा आगमन भएका भाषा र नेपाली भाषाहरु अरु भाषामा गएको पहिचान भाषाशास्त्रीहरुले गर्नुपर्ने हुछ भन्दै लेखकले निबन्धमा हाम्रोमा भाषामाथि पीङ खेल्नेहरुले अर्काको भाषाको असर हामी माथी देखाउछन्  देखाउन सजिलो पनि छ । गर्न गाह्रो हुन्छ भन्न सजिलो भए झैं तर हाम्रो भाषाको असर कहाँ-कहाँ परेको छ त्यो किन देखाउँदैनन् ? कि यी भाषामा पीङ खेल्नेहरुले ठाँउ-ठाउँबाट घुस कोसेली जस्तो केही सामान भेट्टाई चूपचाप बसेका त होइनन् ? सानोभन्दा सानो काम गर्दा त मान्छेले कामको दाम भनेर छोड्दैना भने भाषामा पीङ खेल्दा छोड्छन् र ?यसो पनि हुन सक्छ विचराहरुले केवल टर्नरको व्याकरण मात्र अध्ययन गरेर जे पायो त्यही लेखेको । टर्नर बुडालाई त आफ्नो भाषाको प्रभुत्व जमाउनु थियो जमाई दिए हाम्रोलाई लै लैमा लाग्नु थियो लागिदिए । भन्ने वाक्य उल्लेख गरी हाँस्यव्यङ्गयात्मक प्रस्तुति गरेका छन् । निबन्धमा समय परिवर्तन संगसंगै भाषा परिष्कार भएको प्रसंग व्यक्त गरिएको छ । निबन्धको भाषा शैली हास्यव्यङ्गयात्मक रहेको छ ।लेख्ने भाषा र बोल चालको भाषामा फरक शब्द प्रयोग हुने गरेको प्रसंगलाई मनोरञ्जनात्मक प्रस्तुति गरेको पाइन्छ । निबन्धको संरचनागत ढाँचा हेर्दा छोटा भएपनि एघार अनुच्छेदमा रहेको छ  केही अनुच्छेद छोटो-छोटो भएपनि केही अनुच्छेदहरु लामो लामो रहेको छ । निबन्धमा वस्तु अनुसारको हाँस्यात्मक व्यङ्गयात्मक साथै मनोरञ्जनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

भाषामा पीङ खेल्दा निबन्धमा भाषिक अभिव्यक्ति वा प्रयोगमा आएको विभिन्नताले उत्पन्न हाँस्यस्पदलाई प्रस्तुत गरिएको छ । भाषा समय अनुसार परिष्कृत भैरहेको छ । भाषा उल्पत्तिलाई जाति उत्पतीको किंवदन्ती लाई उल्लेख गरेर विकसित भैरहेको यथार्थताको प्रस्तुत गरेका छन् । यस निबन्धको अध्ययन गर्दा लेखकको भाषिक अध्ययन तर्फको चासो रहेको बुझिन्छ । भाषा उत्पतिको क्रमलाई हेर्दा समय अनुसार परिष्कृत भैरहेको लेखकले व्यक्त गरेका छन ।

## १६) विज्ञापन

विज्ञापन सक सक वर्ष २ अङ्क १ धरान २०२९ मा प्रकाशित भई श्रीमतीले पान खाँदा हाँस्यव्यङ्गय संगालनेको सोह्रौं शीर्षकमा रहेको छ । निबन्धमा विज्ञापन गर्ने बड्दो प्रचलनप्रति तीखो व्यङ्गय गरिएको छ । निबन्धको शुरुमानै जमाना विज्ञापनको छ । माल धतुरो हालेको होस वा गाँजा लेमन जूस हालेको होस वा कुखुराको पुष्प बिक्री विज्ञापनमा निर्भर गर्दछ । भनी सामान जे जस्तो भए पनि आकर्षक बनाएर विज्ञापन राम्रो भए राम्ररी बिक्री हुने प्रसंग उल्लेख गरिएको छ । कुनै पनि सामान उत्पादन भएपछि सानो देखि ठूलो सम्मको विज्ञापन गर्ने प्रचलन रहेको छ । भन्दै लेखकले विज्ञापनले यो संसार खायो भनी हाँस्यव्यङ्गयात्मक प्रस्तुति गरेका छन् ।

अखबार कुनै दिवसको अवसरमा पृष्ठ बडेको आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस भनी विज्ञापनले भरेको यथार्थप्रति व्यङ्गय गर्दै लेखकले विज्ञापन दिनु नै व्यापार बड्नु हो भनिन्छ तर कुनै दिवसमा वा समारोहको अङ्कमा बढेको पृष्ठ विज्ञापनले नै भरिन्छ । तर व्यापार कस्तो भयो थाह भएन । पत्र पत्रिकाहरु विज्ञापनले नै चलेको छ विज्ञापन नआउनु भने खुई चार अंकमा नै पत्रिकाहरु सकिन्छ सरकारले पनि विज्ञापन नदिएकोमा व्यङ्गय गरेको छ । पत्रिकामा सम्पूर्ण कुराको विज्ञापन भएकोमा व्यङ्गय गर्दै आफैं हराएको विज्ञापन भए पनि छापिने प्रसंग उल्लेख गरेका छन् ।

पत्रपत्रिकामा विवाह गर्ने विज्ञापन देखेर श्रीमती पोइल गएमा विज्ञापन गर्ने उल्लेख गर्दै एक जनाले स्वास्नीको निम्ति विज्ञापन गरेको प्रसंगलाई हाँस्यव्यङ्गयात्मक रुपमा प्रस्तुत गरेका छन् । त्यसैगरि विवाहको विभिन्न विज्ञापनको प्रसंग अगाडी बढाउँदै आफ्नो विज्ञापन आर्थिक अभावको कारण छपाउन नसकेको भन्दै निःशुल्क छपाउन अनुरोध गर्दछन् । उनको विज्ञापनमा स्वास्नीको आवश्यकता भएको प्रसंगलाई आर्थिक असमानता र नारी उत्पीडन प्रति व्यङ्गय गरिएको छ ।

निबन्धकारले विषय वस्तुलाई छोटो रुपमा एघार अनुच्छेदमा प्रस्तुत गरेका छन् । निबन्धको भाषा सरल छ भने निबन्धात्मक शैली हाँस्यव्यङ्गयात्मक रहेको पाइन्छ । निबन्धमा प्रसंगहरु बढी भन्दा बढी हसाउने पाइन्छ । लेखकले हाम्रो समाजमा देखे भोगेका अनुभवहरुलाई मनोरञ्जनात्मक तरिकाबाट भावानात्मक अनुभूति प्रस्तुत गरेको छ ।

विज्ञापन साहित्यकार नवीनको हाँस्यव्यङ्गयात्मक निबन्ध हो । लेखकले यस निबन्धमा यथार्थको चित्रण गरेका छन् । बजारमा उत्पादित बस्तुको स्तरहीनतालाई ढाकछोप गर्न विज्ञापन गर्ने बढ्दो प्रचलनप्रति तीखो व्यङ्गय भएको पाइन्छ । गुणस्तरीय मालसामानको आर्थिक अभावको कारण विज्ञापन नभएर सिमित स्थान लिन बाध्य भएको यथार्थलाई लेखकको विज्ञापन प्रकाश गराउन नसकेको भन्ने अभिव्यक्ति भएकोबाट बुझ्न सकिन्छ । पत्रपत्रिकाहरुले पैसाको लागि विज्ञापन छपाउने गरेको प्रति खेद प्रकट गर्दै आर्थिक असमानताप्रति तिखो व्यङ्गय गरेका छन् । निबन्धमा वैवाहिक

जीवनमा बाधीन नारी र पुरुषको विज्ञापन प्रस्तुत गर्दै नाङ्गो चरित्रको प्रस्तुति भएकोले समाजमा रहेको युवायुवतीहरुलाई समयमानै सजग गराउने कोशीस गरेको पाइन्छ । मुख्यतय निबन्धमा स्तर हीनतालाई लुकाउन विज्ञापन गर्ने प्रचलन रहेकोले आर्थिक अभावको कारणले गुणस्तरिय सामानहरु ओझेलमा परिरहेको प्रसंगलाई हाँस्यव्यङ्ग्यात्मक रुपमा प्रस्तुत गरेका छन् । लेखकले निबन्धको माध्यमबाट मनोरञ्जनात्मक तरिकाबाट यथार्थको चित्रण गरेका छन् ।

## १७) क र श

श्रीमतीले पान खाँदा हाँस्यव्यङ्ग्य संगालोको सत्रौं शीर्षकमा रहेको क र श शीर्षक निबन्ध ‘मेची’ इलाम २०२४ वर्ष ४ अङ्क २५ मा प्रकाशन भएको उल्लेख गरिएको छ। क र श शीर्षक निबन्धमा अन्धविश्वासग्रस्त नेपाली समाजको चित्रण गरिएको छ। नेपाली समाजमा ज्योतिष र जोखानाको भविष्यवाणीले गर्दा मान्छेले मनमा अनेक शङ्का बोकेर दुःख पाउने विषयलाई निबन्धमा प्रस्तुत गरेका छन् । ज्योतिषले थोरै पैसामा (भेटीमा) मानिसलाई डर त्राशमा पारेको प्रसंगलाई लेखकले बाजेले त भने एक कोपरा जति चिया अलिकति भेटीमा मलाई जता पनि यी तीन क र श अक्षर मात्र देखिन यस्ले रावणले मृत्यु मात्र देखे झैं । यो वर्ष कसरी बाँच्ने भनेर फिक्री पऱ्यो तरतरी आँसु झरे माइबेनीमा बिकेको रक्सी जति नै आँशु पुछ्न रुमालले पुछेर श्रीमतीको फरिया धरी काममा लाउनु पऱ्यो । भनी प्रस्तुत गरेका छन् । लेखकले खरेल बाजेले चिना हेरेर क र श अशुभ र यी अक्षरबाट तनिएको जेसुकैबाट पनि सतर्क रहनु होला भनेको हुँदा क र श लाई विभिन्न प्रकारले मनको अन्तर छन्दमा भएकाले क र श अक्षर भएे सनैबाट लेखक अलग भएको मनोरञ्जनात्मक साथै हाँस्यव्यङ्ग्यात्मक तरिकाबाट प्रस्तुत गरेका छन् । लेखकले भगवान् कृष्ण, राम, शंकर तीनै मेरो लागि अशुभ भए त्यसैले कतै बज्र पर्छ कि पर्दैन कि भनी आकाशतिर धेरै पल्ट हेर्न पर्छ भनी मनोरञ्जनात्मक प्रस्तुति गरेका छन् । क र श यी तीन अक्षरले गर्दा रक्सी पनि अफप भएर एक वर्ष छोडेको एक वर्ष पछि एक बोतल रक्सी खाएर दिउँसै सपना देख्दा यी तीन अक्षरको कुरै हराएछ भन्ने हाँस्यव्यङ्ग्यको प्रस्तुति गरेका छन् । लेखक क र श सर्तक हुन किसान संगठनको कोषाध्यक्षमा प्रस्ताव आउँदा पहिला संगठनमा हाम फालेको रमाइलो प्रसंग उल्लेख गर्दै हास्य प्रस्तूती गर्दछन् । लेखकले ज्योतिष हेराएर ज्योतिषको भनाई अनुसार क र श बाट सर्तक रहेको प्रसंगलाई हँस्यव्यङ्ग्यात्मक प्रस्तुती गरेका छन् ।

निबन्धमा विषय प्रस्तुती अनुसार हाँस्यव्यङ्ग्यात्मक शैलीको प्रस्तुत भएको पाइन्छ । सरल भाष मा मनोरञ्जनात्मक प्रस्तुति रहेको पाइन्छ । संरचनागत ढाँचामा हेर्दा छोटो छोटो एक्काइस अनुच्छेद रहेको छ । निबन्धमा खरेल बाजेले मेरो चिना हेर्न साथ आँखी भूँइ दुई तीन मुजा पारेर भने यस वर्ष क र श यी तीन अक्षर तपाईंको लागि साह्रै अशुभ छन् । यी तीन अक्षरबाट बनिएको जेसुकैबाट पनि सर्तक रहनु होला ।

भनी अन्धविश्वासग्रस्त नेपाली समाजलाई सरल भाषा शैलीमा हाँस्यव्यङ्ग्यात्मक रुपमा अगाडी बढाएको छ ।

क र श शीर्षक निबन्धमा हाम्रो नेपाली समाज परम्परागत रुढीवादीमा विश्वास गर्नले त्रसीत र भयावह अवस्थामा रहने गरेको प्रसंगलाई यथार्थ रुपमा उल्लेख गरेको पाइन्छ । निबन्धमा लेखक खरेल बाजेलाई आफ्नो चिना हेर्न लगाएर एक वर्षसम्म डर त्रासले रहेको छ । ठाँउ-ठाँउमा लेखकले हाँस्यात्मक साथै व्यङ्गात्मक प्रसंगलाई पनि अगाडी बढाएको छ । लेखकले निबन्धमा अन्धविश्वासग्रस्त नेपाली समाजमा ज्योतिष र जोखानाका भविष्यबाणीले गर्दा मान्छेले मनभित्र शङ्का बोकेर अनेक दुःख कष्ट पाउँछ भन्ने प्रसंगको विनोदात्मक चित्रण गरिएको पाइन्छ ।

## १८) एउटा विलौना

एउटा विलौना 'नेपाल सन्देश' पटना २०२३ वर्ष १३ अङ्क ३० मा प्रकाशन भएको उल्लेख छ भने श्रीमतीले पान खाँदा हाँस्यव्यङ्ग्य संगालोमा अठारौं शीर्षकमा रहेको छ । एउटा विलौना निबन्धमा लेखक मुख्य नायक भएर उनको जीवनमा देखिएको अनेकौं घुम्ती र ती घुम्तीमा भएको संघर्षलाई मुख्य विषयवस्तु बनाएर जीवन संघर्षको हविगतलाई विलौना गरेका छन् । निबन्धको शुरुमानै लेखकले जेहोस विहे गरियो, चिनि नसक्नु छोरा छोरी पारियो । चान्समा डान्स गर्न पाउँदा वा किस खाँदा त भए भरको सवै कुरा विर्सन्छु तर जब कहिल्यै खर्चले नपुगेको सम्झन्छु अनि मनमा आउँछ विलौना भनी उल्लेख गरेका छन् । लेखकले आर्थिक अभावमा विलौना गरी छोरा छोरी नभएको भए वा विहाह नै नगरेको भए भनी नेपाल समाजको निम्न वर्गीय पात्रको प्रस्तुति गरेका छन् । नारीहरुको चरित्र प्रस्तुत गर्दै ब्रह्माचारी बन्न नसकिएको प्रसंगलाई हास्यात्मक रुपमा अगाडी बडाएको छ । लेखकले नारीहरुलाई श्रृंगारको सामानहरु बडी लाग्ने यथार्थ प्रस्तुत गर्दै मधेसेनी विहे गर्ने ले पैसा कमाउने, लुगा कपथा थोरै लाग्ने श्रृंगारको सामान प्रयोग नगर्ने पुरुषहरुले कपडा थोरै लगाउन चामल सस्तो हुने गर्मी बढी हुने हुँदा कोशेली पनि कम्ती हुने भन्दै आफ्नो विलौना प्रस्तुत गरेका छन् ।

लेखकले महिला संगठन अंशको लागि अगाडी बढी रहेको र सरकारले उपलब्ध गराएको जमिन धेरै भएको प्रसंगलाई उल्लेख गर्दै आफ्नो एक बोट खुर्सानी रोप्ने ठाउँ नभएको भन्दै निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । निबन्धमा मधेशीनी विवाह गर्ने प्रसंगमा रक्सी खाएको भरमा तरुनी जिस्काएको तर सज्जन हुँदा मन नपरेको प्रसंग उल्लेख गर्दै आफ्नो भाग्य अनुसारको भाग परेको उल्लेख गरेका छन् ।

एउटा विखौना निबन्ध छोटो आठ अनुच्छेदमा रहेको छ । निबन्धको भाषा सरल र मनोरञ्जनात्मक रहेको पाइन्छ । लेखकले आफूलाई मुख्य पात्र बनाएर हाँस्यव्यङ्ग्यात्मक प्रस्तुति गरेको पाइन्छ । निबन्धको निबन्धात्मक ढाँचा हेर्दा स्थानीयता झल्कने पाइन्छ । लेखकले यस निबन्धमा पाठकलाई मनोरञ्जन गराउनका साथै मानवीय क्रियाकलापको सूक्ष्मचित्रण गरेका छन् ।

लेखकले यस निबन्धबाट मानवीय चरित्रको यथार्थ चित्रण गरेका छन् । मान्छे आफ्नो क्रियाकलापमा असन्तुष्ट बनी विलौना गर्दै अन्य गतिविधिमा उत्साहित भएपनि अन्त्यमा यथार्थमा सिमीत भएको प्रसंगलाई यस निबन्धमा प्रस्तुत गरिएको छ । लेखकले आर्थिक संकटका कारण पारिवारीक जीवनमा असन्तोष र कुण्ठा बोकेर दैनिक गुजरा गर्नु गर्ने निम्न वर्गीय पात्रको यथार्थ चित्रण गरेका छन् । निबन्धमा नेपाली समाजमा देखिएको आर्थिक असमानतालाई हाँस्यव्यङ्गयात्मक रुपमा चित्रण गरेका छन् ।

## १९) मेरा साथीहरु : रङ्ग विरङ्गका

'विवेचना' चन्द्रगढी (झापा) वर्ष १ अङ्क ११-१२ फाल्गुण २०३० मा मेरो साथीहरु : रङ्ग विरङ्गका शीर्षक निबन्ध प्रकाशन भएको उल्लेख छ । मेरो साथीहरु : रङ्ग विरङ्गका शीर्षक निबन्धमा मदिरा सेवन गर्ने विभिन्न स्वभावका व्यक्तिहरुको चर्चाको माध्यमबाट लेखकले आत्म प्रकाशन गरेका छन् । लेखकले निबन्धको शुरुमा नै मेरा साथीहरु रङ्ग विरङ्गका नै छन् । कोही पुत्ले पाङरे छन् भने कोही राता काला छन् । कुनै टाटे पाङरे भए कुनै खैरे छन् । कुनै नक्कले भए कुनै साधु छन् कुनै मुसा लाने साधु विराला जस्ता छन् भने कुनैलाई मूर्तिभन्दा हुन्छ । कति आबो न चाबोका कति सेकेण्ड ग्रेड वार टाइपका त कुनै एक्काइसौं शताब्दीमा पुगेका जस्ता छन् यो पञ्चरङ्गी संसारमा सप्तङ्गी साथी छन् तर म कुन रङ्गमा पर्छु र साथीहरुले मलाई कुन सङ्गमा खाँद्छन् त्यो त साथीहरु कै विचार । भन्ने अभिव्यक्तिबाट अगाडी बढाई विभिन्न चरित्रका मानिसहरुको वर्णन गरेका छन् । लेखकले अन्य साथीहरुलाई विभिन्न प्रकृतिको ठहराएपनि आफूलाई अरुले कसरी हेर्ने गरेको होला भन्ने विचार प्रकट गरेको पाइन्छ । लेखकले एउटा साथी आफूभन्दा बढी खाने मात्ने सम्झाउँदा विष हुने भन्दै सानोमा देखेको जस्तै निरोगी स्वस्थ भएको अति मिल्ने दिमाग पनि राम्रो भएको तर बाङ्गेपानीले बढी बिगार्‍यो भनि हाँस्यव्यङ्गयात्मक प्रस्तुति उल्लेख गरेका छन् । कुनै साथीहरु मध्यपान गरेपछि राजनीतिको कुरा गने उक ठाउँमा खाएर चित्त नबुझाई घरैपिछे खाएर हिड्ने लेखकले आफ्नो तन्देरीपनमा राती राती मातेको साथीहरुलाई बोकेर घर पुर्‍याएको प्रसंगलाई उल्लेख गर्दै पहिले देखि नै मध्यपान गर्नेहरु संगतमा रहेको प्रसंग उल्लेख गरेका छन् ।

लेखकले साथी कोही उमेरले सानो भएको भने कोही बढी उमेर भएको साथीहरुको वर्णन गरेको छ । लेखकले वास्तवमा जति प्यार-प्यार बोल्ने मान्छेले होटल क्लब बारमा गएर सभ्य भाषामा 'ड्रिङ्क' गर्ने मान्छे रेल हवाई जहाज मोटरको यात्रा गर्ने जन्तुले जति छिटो साथी बनाउँछ त्यति अरु धुम्धुम्ती ढुङ्गो हो की मूढो जस्तो बस्नेले बनाउन सक्दैन भनी हाँस्यव्यङ्गयात्मक रुपमा यथार्थ प्रस्तुत गरेका छन् ।

लेखकले निबन्धमा हाँस्यव्यङ्गयात्मक, मनोरञ्जनात्मक शैली प्रस्तुत गरेका छन् । निबन्धको विषयवस्तु छोटो छ भने आठ अनुच्छेदमा रहेको पाइन्छ । पहिलो अनुच्छेदबाट विभिन्न चरित्रको साथीहरुको वर्णन गर्न शुरु भएको छ भने अन्तिमसम्म नै साथीहरु कै प्रसंग रहेको पाइन्छ । निबन्धकारले यस निबन्धमा पाठकलाई मनोरञ्जन प्रदान गर्नुको साथै मानवीय चरित्रको चित्रण गरेका छन् । मेरा साथीहरुः रङ्ग विरङ्गका शिर्षक

निबन्धमा मानवीय चरित्रको यथार्थ चित्रण गरिएको छ। लेखकले मदिरा सेवन गर्ने साथै विभिन्न स्वभावको व्यक्तिहरुको चर्चाको माध्यमबाट सामान्य गफ गराईको माध्यमबाट विनोदात्मक आत्मप्रकाशन गरेका छन्।

## २०) फागुमा भाङ खाँदा

फागुमा भाङ खादा 'युगज्ञान' भद्रपुर २०३२ पर्ष ७ अङ्क २४ मा प्रकाशन भएको उल्लेख छ। भने श्रीमतीले पान खाँदा हास्यव्यङ्ग्य संगालोको बिसौं शीर्षकमा रहेको छ। यस निबन्धमा फागुपूर्णिमा पर्वको बारेमा रमाइलो प्रस्तुति गरेका छन। लेखकले आजरातभरि धरान बजार उफ्रने भयो भाङको सुरमा। आफूपनि यसबेला धरानमानै छु। एक त धरान त्यसमाथि फागूपूर्णे। दिउसै पनि मान्छेको आँखा पाकेको गोलभेडा जस्तो देखिन्थ्यो। भनी विषयवस्तुको शुरु गरेका छन्। पूर्वी नेपालको पहाडी क्षेत्रमा औंशीपूर्णेमा विशेष मेला हाट बजार लाग्ने प्रसंगलाई लेखकले यथार्थ प्रस्तुत गरेका छन्। मेला पर्वमा तरुनी तन्देरीहरु आ-आफ्नै पहिरनमा झकीझकाउ भएर निस्कने प्रत्यमा पनि तरुनी तन्देरीहरु रंग दलादल गर्दै हात हालाहालको प्रसंगलाई रमाइलो प्रस्तुति गरेका छन्। दशैं तिहारको जस्तै रमाइलो फागुपूर्णेमा पनि भएको प्रसंग उललेख गर्दै सबैतिर फागुको प्रचलन रहेको र सरकारले पनि यसलार्य विशेष महत्व दिएको भन्दै हास्यव्यङ्ग्यात्मक रुपमा आफू मन्त्री भए विशेष फागु मन्त्रालयकै व्यवस्था गर्ने भन्ने प्रस्तुति गरेका छन्। लेखकले इच्छा लागेर त को पो रङ खेल्छ र ? यो त राष्ट्रिय चाड भएको हुँदा सबैले खेल्नुपर्छ भनिदिनु पर्ने हो। राष्ट्रिय चाड होइन भने आदिकवि तथा राष्ट्रिय विभूति भानुभक्त आचार्यको जन्म जयन्तीमा विदा नदिएर फागुपूर्णेमा किन विदा दिइन्छ ? त्यसैले धराने फागुवालाहरुले बाटो हिड्ने होस कि मोटरमा आउने जाने जति सबैलाई रङहालेकोमा मेरो भित्रि-बाहिरी दुवै हृदयको धन्यवाद छ। दुवै हातको तथास्तु छ। भन्ने हाँस्यव्यङ्ग्यात्मक प्रस्तुति गरेको पाइन्छ। फागुपूर्णेमा भाङ खाएमा प्रहरीले पनि वास्ता नगर्ने र घरबाट पनि ढोलक नाँचमा छ भन्छ भन्दै भाङ खान फ्री भएको बताउँदै भाङको मज्जामा यो प्रथा निकाल्ने पक्कै पनि महादेव हुन् भनी मनोरञ्जन प्रस्तुत गरेका छन्। लेखकले फागुपूर्णेको शुरुवातको रमाइलो प्रसंग उल्लेख गर्दै यो भाङ खाने दिन पनि अरु बरदान सरह पार्वतीको अनुरोधमा महादेवबाट हुकुम भएको भन्ने अड्कल गरिएको छ।

फागुमा भाङ खाँदा शीर्षक निबन्धमा विषयवस्तुको छोटो प्रस्तुति भएको छ भने संरचनागत दृष्टिमा छोटो-छोटो एघार अनुच्छेद रहेको पाइन्छ। निबन्धको विषवस्तु हाँस्यात्मक साथै व्यङ्ग्यात्मक रहेको पाइन्छ। भाषा शैली सरल र सरस पाइन्छ। साथै मनोरञ्जनात्मक प्रस्तुति रहेको पाइन्छ। संरचना गत रुपमा हेर्दा पहिलो अनुच्छेदबाट फागुको प्रसंग उल्लेख गरी अन्तिम सम्म फागुकै बारेमा सिल सिलेवर प्रस्तुति रहेको पाइन्छ।

फागुमा भाङ खाँदा निबन्धमा व्यस्त मानव जीवनलाई चाडपर्वले आराम साथै मनोरञ्जन दिलाएको प्रसंगलाई उल्लेख गरेका छन् भने अर्कोतिर चाडपर्वले विभिन्न समाजिक विकृति र आर्थिक समस्या उत्पन्न गराएको देखिन्छ । मेला बजारको रमाइलो प्रस्तुति गर्दे त्यसमा देखिएको विकृति विसंगतिलाई पनि लेखकले एकै साथ अगाडी ल्याएको छ । निबन्धमा मेला, बजार, पर्वको रमाइलो प्रस्तुतिसंगसंगै युवा युवतीको हात हालाहाल सम्मको क्रियाकलाप प्रस्तुतिबाट समाजको यथार्थ चित्रण प्रस्तुत गरेका छन् । निबन्धकारले हाँस्यव्यङ्ग्यात्मक प्रस्तुतिका साथ मानवीय चरित्रको सूक्ष्मचित्रण गरेको पाइन्छ ।

## २१) ठाडा पैसा

आँखा समसामयिक संकलन, शान्तिनगर (झापा) तेस्रो किरण २०२५ मा विष्णु नवीनको ठाडा पैसा शीर्षक निबन्ध प्रकाशन भएको उल्लेख छ । ठाडा पैसा शीर्षक निबन्ध श्रीमतीले पान खादा हाँस्यव्यङ्ग्य संगालोमा संकलित निबन्ध हो । ठाडा पैसामा पैसा कमाउन उत्सुकता देखाएको प्रसंगलाई मुख्य विषय बनाएको पाइन्छ । लेखकले निबन्धको शुरुमा यो जुग पनि कस्तो आयो आयो । जता जाउँ पैसा कमाउ, पैसा भए सवै चीज पुग्यो । हुनपनि पैसा भए जम्मै चीज पाइन्छ । तर भगवान पनि न्याय गर्न जान्ने जन्तु होइनन् । जे दानशील छ उसलाई एक कौडी नभएको बनाएर मारे जो लोभी छ  उसलाई पैसै पैसा । “पैसाले पैसा तान्छ” भनेको साँचो हो । जति पैसा कमायो उति कमाउन मन लाग्ने स्वास्नी फेर्नेले रातदिन स्वास्नी फेरे झैं । उल्लेख गरेका छन् । अहिलेको समयमा पैसा कमाउनु अनिवार्य भएको छ । पैसा भए सवै काम गर्न सकिन्छ । भन्दै व्यङ्ग्य गर्दै भगवानले न्याय गर्न नजानेको प्रसंगलाई उल्लेख गरेका छन् । दान गर्ने मान्छेले पैसा कमाउन नसकेको र मेहनत गरेर कमाउनेले कमाइरहेको यथार्थ चित्रण गरेका छन् । लेखकले शिक्षण पेशामा लाग्नेहरु तरुनी ठिटीहरुप्रति मोहित बनेको प्रसंगलाई उल्लेख गर्दै सकभर विहे भएको छोराछोरी भएका मास्टरको खोजी गर्नुपर्ने भन्दै पाँचथर तिर मलायामा जतिकै मास्टरी काममा गएको यथार्थको उल्लेख गरेका छन् । विस्तारै पाँचथरमा नै पढालेखा पुगीसरी भएपछि मास्टरहरु फिरेको र इलामेली ठिटीहरु पुलिससंग विवाह गरेको उल्लेख गरिएकोछ । शिक्षकहरु विद्यार्थी पढाउन मात्र नभई ठेक्कामा लागेर पैसा कमाएको प्रसंगलाई हाँस्यव्यङ्ग्यात्मक रुपमा अगाडी बढाएको छ । निबन्धमा मान आदरसत्कार भन्दा पनि पैसा कमाउन जे पनि गर्ने भन्दै मन्त्रीको पदबाट खुस्केपछि भारत तिर चामल ब्ल्याक गरेको उल्लेख गरेका छन् । मन्त्रीले मात्र हैन पैसा कमाउन हामी सवैले एउटा न एउटा बाटो लिनुपर्नेमा लेखक जोड दिन्छन् । पैसाको अभावमा जाहन छोरा छोरी पाल्न धौ धौ परेको प्रसंगलाई मनोरञ्जनात्मक प्रस्तुतिबाट अगाडी बढाएको पाइन्छ । पैसा कमाउनेहरु कमाएको कमाएकै भोका नाङ्गाहरु भोक भोकै भएकोमा लेखकले व्यङ्ग्यात्मक प्रस्तुतिका साथ जिल्ला र अञ्चलमा पागल खाना खोल्ने प्रसंग उल्लेख गरेका छन् ।

निबन्धमा मान्छेले पैसाको महत्व बुझेको र पैसा कमाइ हुने काम गर्न आकर्षक हुने पैसा नहुने काममा चासो नदेखाएको सानै नानीहरुले पनि पैसा चिन्ने गरेको उल्लेख गरेका छन् । मान्छेले पैसा कमाए तापनि खान लाउनमा सिमित छ देश विकासमा लागौं भन्ने भावना त भाषणमा मात्र सिमित छ । पैसा जति कमाए पनि यति दिन खान पुग्छ भन्दैनन् पाच कमाए दश कमाउन लाग्छ भन्दै व्यङ्गयात्मक प्रस्तुति उल्लेख गरेका छन् ।

ठाडा पैसा निबन्धमा विषयवस्तुको छोटो र सरल प्रस्तुति भएको पाइन्छ भने संरचनागत दृष्टिबाट हेर्दा सोह्र अनुच्छेद रहेको छ । निबन्धमा विषयवस्तु प्रस्तुतिमा हाँस्यात्मक एवं व्यङ्गयात्मक ढंगबाट निबन्ध प्रस्तुत गरेका छन् । विषयवस्तुको प्रस्तुतिलाई थप रोचकता प्रदान गर्न ठाउँठाउँमा छोटो छोटो कथा उखान टुक्काहरुको प्रयोग गरी मनोरञ्जनात्मक प्रस्तुति गरेका छन् ।

ठाडा पैसा निबन्धमा हास्यव्यङ्गयात्मक प्रस्तुति गरिएको छ । मानवीय जीवन यापनमा आर्थिक अभाव खप्नु परेकाले लेखकले पैसाको महत्व देखाउँदै पैसा कमाई गर्ने दौडमा लागेको प्रसंगलाई यथार्थ प्रस्तुति गरेका छन् । मास्टरी पेशामा रहेको शिक्षक ठेक्कामा समेत संलग्न भएको देखाउँदै पैसा कमाई गर्न महत्व ठानी इज्जत र सम्मानमा सिमित नरहने प्रसंगको उललेख गर्दै मनोरञ्जनात्मक प्रस्तुति गरेका छन् । पैसामा हुने गरेका मानवीय चरित्रको यथार्थ चित्रण गर्दै व्ल्याकमा व्यापार गर्ने वर्गप्रति व्यङ्गय प्रहार गरेका छन् ।

## २२) ट्वाँट एण्ड म

ट्वाँट एण्नड म शीर्षक निबन्ध 'विवेचना' चन्द्रगढी झापा वर्ष २ अङ्क १ ( २०३१) मा प्रकाशन भएको उल्लेख गरिएको छ भने श्रीमतीले पान खाँदा  हास्यव्यङ्गय संगालाको बाइसौं शीर्षकमा रहेको छ । निबन्धको शुरुमा नै ट्वाँटका धेरै नाम छन् । कसैले खाजा भन्दछन् भने कसैले होत्ते । कसैले रक्सी भन्दछन् भने कसैले बाङ्गेपानी ।कसैले के भन्छन् भने कसैले के अर्थात जति मान्छे छन् त्यति नै नाम राखेको सुनिन्छ । लेखकले मदिरा सेवनको प्रचलन परम्परादेखि नै चलिआएको प्रसंग चारवेदमा उल्लेख भएको सोमरस ऋषी मुनीहरुले खान्थे भन्ने उल्लेख गरेका छन् । निबन्धमा लेखकले ठूला ठूला राष्ट्र प्रमुखहरुले पनि मात मदिरा सेवन गर्ने गरेको भन्दै आफूपनि जीवनमा नेपाली हिप्पी बनी गाँजा, भाङ्ग, अफिम, घोट्टा खाएको उल्लेख गरेका छन् । मानिसहरु बेरोजगारी अवस्थामा रहँदा मदिरापान गर्ने लत बस्ने प्रसंग आफ्नो तीन वर्षको बेकारी अवस्थामा विहानै एकमाना ट्वाँट खाएकै हुनुपर्छ लेखक कविहरु नखाई लेख्न सक्दैनन् तर यो कुरा म कुनै लेखक कवि हुँ भनी दावी गरेको होइन तर देखेर नै हो भन्ने वाक्यबाट प्रष्ट देखिन्छ । ट्वाँट पदार्थ अचम्मकै भन्दै लेखकले ट्वाँट खाएपछि रोमान्स पनि हुन्छ । झगडा पनि गफ राम्रो पनि आउँछ छाडा पनि । कतिपय ट्वाँट खाएपछि तरुनी पट्टि लम्कन्छन् । ट्वाँट खाएर संसारमा अनेक घटना पनि भएको छ भन्दै

मनोरञ्जनात्मक प्रस्तुति गरेको पाइन्छ । एम ए गरेको भए ट्वाँट कै विषयमा पी.एच.डी. गर्ने थिए भन्दै लेखकले आफू मातेर सडकमा सुतेको यथार्थ प्रस्तुत गर्दै मातेर तास जुवा खेल्नेलाई पैसाको हर्जा कहिल्यै हुदैंन भन्ने व्यङ्ग्यात्मक अभिव्यक्ति दिएका छन् । लेखकले ट्वाँट एउटा मजाको चीज हो यो खाएर ल्याङ फ्याङ हुनुहुँदैन भन्ने अभिव्यक्ति दिएका छन् । निबन्धमा कसैले मेरो मुखमा हेरेर खानु हुदैन भनी भन्छ भने पहाडे रक्सी नपाए भट्टीमा गएर सोफी खाइन्छ म नखाइकन बस्न सक्दिन । जीवन भरी म खाइरहन्छु । भन्ने अभिव्यक्ति दिएका छन् । निबन्धमा लेखकले मुख्य विषयवस्तु मदिरापानलाई नै बनाएको पाइन्छ । ट्वाँट एण्ड म निबन्धको विषय प्रस्तुती छोटो साथै संरचनागत स्वरुपमा आठ अनुच्छेदमा रहेको छ । निबन्धात्मक शैली हाँस्यात्मक व्यङ्ग्यात्मक रहेको छ । निबन्धको भाषा शैली सरल र सरस पाइन्छ ट्वाट एण्ड म शीर्षक निबन्धमा मदिरा र आफू स्वयंलाई संगसंगै प्रस्तुति गरेको पाइन्छ ।

निबन्धमा लेखकले मदिरा सेवनको प्रचलन परम्परादेखि नै चलिआएको बताउँदै मदिरा सेवन उच्च तहको जिम्मेवार पक्ष देखि तल्लो स्तरको समुदायले समेत सेवन गर्न सक्छ । भन्ने अभिव्यक्ति दिएका छन । लेखकले आफ्नो तीनवर्षे नोकरी समयमा मध्यपानको लत बसेको प्रसंग उल्लेख गरी मानिसलाई बेरोजगारी अवस्थामा मात मदिराको लत बस्छ भन्ने यथार्थ प्रस्तुत गरेका छन् । लेखकले मदिरा सेवन गरेपनि ल्याङ्गफ्याङ्ग हुनुहुदैंन भन्ने अभिव्यक्ति दिदैं मदिरा सेवन गर्नेहरुलाई सजग गराएको छ । मदिरा सेवन गर्नेहरुको प्रवृतिगत चित्रण गर्दै तरुनी तर्फ लम्कन भन्दा आफ्नै कोठामा सुत्छन् भन्ने प्रसंग उल्लेख गरेका छन् । निबन्धमा म पात्रको चरित्रमा आफू स्वयंको यथार्थ चित्रण गर्दै हाँस्यव्यङ्ग्यात्मक प्रस्तुति उल्लेख गरेका छन् ।

## २३) नानीको आमा

नानीको आमा शीर्षक निबन्ध श्रीमतीले पान आँदा हाँस्यव्यङ्गय संगालोमा बाइसौं शीर्षकमा रहेको छ । 'उषा' शनिश्चरे (झापा) दोस्रो किरण २०२५ मा नानीको आमा शीर्षक निबन्ध प्रकाशन भएको उल्लेख छ । यस निबन्धमा महिलालाई हेर्ने सामाजिक दृष्टिको चर्चा गरिएको छ । महिलाहरुलाई वासना र सौन्दर्यका आधारमा जति राम्रो देखिन्छ  त्यसपछिको वैवाहिक जीवन र आमा बनीसकेको अवस्थामा केही फरक हुन्छ भन्ने विषयवस्तुलाई लेखकले उल्लेख गरेका छन् । निबन्धमा हुन पनि नानीको आमा भनेपछि झ्याल्टुङ्ग संझिइन्छ । एकपल्ट रसनिचोरी सकेको कागती जस्तो हुन्छ त्यस्तै रसहीन संझिइन्छ । केटाकेटीले रगत सवै दुध बनाएर खाएपछि स्वभावतः बुढी देखिने नै भए । भन्ने वाक्याशं उल्लेख गरिएको छ । लेखकले नारीको वासना वा सौन्दर्यतामा जुन फरकपन आउँछ प्रकृतिले नै उनीहरुलाई फरक बनाएको छ । नारीहरुमा भएको सौन्दर्यता सन्तान उत्पादन गर्ने प्राकृतिक गुणले फरक पार्छ । महिलाहरु नानीको आमा बनेपछि उनीहरुमा देखिएको चारित्रिक गुण र वासनात्मक सौन्दर्यताप्रतिको फरक पनको व्याख्या हास्य व्यङ्गयात्मक तरिकाबाट गरिएको छ । नारीहरुमा भएको मातृत्व बन्ने गुणको प्रसंसा गर्दै लेखकले पुरुषहरु पनि आमा बन्नु परेको भए उनीहरुको वास्तविकतामा देखिने यथार्थको वर्णन गरेका छन् । महिलाहरु आमा बनी जुन प्रकारले फरक हुँदै उमेर अनुसार चाउरी पर्दै जान्छ पुरुषहरु पनि पारिवारीक समस्याहरुको समाधानार्थ कर्मशील बनीरहँदा परिवर्तन हुदै उमेर अनुसार चाउरिएर बुढो हुँदै जान्छ ।

निबन्धमा लेखकले महिलाहरुको प्राकृतिक गुण संगसंगै चारित्रिक गुणको पनि उल्लेख गरेका छन् । कतिपय महिलाहरु असल स्वभावको हुन्छ भने कतिपय महिलाहरु खराव प्रवृतिको पनि हन्छ । महिलाहरु नानीको आमा बनेर पनि अर्कोसंग जाने र नानीहरुको जीवनलाई वास्ता नगरी पुनः नानी जन्माउने प्रचलन प्रति तिखो व्यङ्गय गर्दै ऐन कानूनले केही रोकथाम भएको प्रसंग उल्लेख गरेका छन् । निबन्धमा नानीको आमा हुन जति इच्छा गर्न सजिलो छ त्यति कै हुन गाह्रो । यो पनि ठीक । इच्छा गरेर मात्र हुदैन । कसैलाई अनेक भाकल गर्न पनि मनोकामना पुरा हुदैंन कसैको नानीको आमा भएको वर्षदिन पुग्न पाउँदैन अर्को जन्मन्छन् । भन्दै नेपाली समाजमा हुने गरेका यथार्थ घटनाहरुको चित्रण गरिएको छ । लेखकले नानीको आमाहुन जे जस्तो भएपनि सजिलै मान्न कठीनाई हुनसक्छ र युवक अवस्थामा पनि कठिनाई हुन सक्छ भन्ने यथार्थ प्रस्तुत गरेका छन् । लेखकले अविवाहीत वस्नु भन्दा जे जसो भएपनि विवाह गर्नुपर्छ विवाह नगर्नेको अन्तिम समयमा विजोग हुन्छ  भनी उल्लेख गरेका छन ।

निबन्धमा विषयवस्तु छोटो रहेको छ । संरचनागत रुपमा दश अनुच्छेदमा रहेको छ । निबन्धात्मक भाषा शैली सरल र सरस हास्यात्मक साथै व्यङ्गयात्मक र ठाउँ ठाउँमा मनोरञ्जनात्मक झल्काउने रहेको पाइन्छ । निबन्धको शीर्षक नानीको आमा रहेतापनि महिला पुरुष दुवैको प्रसंगलाई मनोरञ्जनात्मक प्रस्तुतीका साथ अगाडी

बढाएको पाइन्छ । नानीको आमा शीर्षक निबन्धमा महिलाहरुमा मानवीय अस्तित्व हुन्छ र मातृत्व बन्ने प्राकृतिक गुण उनीहरुमा हुन्छ भन्ने कुरा व्यक्त भएको छ । लेखकले महिलाहरुको वासनात्मक सौन्दर्यपनमा वैवाहिक जीवनपछि फरक देखिन्छ भन्ने प्रसंगलाई हाँस्यव्यङ्गयात्मक तरिकाबाट प्रस्तुत गरेका छन् । नारी र पुरुषमा संगसंगै देखिने परिवर्तनलाई मनोरञ्जनात्मक तरिकाबाट प्रस्तुत गरेको पाइन्छ । नारीहरुको जीवन यापनमा देखिने फरकपन प्रति हाम्रो समाजले हेर्ने विकृतिपूर्ण हाम्रो धारणालाई छर्लङ्ग पारेर समाजलाई अप्रत्यक्ष रुपमा सजग गराउने कोशिस यस निबन्धमा भएको पाइन्छ ।

## २४) कुरा भन्दा निस्केका तीता नौनी

'विश्वदीप' २०३६' वर्ष १ अङ्क ३/४ विर्तामोड, झापा मा कुरा भन्दा निस्केका तीता नौनी शीर्षक निबन्ध प्रकाशन भएको उल्लेख छ । भने श्रीमतीले पान खाँदा हास्यव्यङ्गय संगालोको चौबिसौं शीर्षकमा प्रकाशनको तयारीमा रहेको छ । यस निबन्धमा नेपाली समाज र विश्वका परिस्थितिको चित्रण गरिएको छ । निबन्धमा नेपाली समाज र विश्वका विभिन्न प्रकारका घटनाहरु हुनेगर्छ, पशुपंक्षीमा पनि विभिन्न रोगहरु लाग्न सक्छ भने मान्छेमा पनि विभिन्न रोग मात्र होइन मानिसहरुले विभिन्न प्रकारले आत्माहत्या गर्ने गरेको प्रसंगलाई उल्लेख गरेका छन् । लेखकले परिवार नियोजनको प्रसंगलाई हाँस्यव्यङ्गयात्मक प्रस्तुतिका साथ अगाडी बढाएका छन् । लेखकले ए ! परिवार नियोजनको कुरा कोट्याउँदा कुरा नै आयो परिवार नियोजन पनि गजबको हुन थाल्यो नेपालमा । ल्याप्रोसकोपी कि भ्याउकोपी भनी नसा काट्छन कि के काट्छन् कोनी कुरो के भने खोटाङ जिल्लामा एक कोरी र तीनवटी आइमाइको ल्याप्रोसकोपी गरेछन् 'डाक्टर बाबु'हरुले । भन्ने प्रसंगलाई लेखकले उल्लेख गरेका छन् । त्यस समयमा परिवार नियोजनको क्रममा गरिने कार्यहरुमा डाक्टरहरु सक्षम नभएको डाक्टरहरुको कार्यदक्षतामा कमी भएकोले अप्रेसन पछि पनि महिलाहरु गर्भवती भएको प्रसंगलाई व्यङ्गयात्मक प्रस्तुति गरेका छन् । लेखकले महिलाहरुको प्राकृतिक बनावट र सन्तान उत्पादनको क्षमता प्रति व्यङ्गय गर्दै पुरुषहरु पनि महिला सरहनै हुनुपर्ने भन्ने हाँस्यात्मक अभिव्यक्ति दिएका छन् । निबन्धमा समय परिवर्तन संगसंगै विभिन्न घटनाहरु भइरहेको छिमेकी राष्ट्रहरु पनि एक आपसमा प्रतिस्पर्धी भई अगाडी बढी रहेको प्रसंग उल्लेख गरेका छन् । लेखकलाई मध्यपानको बारेमा बढी लेखरचनाहरु लेख्ने गरेको भन्ने गरेको प्रसंग उल्लेख गर्दै लेखक स्वयं मध्यपान बढी सेवन गर्ने यथार्थ प्रस्तुत गरेका छन् । नेपाली समाजमा ठूला बडाहरुले तल्लो वर्गको समुदायलाई आसवासन दिलाउने तर कुनै कार्य अगाडी नबढाउने यथार्थको प्रस्तुति गरेका छन् । लेखक पछाडी परेको वर्गको प्रतिनिधित्व गर्दै मध्यपानको सेवनमा तल्लिन भएको यथार्थ प्रस्तुति यस निबन्धमा गरिएको छ । विकसित राष्ट्रहरुमा ऐन कानुन अनुसार काम कारवाहीहरु हुन्छ हाम्रोमा

त रक्सी खाएर जनताहरु लाप्पा लेख्छन् र प्रहरीहरुले लाठ्ठीचार्ज गर्ने गरेको प्रसंगलाई हाँस्यव्यङ्ग्यात्मक प्रस्तुतिबाट अगाडि बडाएको पाइन्छ ।

निबन्धमा छोटो विषयवस्तुको प्रस्तुति रहेको छ भने संरचनागतरुपमा हेर्दा नौ अनुच्छेद रहेको छ । कुनै अनुच्छेद लामो लामो रहेको भएपनि कुनै छोटो रहेको पाइन्छ । निबन्धात्मक भाषाशैली सरल र सरस साथै हाँस्यात्मक, व्यङ्ग्यात्मक रहेको पाइन्छ ।

कुरा भन्दा निस्केको तितो नौनी निबन्धमा नेपाली समाजको यथार्थ चित्रण गरिएको छ । लेखकले निबन्धमा लल्लो वर्गको प्रतिनिधित्व गर्दै आफ्नो बेरोजगारी समयस्यालाई व्यङ्ग्यात्मक प्रस्तुति गरेका छन् । निबन्धमा नेपाली समाज संगसंगै विश्वका परिस्थितिको चित्रण गरिएको पाइन्छ । समाज राष्ट्रिय र अन्तराष्ट्रिय राजनीतिक विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गर्दै तल्लो वर्गको उत्थानमा लेखक रहेको छ ।

## २५) जागीर : मास्टरी

श्रीमतीले पान खाँदा हाँस्यव्यङ्ग्य संगालोको पच्चीसौं शीर्षकमा रहेको जागीर : मास्टरी निबन्ध 'सिदार्थ' भद्रपूर(झापा) वर्ष ३ अङ्क ४ मा प्रकाशन भएको उल्लेख छ । जागीर मास्टरी शीर्षक निबन्धमा नेपालको समाजिक परिवेशमा पढालेखा व्यक्ति जो शिक्षण पेशामा संलग्न रहेको हुन्छ । उनीहरुको मान मर्यादा र समाजिक प्रतिष्ठा माथि रहेको हुन्छ भन्ने अभिव्यक्ति विष्णु नवीनको मास्टरी पेशामा संलग्न रहँदाको अनुभवलाई प्रस्तुत गरेका छन् । पहिला पहिला गाउँघरमा कमै मात्र भएको ले सरकारले दिएको तलब बाहेक गाउँ घरका अभिभावकहरुले खानेबस्नेको व्यवस्था मिलाएको प्रसंग उल्लेख गरेका छन् । युवतीहरु आर्कषित भई मास्टरहरुको खानपान र तलबमा साफा नाफा बराबरी भएको प्रसंगलाई हाँस्यव्यङ्ग्यात्मक रुपमा प्रस्तुत गरेका छन् । लेखकले मास्टरी जागीर मेरो पालामा राम्रो रहेछ । माया पनि लाउन पाइनै चान्समा डान्स पनि गर्न पाइने तर अब त नयाँ शिक्षकले मास्टरहरुको पूरा सोस्ती बनाएको छ । बरु कि नेतागिरी गर कि मास्टरी । कि सम्पादक गर कि मास्टरी आदि .........। भन्ने प्रसंग उल्लेख गरी पहिलेको समयमा मास्टरी पेशा राम्रो भएको शिक्षामा आएको परिवर्तनले गर्दा अन्य पेशाहरु बढी फाइदाजनक देखिएको बुझिन्छ । पहिलेको समयमा मास्टरी पेशामा रहनेहरु मोज  मस्ती गरेको प्रसंगलाई हाँस्यव्यङ्ग्यात्मक रुपमा अगाडी बढाएको छ । लेखकले मास्टरहरु राजनीति, सम्पादक, शिक्षण साथै प्रेमी र नायकको भूमिका पनि खेल्थे भन्ने यथार्थ प्रस्तुत गरेका छन् । २०१८ सालमा परम्परागत रुढीबादीले गर्दा ज्योतिषीहरुले प्रलय हुन्छ भनी कमाई गर्ने मौका छोप्दा हरेराम र नाँचमा मास्टरहरुले त्याग गरेर युवतीहरुसंग माया प्रेम लगाएको प्रसंगलाई हाँस्यव्यङ्ग्यात्मक रुपमा उल्लेख गरेका छन् ।

जागीर : मास्टरी शीर्षक हाँस्यव्यङ्ग्यात्मक निबन्धमा विषयवस्तुको छोटो प्रस्तुति हरेको छ संरचनागत दृष्टिमा छोटो छोटो दश अनुच्छेद रहेका छन् । लेखकले सरल र सरस भाषा शैली प्रयोग गरि ठाउँ ठाउँमा हाँस्यव्यङ्ग्यात्मक अभिव्यक्ति दिएका छन् ।

लेखकले जागीर : मास्टरी शीर्षक निबन्धमा मास्टरहरु हरेक विषयमा सर्वे सर्वा हुने गर्थे भन्ने कुरा देखाइएको छ । मास्टरहरुले राजनीतिज्ञ, चिकित्सा, धामी, पुरेत ज्योतिषीका काम गर्ने मात्र होइन मौकामा प्रेमी र नायकको भूमिका पनि खेल्थे । पहाडी क्षेत्रको गाउँघरमा अहिलेको समयमा देखिएको मास्टरको प्रवृतिको यथार्थ चित्रण यस निबन्धमा पाइन्छ । लेखकले आफ्नो जागीर मास्टरी जीवनको यथार्थ प्रस्तुत यस निबन्धको माध्यमबाट गरेको पाइन्छ ।

## २६) दशैं : एउटा तमासा

हाँस्यव्यङ्ग्यात्मक विष्णु नवीनको श्रीमतीले पान खाँदा हाँस्यव्यङ्ग्य संगालोको अन्तिम शीर्षक दशैं : एउटा तमासा ‘डोली’ दमक झापा सामयिक साहित्यिक संकलन-१ मा प्रकाशन भएको उल्लेख छ । दशैं एउटा तमासा शीर्षक निबन्धमा परम्परागत रुपमा मानी आएको चाडपर्वमा विकृति विसंगति बड्दै आएकोले नराम्रो प्रभाव पारिरहेको यथार्थ प्रस्तुत गरेका छन् । नेपालीहरुको सामाजिक परम्परा अनुसार विभिन्न चाडपर्व मान्ने प्रचलनलाई लेखकले निबन्धको मुख्य विषय बनाएको छ । निबन्धमा हरेक महिना एउटा न एउटा चाड परेकै हुन्छ । जिन्दगीको आधा भाग चाडवाड मानेर भए नभएको खर्च गरेका ऋण माथि ऋण भनौं या रोग माथी कात्रो थपेर आफूलाई दु:ख र चिन्ताले घटाउँछन् । खाएको र फ्यालेको वास्ता गर्दैनन् जीवनभरि यतिकै पुग्छ जस्तो गरेर । भन्ने अभिव्यक्ति दिएका छन् । लेखकले नेपालीहरुको चाडपर्वमा आएको विकृति प्रति व्यङ्ग्य गर्दै आधा जीन्दगी चाडपर्व र फजुल खर्चमा रहेको प्रसंगलाई हाँस्यव्यङ्ग्यात्मक तरिकाबाट प्रस्तुत गरेका छन् । लेखकले जनताहरुले चाडपर्व मनाउन साहुबाट ऋण लिनुपर्ने अवस्थाको यथार्थ चित्रण गरेका छन् । नेपालीहरुले साहुबाट ऋण लिएर खर्च गरी माथिल्लो वर्गलाई ब्याज ब्याजको पनि स्याज बुझाएर तल्लो वर्ग शोषण र उत्पिडनमा परेको यथार्थलाई व्यङ्ग्यात्मक प्रस्तुतिद्वारा अगाडि बढाएको पाइन्छ । विपन्नवर्गका समुदायहरु चाडपर्वको तडक भडकमा फजुल खर्चगरी साहुलाई ऋण बुझाउन नसकेर विस्थापित भई विभिन्न पेशा व्यवसायमा लाग्न बाध्य बनेको यथार्थलाई लेखकले हाँस्यव्यङ्ग्यात्मक प्रस्तुतिका साथ अगाडी बडाएको पाइन्छ ।

लेखकले दशैं जस्तो महान् चाड बैशाख जेष्ठको महामारीमा परेको भए थुप्रै नेपालीहरुले ज्यान गुमाउन सक्ने प्रसंगलाई हाँस्यव्यङ्ग्यात्मक रुपमा अगाडि बढाएको पाइन्छ । चाडवाड र तिथिमितिमा हुने अघिपछि प्रति लेखकले तिखो व्यङ्ग्य प्रहार गरेका छन् ।

आथिक अवस्थाले सम्पन्न वर्ग, साहु माजन, राजनीतिज्ञ, कर्मचारी आदिले आर्थिक विपन्न अवस्थाको समुदायलाई ठूलो असरमा पारेको प्रसंगलाई व्यङ्ग्यात्मक प्रस्तुतिद्वारा अगाडि बडाएको पाइन्छ । लेखकले दशैं पर्वको पौराणीक इतिहासलाई हाँस्यव्यङ्ग्यात्मक प्रस्तुति दिएको पाइन्छ । नेपालीहरुको पौराणिक इतिहासलाई लेखकले व्यङ्ग्यात्मक तरिकाबाट अगाडि बडाएको छ । निबन्धमा दशैं खासगरी वर्षमा एकपल्ट आफन्तहरु भेट्ने दुःख सुखका गफ गर्ने मिठो नमिठो जे जस्तो छ एक छाक खाएर छुट्टिने चलन हो । तर हिजो आज दशैं विकृति भएर पन्ध्र वीस दिनसम्म भए भरका अन्नपातको खर्च ऋणमाथि ऋण भएर मर्नु भएको छ । भन्ने प्रसंगबाट दशैं पर्वको महत्व र त्यसमा देखिएको विकृतिप्रति सजग रहन सन्देश रहेको पाइन्छ ।

निबन्धमा भाषा शैलीको सरल र सरस प्रस्तुति रहेको पाइन्छ लेखकले हाँस्यव्यङ्ग्यको राम्रो संयोजन गर्दै यथार्थको प्रस्तुति गरेका छन् । विषयवस्तु सानो भए पनि संरचनागत रुपमा सोह्र अनुच्छेदमा रहेको छ ।

दशैं एउटा तमासा शीर्षक निबन्धमा नेपालीहरुको परम्परागत रुपमा मान्दै आइरहेको चाडपर्वमा देखिएको विकृति र विसंगतिप्रति व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । नेपाली समाजमा देखिएको आर्थिक असमानताप्रति व्यङ्ग्य गर्दै तल्लो वर्गका समुदायहरु शोषण र उत्पीडनमा परेको यथार्थको चित्रण गरिएको छ । माथिल्लो वर्गको खराव प्रकृतिले गर्दा तल्लो वर्गको समुदाय विस्थापन हुन सक्ने यथार्थ चित्रण यस निबन्धमा भएको पाइन्छ ।

### ५.४.३. 'केही सोधी केही खोजी'

निबन्धात्मक लेख सङ्कलनका रचनाहरु 'केही सोधी केही खोजी' विभिन्न पत्र-पत्रिकामा प्रकाशित निबन्धात्मक लेखहरुको अप्रकाशित सङ्कलन हो । यस संकलनमा पन्ध्रवटा रचनाहरु संकलन गरि प्रकाशनको अन्तिम तयारिमा रहेको हस्तलिखित अवस्थामा प्राप्त भएको छ । विष्णु नवीनको यस कृतिको शीर्षक अन्य निबन्ध संकलनको जस्तो त्यसैमा संकलित रचनाका आधारमा नभई छुट्टै शीर्षक 'केही सोधी केही खोजी' भन्ने नामाकरण गरिएको छ । यसको शीर्षकबाट नै यो एक अनुसन्धानात्मक वा खोजपूर्ण साथै समालोचनात्मक लेखहरुको संगालो हो भन्ने बुझिन्छ ।

हाँस्यव्यङ्ग्य साहित्यकार विष्णु नवीनको 'केही सोधी केही खोजी' निबन्धात्मक लेख संकलनमा यात्रावर्णन स्थान वर्णन, साहित्यालोचना, जीवनी, व्यक्तित्व जाति तथा संस्कृतिको चर्चा साथै चियाखेती जस्ता देश विकाससंग सम्बन्धित विषयवस्तुहरुलाई समेटीएको पाइन्छ । यहाँ यी रचनाहरुको सामान्य विवेचना गरिन्छ ।

## क) "यमद्वार" र आसपासका स्थानहरु

यमद्वार र आसपासका स्थानहरु शीर्षक निबन्ध २०२० साल वैशाख ७ मा 'गोरखापत्र' काठमाडौंमा प्रकाशन भएको उल्लेख छ । १ यो शीर्षक निबन्ध 'केही सोधी केही खोजी' संग्रहको पहिलो शीर्षक मा रहेको छ । नवीनको यमद्वार र आसपासका स्थानहरु शीर्षक निबन्धमा स्थानवर्णन गरिएको छ । यहाँ झापा र इलाम जिल्लाको सीमानामा पर्ने 'यमद्वार' भन्ने बन र पहाडको छिडी भएको ठाउँका बारेमा देखापरेका र सुनिएका विभिन्न घटना र भनाइहरुको चर्चा गरिएको छ । निबन्धमा इलामबाट झापा जाने वीचबाटोमा रहेको चारकोसे झाडी र झाडीको वीचमा रहेको सानो गल्छेडोलाई यमद्वार भन्ने गरिएको उल्लेख गरिएको छ । बाटामा चिसापानी, लोदिया गरुवा आदि स्थानहरु रहेको उल्लेख गर्दै किंवदन्ति अनुसार गो-हरुवाबाट 'गरुवा' लुकानीबाट सुखानी नामाकरण रहेको देखिन्छ । विराटराजाको राजधानी विराटनगरमा पाण्डवहरुले एक वर्षको गुप्तबास विताएको प्रसंग अगाडी बडाउँदै विराटनगरको नामाकरणमा रहेको किंवदन्ती प्रस्तुत गरेका छन् ।

विष्णु नवीनले महाभारतको पाण्डवहरुको गुप्तबास संगसंगै विराटनगर, गरुवा चारकोसे झाडी, सुखानीको हरेक स्थानको नाममा रहस्य छ नै तर खोनी न भै प्रमाण नपाई भन्न गाह्रै हुन्छ भन्ने उल्लेख गरेका छन् । लेखकले चुलाचुलीमा फलफूलको बोट, महलको भग्नावशेष साथै मर्मरका कुवा आदि रहेकोले त्यहाँको ऐतिहासिकका केही हुनसक्ने प्रसंग रहेको छ । निबन्धमा यमद्वारको नामाकरण गरिएको विषयलाई लेखकले अड्कल गरेको प्रसंगमा पहिले वनजंगलले गर्दा चोरी हुने प्रसंग साथसाथै झापामा बडी औलो रोगले गर्दा त्यहाँ गएको मानिस फर्केर नआएको प्रसंग उल्लेख भएका छन् । निबन्धमा २००७ सालमा झापाबाट चिसापानीसम्म मोटर ल्याइएको थियो भन्न पनि लाज लाग्छ पहिले जस्तै गोरेटो ठाउँ-ठाउँमा भत्किसकेका छन् । अब त निकै मेहनत गरेर मात्र बोटो बन्ने छ । हाल फेरि झापादेखि ओलाङचुङसम्म बाटो बनिने कुरा चल्दैछ । निकै वर्ष अघिदेखि इलामबाट दार्जीलिङ्ग जाने बाटो पशुपति नगर सम्म हिउँदमा चल्दै थियो । यो साल चलेको छैन । बाटो निकै ठाउँ बनाउनु पर्छ । भन्ने प्रसंगबाट निबन्धको मुख्य विषयवस्तु स्थानवर्णन रहेको पाइन्छ ।

स्थानवर्णनलाई मुख्य विषय बनाएर छोटो सरल र सरस प्रस्तुति रहेको पाइन्छ । स्थानबर्णनमा ठाउँठाउँमा ऐतिहासिकता साथै हाँस्यव्यङ्ग्यात्मक प्रस्तुति रहेका पाइन्छ । संरचनागत दृष्टिमा विषयवस्तु छोटो र सरल भाषा शैलीको प्रस्तुति रहेको पाइन्छ ।

निबन्धको मुख्य उद्देश्य स्थानहरुको वर्ण गर्दै त्यहाँको ऐतिहासिक पहिचानको यथार्थ चित्रण गर्नु रहेको पाइन्छ । निबन्धमा कुनै पनि ठाउँलाई अन्धविश्वासको दृष्टिबाट मात्र देखिनु ठिक नभई त्यस ठाउँको वास्तविकता प्रति ध्यान पुग्न सकेको खण्डमा त्यसको विकास गर्न सजिलो हुने प्रसंगलाई प्रस्तुत गरेका पाइन्छ ।

## ख) पं. चन्द्रधर र उहाँको साहित्यिक कार्यकलाप

नेपाली पूर्णाङ्क १९ बाट २०२१ वैशाख, जेठ र असारमा पं. चन्धधर र उहाँको साहित्यिक कार्यकलाप लेख प्रकाशन भएको उल्लेख गरिएको छ । लेखकले श्रीकमल दीक्षित लिखित ‘यस्तो पनि को कल्लाई भन्ने सबै उस्तै नामक खोजपूर्ण लेख पढेपछि श्री चन्द्रधर ज्यूलाई चिने भन्ने प्रसंग उल्लेख गरी लेख शुरु गरेका छन् । लेखकले पं. चन्दंधर र उहाँको साहित्यिक कार्यकलापको शीर्षक निबन्धमा जीवनी र उनको व्यक्तित्वको चर्चा गरेका छन् । निबन्धमा निभिन्न साहित्यकारको लेख रचनाहरुबाट परिचय दिंदै अबको व्यक्तित्व र जीवनीको चर्चा भएको उल्लेख गरेका छन् । लेखकले पं. चन्द्रधर काफ्ले (शास्त्री) संग भेट गरी उहाँले दिएको अप्रकाशित पाण्डुलिपीबाट प्राप्त भए सम्मको उल्लेख गरेका छन् । निबन्धमा शास्त्री संगको भेटपछि उनको विभिन्न पुस्तक पत्रपत्रिकाको चर्चासंगसंगै जीवनीको उल्लेख भएका छन् । उनी वि. सं. १९६९ साल ३० गते इलाममा जन्मिएर बनारसमा अध्ययन पुरा गरी विभिन्न क्षेत्रमा अध्यापन कार्यमासंलग्न रहेको थियो । लेखकले शास्त्रीलाई गुरुजी उपनामले पनि चिन्न सकिने उल्लेख गर्दै निबन्ध लेखनको समयमा शिक्षण पेशामानै रहेको देखाएको छ । साहित्य लेख क्रममा पुराना कविहरुमा गुरुजीको नाम पनि जोडिएको उल्लेख गर्दै २०१० सालमा श्री डिल्लीराम तिम्सिना र माधव भण्डारीद्वारा लेखिएको “हाम्रो साहित्य र साहित्यकारहरु” मा गुरुजीको नाम छुट्नुमा दुःख प्रकट गरेका छन् । निबन्धमा साहित्य लेखनमा पं. चन्द्रधर भवानी शङ्कर एकै व्यक्ति भएको धारणा व्यक्त भएकोमा उहाँहरु दाजुभाई हुन । दाजुभाई दुवै भएर पुस्तकहरु लेख्ने अनुवाद गर्ने काम गरेका छन् । नवीनलु गुरुजी (पं. चन्द्रधर काफ्ले) को जीवनी साथै साहित्यिक अभिव्यक्ति र उनको कृतिहरुका चर्चा गरेका छन् । लेखकले पं. चन्द्रधर विभिन्न पुस्तक लेखन र अनुवाद गरी विभिन्न क्षेत्रबाट पुरस्कृत भएको उल्लेख गर्दै उनको सफल व्यक्तित्वको प्रसंग गरेका छन् । गुरुजीको अध्ययन बनारसमा रहेकोले उनको रचनामा बनारसी हिन्दी यत्रतत्र रहेको छ । यसरी अनुवाद र मौलिक रचना गर्ने गुरुजी बृद्धावस्थाले समाति सक्दासम्म रचना र अनुवादमा नै रहेको पाइन्छ । अझ पनि गुरुजीको कलमबाट नयाँ-नयाँ कृतिको आशा राख्दै दीर्घायुको कामना लेखकबाट गरिएको छ । पं. चन्द्रधर र उहाँको साहित्यिक कार्यकलाप शीर्षक निबन्ध संरचनागत आकार अरु भन्दाकेही लामो रहेको छ । भाषा शैली सरल रहेतापनि ठाउँठाउँमा किलिष्ट भाषा संयोजन भएको पाइन्छ । नवीनले यस निबन्धमा हाँस्यात्मकता, व्यङ्ग्यात्मकता साथै ठाउँठाउँमा विनोदात्मक अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ । निबन्धको ठाउँठाउँमा सवाई लहरीहरु प्रस्तुत गर्दै रचनाकारको साहित्यिक अभिव्यक्तिलाई सरल भाषा शैलीमा प्रस्तुत गरेका छन् ।

यस निबन्धको मुख्य उद्देश्य गुरुजीको व्यक्तित्व र उनको साहित्यिक अभिव्यक्तिको परिचय प्रस्तुत गरिएको छ । हाम्रो समाजमा पं.चन्द्रधर शास्त्री जस्ता महान् पुरुषको जीवनीले समाजलाई कुनै न कुनै गन्तव्य दिशाबोध गराउँछ भन्ने कुराको

संकेत गरिएको छ । लेखकले यस निबन्धमा गरुजीको खोजमूलक जीवनी र व्यक्तित्वको उल्लेख गर्दै कुनैपनि लेखरचना तथ्यपरक हुनुपर्ने प्रस्तुति गरेका छन् ।

## ग) पण्डित बैजनाथ

पण्डित वैजनाथ शीर्षक निबन्ध 'युवक' राष्ट्रिय साप्ताहिकबाट वर्ष २ अङ्क ३६, २०२० कार्तिक २ गते शनिबार प्रकाशन भएको उल्लेख गरेका छन् । यस निबनधमा पण्डित वैजनाथको हाँस्यात्मक शैलीमा जीवनीपरक परिचय प्रस्तुत गरेका छन् । निबन्धको शुरुमा नै उखानको उल्लेख गर्दै 'कि पुल काट्नको नाम रहन्छ कि पुल बनाउनेको'' भने जस्तै यो विश्वमा विभिन्न प्रकारले नाम कमाउन पाइन्छन् । कैयौंले विकासमा भुलेर कुकृत्य गरेर नाम कमाए त कसैले विश्व बन्धुत्वको भावना लिएर अहिंसा परमोधर्म भनेर । कसैले दरिद्रलाई खुवाएर नाम कमाएका छन् भनेकसैले पगितो खाएर । यी हाम्रा वैजनाथ यस्तै पगितो खानेमध्ये एक हुन । भन्ने प्रसंग उल्लेख गरी रमाइलो प्रस्तुतिका साथ हाँस्यव्यङ्ग्यात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । लेखकले पण्डित वैजनाथले एकपल्टमा १२ माना चामलको भात र तीनधार्नी मासु खाए रे । उनको शरिर हात्ती जस्तै थियो रे । मासुको लुम्साले आँखा छोपीएको एउटा खुट्टा मोटो मानिस जत्रो अर्थात आधा मनको थियो रे सम्पूर्ण शरीरको वजन १२/१३ मनको रहेको अड्कल गर्दै हाँस्यात्मक प्रस्तुति गरेका छन् । निबन्धमा १९८३ सालमा इलाममा बडा हाकिम भएर राज शम्सेर आएका थिए । उनले वैजनाथ सम्बन्धी कुरा सुनेर खान निम्तो दिएछन् । यसरी नै वैजनाथ बढी खाएर जीउलागेकोले खाना खाएर आछामे डल्ले लाहटाको सहाराले उठ्न खोज्दा लोहटानै उनको बोझ थाम्न नसकी पिठो भएछ यो सत्य कुरा सबैको मुखबाट सुन्न पाइन्छ भनी हाँस्यव्यङ्ग्यात्मक अभिव्यक्ति दिएका छन् । जे भएपनि वैजनाथले जति खायो उनको शरीरमा लाग्थ्यो । हिजो आज पनि कसै कसैले बढी खाएका र नाम कमाएको पाइन्छ । तर बडी खानेलाई अपच भएको वा पचाउन नसकेर विरामी परेको पाइन्छ । शरीर मोटो हुनेलाई कुनै न कुनै रोग लाग्छ नै । वैजनाथलाई पनि निरंजन भयो । निरंजनले नै वैजनाथलाई १९९२ सालमा लग्यो ।

पण्डित वैजनाथ शीर्षक निबन्ध छोटो जीवनीपरक निबन्ध हो । लेखकले सरल हाँस्यात्मक भाषाशैलीमा वैजनाथको जीवनी प्रस्तुत गरेका छन् । छोटछोटो १७ अनुच्छेदमा लेखकले बैजनाथको रमाइलो रमाइलो प्रस्तुति उल्लेख गरेका छन् । लेखकले ठाउँ-ठाउँमा सुनेको र उनले जानकारीमा आएको प्रसंगलाई हाँस्यात्मक प्रस्तुतिका साथ सरल भाषाशैलीमा उल्लेख गरेका छन् ।

पण्डित वैजनाथ शीर्षक निबन्धमा जीवनीपरक परिचय दिएका छन् । निबन्धमा कुनै पनि व्यक्तिको व्यक्तित्व कुनै न कुनै प्रसंगले परिचित रहेको हुन्छ । पण्डित वैजनाथ धेरै खाएर शरीर पनि मोटो रहेको उनले खाए जती पचाउने गरेको प्रसंगलाई हाँस्यात्मक प्रस्तुति यहाँ भएको पाइन्छ । यहाँ कुनै पनि व्यक्तिको व्यक्तित्वलाई हराउने भन्दा खोसगरी कुनै न कुनै स्थान निर्धारण गरी राख्नुपर्छ भन्ने प्रसंगलाई जोड दिएको

पाइन्छ । लेखकले कुनै नयाँ कार्य गरी गाउँ समाजमा रहेको व्यक्तिहरुलाई खोज गरी उनको यथार्थ परिचय हुनुपर्छ भन्ने कुरामा जोड दिएका छन् ।

## घ) पछाडि फर्केर हेर्दा

पछाडि फर्कैर हेर्दा शीर्षक निबन्ध नेपाली पूर्णाङ्क २१ बाट २०२१ कात्तिक, मंसीर र पुषमा प्रकाशन भएको उल्लेख छ । लेखकले नेपाली साहित्य लेखनको शुरुको अवधीमा रहेको लेखक र उनको कृतिको प्रभावलाई विषय प्रस्तुतिको माध्यम बनाएर नेपाली साहित्यको इतिहासलाई अगाडी बडाएको पाइन्छ । नेपाली साहित्यमा सवाई लहरीको अमूल्य निधि रहेको उल्लेख गर्दै इलामका साहित्यकारहरु महानन्द सापकोटा, चन्द्रधर शास्त्री, भवानी शंकर, रहर सिंह राई को उल्लेख गरेका छन् तत्कालिक साहित्यकारहरु केही सवाईतिर लागेका थिए भनै केही लहरी तिर लम्केको पाइन्छ । लेखकले विभिन्न साहित्कार र उनीहरुको साहित्यिक व्यक्तित्वको चर्चा गर्दै पहिला पहिलाको सवाई लहरीहरु पछिल्लो पुस्ताको साहित्यकारहरुले सम्बत र लेखकको नाम मात्र थपेको उल्लेख गरेका छन् । कतिपय कृतिहरु प्रकाशनको क्रममा नाम कमाउन लेखकहरुले बेइमानी गरेर रचनाकार ओभ्झेलमा परेको देखिन्छ । प्रकाशन सिमित हुन्थ्यो पुस्तकहरु थोरै ठाउँमा मात्र पाइन्थ्यो । सवाई प्रकाशनको क्रममा प्रतिमानले प्रकाशन सिमित हुन्थ्यो पुस्तकहरु थोरै ठाउँमा मात्र पाइन्थ्यो । सवाई प्रकाशनको क्रममा प्रतिमानले प्रकाशन सिमित हुन्थ्यो पुस्तकहरु थोरै ठाउँमा मात्र पाइन्थ्यो । सवाई प्रकाशनको क्रममा प्रतिमानले ‘राजा भर भरीको सनाई’ लेखेको उल्लेख गर्दै सन् १९२४ मा २०० प्रति प्रकाशन भएको यो पुस्तकको प्रकाशक उषानाथ शर्मा राधोराम रहेको छ । लेखकको पुस्तकको १६ हारसम्म इश स्तुति छ जसमा पतिब्रता सावित्रीलाई पनि सरस्वती माताको रुपमा संभ्फिएको छ । सवाईको आरम्भमा ‘सुन सुन पंच हो ...............सुन सुन मुनिजन ...........’ रहेको उल्लेख गर्दै श्लोकको आधारमा लेखक प्रतिमान कुनै कुटीमा साधु सन्तहरुको हुलमा बस्थे कि या पहाडतिर घरजम गरेर वस्ने साधु जस्तो पनि हुन सक्ने अड्कल गरेका छन् ।

सवाईमा राजा थरथरी लाई साधुहरुले रवरी बुट्टी दिए राजाले प्राण भन्दा प्यारी रानीलाई दिए रानीबाट चिरुवादारलाई चिरुवादारले आफ्नी एक प्रेमी वेश्यालाई दियो । वेश्याबाट पुनः राजालाई नै प्राप्त भयो राजा छक्क परे , रानीलाई धिक्कार्छन । नारी भनेर बस्नेलाई पनि भलो छैन । स्त्रीमा सभ्यता भन्ने कति पनि छैन भनी नारी चरित्रको उल्लेख भएको पाइन्छ । यसरी नै प्रतिमानले राजा भरभरीलाई मुख्य नायक बनाएर सवाई प्रस्तुत गरेकालाई लेखकले यस निबन्धमा मुख्य विषय बनाएको पाइन्छ । यसै पुस्तकको २४ पृष्ठदेखि रहरसिंह राईले गोपिनीको श्लोक मात्र लेखेको देखिन्छ ।

पछाडि फर्केर हेर्दा शीर्षक निबन्धमा नेपाली साहित्य लेखको इतिहासमा लेखक र ती लेखकहरुको रचनाले गरेको योगदानले नै साहित्य लेखन आजको अवस्थामा पुग्न सफल भएको उल्लेख गरेका छन् ।

निबन्धमा सरल भाषा शैली रहेको पाइन्छ । संरचनागत दृष्टिबाट हेर्दा केही अस्पष्ट जस्तो रहे पनि राजा भर थरीको सवाई पछि रहरमान राईले गोपिनीको श्लोकहरु प्रस्तुत गरेको उल्लेख भएको छ । ठाउँ ठाउँमा सवाईको उल्लेख गर्दै त्यसको वर्णन गरेको पाइन्छ ।

पछाडि फर्केर हेर्दा शीर्षक निबन्धमा साहित्य प्रकाशन र साहित्यिक व्यक्तित्वको चर्चा गरेका छन् । पहिलाको समयमा साहित्य लेख्ने लेखकहरुको यथार्थ परिचय हुन नसकेकोमा खेद प्रकट गर्दै प्रकाशनमा केही कमजोरी भएको देखिन्छ । यहाँ नवीनले साहित्यकारद्वय प्रतिमान राई र रहर सिंह राईको साहित्यिक गतिविधिका बारेमा तुलनात्मक चर्चा गरेका छन् । लेखकले साहित्यकारहरुको तथ्यपरक खोजीमा जोड दिएका छन् ।

## ङ) प्रणामी संक्षिप्त परिचय

केही सोधी केही खोजी निबन्धात्मक लेख सङ्कलनका रचनाहरुको पाँचौं शीर्षकमा रहेको प्रणामी संक्षिप्त परिचय नेपाली पूर्णाङ्क २१ बाट २०२१ कार्त्तिक, मंसिर र पुषमा प्रकाशन भएको उल्लेख छ । प्रणामी संक्षिप्त परिचयमा नेपालको धार्मिक विविधताको चर्चा गर्दै नेपाली समाजमा रहेको चालचलन रीतिरिवाज संस्कार संस्कृतिको उल्लेख गरेका छन । लेखकले नेपाली समाजको प्रणामी समुदायलाई मुख्य विषय बनाएर उनीहरुको संकृतिको उल्लेख गरेका छन् । निबन्धमा जे भए पनि सबैको लक्ष्य एउटै छ मुक्ति प्राप्ति र सदाचारी बन्नु । केही मांसाहारी छन् त केही शाकाहारी । सबै आफ्नो धर्मको नियममा अडिग र सम्बद्ध छन् । यस्तै धर्महरुमा नेपालको पूर्वी सीमान्त जिल्ला इलाममा केही गाउँहरुमा प्रणामी धर्म मान्नेहरु छन् । यसको रितिरिवाज पुजिने ईश्वर अनुसार यो धर्म सनातन हिन्दूधर्मको एक हाँगो मान्न सकिन्छ । भन्ने उल्लेख गरी प्रणामी समुदायको परिचय दिएका छन् । लेखकले विष्णु नवीन नेपालको राष्ट्रिय जनगणना २०१८ सालमा सरकारी कर्मचारी भई गाउँ-गाउँ घुम्ने अवसर पाएकाले त्यसै क्रममा जानकारी भए सम्मको विषयवस्तु समेटेर यहाँ उल्लेख गरेका छन् । लेखकले आफू डुलेको घुमेको क्षेत्रमा देखेको यथार्थलाई मात्र यहाँ समावेश गरेको पाइन्छ । नेपाली समाजमा रहेको धार्मिक प्रचलन रुढीवादी, भेदभावलाई उल्लेख गर्दै उनले देखेको यथार्थ प्रस्तुत गरेका छन् ।

प्रणामीहरु एक आपसमा वा चिनजानको प्रणामी समुदाय बाहेकको चिनजानको बीच र भेटघाटमा प्रणाम गर्ने कृष्णलाई इष्टदेवता मान्ने गरेको उल्लेख गरेका छन् । प्रणामी समुदायको रीतिरिवाज संस्कार संस्कृति हिन्दू भन्दा केही फरक भएपनि हिन्दूधर्म कै एक हाँगो मान्न सकिन्छ । प्रणामी धर्म मान्नेहरु इलामको माइपूर्वको गाउँहरु शान्तिपूर, बतासे, सिरिसे आहाले आदि गाउँहरुमा भएको उल्लेख गरेका छन् । प्रणामी धर्मको प्रचलनको चर्चा गर्दै यसको प्रसंशा गर्दै लेखकले प्रणामीहरुको एउटै कर्ण

सबैभन्दा प्रशंसनीय छ त्यो हो हरदम सफा सुग्घर बस्नु । सवेरै नुहाई धुवाई कृष्णको नाम जप्दछन् । भन्ने उल्लेख गरेका छन् । लेखकले अन्य चाडपर्वलाई त्यति महत्वाकासाथ नभई श्रीकृष्णकै जन्मदिन बडो उत्साहपूर्वक गाउँ नै मिलेर मनाउने गरेको उल्लेख गरेका छन् । प्रणामीहरु नेपाली समाजले काटमार गरी खाने कुनै प्राणीहरु पाल्दैनन् गाई र गोरु मात्र पाल्दछन् । प्रणामीहरुले कुनै प्राणीहरु सभ्य समुदाय भएको परिचय गराउँदै उनीहरुको गाउँमा शब्द तौलेर मात्र बोल्नुपर्ने उल्लेख गरेका छन् । प्रणामी समुदायले माछा मासुको शब्द उच्चारणमा नै नल्याउने भएकोले तरकारीजन्य वस्तुलाई साग भन्ने गरेको प्रसंगलाई हाँस्यव्यङ्ग्यत्मक प्रस्तुति गरेको पाइन्छ ।

लेखकले प्रणामी हुनलाई उनीहरुकै रीतिरिवाजमा मिल्नुपर्ने र समय समयमा हुने मण्डलीमा कृष्णको पूजा भजन गरी जाग्राम बस्नुपर्ने र प्रणामीमा प्रवेश गर्न त्यहि मण्डलीमा घाँटीमा “कण्ठी” बाँधी प्रणामी बनाउने प्रचलन रहेको उल्लेख गरेका छन् । प्रणामी समुदायको नियममा बसेन भने कण्ठी फूकाली प्रणामी समाजबाट च्यूत गराइने प्रचलन पनि रहेको पाइन्छ । लेखकले प्रणामीहरुको रीतिरिवाजको उल्लेख गर्दै खाना खाने प्रचलन महाप्रसादको चर्चा गर्दै अप्रणामीहरुलाई “दुनियाँ” भन्ने प्रचलन रहेको उल्लेख गरेका छन् । प्रणामी समुदायको अग्रज व्यक्तित्वहरु गुरुजी बनी मण्डली चलाउँदै मन्दिर बनाउने नाममा आर्थिक संकलन गरी हिड्ने गरेको प्रचलनलाई हाँस्यव्यङ्ग्यात्मक रुपमा प्रस्तुत गरेका छन् । लेखकले गुरुजीलाई आफ्नो गाउँभन्दा बाहिर मन्दिर बनाउन आर्थिक सहयोग गर्ने गरेको तर आफ्नो गाउँमा मन्दिर नै नभएको भन्दै आफ्नै ठाउँमा मन्दिर बन्नुपर्नेमा जोड दिन्छन् । प्रणामीहरु गुरुको राम्रो सेवासत्कार गर्ने गरेको उल्लेख गरेका छन् । लेखकले प्रणामी समुदायमा भेदभाव र कुकृत्यको अन्त्य गरी सभ्य समाजको निर्माण भए मात्र कुनै पनि समुदायको भलाई हुने कुरामा विस्वथ्य रहेको उल्लेख गरेका छन् ।

प्रणामी संक्षिप्त परिचय शीर्षक निबन्ध संरचनागत दृष्टिबाट हेर्दा छोटो विषयवस्तुको प्रस्तुति रहेको पाइन्छ । लेखकले सरल भाषा शैलीको प्रयोग गर्दै ठाउँ ठाउँमा हाँस्यव्यङ्ग्यात्मक प्रस्तुति गरेका छन् । आकारगत दृष्टिमा निबन्ध छोटो भए पनि ठाउँ ठाउँमा स्थानीयता झल्काउने देखिन्छ ।

निबन्धमा प्रणामी समुदायको परिचय दिएको पाइन्छ । लेखकले प्रणामी समुदायको रितिरिवाज साथै सामाजिक अवस्थाको यथार्थ चित्रण गरेका छन् । धार्मिक विषयमा लेखिएको यस लेखले धमैले समाजलाई उदारता समानता र एकताको पाठ सिकाउन जोड दिएका छन् ।

### च) पूवाखोलाको छातीमा

‘नेपाल सन्देश’ वर्ष ११, अङ्क ४४ बाट ७ डिसेम्बर १९६४(२०२१मंसीर २२ गते) पूवाखोलाको छातीमा शीर्षक लेख प्रकाशन भई केही सोधी केही खोजी प्रकाशोन्मुख पाण्डुलिपीको छैठौं शीर्षकमा रहेको छ । पूवाखोलाको छातीमा शीर्षक रचनामा

पूवाखोलाको भौगोलीक अवस्थाको चित्रण गर्दै पौराणिक भनाइहरुलाई उल्लेख गरेका छन् । पूवाखोलाको भौगोलिक बनावट संगसंगै यहाँको ऐतिहासिक महत्वलाई मुख्य विषयवस्तु बनाएर आफुले देखे सुनेबुझेका कुराहरुलाई यहाँ समावेश गरेको पाइन्छ । लेखकले पुवाखोलामा नुहाउँदा मानिसको शरीरमा भएको लुतो जाती हुने गरेको भनाईलाई आफुले नै दुई चारपल्ट नुहाएर प्रमाणित गरेको कुरा उल्लेख गरेका छन् । पूवाखोलाको विशेषता वर्षमा केही न केही बगाएर लैजाने गरेको उल्लेख गर्दै खोलाको भौगोलिक बनावट कतै साघुरो कतै फराकिलो रहेको उल्लख गरेका छन् । खोलामा कत्ले माछा कम्ती भए पनि दिनरात माछा मार्ने गरेको र यहाँको माछा स्वादीलो भएको उल्लेख गरेका छन् । खोलामा पुलको नजिकै एउटा ओडारमा मूर्ति र त्रिशुल छन् जुन प्रकतिले नै स्थापना गरेको मानिन्छ । गुफामा ठूला ठूला चमेराहरुको बास रहेको छ । 'बरमैय' र 'बालन गाउँ'ले यस गुफामा सालमा एकपल्ट बलि सहित पूजा गरी भोज खाने प्रचलन रहेको उल्लेख गरेका छन् । लेखकले गुफाको भौगोलिक अवस्थिति र यसको उत्पतिको उल्लेख गर्दै अरु गुफाहरु पनि हुनसक्ने अनुमान गरेका छन् ।

पूवाखोलाको छात्तीमा शीर्षक निबन्धमा पूवाखोला वरपरको गाउँहरुको नामाकरण लेखकले विभिन्न अड्कल लगाएका छन् । पूवाखोलाको छात्तीमा रहेको 'फुटुक' गाउँको नामाकरणमा अड्कल काट्दै विजनटारको पौराणीक मान्यता र भौगोकि अवस्था साथै रुढीबादीमा विस्वस्थय समुदायको उल्लेख गरेका छन् । विजनटार उत्पादनशील भूमी भएतापनि रुढीबादी र अन्धविश्वासले ग्रस्त समाज भएकाले उपयोगमा ल्याउन नसकिएको उल्लेख गरिएको छ । लेखकले बिभ्वानीले खेती गरी रहदा आफ्नो सन्तानको समाप्ति भएकोले त्यस ठाउँको लामी विभ्वानीबाटै अपभ्रंसभई विजनटार हुन गएको उल्लेख गर्दै विजनटार उपयोगमा नआएको बताउँछन् । निबन्धमा पूवाखोला आफैं रहस्यमय भएर आफ्नो लामो छाती माथि रहस्यको कुराहरु छोड्दै अविरल गतिले दगुरी रहेछ आफ्नो सुख दुःख च्यापेर । केही तल पुगेर माईखोलामा मिसिन्छ आफ्नो छातीमा खोजी नभएको कथा भन्दै । एकदिन रहस्य छरपष्ट भएको देख्न सबैको हृदय लालहित छ । भन्ने वाक्यांश उल्लेख गरी आफ्नो बास्तविक पहिचान दिदैं उपयोगमा ल्याउन जोड गरेको पाइन्छ ।

पूवाखोलाको छातीमा शीर्षक निबन्धमा छोटो विषयवस्तुको प्रस्तुति रहेको छ भने सरल भाषाशैलीको प्रयोग गर्दै स्थानीय भौगोलिक अवस्थाको चित्रण गरिएको पाइन्छ । लेखकले स्थानवर्णनलाई मुख्य विषय बनाएर भौगोलिक अवस्थाको सरल भाषा शैलीमा चित्रण गरेका छन् ।

निबन्धमा स्थानवर्णन साथै परम्परागत रुढीबादी र अन्धविश्वासको चित्रण गरिएको पाइन्छ । लेखकले वास्तविक पहिचान भएको ठाउँलाई रुढीबादी र अन्धविश्वासले ग्रस्त समाजले उपयोग ल्याउन नसकेकोमा व्यङ्ग्य प्रहार गर्दै पुवाखोलाको उपयोग साथै खोलाको आसपासमा रहेको भूभागको उपयोग गर्न जोड दिएको छ । पूवाखोला विद्युत निकाल्न उपयुक्त रहेको कुरा देखाउँदै त्यहाँको जैविक

विविधताको संरक्षणमा ठोस कदम चाल्नु पर्ने आवश्यकता देखाउँदै रुढीवादी र अन्धविश्वासले ग्रस्त समाजलाई सचेत गरी उर्वर भूमिलाई उपयोग गर्न प्रेरणा मिलेको छ ।

## छ) सुनुवार :नेपालको एक जाति

सुनुवार :नेपालको एक जाति नेपाली पूर्णाङ्क २४ बाट २०२२ साउन, भदौ र असोजमा प्रकाशन भएको उल्लेख छ । भने केही सोधी केही खोजी संग्रह (पाण्डुलिपीको) सातौं शीर्षकमा समावेश गरिएको छ । लेखकले मानव उत्पतीको इतिहास उल्लेख गर्दै आर्य समाजको उत्पति आर्यहरुको जमातबाट नै बाहुन, क्षेत्री, वैश्य, शुद्रको कालान्तरमा विभाजित हुदैं ३६ वर्ण भएको उल्लेख गर्दै सुनुवार जातिको उत्पतीको परिचय दिएका छन् । लेखकले ‘सुनार’ र ‘सुनुवार’ फरक फरकै जाती हुन् । सुनार जसले सुनको काम गर्छ, जाती भेदले हेरे पुरानो ऐन बमोजिम जसको हातले पानी चल्दैनथ्यो । सुनुवार भने किराँत सम्प्रदायको एक हाँगा हो जसको पानी चल्थ्यो । झट्ट सुन्दा यी दुई नाम एकै सुनिन्छन् तर जाती फरक फरक हुन् । यहाँ यस कुराको प्रसंग किन ल्याउनु पऱ्यो भने कतिले सुनुवार नसुनेका सुनार मात्र सुनेका र सुनुवार भन्दा कस्तो प्रकारको सुनुवारु ? भनकाले निर्क्यौल गर्ने प्रचेष्टा गरिएको हो । भनी सुनुवार जातिको परिचय गराएको छ । गोर्खा राज्यको विस्तार पूर्व रहेको किराँत राज्य जसमा तल्लो किराँत, माझ किराँत र पल्लो किराँत राज्यको उल्लेख गर्दै किराँत अर्न्तगत नै राई, लिम्बु, सुनुवार आदिलाई समावेश गरिन्छ भनी नुिवार समुदायको पूर्ण परिचय दिएका छन् । लेखकले किराँत जाति आनन्दप्रिय बहादुर र आटी भएकोले पर्व समारोह हाट बजारमा नाँच गान गर्न सिपालु रहेको साथै बहादुर र आँटी भएको उल्लेख गरेका छन् । पहिला पहिला फौजमा पनि बडी समावेश भएको भन्दै आजपनि प्राथमिकता रहने गरेको उल्लेख गरेका छन् । निबन्धमा होचो, नेप्टो नाक चिम्सा आँखा भएका यी जाती लड्नमा कहिले पनि पछि हट्दैनन् भन्ने इतिहास छ । भनी वास्तविक स्वरुपको पहिचान दिने कोशिस गरिएको छ । मंगोलियन जाति भएकोले फजुल खर्च गर्ने भएकोले जतिनै कमाएपनि केही समयमानै आर्थिक अवस्था विपन्न रहेको बहु संख्यक किराँतीहरुको मामुली खेती र चित्रे घर नै रहेको पाइन्छ । माधक पदार्थको सेवनले दयनीय अवस्थामा गुजारा गरिरहेको लेखकले उल्लेख गरेका छन् ।

सुनुवार जाति उपत्यका पूर्व निबुखोला पूर्व र तामाकोशी बीचमा बढी छन् । धेरथोर पूर्व पहाडी फाँटमा पाइन्छ । यिनीहरुको अरुजाती सरह भाषा छ । आफ्नै रितिरिवाज छ भाषाको लवज गुरुङ्गसंग झण्डै मिल्न आउँछ तर राई लिम्बुले मर्दापर्दा आफ्नै अग्रज व्यक्तित्वको अनुसार गरे तापनि सुनुवार जातीले ब्राम्हण जातिको कर्म गर्ने गरेको उल्लेख गरेका छन् । सुनुवार जाति अन्य जाति सरह ठाउँ ठाउँमा समूह भएर बस्ने गरेका छन् । यो जातिको मूख्य काम चोयाबाट डोको, नाम्लो, नाङ्लो, डालो, मान्द्रो बुन्ने गरेको पाइन्छ । लेखकले सुनुवार जातीको रितिरिवाजको चर्चा गर्दै कूलदेवताको चर्चा गरेका छन् । लेखकले रितिरिवाजको चर्चा गर्ने क्रममा मराउ कार्यमा

ब्राम्हण जातिको सरह काजक्रिया गरी अन्तिमदिन ढ्याङग्रो बजाएर धामी बिजुवाबाट पितृ राख्ने चलन रहेको उल्लेख गरेका छन् । लेखकले सुनुवार जातिको उत्पत्तिको इतिहासमा विभिन्न भनाइहरु रहेको उल्लेख गर्दै सत्य तथ्यहीन भनाईमा रहेको लेखहरुले उत्पतिको इतिहास अल्मलिएको देखाएको छ । निबन्धमा सुनुवार समुदाय पछाडी परेको जाति मध्ये एक भएको देखाएको पाइन्छ ।

सुनुवार : नेपालको एक जाती निबन्धमा सरल भाषा शैली प्रयोग भएको छ । संरचनागत दृष्टिबाट हेर्दा छोटा छोटा सत्ताईस अनुच्छेद रहेको छ । शुरुको अनुच्छेदमा उत्पतिको इतिहास छ भने वीच अनुच्छेदहरुमा रहन सहन संस्कार संस्कृति रहेका छन् । विषयवस्तु अनुरुपको भाषिक प्रयोगले स्थानीयता झल्काएको पाइन्छ ।

लेखकले नेपालमा पिछाडी परेका जातिहरुको चिनारी गराउने क्रममा सुनुवार जातिको उत्पति संस्कार संस्कृति, रीतिरिवाजको चर्चा गर्दै जातिय उत्थान हुनुपर्ने विचारमा जोड दिएका छन् ।

## ज) साहित्यमा लामो हात

साहित्यकार विष्णु नवीनको साहित्यमा लामो हात शीर्षक निबन्ध नेपाल सन्देश वर्ष १३ अङ्क १८ २०२३ जेष्ठ २९ मा प्रकाशन भएको उल्लेख गरिएको छ । लेखकले नेपाली समाजमा साहित्य लेखन गर्ने व्यक्तित्वहरु जति छन् साहित्यमा लामो हात गर्ने पनि त्यति नै छन् भन्ने प्रसंग यहाँ उल्लेख गरेका छन् । नेपालमा पत्र-पत्रिकाको प्रकाशन संगसंगै साहित्य लेखनको क्रम पनि तीब्र गतिमा हुनथाल्यो साहित्य लेखन संगसंगै साहित्यिक गोष्ठीमा सुनाउने र पत्रिकामा प्रकाशन गर्ने प्रचलन पनि रहेको पाइन्छ । साहित्य लेख्न भन्दा पनि अर्काले लेखेको गोष्ठीमा वाचन गर्ने प्रकाश पनि गर्ने प्रचलनप्रति लेखकले व्यङ्गय गरेको पाइन्छ । कतिपय व्यक्तिहरुले नाम कमाउन पत्रपत्रिकामा अर्काले लेखेको रचना छपाएकोमा व्यङ्गय प्रहार गरेका छन् । तत्कालिन समयमा ‘रुपरेखा’ पत्रिकाले लामोहात गर्ने गरिएको रचना प्रकाशन गरेको र त्यसै पत्रिकामा नै लामो हात गर्नेहरुको धतुरो झारिएको उल्लेख गरेका छन् । शुरु शुरुमा लेखिएको सवाईहरु त्यसै लेखकको मौलिक ठानिए पनि अहिलेको समयमा लेखक ठहरु गर्दै गरेको प्रसंगलाई यहाँ उल्लेख गरिएको छ । निबन्धमा शुरु शुरुमा कतिले साहित्यमा लामो हात गरे कतिले चोखो गरे छानविन हुदैछ । चाल पाइएकोमा मनीराज शाहीले लेखेको चरीको सवाई पछि गएर चन्द्रधर भवानी शंकरले लेखे पहिला त हो नै भनीयो मौलिक तर अहिले होइन भन्ने ठहर लाग्यो । समुन्द्र लहरीको सवाई पनि यस्तै छ । सोधी खोजी गर्दा पनि पहिले चाल पाएका थिएनौं अर्काले पनि लेखेका छन् भनेर भन्दछन् । मासु काटेर चाख्न भएन हो कि होइन भनी मनले हो भन्यो बस्यो । जे होस ठहर लाग्ये लामो हात गरेको जनकवि धर्मराज थापाको ‘वन चरी’ समेत यही सवाईको

छायाँमा लेखिएको छ भनेर यस्तो पनि भा देखे जस्तो लाग्छ । भन्ने वाक्याशं उल्लेख गरेका छन् ।

पहिला कै समयमा यसरी साहित्यमा लामो हात हुने गरेको उल्लेख गर्दै पहिला समयमा एकदेव ढकाल कुशवाह 'कान्त' आदिका नाम उल्लेख गरेका छन् । साहित्यको कतिपय ठाउँमा नाम र प्रसंग मात्र परिवर्तन गरी पढ्न लाग्दा छोड्न नसकिने गरि लेखिएको पाइन्छ । 'कान्त'को साहित्यमा लामोहात भए तापनि साहित्य छोड्न नसकिने रहेको देखिन्छ लेखकले निबन्धमा हुन त कहिले कहिले कसैको रचना मिल्छ तर हुबहु त कहिल्यै मिल्दैन । एकाध छोटा छोटा वाक्य मिल्न सक्ला त्यस्तै कथाको सारांश पनि मिल्ला तर जस्ताको तस्तै वाक्य वाक्य त मिल्दैन नि । सारांशै पनि मिल्दैन । पहिल्यै पढेको भए मात्र मिल्छ । भन्ने उल्लेख गरी लेखकले कुनै लेखमा आधारित वा अनुवाद गरिएकोलाई लेख मान्न सहिने प्रसंग उल्लेख गरेका छन् । लेखक पुष्पलाल शिवाकोटीको 'मान्छे त इलामे है' पुरु रिसालको 'मीठो कुरा' समालोचक श्याम अधिकारी, यज्ञप्रसाद आचार्य 'यो पनि घर लामो हात गर्न साहित्यकार भएको उल्लेख गरेका छन् । साहित्यकारहरुले पत्रपत्रिकामा प्रकाशन गरेको साहित्य अध्ययन गरी लेखकले साहित्यमा भएको लामो हातप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

साहित्यमा लामो हात शीर्षक निबन्धमा छोटो विषयवस्तुको प्रस्तुति गरेका छन् । लेखकले सरल भाषाको प्रयोग गरी समसामयीक विषयवस्तुको यथार्थ चित्रण गरेका छन् । संरचनागत दृष्टिमा लामा छोटा सत्र अनुच्छेद रहेका छन् । ठाउँ ठाउँमा लेखकहरुको लामो हात भएको कविताको वाक्यांश साभार गरिएको छ भने कतै कतै साहित्यिक व्यक्तित्वको विशेषता नै उल्लेख गरिएका छन् ।

हाँस्यव्यङ्ग्य साहित्यकार नवीनले साहित्यमा लामो हात शीर्षक निबन्धमा थोरै समयको लगनशीलतामा विशिष्ट नाम कमाउन हतार गर्ने साहित्यकारहरुप्रति तीखो व्यङ्ग्य प्रहार गरेका छन् । निबन्धमा चन्द्रधर, भवानीशङ्कर, एकदेव ढकाल, पुष्पलाल शिवाकोटी, पुरु रिसाल, श्याम अधिकारी, यज्ञप्रसाद आचार्य आदिले अरु नै साहित्यकारको रचनाहरुलाई आफ्नो भनी छपाएको प्रसंग उल्लेख गर्दै तिनीहरुप्रति तीखो व्यङ्ग्य प्रहार गरेका छन् ।

## झ) अल्भ्रेछ क्यारे पछ्यौरी.............

'केही सोधी केही खोजी' खोजमुलक पाण्डुलिपी सङ्कलनको नवौं शीर्षकमा रहेको अल्भ्रेछ क्यारे पछ्यौरी शीर्षक निबन्ध 'नेपाली' पूर्णाङ्क ५२ बाट २०२९ साल श्रावण, भदौ र असोजमा प्रकाशन भएको उल्लेख गरिएको छ । यस निबन्धमा नेपालको प्रशासकिय व्यवस्था संगसंगै चियाखेतीको इतिहास उल्लेख गरेका छन् । नेपालको इतिहासमा प्रधानमन्त्री जंगबहादुर राणाको ज्वाईं गजराजसिंह थापा इलामको बडाहाकिम भएको समयमा चियाखेतीको शुरु भएको इतिहास छ । वि.सं. १९२२

सालदेखि इलाममा चियाखेतीको शुरु भएको उल्लेख गर्दै सम्भवत : नेपालको सवैभन्दा पहिलो चिया उद्योग इलामकै रहेको उल्लेख गरेका छन् । लेखकले गजराजसिंह छिमेकी राष्ट्र भारतको चिया बगानबाट आकर्षित बनी चिया खेतीमा संलग्न हुनगएको अड्कल गर्दै बगानको आम्दानी र रोजगारीको व्यवस्थामा प्रसंशा गर्दछन् । सोक्तिम इलाम नजिकै रहेकोले इलामको चिया बगान भन्दा दुवैलाई नै बुभ्नु पर्दछ । इलामको चिया वगानमा चिनियाँ र आसामी जात रहेको र आसामेको पात ठूलो चिनीयाको सानो भएको उल्लेख गर्दै चियाको उत्पादन र बनाउने तरिका लेखकले जानेसम्मको उल्लेख गरेका छन् ।

वडाहाकिम इलाम बसुञ्जेल चियाको नाफाघाटा बेहोरेर बसे । यसको हिसाब किताब सरकारलाई दिनुपर्ने थिएन । गजराज यहाँबाट हिडेपछि बगान सरकारले नै चलाउन थाल्यो । लेखक चिया बगान संचालनको क्रममा कहिले ठेक्का कहिले सरकारी संचालन २००७ क्रान्तिमा जसको शक्ती उसकै भक्ति वा वेवारिसे नै बनेको उल्लेख गरेका छन् । लेखकले तत्कालिन समयमा चिया बनेपछि सिधै कलकत्ता भएर वाहिरी बजारमा गएको उल्लेख गरेका छन् । इलामको बगान हेर्दा गजराजको खुवा नै भए पनि लेखकले खर्च गजराजकै हो यो जनताको भ्रारलंगी भनी अड्कल गरेका छन् । त्यससमयमा विकास निमार्णका कार्यमा जनताले भ्रारलंगी नै गर्नुपर्थ्यो । ज्याला दिनको ३५।- पैसा जति थियो र पछि रु. १/६०।- हुदै नवीनको समयमा रु. २/५०।- (अहिले रु. ५/७ छ तोकिएको काम सकी थप काम गरेका नवीन) दिन्छ । कामदारहरु काममा प्रवीण भइसकेका छन् । लेखकले इलामको पसलमा पहिला पहिला बनिएको चिया नभेटे पनि अब चिया किन्न पाइने । बगान ठेक्कामा नै भएको भए बोटहरु नाम निसान नरहने हुने थियो साथै कुल्लीलाई बस्ने घर दवाई पानी बोनस कहीको व्यवस्था थिएन विभिन्न पत्रपत्रिकामा चिया बगानको दुर्गतिबाट आवाज उठिरहेको र सरकारद्वारा नै बगान संचालन गर्नुपर्ने माग भैरहेको उल्लेख गरेका छन् ।

चिया बगानमा वर्षेनी घाटा भएकोले चिया विशेषज्ञहरुको सल्लाह अनुसार केही वर्ष गाछलाई आराम दिदा भ्रारपातको साम्राज्य हुदै कुल्लीको पेटले आराम गर्न पाएन भ्रनविजोक भयो पत्ति टिप्ने लुट वर्मा जतिकै भयो । सरकारले बगान संचालन गर्ने श्रोत्र र साधन उपलब्ध गराउन नसक्दा दुईचार महिना बगान संचालन भएपनि बन्द भैहाल्ने केटाकेटीको खेल जस्तै भयो । बगानको धरमरको अवस्थामा बगान संचालनको विभिन्न प्रस्तावहरु भएपनि संचालन हुन नसक्दा कम्पनि ऐन अर्न्तगत नेपाल चिया विकास करपोरेशन प्रा. लिमिटेडले बगान लियो ।

२०२२ सालमा नेपाल चिया विकास कर्पोरेशन प्रा.लि.गठन भई बगान हातमा लियो शुरुमा ३ लाख ५० हजार हातमा लिएर काम शुरु गरी शुरुशुरुमा घाटा नै भएपनि नाफा लिदै आत्मनिर्भर रहेको उल्लेख गरिएको छ । कन्याम गा.वि.स.को हुरहुरे कमानको स्थापना, कुल्लीको व्यवस्था, सुविधाहरु साथै पति उत्पादनको अवस्थाको उल्लेख गर्दै चियाको अन्तराष्ट्रिय बजारको चर्चा गरिएको छ । निबन्धमा सबैभन्दा राम्रो

चिया टी.जी.एफ.ओ.पी. भन्ने प्रति किलो रु ३०।- देखि ४०।- सम्म बिक्छ । कमसल डस्ट(धूलो) रु. १०।- देखि १४।- सम्ममा विकिरहेछ । भन्ने उल्लेख गरी त्यस समयको चियाको मूल्यको उल्लेख गरेका छन् ।

कर्पोरेशनले बगानमा थप बृक्षारोपण, मेशिनको व्यवस्था साथै प्राविधिकको व्यवस्था साथै चियाको काँटछाँट मलखाद साथै चियाको भिक्राको उपयोग र चियामा फलेको दानाबाट तेल बनाउने तरिकासंगसंगै चिया बगानको इतिहास समाप्त गरेका छन् । नवीनले इलामको पहिचान बोकेको चिया खेतीलाई नै मुख्य विषय बनाएर यसको इतिहास संचालन प्रक्रिया र यसबाट हुने फाइदालाई यहाँ उल्लेख गरेका छन् ।

अल्भेछ क्यारे पछ्यौरी शीर्षक निबन्ध संरचनागत दृष्टिबाट हेर्दा लामा छोटा गरी ३० अनुच्छेदमा रहेको छ । निबन्धको कुनै अनुच्छेदमा चियाखेतीको इतिहास छ भने कुनै अनुच्छेदमा चियाको जातको परिचय साथै कुनै अनुच्छेदमा व्यवस्थापनको उल्लेख गरेका छन् । लेखकले यस निबन्धमा इलामको विशेषता नै लिएको चियाको सन्दर्भलाई ठाउँ-ठाउँमा स्थानीयता भल्काएको पाइन्छ । निबन्धमा सरल भाषाको प्रयोग गरी ठाउँ-ठाउँमा चियाखेतीको प्राविधिक पक्षको पनि उल्लेख गरेका छन् ।

लेखक नवीनले अल्भेछ क्यारे पछ्यौरी मा नेपालको इतिहासमा रहेको चिया बगानको चर्चा गरेका छन् । निबन्धमा बडाहाकिम गजराजसिंह थापाले रोपण गराएको चिया बगानको परिचय, चियाका जातहरु साथै बगानको अवस्थाको तत्कालिन यथार्थको चित्रण गरेका छन् । लेखकले इलामको चिया बगान, नेपाल कै पहिलो चिया प्रशोधन कारखाना, सोक्तिम कमान हुरहुरे कमानको स्थापना संगसंगै चिया बगानको व्यवस्थापन, ठेक्का पट्टाको प्रसंग, चिया विकास कर्पोरेशन प्रा.लि. को व्यवस्थापन, कामदारको व्यवस्था, ज्याला निर्धारण तयारी चियाको मूल्य र वजारको अवस्था साथै कामदारको यथार्थ प्रस्तुति देखाइएको पाइन्छ । लेखकले इलामको पहिचान लिएको चिया खेतीको इतिहास प्रस्तुत गर्दै यसमा रहेको रमणीयताको आर्कषण समेत देखाएको पाइन्छ ।

## ञ) समाज सुधारक : तवस्वी फाल्गुनन्द

समाज सुधारक : तवस्वी फाल्गुनन्द 'आमा' वर्ष ३ अङ्क ६ जेष्ठ २०२१ मा प्रकाशन भएको उल्लेख गरिएको छ । यहाँ समाज सुधारक तपस्वी फाल्गुनन्दको चरित्र चित्रण गरिएको छ । नेपालमा सन्त महात्माहरु थुप्रै भएपनि कतिको जीवनी पाउन सकिदैन कतिको जीवनी उल्लेख नभएकोले कुनै योगदानको लेखाजोखा नहुन सक्छ तर सच्चा व्यक्तिहरुको जीवनी उल्लेख हुन सके सच्चा व्यक्तित्वको परिचय पाउन सकिन्छ ।

लेखकले तवस्वी फाल्गुनन्दको जन्म इलाम जिल्लामा नै भएको उल्लेख गर्दै उनको बारेमा धेरै किंवदन्तिहरु रहेको उल्लेख गरेका छन् । उनको आमा सानैमा मरेको, बाबुले कान्छी आमा ल्याएको, बाबु गोठमा नै बस्ने गरेको आमाले बाबुलाई सामल तुमल गोठमा पुऱ्याउन लिएको गोठ जादा बाटामा विरामी बनी वाक्य नै बन्द भएको

बाबुले धामी झाँक्री दवाई पानी गर्दा जाती नभएको सबै हैरान भएको र एक दिन हेर्दाहेर्दै विरामी उठेर एकातिर भागेको, भागेको दिशातिर खोजीगर्दा फेला पर्न नसकेको हाहाकार चल्यो खोजी गर्दा माईनदीको तीरमा वाक्यही काम्दै तपस्यामा लिन भयो फाल्गुनन्द जस्तै व्यक्तिले बोलाउँदा कम्प पनि छुट्थ्यो । बोली पनि खुल्यो खटिरा पनि निको भयो । प्रश्नकर्ता अल्पिए उनी तपस्यामा तल्लिन भए तपस्याको समयमा कुनै आवाज आउदापनि विचलित नभई तपस्या सफल गरेर छोडे । लेखकले विभिन्न किंवदन्तीलाई उल्लेख गर्दै तपस्वी फाल्गुनन्द एक विचारदोहन लेखले पनि जीवनीपरक खोजमा नकै सहयोग मिलेको उल्लेख गरेका छन् । समाजको पछौटेपनले गर्दा कुनै व्यक्तिको व्यक्तित्वको लेखाजोखा गर्न नसकि किंवदन्ती फैलाउन थालेकाले फाल्गुनन्द सम्बन्धी सामाग्री पाउन सकिएको छैन । लेखकले फाल्गुनन्दको दाजु पल्टने भएकोले उनी पनि पल्टने भएको र पल्टनमा एकाग्र भएर अग्लो ठाउँमा बस्ने गरेकाले उनलाई ध्यानी भनी सम्बोधन गरिएको उल्लेख गरिएको छ । पल्टनमा वैराग लागी आफ्नो जन्मभूमि फर्कने क्रममा बर्मा मलायमा भएको सामाजिक आर्थिक नैतिक विकास देखेर उनको हृदयमा आफ्नो समाजलाई अझ बडी उठाउने विचार आएको अनुमान गरिएको छ ।

फाल्गुनन्दले पल्टनबाट फर्केपछि धर्म प्रचारमा लागेर स्कूल बनाउने, लिम्बु भाषाको ज्ञान गराउन अक्षरहरुको खोजी गरी फलाम ढुङ्गामा लिपी खोप्ने, विवाह कार्यक्रम हुने अनावश्यक खर्च रोक्ने पछाडी परेको समुदायको विकासमा चाख लिन्थे । लेखकले त्यस समयमा राम्रो काम गर्दा आपदमा निश्चयनै परेको भन्दै सुकरात, क्रइष्ट, शुकराज, गंगालालको उदाहरण दिदैं फाल्गुनन्लाई पनि चन्द्र शम्शेर कहाँ पैदल हिडाएर हाजिर गराएको प्रसंग उल्लेख भएका छन् । फाल्गुनन्द एक तपश्वी मात्र भएको र भाषा लिपीको खोज गरी पुनः उत्थान मात्र गरेकोमा मद्धा जितेर केही रुपयाँ लिएर सत्यको विजय नै भएको देखाएका छन् । यसरी काठमाण्डौंबाट फिरेपछि कतिपय ठाउँहरुमा मन्दिरहरु बनाएको उल्लेख गरेका छन् ।

फाल्गुनन्दले १९८८ सालतिर दार्जीलिङ्ग, सिक्किम भ्रमण गरी गाउँ गाउँमा मातृभाषा प्रचार प्रसारको लागि पाठशाला निर्माण, विष्णु मन्दिर निमार्ण, धान नाँच जुन जातिय नाँच भएकोले जहाँ सुकै ननाचि पर्व पर्वमा मात्र नाच्नुपर्ने, च्याब्रुङ्ग जातिय बाजाको सुधार, यूम यूममा यरी सुब्बाको सम्मेलन गराई सक्षम समाजको निर्माण गराएका थिए । फाल्गुनन्दले धर्म प्रचारमा भन्दा समाज सुधारमा ठूलो योगदान दिएको देखिन्छ । किंवदन्ती अनुसार फाल्गुनन्द दैवी शक्तिले परिपूर्ण रहेको उल्लेख छ । फाल्गुनन्द २००५ सालमा निधन भई सिलौटी डाँडामा सदगत भएको भन्दै लेखकले निबन्धको अन्त्यमा आफ्नो भाषा र अक्षरको खोजी संवत् १९८६ देखि शुरु १९९३ तिर आफ्नो कर्म काण्डीय पुस्तक पनि लेखेको देखिन्छ । पाँचथर ईम्बुङ बस्ने सु.रणध्वज लिम्बुलाई नै काठमा अक्षर खोप्न र छाप्न सिकाएको चाल पाइएको छ । यसरी स्वामी फाल्गुनन्दले नेपाली समाज उठाउने प्रयास गरे, कतिमा सफल भए । हुन त उनको प्रयास लिम्बुवान भित्र नै रह्यो । अब  उनको अनुयायी पाँचथर इलाम बाहेक सिक्किम,

दार्जीलिङ्ग, भोटान, आसाम आदितिर छरिएर बसेका छन् । सबैले उनी सम्बन्धी पाएका सामाग्री प्रकाशमा ल्याउँदै गरे धेरै कुरा जानिने आशा गर्नु फरक नपर्ला । भनी खोजमूलक जीवनी उल्लेख गरेका छन् ।

समाज सुधारक तपस्वी फाल्गुनन्द शीर्षक निबन्ध संरचनागत दृष्टिमा हेर्दा लामो छोटा गरी अट्ठाईस अनुच्छेदमा रहेको छ । शुरुको अनुच्छेदमा परिचय गराउँदै उनको जन्म साथै जिवन यापनमा भए गरेका घटनाहरुको यथार्थ चित्रण ठाउँ ठाउँमा किंबदन्ती उल्लेख गर्दै अन्य खोजपूर्ण लेखहरुको साथ साथै विषयवस्तुको समापन गरेको पाइन्छ । लेखकले सरल भाषा प्रयोग गरी ठाउँ ठाउँमा स्थानीय भाषाको प्रयोग गरेको पाइन्छ । खोजपूर्ण जीवनी भएकोले पाए सम्मका लेख तथा श्रोतव्यक्तिहरुको आधारमा यथार्थपरक जीवनीलाई सरल लेखन शैलीमा उल्लेख गरेको पाइन्छ ।

समाज सुधारक तपस्वी फाल्गुनन्द निबन्धमा इलाम जिल्लाको इभाङ्ग अर्न्तगत चित्रे भन्ने ठाउँमा तपस्वी फाल्गुनन्दका जीवनीमा घटेका घटनार तिनका बारेमा चलेका किंवदन्तीहरुका आधारमा खोजपूर्ण जीवनी उल्लेख गरिएको छ । जीवनीपरक यस लेखमा राम्रो कामगर्ने व्यक्तिलाई विभिन्न बाधा, अवरोध आउन सक्छ तर समाजसेवी राष्ट्रभक्त व्यक्तित्वले ती बाधा अवरोध लाई पन्छाई समाजमा राम्रो कार्य गर्नसक्छ भन्ने यथार्थ यहाँ देखाइएको पाइन्छ । समाजमा राम्रो काम गर्ने व्यक्तिको सही मूल्याङ्कन गरी योगदानको उचित कदर गर्दै आउने पिंढीलाई चिनाउन सक्नुपर्छ भन्ने सन्देश पाइन्छ ।

## ट) तपस्वी फाल्गुनन्द अरु खोजी

नेपाल सन्देश वर्ष १२ अङ्क ५ र ६ बाट माघ १९ र २६ गते २०२१ सालमा तपस्वी फाल्गुनन्द अरु खोजी प्रकाशन भएको उल्लेख केही खोधी केही खोजी पाण्डुलिपीमा रहेको छ । लेखकले समाज सुधारक तपस्वी फाल्गुनन्द शीर्षकमा उल्लेख भए भन्दा केही थप कुराहरु उल्लेख गरेको पाइन्छ । लेखकले तवस्वी फाल्गुनन्दलाई एक देवदूत सरह मानिएको उल्लेख गर्दै गरिबलाई सताउनेसंग सामना गर्न तत्पर रहेको होमयज्ञ आदिमा प्रशस्तै समय दिने गरेको उनीसंग भएको धन गरिबहरुलाई बाँडिदिने जहिले पनि हाँसिलो र प्रत्येकलाई समान दृष्टिकोणले हेर्ने गरेको साथै पछाडि परेको समुदायको उत्थान गर्न चाहने, एकै ठाउँमा नबसि चारैतिर घुमिरहने व्यक्तित्व झल्काएका छन् । लेखकले किंबदन्ती उल्लेख गर्दै उनको व्यक्तित्व, स्वभाव र कार्यशैलीको उल्लेख गरेका छन् । फाल्गुनन्दले आफू ध्यानी भई लिम्बुजातिको उत्थान गरेका थिए । १७ थुमका सुब्बा थरीहरुको सम्मेलन गरी धाननाँच जथाभावी नगर्ने, जनतीय बाजा छरितो बनाउने, शिक्षाको प्रचार, जातीय लिपी फैलाउने, जाँड-रक्सी नखाने नियमहरु बसाए । १७ थुमका सम्मेलन सम्बन्धी किंबदन्ती उल्लेख गर्दै विश्वास दिलाएको प्रसंग रहेको छ । यहाँ फाल्गुनन्दको जन्मको बारेमा नै किंबदन्ती रहेको पाइन्छ । समाज सुधारक तपश्वी फाल्गुनन्दमा उनी किराँत क्षेत्रमा राजा हुन खोज्दा

मुद्दामा काठमाडौंसम्म भनिएकोमा काठमाडौं नगई धनकुटाको वडाहाकिम माधव शम्शेरको सम्म पुगेको उल्लेख गरेका छन् ।

निबन्धमा कंचन गिरीले फाल्गुनन्द माथि मुद्दा लगाएको फाल्गु हिमालको यात्रामा रहँदा बडाहाकिम माधव शम्शेरले सिपाहीको हुल पठाए शस्त्र अस्त्र सहित एक साधु समात्न । हिमालयको यात्राबाट फर्केको फाल्गुमा सरजमीन हुँदा कंचनकै बाबुले फाल्गुनन्दले यहाँ नचाँहिदा काम गरेका छैनन् उनले हामीलाई सुधार्ने काम गरेका छन् भन्दा कंचन गिरीलाई नै जेल पठाउने तयारी भयो । यता सरकारी कर्मचारी खर्दार, मुखिया गाउँबाटै पैसा धुतेर खाने सुरकसेकाले मासु नखाने साधुलाई खसी काटी भोज लाएको दोष लगाए साधुको पक्षमा लाग्नेलाई बाध्ने सुर गरे तर समाज सुधारमा लागेको फाल्गु कतिपनि डराएनन् दिन पनि केही दिएन सिपाहीहरु चेलाहरुलाई लिएर धनकुटा गए । फाल्गुनन्दको सुधारकार्य चारैतिर फैलियो यसबाहेक उनी घरेलु डाक्टर पनि थिए । उनी बिरामीको उपचार कार्यमा काठमाण्डैंसम्म पुगेको उल्लेख गरेका छन् । कुनै कार्य गरे वापत उनले कुनै रुपियाँ लिदैन थियो । लिन बाध्य भए भने पनि उनले गरिबहरुलाई बाँड्ने गरेको पाइन्छ ।

लेखकले तपस्वी फाल्गुनन्दः अरु खोजी शीर्षक निबन्ध सरल भाषाशैलीमा खोजमूलक जीवनी उल्लेख गरेका छन् । संरचनागत दृष्टिबाट हेर्दा समाज सुधारक तपस्वी फाल्गुनन्द शीर्षकमा नै थप खोजपूर्ण २३ अनुच्छेद रहेको छ । शुरुको अनुच्छेदमा अघिल्लो निबन्धकै प्रसंगबाट शुरु गरि दोस्रो अनुच्छेदबाट किंबदन्ती सहित थप खोजपूर्ण प्रसंग उल्लेख गर्दै क्रमशः अघी बढाएको देखिन्छ । कतिपय प्रसंगहरु किंबदन्ती रहेको यस छानविन गर्नु पर्ने धारणा लेखकले राखेको पाइन्छ ।

समाज सुधारक तपस्वी फाल्गुनन्द कै विषयलाई तपस्वी फाल्गुनन्द : अरु खोजी भनी थप चर्चा गरिएको छ । निबन्धकारले यस निबन्धमा नेपाली समाजमा फाल्गुनन्द जस्ता आदर्श व्यक्तिले समाज र जातीय उत्थानमा गरेको योगदानको प्रशंसा गर्दै उनको वास्तविक पहिचान दिएका छन् । नेपाली समाजमा पछाडी परेको समुदायको उत्थान गर्दै संस्कार र संस्कृतिको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तित्वको खोजपूर्ण जीवनी प्रस्तुत गरेका छन् । निबन्धमा विभिन्न किंवदन्तीहरुको उल्लेख गर्दै सत्य काम गर्ने व्यक्ति कहिल्यै पछि नपर्ने देखाएको छ ।

## ठ) कसले भनेको मान्ने ?

केही सोधी केही खोजी खोजमुलक पाण्डुलिपीको बाह्रौं शीर्षकमा रहेके 'कसले भनेको मान्ने ?' शीर्षक निबन्ध २०२० साल पुस ८ गते वर्ष १ अङ्क ४५बाट 'हिमाचुली'मा प्रकाशन भएको उल्लेख छ । यस निबन्धमा लेखकहरु जनकलाल शर्मा र महानन्द सापकोटाले ज्ञानदिल दासका सम्बन्धमा लेखिएको लेखमा तुलना गरिएको छ । लेखकले रुपरेखा पत्रिकामा महानन्द सापकोटाको 'जगदगुरु ज्ञानदिल र हाम्रो

राष्ट्रियतामा' लेखमा दृष्टि पुगेको र तुरुन्तै प्रतिक्रिया पत्रको रुपमा पठाएको पुग्यो पुगेन पत्तो नभएपछि पुनः 'हिमालचुली' मार्फत मनमा लागेको शंका निश्वार्थ यो छोटो लेख प्रकाश गर्न पठाएको उल्लेख गरेका छन् ।

लेखकले ज्ञानदिल सम्बन्धी लेख्नेहरु जनकलाल शर्मा र महानन्द सापकोटा दुईजना रहेको जसमा जनकलाल शर्माको 'नपाली सन्त ज्ञानदिलदास र उनको परम्परा' भन्नेलेख दार्जिलिङ्गबाट २०१७ मा 'साहित्य संगम' वर्ष १ अङ्क ५/६ रहेको उल्लेख गरेका छन् । निबन्धमा दुवै विद्वानको यी लेख भिडाएर हेर्दा सापकोटाले ज्ञानदिलको छाया सम्म मात्र देखाउनु भएको छ । यता जनकलालले सिंगै मानिसको रुप । यसबाट स्पष्ट हुन्छ महानन्दज्यूको कम खोज र शर्मा ज्यूको गहिरो खोज । कम खोजको अर्थ यो हाइन कि महानन्द ज्यूले ज्ञानदिल सम्बन्धी हाँसो उडाउनु भएको छ । भन्ने तर अन्वेषण विना सुनेकै भरमा दुवै लेख भिडाउँदा महानन्द ज्यूकोमा देखा पर्न आउछ । महानन्दज्यूले समयको समाज ,ज्ञानदिलको धर्म फैलनुको कारण हाम्रो राष्ट्रियतामा उनको छापको जुन चित्रण गर्नु भएको छ त्यसले शर्मा ज्यूको 'सन्त ज्ञानदिल' लाई पूरै छाड्छ तर दुवै लेखको आ-आफ्नै विशेषता छ । भन्दै दुवै लेखको केही अंशको तुलनात्मक प्रस्तुती गरेका छन् । लेखकले महानन्द ज्यूले ज्ञानदिलको कवितालाई रुम्जा है टारको कोदाको पिठो मिलेको दाउन ज्ञान र मठिल गुरुङ्गले पाए छक्परे बाहुन प्रस्तुत गरेका छन् भने यसैलाई जनकलाल ज्यूले रुमजाटारको कोदाको पीठो निर्गुनको दाउन ज्ञ ज्ञान र ध्यान गुरुङ्गले लिए छक परे बाहुन । यहाँ रुम्जा हे टारको र रुमजाटारको तुलना गरिएको छ । भने बाहुन र बाहुन त्यस्तै दाउन र दाँउन आदिमा फरक रहेको उल्लेख गरेका छन् । राम्ररी अध्ययन गर्दा शर्माज्ले ज्ञानदिलको पद्य जस्ताको त्यस्तै खोजगरी देखाउने प्रयास भएको छ भने सापकोटाज्यूले सुनेकै भाषामा लेखेको जस्तो देखिन्छ । कुनै पाण्डुलिपि वा पुराना पुस्तक फेला नपरि सुनेकै भरमा महानन्दज्यूले ज्ञानदिलको कविता राख्ने काम गर्नुभएको देखिन्छ तर महानन्दले हिजाआज लेखे जस्तो भाषा त्यति बेला थिएन नै होला । यहाँ निर्गुन कोटाउमा 'निर्मल' ध्यानको बदलामा 'गुठिल' प्रयोग गरिएको पाइन्छ । लेखकले ज्ञानदिलको पालामा कुन शब्द प्रचलनमा थियो अध्ययन तथा छानविन हुन आवश्यक भएको उल्लेख गरेका छन् । यहाँ जे भए पनि वाक्य, कविता वा अन्य रचना घटवड भएपनि जीवनी जस्ताको त्यस्तै हुनुपर्ने उल्लेख गर्दै दवै लेखकले ज्ञानदिलको धर्म दुई हाँगामा देखाएको छ । शर्मा र सापकोटा दुवैको भनाई निबन्धमा ज्ञानदिल आफ्नो धर्म प्रचार गर्दै इलाम आइपुगे । जाली फटाईद्वारा पोल लगाइएकोले बडाहाकिमले जेलमा थुने ज्ञानदिललाई राजधानी बाट छोड्नु भनेपछि छोडिएपछि दार्जिलिङ्ग गए आफ्नो देशमा अपमानित भएकोले त्यहाँ अंग्रेज शासकका आडमा पादरीहरुले उनलाई आफ्नो मत प्रचार गर्न घोर विरोध गरे । ज्ञानदिलले भने 'शास्त्रार्थ गरौं तब यसको निर्णय होला' यो सुनेर एक पहाडी अकिंचन साधु हामीसित शास्त्रार्थ गर्ने भनेर खिल्ली उडाए पादरीहरुले तर ज्ञानदिल आफ्नो बचनबाट हटेनन् ।त्यस समयका दार्जिलिङ्गमा मुख्य धर्म प्रचारक रेभ ए. तुरुबुन (Rev. A Turubun) थिए ।

लेखकले यस लेखमा ज्ञानदिल र पादरी विच शास्त्रार्थ सात दिनसम्म चल्यो ज्ञानदिल विजय भए । पादरीहरुले राखेको हार्नेको ग्रन्थ जलाउन सर्त अनुसार बाइबल पोलेर खरानी बनाई ज्ञानदिलले मह हालेर गोली बनाई धागामा उनेर माला (कण्ठी) आफ्ना चेलाहरुलाई लगाई दिए । त्यस घटना पछि जोसमनी सम्प्रदायमा खागीर त्यमी भन्ने दुई हाँगा भए । त्यस घटनामा अवस्थित भई चेला र तीनका उत्तराधिकारीहरु खागी त्यस घटनामा अनुपस्थित चेला र तिनका उत्तराधिकारीहरु त्यगी भए । भन्ने उल्लेख गरेका छन् भने शास्त्रार्थमा ज्ञानदिलले जितेकोमा त्यस समयका अंग्रेज शासकले पुरस्कार स्वरुप साढे चारऐकर भूमि दार्जिलिङ्गको जोरबङ्गला र सुनदह वीचको रंगबुल थामको नामले प्रसिद्ध स्थल प्राप्त भई उनको चेलारु त्यहाँ रहेको उल्लेख छ । जनकलालको लेखमा अन्तरी छोरीको समाधि त्यसै संगबुल थाममा रहेको उल्लेख छ भने महानन्द सापकोटा लेख्नुहुन्छ मासु खानेलाई खागी र नखानेलाई त्यागी भन्ने चलन छ ।

दुवैको लेखलाई अध्ययन गर्दा ठाउँ ठाउँमा विवादास्पद प्रसंग रहेकोले कुन कुरालाई माग्न लेखकमा शंका उठ्नु स्वाभाविकै देखिन्छ । लेखले जनकलाल शर्माले उल्लेख गरेको खरानीको कण्ठी माला लगाउने र माला नलगाउने खागी र त्यगीको प्रसंग र महानन्द सापकोटाको मासु खाने खागी र मासु नखाने त्यागीको प्रसंगलाई तुलनात्मक रुपमा अध्ययन गर्दा शर्माको प्रमाणिक र तथ्यपरक देखिन्छ भने सापकोटाको न कुनै प्रमाण छन् न कुनै तथ्य नै भन्ने उल्लेख गरेका छन् ।

निबन्धमा एकै व्यक्तिको जीवनीमा लेखकहरुले फरक फरक प्रसंग उल्लेख गरेकामा लेखकले सत्य तथ्य प्रमाणी प्रसंग उल्लेख गरी यथार्थपरक जीवनी आउन सके राम्रो हुने थियो कुनै व्यक्तिको व्यक्तित्वमा नै प्रश्न चिन्ह उठ्न सक्ने लेखहरु हेर्दा कुन लेखलाई आधिकारिक मान्ने भन्ने प्रसंग उल्लेख गरेका छन् ।

कसले भनेको भन्ने शीर्षक लेखमा सरल भाषा शैलीको प्रयोग भएको पाइन्छ । संरचनागत दृष्टिबाट हेर्दा लामा छोटा अनुच्छेदमा रहेका छन् । कुनै अनुच्छेद १ वाक्यका मात्र छन् भने कुनै अनुच्छेद सन्दर्भ अनुसार आधा पाना भन्दा बढीको रहेको छ ।

लेखक नवीनले सन्त ज्ञानदिलदासको जीवनीमा जनकलाल शर्मा र महानन्द सापकोटाले लेखेको लेखलाई तुलनात्मक रुपमा प्रस्तुत गर्दै जनकलाल शर्माको खोजमुलक प्रमाणीक साथै तथय परक भनाइहरु रहेको र महानन्द सापकोटाको लेख कुनै पनि प्रसंग सुनेर त्यसैको आधारमा लेखिएको हुँदा ज्ञानदिल दासको जीवनी तथ्यपरक नदेखिएकोले कुनै व्यक्तिको व्यक्तित्वको पहिचान दिन खारेजपूर्ण प्रमाणिक लेख हुनुपर्छ । एउटै व्यक्तिको व्यक्तित्व फरक फरक देखिएमा कुनलाई आधिकारिक भन्ने प्रसंग उल्लेख भएको पाइन्छ ।

## ड) राजदुवाली पुल : एक सिंहावलोकन

साप्ताहिक 'युगज्ञान' वर्ष ४ अङ्क ४१ २०३० असार २७ गते राजदुवाली पुल : एक सिहावलोकन प्रकाशन भएको उल्लेख प्रकाशोन्मुख पाण्डुलिपीमा रहेको छ । यहाँ माईखोलामा बनेको पुल र त्यस समयको सरकारी अड्डाहरुले ग्रेको सहयोगको प्रसंसा गर्दै पुलबाट सुविधा हुनका साथै स्थानीय विकासमा टेवा पुगेको समेत चर्चा गरिएको छ । लेखकले इलाम जिल्लाको परिचय गराउँदै विकासको पहिलो प्राथमिकता यातायातको लागि बाटोमा दिएको छ । निबन्धमा तात्कालिन नेपालको प्रशासक राजा, युवराजको सवारी र बाटो पुलको निर्माण कार्यमा लिइएको चासोलाई चर्चा गर्दै पुल निर्माण सम्बन्धी प्रसंग अगाडि बडाएको छ । निबन्धमा इलाममा माईखोला (झपामा कन्काई)को राजदुवाली भन्ने ठाउँमा गाडी हिड्ने पुल बन्दैछ । इलामबजारबाट राजदुवालीको पुल तरेर गएपछि हामी सोक्तिम चियाकमान भएर हाल गाडी चल्दै गरेको बाटोबाट शनिश्चरे पनि पुग्न सक्छौं वा फिक्कल भएर हाल बन्दै गरेको बाटोबाट शनिश्चरे, फिक्कलको पूर्व लागे पशुपति नगर भएर भारतको दार्जिलिङ्ग पनि जान सक्छौं । इलाममा गाडी झापा, इलाम कुदेको निकधै भयो तर वर्षामा माईखोलामा बाढी आएपछि इलाम सदरमुकाम समुन्द्र बीचको टापू झैं हुन्थ्यो । भनी इलामको तत्कालिन यथार्थ यहाँ प्रस्तुत गरिएको छ । विकास निमार्णका कार्यमा बाटो निमार्ण भए तापनि पुल निमार्ण भै नसकेकाले हिउँद बर्षामा नै गाडी संचालन भएको र त्यस समयमा पुलको आवश्यक रहेको उल्लेख गरिएको छ । लेखकले तत्कालिन बडाहाकिम स्व.सन्तवीर लामाले २०१६ सालमा प्रयास गर्दा सिमेन्टको पुल पानीले बगाएर लगेको कैयौं सामानहरु खोलामा अलपत्र हुँदा मान्छे कममा प्रयोग गरेको उल्लेख गर्दै पुनः लामाले २०१९ सालमा पुल बनाउने प्रयास गरेको तर सफल हुन नसकेको उल्लेख गर्दै छन् । लामाको समयमा चन्दा संकलनबाट पुलनिमार्ण कार्य भएको देखिन्छ ।

लेखकले नेपाल चिया विकास करपोरेशनका ईन्जिनियरले नारायणी अञ्चलको चूरेखोलाको पुलबाट सामान लिएर कुडुले भन्ने ठाउँमा पुल बनाउन लाग्दा जान्ने बुझ्नेले पुल बनाइ दिएर राजदुवालीमा पनि बनाउन सकेन केही समय पछि Joint Enterprises काठमाडौं Contract Form ले ठेक्का लिइ फर्मको तर्फबट इन्जिजियर श्री डिल्ली भक्त र सडक विभागका इन्जिनियर श्री शंकर ठाकुरले रेखदेख पुल बन्दै उल्लेख गरेका छन् । निबन्धमा यस पुलको लम्बाई १७५ फुट चौडाई १४ फूट ROAD WAY (रोड वे)मा छ । ५,११,०००(पाँच लाख एघार हजार) तथा ९५% भन्दा बढी काम समाप्त भै सकेको छ । हालसम्मको काममा कुनै नराम्रो दुर्घटना भएको छैन र साठी जना जति मजदुरबाट प्रति दिन काम भैरहेको छ। यस पूल निमार्ण जम्मै नेपाली मजदुरहरुलाई नै तालिम दिई सक्ने गराइएको छ । अव यस्तै काम गर्न परेमा यी मजदुरहरुले काम गर्न सक्ने छन् । भन्ने उल्लेख गरी पुल र कामको यथार्थ चित्रण गरेका छन् ।

राँगापानीमा वेवारिसे रहेको पुलको सामान निशान ट्रकमा ठाउँ बनाएर ठोकिएको र पहाडको साँघुरो बाटोमा ३७ फीटसम्म लामो सामान कसरी ल्याई पुऱ्यायो भनी हेर्नेहरु छक्क परेका थिए । त्यस समयमा पुलको सामानहरु कसरी जोडे भन्ने प्रसंगमा सामाग्री भेला गरेपछि झोलुङ्गे जस्तो निमार्ण गरी 'केबल पुल्ली ब्लक को मद्दतबाट (ट्रली वा घिर्लिङ्ग जस्तो) ३०/३५ फीट जमीनबाट माथि उठाएर जोड्ने काम भएको छ । पुलको जग्गा खोलाबाट ३३/३४ फुट अग्लो छ । पुल निमार्ण कार्यमा इलामका प्रमुख जिल्ला अधिकारी श्री सत्यमान शेरचनबाट पनि प्रशस्त सहयोग भएको उल्लेख गरिएको छ । पूलमा पटाइको लागि २००० (दुई हजार) क्यूविक फूट काठ लाग्ने र पूलको ओजन ६० टन रहेको पुलबाट २५ टन ओजनको गाडी पास हुन सक्ने उल्लेख गर्दै हाल यो एउटा दर्शनिय क्षेत्र भएको उल्लेख छ ।

लेखकले पुल बनाउन तथा उत्तर दक्षिण राजमार्ग मिार्णको निम्ति विघतीट मेची अञ्चल पञ्चायतले निमार्ण समिति गठन गरी विभिन्न क्षेत्रबाट सहयोग जुटाउन पहल गरेकोमा अञ्चल पंचायतको गुणलाई भुल्न नहुने भन्दै निर्माण कार्यमा संलग्न इन्जिनियरहरु, अन्य सहयोगी साथै साथै कामदारहरु आभार व्यक्त अञ्चलले गर्नुपर्दछ । भन्दै उत्तर दक्षिण राजमार्ग इलाम झापामात्र होइन झापाबाट उत्तरमा छिमेकी राष्ट्र चीन सम्म बाटो निमार्ण कार्यमा भुल्नु हुदैंन भन्ने अभिव्यक्ति दिएका छन् ।

राजदुवाली पुल : एक सिंहावलोकन शीर्षक निबन्धमा सरल भाषा प्रयोग गरि विकास निमार्णको यथार्थ चित्रण गरेका छन् । छोटो विषयवस्तुलाई लामा छोटा चौध अनुच्छेदमा प्रस्तुत गरेका छन् । लेखकले यस निबन्धमा ठाउँ-ठाउँमा अंग्रेजी शव्दहरुको प्रयोग भएकोले बुझ्न सजिलो छ । लेखकले स्थानवर्णन गरेकाले स्थानीय भाषा र विषयवस्तुहरुको प्रयोग बढी भएको पाइन्छ ।

विकास निकार्णका कार्यलाई मुख्य विषय बनाएर माईखोलाको राजदुवालीमा बनेको पुलका माध्यमबाट आवागमनमा ठूलो सुविधा हुने यथार्थ चित्रण गरिएको छ । तत्कालिक प्रशासकहरुबाट ठूलो सहयोग मिलेर पूल निमार्ण भएकोले सम्पूर्ण क्षेत्रको सहयोगको प्रसंशा गर्दै तिनीहरुप्रति लेखकले आभार प्रकट गरेका छन् । विकास निमार्ण कार्यमा सम्बन्धित पक्षहरु निरन्तर लाग्न सकेमा यसबाट सम्पूर्ण क्षेत्रलाई फाइदा हुने कुरा यहाँ उल्लेख गरिएको छ ।

## ढ) माइतीघर- काम भन्दा हल्ला धेरै

साप्ताहिक 'मेची' वर्ष ३ अङ्क २४/२५ (२०२३) फाल्गुन ११ मा माइतीघर-काम भन्दा हल्ला धेरै शीर्षकमा नेपाली चलचित्रमा पूर्णरुप नै नेपालीपन हुनुपर्छ भन्ने विचार व्यक्त भएको छ ।

लेखकले 'सुमाञ्जली' कम्पनीद्वारा निर्मित माइतीघर चलचित्र हेर्न मौका मिलेको प्रसंगबाट शुरु भएके छ । चलचित्रमा एउटी बृद्धा जेलमा छिन उनको जेलको म्याद

सकिदा पनि बाहिर निस्कन मान्दिनन् र मनोविज्ञान बुझ्न डाक्टर बोलाइन्छ उनले डाक्टरलाई आफ्नो पूर्व इतिहास भन्छ । ................

माइतीघरमा कथानक राम्रो छ तापनि नेपालीकरण भइ दिएको भए झन रोचक हुने थियो । "आमा"मा जति नेपालीत्व छ त्यो माइतीघरमा छैन । कब हुन्छ, डुग्गी पिटाई दिन्छु । जस्ता शव्दले गर्दा भारतीय जस्तो हुन्छ  अनावश्यक रुपमा सुनीलदत्त, राजेन्द्रनाथलाई पात्र बनाएको पाइन्छ । माइतीघर भारतीय सिनेमाबाट प्रभावित छ । लेखक नेपाली गुन्यू चोलो र दौरा सुरुवाल लाउदैमा फिल्म नेपाली हो भन्ने पक्षमा नभएको भन्दै यहाँ वि.एस थापाको कथा जनर शम्सेरको पैसा फूकाइमा बम्बइको गन्ध रहेको उल्लेख गरेका छन् । चलचित्रमा नेपाली शब्द प्रयोग संगसंगै हिन्दी शब्दको प्रयोग भएको । विवाहमा कोठाको श्रृंगारमा नेपालीपनको गन्ध छैन । बेहुलीको पहिरन छ्याङ् छ्याङ्ती देखिने घुम्टो ओडेको माइतीघरमा बाजाको ताल अर्कै हुन्छ सनैको लय चर्को ट्याम्को दमाहा सुनिदैन सिनेमामा नेपालमा नभएको रण्डीबृत्तिले नेपाली समाजको बेइज्जती गरिएको प्रस्तुत गरिएको छ । लेखकले नेपालमा गाएर, नाचेर पेट पाल्ने तरुनी थुपारेर पैसावाल व्यक्तिलाई बोलाउने प्रचलन नरहेको ले यो दृष्यको सट्टामा नेपालीपनको यथार्थ झल्काउने गन्ध भएको भए राम्रो हुने थियो भन्ने उल्लेख छ । चलचित्रमा साहुलाई मारिसकेपछि राजेन्द्रलाई साक्षी बनाउनु ज्यादै हास्यास्पद हो । साक्षी त साहूँ कै छिमेकीलाई बनाउनु पर्थ्यो । असम्बन्धित व्यक्तिलाई साँक्षी बकाएर हाँसो उडाउने प्रचेष्टा त होइन ? विहे त कुनै मारवाणीको जस्तो थियो बेहुलालाई माहुर नलाएर पूच्छवाला फेटा पो थियो । पश्चिमे एक नृत्य समूह बाहेक सम्पूर्ण भारतेली नाँच । नेपाली नारी सतित्वमा अटल छन् भन्ने ज्वालान्त प्रमाण हुँदा हुँदै पनि रण्डीबृत्तिको झलक देखाउनु हाम्रो जातित्वमा कलङ्क लगाइएको त होइन ? भनी लेखकले लेख काटेका छन् । चलचित्रको शुरु ज्यादै आकर्षित भएको संवाद स्पष्ट भएको भन्दै गीतमा अष्पष्ट देखिएकोले नेपालीपन कै लोकधुन गाउने हाम्रै भए राम्रो हुने थियो । चलचित्र दुःखै दुःखले भरिएको माया वा नीरमाया दुःखै दुःख झेलेर मर्छे । हाम्रो समाजमा बुहारीलाई हेला गर्ने प्रचलन भएपनि शिक्षा प्रद हुन नसकेको दुःखै दुःखमा समाजसंग घर खाएर मर्नुभन्दा अन्तिम क्षणमा सासूले पश्चाताप गरेर नीरमायाको घर आदर्श घर बन्न सकेको भए धेरै सासूहरुले शिक्षा पाउँथे ।

चलचित्र सरसरती हेर्दा प्रशंसनीय भए पनि तर असफल प्रयास बन्न पुगेको उल्लेख गर्दै अति हल्ला थियो काम त्यति छैन भन्ने उल्लेख गरिएको छ ।

माइतीघर- कामभन्दा हल्ला धेरै शीर्षक निबन्धमा लेखकले चलचित्र हेरेर त्यसलाई सरल भाषा शैलीमा उनलाई लागेको अभिव्यक्ति दिएका छन् । संरचनागत दृष्टिमा छोटो विषयवस्तुलाई अठार अनुच्छेदमा उल्लेख गरेका छन् । शुरुको अनुच्छेदमा चलचित्र हेरेको प्रसंग उल्लेख गर्दै दोस्रो अनुच्छेदबाट चलचित्रको कथावस्तु प्रस्तुत गरेका भने नवौं अनुच्छेदबाट चलचित्रको विश्लेषण गरिएको पाइन्छ ।

यस निबन्धमा लेखकले नेपाली चलचित्रमा आंशिक रुप मात्र नेपाली भएको उल्लेख गर्दै नेपाली चलचित्रमा नेपाली समाजको यथार्थ चित्रण हुन नसकेकोमा दुःख व्यक्त गरेका छन् । नेपाली चलचित्र निर्माताहरुले पश्चिमेली समाजको रहन सहनको प्रभावनले संगीन चित्र बनाउन प्रयास गरेकाले नेपाली समाजको यथार्थ झल्काउन नसकेको भन्दै नेपाली चलचित्रमा पूर्णरुप नेपालीपन नरहेको अभिव्यक्ति दिएकाछन् ।

## ण) लथालिङ्गे समितिको गाइने सम्मेलन

हाँस्यव्यङ्गय साहित्यकार विष्णु नवीनको लथालिङ्गे समितिको गाइने सम्मेलन शीर्षक निबन्ध केही सोधी केही खोजी पाण्डुलिपीको अन्तिम पन्ध्रौं शीर्षकमा समावेश गरिएको छ । यो शीर्षक कुनै पत्रपत्रिकामा प्रकाशन भएको उल्लेख पाइदैंन । लेखकले यस निबन्धमा साहित्य सेमिनारमा अव्यवस्था भएको चर्चा गरिएको छ ।

लथालिङ्गे समितिको गाइने सम्मेलन शीर्षक निबन्धमा लेखक साहित्य सेमिनारमा भाग लिन गएको अनुभवलाई प्रस्तुत गरिएको छ । निबन्ध लथालिङ्गे समितिले बोलाएको साहित्य सम्मेलन साँच्चै लथालिङ्गे नै भयो । टाढाँटाढाँबाट रंगरंगका, पारापाराका कवि लेखकहरुको भेला थियो । सम्मेलन पुरै एकहप्ताको भनियो तर सातौं दिन घर घर प्रस्थान । छ दिनको एकहप्ता हुँदो रहेछ । भनी यसै सम्मेलनले प्रमाणित गऱ्यो । प्रवासका बहुसंख्यक साहित्यकारहरु आउँछन् भनेको सिंगै एकजना मात्र भनी शुरु गरेका छन् । यहाँ विभिन्न क्षेत्रका साहित्यकारहरुलाई निमन्त्रणा गरी साहित्य सेमिनारको आयोजना गरिएको, साहित्यकारहरुलाई हप्ता दिनको निमन्त्रणा गरिएको तर आयोजकको समितिको व्यवस्थापन पक्षमा भएको कमजोरीले गर्दा साथै दिनमानै साहित्यकारहरु घरघर प्रस्थान गरेको भन्दै व्यङ्गय गरिएको छ । प्रवासका धेरै साहित्यकारहरुको उपस्थितिको अपेक्षा गरिएपनि भनेजस्तो उपस्थिति नरहेको उल्लेख गर्दै व्यङ्गयात्मक अभिव्यक्ति दिएका छन् । उपस्थितिको निमन्त्रणामा सम्पूर्ण गतिविधि सर्कुलर नभएर वहाँ पुग्दा मात्र सर्मुलर गरिएकामा व्यङ्गय गरिएको छ । सम्मेलनमा खान बस्नको सुविधा भन्दा राम्रो प्रवन्ध रहेको भनी उपस्थित हुँदा व्यवस्थापनमा देखिएको कमजोरीलाई यहाँ व्यङ्गय प्रहार गरिएको छ । लेखकले सम्मेलन टाढाँ भएकाले व्यवस्थित तरिकाबाट उपस्थिति हुन नसक्दा भएको कठिनाईलाई यहाँ प्रस्तुत गरिएको छ । टाढा बाटो भएकोले यातायातमा आएको असुविधालाई लेखकले च्याप्टेर भए पनि, अड्केर भए पनि पुगियो । भन्ने प्रसंग उल्लेख गरिएको छ ।

लेखकले सम्मेलनको अवस्थालाई बरु छुल्छुले समितिको सुल्सुले मान्छेहरु बोलाएको भए ठ्याक्कै मिल्ने । तर के गर्नु विचराहरुको कर्मैमा खोटो । चिठ्ठा पऱ्यो आफ्नो भागमा । नहुनेलाई कति गर्दा पनि हुँदैन । भन्ने व्यङ्गयातमक अभिव्यक्ति दिएका छन् । लेखकले आयोजक समिति लथालिङ्गे समितिका सदस्यहरु सबै लथालिङ्ग भएर बसेकाको कहाँ छ को कहाँ छ पत्तै नभएको भोलिपल्ट मात्र व्याज कूपन वितरण भएको, समितिका पदाधीकारीहरु कोही हात्ती जस्ता मस्त टस न मस हुने, बोली पनि उस्तै

कोही भाडको धङ् धङ्गीमा, कोही चिप्ले हास्न, कोही हजार कूखी, कोही अनुहार हेर्दा बोल्न गाह्रो मानेका जस्ता भनी सम्मेलन स्थलको यथार्थ प्रस्तुत गरेका छन् । निबन्धमा कार्यक्रम स्थल रहेको ठाउँ साँच्चै राम्रो रहेको भन्दै वरीपरीको वर्णन गरेका छन् । कार्यक्रम स्थल नजिकै रहेको दोकानको साहरामा रहेको भन्दै त्यहाँ गरिएको आयोजकको व्यवस्थापन पक्षमा भएको कमजोरीको चर्चा गरिएको छ । समितिमा कुनै कुरा सोध्दा जवाफ नपाई उनिहरुको एकछिनपछि भनी टाप दिएको उल्लेख गरिएको छ । सम्मेलनमा दिनदिनै एकै प्रकारको दाल,भात खाएर बस्न पऱ्यो कुनै दिन स्वाद बद्लेन । मेस चलाउनेको अनुहार नै नपरेको घण्टीको तालमा खानुपर्ने । कसमको जूठो कसलाई पर्ने पत्तै नपाईने । भोकको भ्वाँकमा नानीको जस्तो गीलो भात खानपरेको र भातले नअघाएको भन्दै कम्पाउण्ड बाहिर रहेको दोकानको चिउरा, गुन्द्रुकको अचारले पाल्यो भन्ने व्यङ्ग्यात्मक अभिव्यक्ति दिएका छन् । समितिको राम्रो बन्दो व्यवस्थाले गर्दा खानेबेलामा ठेलाठेल हल्ला भएको ट्वाईलेटमा राती बत्तीको व्यवस्था नभएको, पानीको व्यवस्था राम्रो नभएको उल्लेख गर्दै खानेकुरामा के कचकच भन्दा पनि हामी खानै बाँचेको भन्ने व्यङ्ग्य पाइन्छ ।

लेखकले साहित्य सेमिनारमा को को कहाँबाट आएको भन्ने सन्दर्भमा परिचय सम्म हुन नसकेको र कार्यक्रममा लामो लामो पट्यार लाग्दो भाषण मात्र भएको कार्यक्रम वनभोज जस्तो मात्र भएकोले साहित्यकारहरु फर्केको उल्लेख भएको छ । खानै नपाएर त्यहाँ गएको जस्तो काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर ट्याक्कै किलेको उल्लेख गरेका छन् । निबन्धमा त्यसैले भन्न कर लाग्यो समितिका सदस्यहरुलाई भोलिपल्ट “तपाईले जुन दुःख, पीर र पक्षपात दिनुभयो, गर्नुभयो त्यो हाम्रोमा आउँदा तपाईंले पनि सहन सक्ने गरेर आउनुहोला” विचरा चुई पनि बोलेनन् । काम सिकिएपछि माफी मागेर के गर्नु यो त हाम्रोमा परम्परा नै छनि । भन्ने उल्लेख गरी लेखकले कार्यक्रमपछि आफ्नो मनमा आएका अनुभूतिलाई यहाँ अभिव्यक्त गरेका छन् । साहित्य सेमिनारमा विभिन्न प्रस्तावहरुमा छलफल गरिएको प्रसंगलाई व्यङ्ग्य गर्दै सेमिनारमा फोकडमा ६०/६२ हजार खर्च गरिएको उल्लेख गर्दै शिलापथरमा नाम खोपीएको प्रति व्यङ्ग्य गरिएको छ । साहित्य सेमिनारमा त्यत्रो खर्च गर्नुभन्दा कुनै ठोस काम गर्न सकेको भए राम्रो हुने प्रसंग उल्लेख गर्दै “हात्ती आयो फुस्स'' बाटो खर्च पनि फजूल खर्च भएको उल्लेख गरिएको छ । सम्मेलनमा मनोरञ्जन पनि नौटंकी भन्दा गएको एकांकी त्यो भन्दा भालु नाँच र बाँदर नाँचमा मजा हुने पात्रलाई भन्दा पनि विषय नै दोषी नाटक पुरै भएको भए हलमा नै निदाईने भन्ने व्यङ्ग्य प्रस्तुत गरेका छन् ।

सम्मेलनमा कोही पुगेकै भोलिपल्ट उराठ लागेर फर्के कोही निम्तै विना पुगे । सम्मेलनमा आयोजकलाई व्यवस्थापन गर्न पुनः छलफल गर्नुपऱ्यो । समयढिला भएकाले मेसमा दालभात र वरिपरी कुकुर मात्र रहेको अनुहार नपरेको भातको ठेक्का लिने भान्से नभएको हाँस्यव्यङ्ग्यात्मक अभिव्यक्ति दिएका छन् । लेखकले पुनः रंग-रंगका मान्छेहरु भेला भएको भन्दै कोही विग्रेको रेकर्डको जस्तो आवाज भएका कोही नेपाली नै राम्रो

नजान्ने कोही मान्छे हेर्दा भलाद्मी ज्यालामा नमिलेको दमै जस्तो भन्ने अभिव्यक्ति दिएका छन् । विभिन्न ढाँचाको शरीर त ईश्वरको सृजना हो भन्ने उल्लेख गरेका छन् ।

सम्मेलनको अन्तिम दिन रचना सवै संग मागियो र सुनाउने बेलामा २९/३० जनाले मात्र सुनाउन पाए । नयाँ कविता र त्यसमा पनि गद्यको त आवश्यकता नै परेर कति साहित्यकार त जान पनि पाएनन् सुन्न पनि पाएनन् समितिको व्यवस्थापनको कारणले भन्ने उल्लेख गर्दै गोष्ठीमा गाइनेहरुले मात्र सुनाउन पाए रे तर सुन्न त सवैलाई प्रबन्ध हुनुपर्थ्यो । बरु पोखरा र अरुण तीरका गाइने भेला गरेको भए राम्रो हुन्थ्यो । "ठाउँ पुन, छैन, दुःख नमानिदिनु होला" मात्र भनिदिएको भए पनि त चित्त बुझ्थ्यो । भन्ने उल्लेख गरेका छन् ।

निबन्धमा सरल भाषा शैलीको प्रयोग गर्दै ठाउँ-ठाउँमा उदान टुक्काहरुको प्रयोग भएको छ । निबन्धमा बोलचालकै भाषालाई उखान टुक्काको प्रयोग गरी सरल प्रस्तुति गरिएको छ । संरचनागत दृष्टिमा छोटो विषयबस्तुलाई लामा छोटा पन्ध्र अनुच्छेदमा प्रस्तुत गरिएको छ । विषयवस्तुलाई छोटो छोटो अनुच्छेदमा प्रस्तुत गरिएकोले पाठकलाई सरसरती पढ्दा बुझ्न सजिलो नै पर्ने देखिन्छ ।

लथालिङ्गे समितिको गाइर्न सम्मेलन शीर्षक निबन्धमा साहित्य सेमिनारमा देखिएको व्यवस्थापन पक्षको कमजोरी पक्षलाई मुख्य विषय बनाएर त्यहाँको यथार्थ प्रस्तुत गरेका छन् । लेखकले टाढाँटाढाँको साहित्यकार अतिथिहरुलाई बोलाएपछि खानबस्नको राम्रको प्रबन्ध हुनुपर्ने कुरामा जोड दिएका छन् । सम्मेलनमा सबै उपस्थिति वीच चिनजान हुनुपर्छ र सबैको रचना सुन्न र सुनाउन पाउनु पर्छ भन्ने अभिव्यत्तिः दिएका छन् । आयोजक पक्षप्रति व्यङ्गय गर्दै नजिकैको दोकानमा चिउरा र गुन्द्रुकको अचार खाएर रहनुपरेको यथार्थ प्रस्तुत गरेका छन् । सम्मेलनमा आयोजनको व्यवस्थापन पक्षमा भएको कमजोरीले गर्दा सम्मेलन पूरा नभई वीचैमा सबै आ-आफ्नै तीर लाग्न थालेको र धेरैले दुःख पाएको प्रसंगलाई हाँस्यव्यङ्गयात्मक प्रस्तुति गरेका छन् ।

## ५.४.४. श्रीमतीसित एकदिन : हाँस्यव्यङ्गय संगालोका निबन्धहरु

वि.सं. २०२२ सालमा छापिएको श्रीमतीसित एक दिन हाँस्यव्यङ्गयात्मक निबन्धको संगालो विष्णु नवीनको प्रथम प्रकाशित पुस्तककार कृति हो । यस हाँस्यव्यङ्गयात्मक निबन्धको संगालोमा १६ वटा रचनाहरु सङ्कलित छन् । हाँस्यव्यङ्गयाकार विष्णु नवीनको श्रीमतीसित एकदिन हाँस्यव्यङ्गय संगालो अनुपलब्ध रहेकोले नवीनको स्मृति अङ्क साहित्यलोकमा लेखक राजेन्द्र परदेशीले लेखेको श्रीमतीसंग एकदिन आत्मव्यङ्गय कि आत्मोद्घाटन ? र नेपाली केन्दय शिक्षण विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपूर, काठमाडौंको शोधकर्ता जीवनाथ सुवेदीको साहित्का विष्णु नवीनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा रहेको २.२.६. 'अ' श्रीमतीसित एकदिन हाँस्यव्यङ्गय संगालोका निबन्धहरुको अध्ययनको आधारमा छोटो चर्चा यहाँ गरिन्छ ।

**क) 'श्रीमतीसित एक दिन'** यस सङ्कलनको पहिलो रचना हो । यसैको शीर्षकका आधारमा यस सङ्कलनको नामाकरण भएको छ । यसमा जँड्याहा श्रीमान् र श्रीमतीको झगडा हुन्छ, श्रीमान् श्रीमतीलाई त्याग्ने तरखर गर्छ तर अन्त्यमा मेल-मिलाप हुन्छ । स्वभावगत बेमेलका कारणले दाम्पत्य जीवनमा कहिले-काहीँ खटपट हुने गर्छ । 'लोग्नेस्वास्नीको झगडा परालको आगो' भने झैं तयो खटपट क्षणिक हुन्छ । जे जस्तो भए पनि दाम्पत्य जीवनम एउटाको अर्कोविना काम चल्दैन । यस जीवनमा दम्पतिको अन्योलयाश्रित सम्बन्ध हुन्छ । यस्तो वास्तविकता हुँदा-हुँदै पनि बानी व्यवहारको अन्तरले लोग्नेस्वास्नीमा झगडा पर्ने कुराको अभिव्यक्तिद्वारा लेखकले आफ्ना अनुभव र व्यावहारिक क्रियाकलापलाई प्रस्तुत गरेका छन् । यहाँ हाम्रो पुरुषप्रधान समाजमा कतिपय नारीहरुले जँड्याहा लोग्नेको मनोमानीपूर्ण शासन खप्नुपर्ने स्थितिको चित्रण एकोछ भने सामान्य व्यावहारिक क्रियाकलापको चित्रणद्वारा पाठकलाई हँसाइएको पनि छ ।

**ख) "रेकर्ड ब्रेक"** मा एकातिर धेरै स्वास्नी बटुलेर समाजमा धाक देखाउने र सुनबूढी ल्याएर धनी वा साहुमहाजन हुने पुरुषलाई नङ्ग्याइएको छ भने अर्कातिर भालै-पालो एकपछि अर्को लोग्ने फेरेर सौतामाथि सौता भएर थपिन पनि नहिच्किचाउने नारीहरुको खिल्ली उडाइएको छ । यस्तो गतिविधिबाट उत्पन्न सामाजिक विकृतिलाई औंल्याएर यो समाजका लागि हानिकारक चरित्र हो भन्ने संकेत गरिएको छ ।

**ग) "द्वाक्सी दिदी"** ले मानव समाजमा सुन्दरता, आत्मियता र आवेगको आ-आफ्नै स्थान रहेको हुन्छ भन्ने देखाएको छ । पुरुषहरु नारी सौन्दर्यप्रति आकर्षित हुने र नारीले पनि सौन्दर्य मन पराउने भएकोले सौन्दर्यविहीन नारीहरु आफूलाई अभागिनी सम्झन्छन् । यसरी कुनै युवक र युवतीको एक अर्कामा नजिक भई यौन सम्पर्क भएमा सुन्दरताको कुनै गन्ती हुँदैन अथवा अरु सुन्दर-सुन्दरीभन्दा सम्बन्धित व्यक्ति नै सुन्दर लाग्छ भन्ने कुराको अभिव्यक्ति यहाँ भएको छ ।

**घ) "इलामको लामखुट्टे"** मा यातायात जस्ता विकासका गतिविधिहरु प्रचार-प्रसार वा हो-हल्लामा सिमित भएको तर रोग-व्याध जस्ता कुराको आदानप्रदान भने तीव्र रुपमा हुने गरेको प्रसंगका अभिव्यक्ति भएको छ । सरकारद्वारा डि.डि.टि. नामक औषधी प्रयोग गरी लामखुट्टे मास्ने काम भएको र औलो ज्वरो निर्मूल गरेको प्रचार गरे पनि लामखुट्टे झन बढेर झापाबाट इलामसम्म व्यापक भएको कुरा यहाँ प्रस्तुत भएको छ ।

**ङ) "मिस्टर नाइटे"** शिशु अवस्थामा नाइटो बढेर नाइटे नाम रहेको एउटा व्यक्तिको चरित्रको आधारमा सिर्जिएको निबन्ध हो । लेखकले यही मिस्टर नाइटेका चरित्रका माध्यमबाट पूर्वीपहाडका हाटबजारको चित्रण गरेका छन् । तरुनी अघि-पछि लगाएर हिड्ने तथा टोलहरुमा झगडा गर्न प्रख्यात मि.नाइटे आफू समानका दृष्टिमा बिग्रिएको भए पनि एकप्रकारको नेतृत्व गरेको कुरा यहाँ देखाइएको छ ।

**च) "आईमाईको मनोविज्ञान"**मा नारी स्वभावमा पाइने अस्थिरताको चित्रण गरिएको छ । यसै गरी मानव स्वभावको अस्थिरताका साथै अल्पशिक्षित व्यक्तिहरुको आत्मश्लाघाको चित्रण भएको छ ।

**छ) "जुम्राको खेती"** मा समाजमा रुढिबूढीका आधारमा कतिपय अनावश्यक कुराको पालना गरिएको हुन्छ भन्ने कुरालाई लक्ष्य गरी फोहोर र पसिनामा जुम्राको उत्पत्ति हुने भए पनि जुम्रा पर्नुशुभलक्ष्यण हो भन्ने प्रसंग प्रस्तुत गरिएको छ । यहाँ जुम्रा संसारको हाँस्यात्मिक अभिव्यक्ति भएको छ ।

**ज) "गुलियो हुनुहोस्"** मा आफूलाई बौद्धिक व्यक्तित्व ठान्ने र साहित्यकार तथा लेखकका रुपमा चिनाउन चाहने व्यक्तिहरुले पनि पत्रपत्रिका मागेर पढ्ने गरेकोमा गुनासो र व्यङ्ग्य गरिएको छ । यसै गरी अम्मल र अनाश्यक कुरामा खर्च गर्नाको बद्ला पत्रपत्रिका किनेर पढ्ने सल्लाह दिइएको छ ।

**झ) "कोनि कस्तो गनथन"**मा लेखकद्वारा आफू बढी मात्रामा महिला संसारको चित्रण गर्ने र त्यस्ता रचनाप्रति महिलावर्गले घुणा गर्ने गरेको कुराको अभिव्यक्ति भएको छ । वास्तविकताका आधारमा साहित्य सिर्जना गर्ने आफ्नो रुची भएकोले अरु कुनै कुराले त्यसप्रति असर नपर्ने दृढताका साथ यस रचनामा लेखकको नारीप्रति विनोदात्मक अभिव्यक्ति भएको छ ।

**ञ) "घोट्टाको बम्बैसन"** मा म पात्रले फाबुमा भाङ हालेको बम्बैसन (एक प्रकारको मिठाई) खाएर मातेको सुरमा आफ्नो घर भनी भर्काको घर पसलमा पसेको तथा आफ्नै स्वास्नी भनेर अरु महिलालाई अँगालो हाल्न पुगेको प्रसङ्ग प्रस्तुत छ यसवाट लेखकले विभिन्न पर्वमा भाङ जस्ता मादक पदार्थको सेवन गरी रमाइलो गर्ने विकृत संस्कृतिप्रति अप्रत्यक्ष रुपमा तीखो व्यङ्ग्य गरेका छन् ।

**ट) "घाँटीको ईंजार"** मा पश्चिमी मुलुकबाट आएको 'नेकटाई' को प्रभाव नेपालका शहरबजारमा र विस्तारै गाउँमा पनि परेको प्रसङ्ग उल्लेख गरी कुनै पनि विदेशी लवाई-खवाईको प्रभाव शहरबजारमा छिटोपर्ने र विस्तारै गाउँ घरमा सर्ने कुराको चित्रण भएको छ । यसैका आधारमा मान्छे सिको गर्न रुचाउँछ तर सिक्ने क्रममा आउको कृत्रिमताले हाँसो उब्जाउँछ भन्ने कुरा पनि व्यक्तिएको छ ।

**ठ) "राम नवमीको गाँजाको सुरमा"** मा रामले धोवीको भनाइमा सीताको परित्याग गरेको रामायणको कथाको प्रसङ्गमा नानाथरी तर्क वितर्क गरी पुरुषप्रधान समाजमा नारीको स्थान उपेक्षित रहेको प्रसंगको व्यङ्ग्यात्मक अभिव्यक्ति भएको छ ।

**ड) "उल्टो सिरक"** मा रक्सी खाने बानी र त्यसबाट उत्पन्न क्रियाकलापका सम्बन्धमा विनोदात्मक अभिव्यक्ति दिइएको छ । यहाँ लेखकले आफ्नो वा आफ्नो मद्यपान गर्ने बानी र त्यसप्रतिको समाजको धारणा प्रस्तुत गरी आत्मप्रकाशन गरेका छन् ।

**ढ) “कवि एकातिर पाठक अर्कोतिर”** मा एकातिर साहित्यकारको साहित्यिक अभिव्यक्ति र चारित्रिक गतिविधिमा भिन्नता हुन्छ भन्ने देखाइएको छ भने अर्कोतिर पाठकको साहित्यप्रतिको रुचि, ध्यान र बोधमा कमी भएको कुराको व्यङ्ग्यात्मक चित्रण भएको छ

**ण) “मिसेस गैंडाई”** मा सासु र लोग्नेको बुहारी र स्वास्नीप्रतिको क्रूर र अन्यायपूर्ण व्यवहारले नारीहरु एउटाबाट अर्कोसँग जान विवश हुन्छन् । ती ल्याउने र जाने पनि सौतेनी समस्या र जारको आक्रमणबाट ग्रसित र त्रस्त हुन्छन् । यिनै कुराको प्रस्तुतिबाट नारीप्रतिको कुव्यवहारले समाज विकृत भएको छ भन्ने कुरा यहाँ देखाइएको छ ।

**त) “भान्जी”** मा पारि गाउँबाट आएकी भान्जी ज्यादै राम्री युवती भएकीले सबैले मनपराउँछन् । श्यामले भान्जीलाई भगाउन लाग्दा मास्टर (लेखक) लगायत सबै रोक्न तम्सिन्छन् । भान्जी पनि कम हुन्न, सबैलाई भाङको चिया खुवाएर श्यामसँग पोइल जान्छे । यसै कथानकमा यौनाकर्षण, सौन्दर्याकर्षण र ईष्या जस्ता मानवीय प्रवृतिको अभिव्यक्ति भएको छ । यहाँ राम्री युवतीप्रति सबै आकर्षित हुने र त्यो सुन्दरी कसैसँग नजिकिएको देखेर ईष्या गर्ने मान्छेको स्वभावको चित्रण भएको छ ।

## ५.४.५. इलाम एक परिचय

इलाम एक परिचय विष्णु नवीनको ऐतिहासिक रचनाहरु रहेको अप्रकाशित पाण्डुलिपी हो । प्रकाशनको अन्तिम तयारीमा रहेको पाण्डुलिपीको बाहिरी भागमा इलाम एक परिचय पुस्तकको नाम र लेखक विष्णु नवीन उल्लेख भएका छन् । भित्री भागमा प्रकाशक ........... लेखकको ठेगाना इलामबजार (नेपाल) एक्स्चेन्ज पशुपतिनगर, पो.अ. सुकिया पोखरी जि दार्जिलिङ्ग, सर्वाधिकार......... , प्रथमबार.....

मूल्य रहेको छ । त्यसैगरी लेखकले आफ्नो भनाईमा इलामको परिचय आफ्नो व्यस्तताले गर्दा लेख्न नसेकेको हाल प्रचार विभागद्वारा जिल्लाको अञ्चलको सांस्कृतिक, सामाजिक, आर्थिक अथवा परिचय मागगरे बमोजिम लेख्ने प्रेरणा मिलेको उल्लेख गरेका छन् । लेखकले **एक जिल्लाले अर्को जिल्लाको परिचय एकै देशमा बसेर पनि जान्न नसक्नु साँच्चै दुःखको कुरा हो । जसरी लान्ने जान्नदिने प्रचार विभागबाट महसूश गरी यस प्रकारको पुस्तकको माग हुनु स्वागत योग्य छ ।** विष्णु नवीन जुन समयमा अञ्चलाधीशको कार्यालयमा जागिरको क्रममा रहंदा प्रचार विभाग बाट अञ्चलको वास्तविक अवस्था पहिचान गर्न जुन अनुरोध भयो त्यसै सिलसिलामा इलाम एक परिचय लेखेका हुन् । विभागबाट जिल्लामा के कति प्रकारको आवश्यकता रहेछ कति काम भए वा मति भइरहेका छन् भन्ने कुराको जानकारी यस पुस्तकले दिने आशा व्यक्त गरेका छन् । लेखकले आफ्नो भनाई लेख्नेक्रमा यहाँ राजनीति, सामाजिक ऐतिहासिक भौगोलिक आदि परिचय छोटकरीमा दिने प्रयास गरिएको उल्लेख गरेका छन् । लेखक बहुविषयको सम्मिश्रण भएकोले नै यस पुस्तकको नाम “इलाम एक परिचय” रहन गएको उल्लेख गर्छ । लेखकले कतिपय गतिविधिहरु भएका प्रमाणहरु, वस्तु ठाउँ आदि

देखाउन नसकिएकोमा सुझावहरु प्राप्त गरी अरु संस्करणमा थप्ने विभागद्वारा प्रयास होला भन्ने उल्लेख गर्दछन् । हुन त पाए सम्मका विषय र तथ्याङ्कहरु समावेश गर्ने कोशिस भएको साथै यो पुस्तक तयार गर्न कर्णल सन्तवीर लामाद्वारा लिखित 'इलाम दर्पण' बाट केही सहयोग मिलेको र यस पुस्तक लेख्न प्ररण दिनुहुने अञ्चल निर्देशक अधिकारी श्री सन्तोष कुमार राईको पनि ऋणी छु भन्ने उल्लेख गर्दै अन्त्यमा इलाम बजार, नेपाल २०२१ विष्णु नवीन उल्लेख गरि समाप्त गरेका छन् ।

इलाम एक परिचयमा शुरुमा इलाम जिल्लाको भौगोलीक परिचय गराउँदै इलामे हावापानी, उब्जनी , वनजंगल, प्राकृतिक र प्रशासनिक साँध सीमाना, दोलानाला पोखरी र झरना, पशुपक्षी, खानी, जग्गा जमिन, थूम उद्योग धन्दा, व्यापार :- आयात निर्यात, यातायत, सञ्चार व्यवस्था, महत्वपूर्ण डाँडाहरु, पवित्र स्थान र मेला, किंवदन्ती निवासी धर्म भाषा र पोशाक, हाट बजार, देवालय सरकारी जग्गा र घरहरु, खोलाका पूल, शिक्षा पुस्तकालय, शासन-प्रबन्ध र अन्य, मूख्य स्थानहरु रवि बजार, मंलबारे बजार पशुपतिनगर, गोर्खे बजार, फिक्कल बजार, आइतबारे बजार, शुक्रबारे, नामसालिङ्ग, जमुना बजार, सामाजिक स्थिति, आर्थिक स्थिति, सांस्कृतिक साहित्य, राजनीति, इतिहासको केही पृष्ठ शीर्षकमा छोटा छोटा ऐतिहासिक तथ्यपरक, खोजमूलक लेखहरु लेखेका छन् ।

## ५.४.६. मूल्याङ्कन र निष्कर्ष

आधुनिक नेपाली निबन्ध विकास क्रमको दोस्रो चरणमा देखा परेका निबन्धकारहरु मध्ये नवीन २०२० साल पछिका हाँस्यब्याङ्गकारको रुपमा परिचत भएका छन् । साहित्य लेखनसँगसँगै  नवीनको पहिलो पुस्तकाकार कृतिका रुपमा "श्रीमतीसित एकदिन" हाँस्यब्यङ्गय संगालो २०२२ सालमा प्रकाशित भयो । त्यस पछि "छातिमा नअटेका कुरा" २०२९ हाँस्यव्यङ्गय संगाले प्रकाशन भयो । हाँस्यब्यङ्गयकार नवीनले आफ्नो निवन्धहरुमा सामाजिक यथार्थलाई नै मुख्य विषय बनाएका छन् । नवीनले समाजिक यथार्थ र विकृति विसंगीलाई मुख्य विषय बनाएको भए तापनि सहायक विशषबस्तुलाई पनि अघि सारेको देखिन्छ । नवीनले तत्कालिन नेपाली समाजका निम्नवर्ग तथा साधरण मानिसको जीवनशैली नै मुख्य विषयबस्तुको प्रस्तुति गरेका छन् । गाउँ समाजमा बोलचालको भाषा र व्यवहारको औपचारिकता तथा समान्य मान्छेका अनुभुति साथै समान्य जीवनशैलीलाई निबन्धमा चमत्कारिक ढंगबाट उतार्न सक्ने क्षमता भएर नै एउटा सशक्त हाँस्यब्यङ्गयकारका रुपमा परिचित हुन पुगेका छन् । नेपाली निबन्ध जगतमा आलोचनात्मक यथार्थवादको अनुशासन, राजनैतिक प्रतिविम्ब, सामाजिक परिवेशको धरातलीय यथार्थ, संस्कृति र विकास निर्माणको प्रभाव जस्ता विशेषताहरु व्याप्त रहेको छ । नवीनका निबन्धहरुले साधरण मानिसको अर्थत् निम्न स्तरका पात्रहरुको जीवनशैलीलाई निबन्धमा रुपान्तरण गर्ने समसामयिक राजनीतिक र समाजिक विकृतिप्रति व्यङ्गय गर्ने नेपाली समाजको खस्कदो मुल्य मान्यताप्रति चिन्ता

अभिव्यक्ति गर्ने जस्ता विशेषताहरु बोकेको पाइन्छ । नवीनले यसै विषेशतालाई पछ्याउदै २०२१ देखि २०३६ सम्म विभिन्न पत्रपत्रिकाहरुमा मान्छे भए यस्ता, भानुभक्तको जुंघा, मान्छे बन्ने डोजहरु, श्रीमतीले पान खादा, मनका वह, ........... जस्ता शीर्षक निबन्धहरु आएका छन् । हाँस्यब्यङ्गयकार नवीनको लेखन समयसँगसँगै विचार, दार्शनिक विविधता र संरचनागत सुधारका दृष्टिबाट खारिदै आएको पाइन्छ । नवीनले केही सोधि केही खोजीमा २०२० देखि २०३० सम्म विभिन्न पत्रप्रत्रिकाहरुमा प्रकाशित निबन्धात्मक लेखहरु यमद्धार र आसपासका स्थानहरु, पं.चन्द्रधर र उहाँको साहित्यिक कार्यकलाप, पछाडी फर्कर हेर्दा, पुवाखोलाको छातीमा जस्ता शीर्षकमा अनुसन्धात्मक वा खोजपूर्ण साथे समालोचनात्मक लेखहरु रहेका छन् । इलाम १ परिचयमा जागिरको क्रममा प्रचार विभागद्धारा लेख्ने अवसर मिलेकोले ऐतिहासिक लेखहरु लेख्न सफल भएका छन् ।

नेपालको प्रशासकिय व्यवस्था र त्यस समयको शैक्षिक योग्यता साथै रोजगारिको अवस्थाले नवीनको जीवनशैलीमा निकै उत्तरचडाव आएको देखिन्छ कुनै समयमा शिक्षक, कुनै समयमा अञ्चल प्रशासक कार्यालय कायममुकायमसम्म रहेको र कुनैसमय आर्थिक अभावले जीवन भोगाईमा नै आक्रान्त बनि चोकबजारमा साथीभाईहरुसँग माग्नसम्म पनि पछि नपरेका नवीनले नेपाली समाज र आफू स्वयमको यथार्थ प्रस्तुति गरेका छन् । समाजको निम्नवर्ग तथा साधरण मानिसको जीवनशैली नै विष्णु नवीनको विषयबस्तु हुने भएकाले लेखनमा समाज सुधार र समाजिक यर्थाथताको प्रस्तुति पाइन्छ । त्यसैले नवीनलाई उनको निबन्धमा पाइने समाज सुधार, अग्रगामी विचार र समाजिक यथार्थताको प्रस्तुतिका आधारमा यर्थाथपरक प्रगतिशीलतको नजिक नै रहेको मान्न सकिन्छ ।

विष्णु नवीनको निबनधहरु केही बस्तुपरक अर्न्तगत विवरणात्मक र वर्णनात्मक छन् भने अधिकंश निजात्मक अर्न्तगत वैयत्तिक र कतै कतै भावनात्मक पनि छन् । विष्णु नवीनले वि.स.२०१७ साल देखि २०४० साल सम्म निबन्ध क्षेत्रमा बलम चलाएको देखिन्छ । नवीनको निबन्ध यात्रामा समयको आधारमा समयको आधारमा कुनै निबन्धात्मक भिन्नता नबनाए पनि अन्तरविधात्मक आधारमा हाँस्यब्यङ्गयात्मक निबन्ध र निबन्धात्मक लेखहरु गरि दुई भागमा रहेको देखिन्छ । सर्जक नवीनले हाँस्यब्यङ्गयात्मक निबन्धहरु नै बढी लेखेका पाइन्छन् ।

नवीनका बस्तुपरक निबन्धहरु ‘केहीसोधी केहीखोजी’ संग्रहमा संकलित छन् भने निजात्मक निबन्धहरु ‘छातिमा नअटेका कुरा’ ‘श्रमितीले पान खादा’ ‘श्रीमतीसित एक दिन’ मा संगलित छन् । त्यस्तै इलाम एक परिचयमा ऐतिहासिक परिचय गराएका छन् । नवीनले समाजिक विषयबस्तुलाई सरल भाषाशैलीमा निबन्धका माध्यमबाट यर्थाथको प्रस्तुति गर्न सफल रहेको पाइन्छ ।

नवीनले समाजमा देखिएको अनुभुतिका अभिव्यक्ति प्रस्तुत गर्दै आफ्ना निजी गतिविधिबाट प्राप्त अनुभुतिका अभिव्यक्ति दिएका पाइन्छन् साहित्यकार नवीनले निबन्ध

विधामा अन्य विधामा भन्दा बढी कलम चलाएको पाइन्छ नवीनको चार निबन्ध संग्रहमा तीनवटामा हाँस्यब्यङ्ग्य संकलन र एउटामा निबन्धात्मक लेख संकलन रहेको छ । इलाम एक परिचयमा ऐतिहासिक लेख मात्र संकलन गरिएको छ । हाँस्यब्यङ्ग्यकार नवीनले निबन्ध विधामा हाँस्यब्यङ्ग्य जस्तो रोचक अभिव्यक्तिका मध्यमबाट समाज र वैयक्तिक जीवनसँग सम्बन्धित मानविय चारित्रिक कम्जोर आर्थिक राजनीतिक तथा साँस्कृतिक विसंगतीबाट भोग्नु परेको वाध्यतालाई पाठक सामु यर्थाथ रुपमा प्रस्तुत गरेका छन् ।

# परिच्छेद-छ

# उपसंहारः सारांश तथा निष्कर्ष

## १. उपसंहार

कथा,कविता,निबन्धका त्रिवेणी विष्णु नवीन २०१४ सालमा पाल्पाको 'कोपिला' पत्रिकामा 'एक पैसा' शीर्षक कथा लिएर नेपाली साहित्यमा परिचित भएका हुन् ।[1] यसरी विष्णु नवीनको साहित्य लेखन कार्यको प्रारम्भ २०१०/११ सालतिर नै भएको थियो भने २०१४ सालदेखि उनको रचनाहरु प्रकाशन आरम्भ भएको थियो ।

कथा कविताबाट साहित्यिक यात्रा शुरु गर्ने नवीनले २०१७ सालपछि हाँस्यव्यङ्गय क्षेत्रमा बढी कलम चलाएका छन् । साहित्य लेखन संगसंगै उनको पहिलो पुस्तकाकार कृतिका रुपमा 'श्रीमतीसित एक दिन' हाँस्यव्यङ्गय संगालो २०२२ सालमा प्रकाशित भयो । त्यसपछि क्रमश जम्मै गीत जागरण कविता संग्रह, उनको स्मृतिमा (२०२४) खण्डकाव्य, छातीमा नआँटेका कुरा २०२९ हास्यव्यङ्गय संगालो र लोग्ने स्वास्नी' २०३८ कथा संग्रह प्रकाशित छन् । यी प्रकाशित कृतिहरुबाहेक विभिन्न पत्र-पत्रिकाहरुमा फूटकर रचनाहरु प्रकाशित भई हस्तलिखित रुपमा प्रकाशनमुख पाण्डुलिपी श्रीमतिले पान खादा (२०२१ देखि २०३७ सम्मका रचनाहरु) अप्रकाशित) केही सोधी केही खोजी ( २०२० देखि २०३१ सम्मका रचनाहरु) अप्रकाशित, इलाम एक परिचय' ऐतिहासिक रचना त्यस्तै कथा क्षेत्रमा पान र पानको दाग-अप्रकाशित) कथा संग्रह, साली होटलमा चिया-अप्रकाशित) कथा संग्रह प्रकाशनको अभावमा अझसम्म पनि नेपाली पाठकका हातमा पर्न सकेका छैनन् । नवीनको साहित्यिक क्षेत्र कथा कविता निबन्ध भए तापनि नवीन हाँस्यव्यङ्गय निबन्धको मूल्याङ्कन गरिन्छ ।

आधुनिक नेपाली निबन्ध साहित्यको दोस्रो चरणमा देखापरेका निबन्धकारहरु मध्ये नवीन २०२० सालपछिका निबन्धकारका रुपमा परिचित भएका छन् । विष्णु नवीनको निबन्धहरुमा समाजमा रहेका विद्यमान विकृति र विसङ्गतिप्रति व्यङ्गय गर्दै आफूले वैयक्तिक रुपमा भोग्नुपरेका अपमानजनक परिस्थिति साथै पारिवारिक रुपमा भोग्नुपरेका आर्थिक समस्याबाट आक्रान्त देखिन्छ । नवीनले सामाजिक यथार्थलाई मुख्य विषय बनाएपनि साहायक विषयहरु पनि रहेको छ । मानवीय दृष्प्रवृतिहरुलाई आफ्ना निबन्ध मार्फत कडा व्यङ्गय गर्ने क्षमता नवीनमा रहेको देखिन्छ ।

नवीनका निबन्धहरु केही वस्तुपरक अन्तर्गत विवरणात्मक छन् भने अधिकांश निजात्मक निबन्धहरु रहेकाछन् । नवीनका वस्तुपरक निबन्धहरु 'केहि सोधी केही खोजी' मा सङ्कलित छन् भने निजात्मक निबन्धहरु 'श्रीमतीसित एक दिन' 'छात्तीमा नआँटेका कुरा' र 'श्रीमतीले पान खाँदा'मा सङ्कलित छन् । नवीनले आफ्ना सामाजिक विषयवस्तु र सरल भाषा शैलीका निबन्धका माध्यमबाट गाउँ तथा बजारका निम्न र निम्न

*१. चियाबारी स्वर्गीय विष्णु नवीन स्मृतिग्रन्थ, पृ. १*

मध्यमवर्गको दैनिकी प्रस्तुत गरेका छन् । साथै नवीनले विभिन्न अनुभूतिलाई निबन्धात्मक अभिव्यक्तिद्वारा आत्मप्रकाशन गरेका छन् । यसरी नवीनले एकातिर समाजका विविध पाटाबाट प्राप्त अनुभूतिको अभिव्यक्ति दिएका छन् भने अर्कातिर आफ्ना गतिविधिबाट प्राप्त अनुभूतिका अभिव्यक्ति दिएका छन् ।

नवीनको २०१७ सालदेखि २०४० सालसम्मको निबन्ध यात्रामा समयका आधारमा कुनै निबन्धात्मक भिन्नता वा मोड उपमोड छुट्याउने ठाउँ देखिदैन तर हाँस्यव्यङ्ग्यात्मक निबन्ध र निबन्धात्मक लेखहरु मध्ये नवीनको हाँस्यव्यङ्ग्यात्मक लेखतर्फ केही बढी कलम चलाएको पाइन्छ । नवीनको प्रकाशित दुईवटा र अप्रकाशित दुई वटा गरी जम्मा चारवटा निबन्ध संगालो मध्ये तीनवटा हाँस्यव्यङ्ग्य सङ्कलन र एउटा मात्र निबन्धात्मक लेखहरुको सङ्कलन भएकोले पनि उनका हाँस्यव्यङ्ग्य क्षेत्र बढी उर्वर रहेको कुरा स्पष्ट हुन्छ । हाँस्यव्यङ्ग्यकारका रुपमा चिनिने नवीनका यस फाँटका रचनाहरुलाई हेर्दा हास्य र व्यङ्ग्यको ठीक सन्तुलन भएको पाईंदैन । नवीनको निबन्धात्मक रचनाहरुमा व्यङ्ग्यात्मकता भन्दा हाँस्यात्मकता बढी रहेको छ । कुनै सन्दर्भमा बलपूर्वक पाठकलाई हँसाउने प्रयास गरिएको पाइन्छ । नवीनको व्यङ्ग्यात्मकता संगसंगै ठाडो वा सोझो अभिव्यक्ति भएको पाइन्छ ।

जे भए तापनि हाँस्यव्यङ्ग्यकार नवीनले आफ्नो रोचक अभिव्यक्तिका माध्यमबाट समाज र वैयक्तिक जीवनसंग सम्बन्धित मानवीय चारित्रिक कमजोरी आर्थिक, राजनीतिक तथा सांस्कृतिक विकृति विसङ्गतिबाट भोग्नु परेका विवशता तथा यथार्थतालाई पाठक सामु यथार्थ रुपमा प्रस्तुत गरेका छन् । नवीनका यी रचनाहरुमा साहित्यिक र मनोरञ्जनात्मकता संगसंगै जीवन जगत वा समाजको सूक्ष्म मर्म खोतल्ने माध्यम भएका छन् । यस्तै नवीनका निबन्धात्मक लेखहरुपनि नेपाली समाज र राष्ट्रका लागि उत्तिकै उपयोगी रहेका छन् । हाँस्यव्यङ्ग्य साहित्यकार नवीनको रचनाहरुलाई हेर्दा खोज अनुसन्धान तर्फ साथै समालोचना क्षेत्रमा पनि थोरै मात्रामा कलम चलेको देखिन्छ । समालोचना, अनुसन्धानात्मक, जीवनीपरक, यात्रा तथा स्थान वर्णन, पूल बाटो, चियाखेती, जाति, धर्म संस्कृति, नेपाली समाजमा रहेको विकृति विसंगती, चाड पर्व आदि विषयमा खोज गरी लेखिएका यी रचनाहरुले नवीनलाई साहित्यिक स्रष्टा व्यक्तिका साथै द्रष्टा व्यक्तिका रुपमा पनि चिनाएका छन् । नवीनले यिनै हाँस्यव्यङ्ग्यात्मक निबन्ध र निबन्धात्मक लेखहरुद्वारा नेपाली निबन्ध साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

मेची अञ्चलका प्रसिद्ध व्यङ्ग्यकार सर्जक विष्णु नवीन इलाममा जन्मेर इलामलाई नै कर्मथलो बनाएका छन् । नवीन साहित्य साधनामा २०१७ सालदेखि २०४० साल सम्मको निबन्ध यात्रामा रहे । नेपाली समाजको एउटा विपन्न परिवारमा रहेर विद्यार्थी जीवन, कर्मचारीको पदभार गर्दै नेपाली साहित्यमा जुन योगदान पुऱ्याएका छन् त्यसलाई उच्च मान्न सकिन्छ । लेखकले आफ्ना निबन्धहरुमा समाजमा भएको यथास्थितिको आलोचना गर्दै समाजलाई उन्नति र प्रगतिको मार्ग तर्फ लान आव्हान गरेका छन् । हाम्रो नेपाली समाजमा परम्परादेखि नै हुने र घट्ने गरेका गलत कार्यहरु जसले समाजको विकासका सट्टा समाजलाई विखण्डन तर्फ लाने गर्दछ त्यस्ता

कार्यहरुप्रति व्यङ्ग्य प्रहार गर्दै खुल्ला विचार र मान्यता अनुसार समाजलाई अगाडि बढाउनुपर्छ भन्ने भाव साहित्यकारले आफ्ना निबन्धमा व्यक्त गरेका छन् । यस्ता विचार र भावलाई स्पष्ट पार्न निबन्धकारले उपर्युक्त तर्कहरु अघि सारेका छन् । विष्णु नवीन जाँड रक्सी र हाटबजार तथा मेला जात्रामा सरिक हुन्थे भने सामाजिक, आर्थिक तथा राजनीतिक कारणबाट उनी असन्तुष्ट र पीडित थिए । कतिपय साहित्यकारहरु आफ्नो जीवनको भोगाई एकातिर र अभिव्यक्ति अर्कातिर भएका अर्काको जीवनको भोगाईलाई अभिव्यक्ति दिने पनि हुन्छन् भने नवीनले आफ्ना साहित्यमा आफूले देखे र भोगेका कुराहरु प्रस्तुत गरेका छन् । नवीनका साहित्यका हरेक पाटाहरु उनको जीवनको भोगाईसंग सम्बन्धित छन् । अथवा नवीनको देखाई मात्र होइन भोगाई नै उनका साहित्यमा व्यक्तिएको छ । नवीनले विषयवस्तु र भाषा शैलीका दृष्टिले पनि आफू बाँचेको परिवेश अनुरुपका साहित्यिक अभिव्यक्ति दिएका छन् । हाँस्यव्यङ्ग्यकार नवीनको साहित्यमा मस्तिष्क होइन हृदय बोल्दछन् कल्पना होईन यथार्थ नै लेख्छन् । नवीनको साहित्यमा साहित्यिक पात्रहरुमा आफू स्वयंपनि छन् । नवीनको साहित्यमा आफ्नै जीवन प्रतिविम्बित छ । लेखक स्वयंको जीवन प्रतिविम्बित भएका साहित्यमा पूर्वी नेपालको पहाडी परिवेशको निम्न र निम्नमध्यम वर्गीय जीवनको चित्र प्रस्तुत छ । यसरी लेखकले आफ्ना साहित्यमा नेपालीको जीवनस्तर र दिनचर्याको अभिव्यक्ति दिएर नेपाली साहित्यमा योगदान पुऱ्याई आफूलाई नेपाली हाँस्यव्यङ्ग्य साहित्यकारका पंतिमा स्थापित गरेका छन् ।

प्रस्तुत शोधपत्रमा हाँस्यव्यङ्ग्यकार विष्णु नवीनको हाँस्यव्यङ्ग्यात्मक निबनधहरुको अध्ययन गर्नका साथै प्राप्त भए सम्म छोटो परिचय, पुस्तकाकार कृतिहरुको सामान्य परिचयको अध्ययन गरिएको छ । नवीनको जीवनी व्यक्तित्व र कृतिको अध्ययन भैसकेकोले व्ज्ञापक अध्ययन नगरिएको साथै पत्र-पत्रिकामा छापिएको सम्पूर्ण रचनाहरु पनि यहाँ समेटिएको छैनन् । नवीन एक व्यङ्ग्यकार हुन उनी हाँस्यव्यङ्ग्यकार नवीनका नामले प्रसिद्ध नै छन् । नवीनले सामाजिक विकृति, आर्थिक असमानता र राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् ।

## २. सम्भाव्य शोध शीर्षकहरु

हाँस्यब्यङ्गकार विष्णु नवीनको बारेमा भविष्यमा अरु पनि अध्ययन अनुसन्धनका सम्भावनाहरु रहेका छन् । यस शोधपत्रमा सबै पक्षको अध्ययन विश्लेषणको सम्भावना भएको छैन । अतः भविष्यमा विष्णु नवीनको शोध गर्ने शोधार्थीहरुका निम्ति विचारार्थ केही प्रस्तावहरु उल्लेख गर्न आवश्यक ठानिएको छ । नवीनको कृतिहरुलाई हेर्दा भविष्यमा निम्न अनुसारको शीर्षकमा थप शोध कार्य गर्न सकिने सम्भावना देखिन्छ ।

१ . कथाकार विष्णु नवीनको प्रवृतिगत विश्लेषण र मूल्याङ्कन

२. कविता, काव्यको अध्ययन विश्लेषण र मल्याङ्कन

३. विष्णु नविनको पत्रहरुको मनोवैज्ञानिक अध्ययन विश्लेषण र मूल्याङ्कन

# सन्दर्भसामाग्रीसूची

## पुस्तकसूची


१. ओझा रामनाथ र गिरी मधुसुदन 'नेपाली स्नातकोत्तर शृंखला' -बाङ्मय प्रकाशन गृह, काठमाडौं

२. उपाध्याय केशवराज 'साहित्य प्रकाशन' साझा प्रकाशन, ललितपूर २०५९

३. घिमिरे बुद्धि समालोचना कुशुम (२०६५, इलाम)

४. पौड्याल कृष्ण विलास 'नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना' २०५८, नवीन प्रकाशन

५. प्रधान प्रमोद 'नेपाली निबन्धको इतिहास' प्र.सं., रत्न पुस्तक भण्डार, काठमाडौं २०६६

६. बराल ईश्वर 'सयपत्री' (तेस्रो सं साझा प्रकाशन, काठमाडौं २०३०

७. श्रीमतीसित एकदिन (२०२२ स्व. नवीन)

८. छातीमा नअाँटेका कुरा (२०२९ स्व. नवीन)

९. मुखिया तेजबहादुर (मेरो सेरोफेरो संस्मरण सङ्ग्रह प्रथम संस्करण २०६४ काठमाडौं

१०. सुवेदी राजेन्द्र 'स्रष्टा सृष्टिःद्रष्टा दृष्टि' साझा प्रकाशन, काठमाडौं २०४३

११. सुवेदी राजेन्द्र ' स्नातकोत्तर नेपाली कथा' साझा प्रकाशन, ललितपूर २०५७

१२. शर्मा डा. तारानाथ 'नेपाली निबन्धका पच्चीस वर्ष' (ने.रा.प्र.प्र.काठमाडौं २०३९)

१३. शर्मा मोहनराज 'आधुनिक नेपाली हास्यव्यङ्ग्य'

१४. शर्मा गोपीकृष्ण 'नेपाली निबन्ध परिचय' चर्तुथ सं रत्न पुस्तक भण्डार, काठमाडौं २०४६

१५. साहित्यलोक (नवीन स्मृति अङ्क, २०४१ जि.प.स., इलाम)

१६. चियाबारी (स्व. नवीन स्मृति अङ्क २०४१ जि.प.स., इलाम)

## शोधपत्र सूची

१. गुरागाई शारदा "साहित्यकार एवम् अनुसन्धान दाता नरबहादुर कार्कीको जीवनि, व्यक्तित्व र कृतिको अध्ययन" (प्रकाशनमुख)

२. सुवेदी जीवनाथ "साहित्यकार विष्णु नवीनका जीवनी, व्यक्तित्व र कृतिको अध्ययन" (शोधपत्र २०४४-२०४६ कीर्तिपुर)

## अप्रकाशित

१. श्रीमतीले पान खाँदा (अप्र. पाण्डुलिपि २०२१-२०३७ सम्म पत्रपत्रिकाहरुमा प्रकाशित

२. केहि सोधी केही खोजी (अप्र. पाण्डुलिपि, २०२० देखि २०३० सम्मका रचनाहरु)

३. इलाम एक परिचय (अप्र. पाण्डुलिपि ऐतिहासिक रचनाहरु)